# मेरो विदेश अनुभव



डा. अनोजा गुरुमाँ
सुलक्षणकीर्ति विहार, चोभार

https://dhamma.digital

"नमो तस्सो भगवत्तो अरहत्तो सम्मासम्बुदस्स"

# धर्मदान

यो पुस्तक प्रकाशन गर्न पूर्ण रुपमा प्रायोजन गरी धर्मदान गर्नु भई बुद्ध धर्म संघ र लेखिका डा. अनोजा गुरुमाँप्रति अपार श्रद्धा व्यक्त गर्नु भएकोमा माननीय सांसद डा. अजय क्रान्ति शाक्य र उहाँकी धर्मपत्नी ईजरायलका लागि नेपाली राजदूत महामहिम डा. अन्जान शाक्यप्रति यस सुलक्षण कीर्ति विहार हार्दिक आभार व्यक्त गर्दछ।



दाताको नाम डा. अजय क्रान्ति शाक्य र डा. अन्जान शाक्य
न्हाय्कं बही, लगन टोल, वडा नं. २१, काठमाडौं।

https://dhamma.digital

# मेरो विदेश अनुभव


लेखक

डा. अनोजा गुरुमाँ


Dhamma.Digital


प्रकाशक

सुलक्षण कीर्ति विहार

चोभार, कीर्तिपुर, काठमाडौं, नेपाल ।


https://dhamma.digital

**मेरो विदेश अनुभव**

***प्रकाशकः***
सुलक्षण कीर्ति विहार
चोभार, कीर्तिपुर, काठमाडौं ।

***प्रकाशन अधिकारः***
लेखकमा सुरक्षित

***पहिलो प्रकाशनः***
बि.सं. २०७८ भाद्र

***छपाईः***
१००० प्रति

***मूल्यः***
रू. ३००।-

***साजसज्जाः***
बाबुराजा महर्जन

***मुद्रकः***
**भेराईटि प्रिन्टर्स प्रा. लि.**
काठमाडौं, नेपाल ।

https://dhamma.digital

# लेखकीय

म जन्मेँ शान्त सुन्दर नेपालमा । हाम्रो नेपालमा सबैलाई थाहा भएको विश्वसम्पदा हो भगवान बुद्ध अथवा सिद्धार्थको जन्मभूमि लुम्बिनी र अर्को हो विश्वकै अग्लो हिमाल सगरमाथा । यो नेपाल प्राकृतिक सुन्दरता र औषधिको खानी हो । हजारौँ वर्ष पुरानो इतिहास बोकेको बौद्ध, स्वयम्भू र पशुपतिनाथ हाम्रो देशको राजधानीमा नै अवस्थित छन् । पशुपतिमा वर्षको एकचोटी मुखःअष्टमीका दिन चारवटा भगवान बुद्धको मूर्ति भएको मुकुट लगाइन्छ । त्यस्तै बुढानीलकण्ठमा नारायण भगवानको टाउकोमा भूमि स्पर्श गरेको भगवानको मूर्ति रहेको छ । भगवान बुद्ध शान्त भएकै कारणले सबै देवताहरूलाई पनि मन परेको होला ।

हाम्रो देश नेपालको बुद्ध धर्मसँग इतिहासको सुरुदेखि नै गौरवमय सम्बन्ध रहँदै आएको हो । त्यसकारण पौराणिक आधार लिएमा नेपालको बुद्ध धर्ममा दीपंकर बुद्ध, त्रिकाल बुद्ध, दीपंकर अतीत बुद्ध थियो । दीपंकर बुद्धभन्दा पछिल्लो क्रमका वन्धुमति नगरबाट पाल्नुभएका विपश्वी बुद्धले वीजारोपण गरी स्वयम्भू ज्योतिरुप उत्पन्न भयो जसलाई आदिबुद्ध भनिन्छ । विपश्वी बुद्ध पछि जम्बुद्वीपबाट पाल्नुभएको शिखी बुद्ध थिए । अनुपम नगरबाट पाल्नुभएका विश्वभू बुद्ध हुन् । खेमावति नगरबाट पाल्नुभएका क्रकुच्छन्द बुद्ध हो । शोभावती नगरबाट पाल्नुभएका कनकमुनि बुद्ध हो । काशीबाट पाल्नुभएका काश्यप बुद्ध हो । उहाँ बुद्धहरूको क्रम र उहाँहरूको आगमन स्वयम्भू पुराणको दीघनिकायमा पूर्व बुद्धहरूको उल्लेख मिल्न आउँछ ।

हाम्रो सुन्दर नेपालमा संसारकै सबैभन्दा अग्लो हिमाल सगरमाथा पनि छ । संसारका अग्ला अरु धेरै हिमालहरू पनि यहीँ छन् । अन्नपूर्ण, धवलागिरि हिमालको बिचमा कालीगण्डकीमा संसारको सबैभन्दा गहिरो खोँच यहीं छ । संसारमा शान्ति र अहिंसाको सन्देश फैलाउने भगवान गौतम बुद्ध शाक्यमुनि बुद्धको जन्म भएको नेपालमा नै हो । प्राकृतिक सुन्दरता र सांस्कृतिक विविधतामा त झन् नेपाललाई जित्ने कोही छैन । हजारौँ सुन्दर खोला नदीहरू, पाखा पखेरा, तालतलैया, चराचुरुङ्गी, हिमाल पहाड तराई जंगल सबै औषधि मात्र भएको जंगलहरू र यस बिच छोटो दुरीमा हुने विविधता संसारको अरु कुनै देशमा

https://dhamma.digital

पाइँदैन ।

औषधिको खानी भनेको मतलब म अमेरिकाको मेन भन्ने ठाउँमा गएँ । २००१ र २००३ मा यस्तै धेरै पटक पुगेँ । त्यहाँका सारा लिभिङ्ग दिदीले ५ वटा जंगलको अध्यक्षता गर्नुभएको छ । अनजन मेनको जंगल पहाडतिर घुम्न जाने गर्थ्यो । कहिले चार पाँच घण्टा लाग्छ त्यो पहाड र जंगल घुम्दा । अनि त्यसमा मेरो आँखा जाने कारण मैले पनि जडीबुटी विषय अलिकति जानेको कारणले गर्दा हो । त्यति चार पाँच घण्टा घुमेता पनि औषधि अथवा काम लाग्ने घाँस एउटा पनि भेटेको थिएन । हेर्नोस् हाम्रो नेपालमा विहार घर आँगनमा नै औषधि मात्र । बाहिर जाँदा औषधिको बोट र पातहरूको औषधि पाइन्छ । जाने पछि औषधि नजानेपछि घाँस । मलाई एउटा घटना अथवा कहानी याद आयो । भगवान बुद्धको पालाको घटना थियो । जिवक बैद्य भन्ने एकजना उपासक थियो । पहिला अस्पतालहरू थिएन । डाक्टर नर्स भनेको थिएन । आयुर्वेदिक औषधि र बैद्य मात्र थियो । भगवान बुद्ध त झन बैद्य भन्दा महाबैद्य थियो । उहाँले जिवक बैद्यलाई औषधि रोग विषय सबै सिकाइ दिनुभएको थियो । जिवक बैद्यले पनि निस्लुक भिक्षु भिक्षुणीहरू र उपासक उपासिकाहरूलाई उपचार गरिदिने । औषधि विषय सबै थाहा थियो ।

एकदिन राजगृहमा भगवान बुद्ध बसेको बेला जिवक बैद्यलाई परीक्षा लिने जस्तो गरी भन्नुभयो - हे जिवक, यो संसारमा घाँस मात्रै भएको एउटा घाँस लिएर आउनु । तिमीलाई दुई वर्ष समय दिनेछु । समय त हुनु पर्‍यो जाँचका लागि । जिवक वैद्य पनि भगवान बुद्धलाई बन्दना गरी अनुमति लिएर जानुभयो । घाँस खोज्नु भयो । बगैँचा, खेत, बाटो, जंगल सबै ठाउँमा हेरेतापनि घाँस पाएन, पाउन सकेन । दुई वर्ष बित्यो घाँस लिएर आउन सकेन, कारण सबै औषधिमात्र देख्यो । भगवान बुद्धले जाँचबाट पास भयो भनेर आशीर्वाद दिनुभयो ।

अहिले पनि विश्वास छ त्यो जिवक वैद्यले बनाइ दिनुभएको विहारबाट अधिष्ठान गरेर आँखा बन्द गरेर जे पनि घाँस उखेलेर लिंदा त्यो औषधि लाग्छ रे । म क्यालिफोनी अजुसा विहारमा गएँ । म फर्कदा त्यहाँ भिक्षुलाई सोधे, तपाईंलाई नेपाल अथवा भारतबाट के पठाउँ भन्दा त्यहीँ भिक्षुले भन्नुभयो कि मलाई केही पनि चाहिदैन बरु त्यहाँको घाँस अलिकति ल्याउनु वा पठाउनु । त्यसै कारणले भनेको हाम्रो नेपाल औषधिको खानी पनि हो ।

हाम्रो नेपाल १ लाख ४७ हजार १८१ वर्ग किमि क्षेत्रफल भएको देशमा

https://dhamma.digital

११६ थरि जातजातिको बसोबास छ । ३३ करोड देवीदेवताहरूले बास बसेको देश । त्यतिमात्र कहाँ हो र ती सबै जातिका आआफ्नै अप्राप्य आदिकालदेखि चल्दै आएको अत्यन्त मौलिक भेषभूषा र संस्कृति छ । तिनीहरू थरिथरिका फूलका थुँगाहरू गाँसिएर एउटा सुन्दर माला बनेझैँ एकताको मालामा गाँसिएर बसेका छन् । अरु देशमा धर्मबारे झैझगडा भइरहन्छ । हाम्रो देशमा अहिलेसम्म धर्मको नाउँमा शान्ति नै भएको छ । आआफ्नो चाडपर्व, संस्कृति, रीतिथिति, परम्परा, सभ्यता, चालचलन र व्यवहार पनि प्रकृतिमा धनी छन् ।

स्वनिगःको चारैतिर पहाडमा भगवान बुद्धको चैत्यहरूले रक्षा गरेर बसेको छ । पश्चिमतर्फ जामाच्व चैत्य, उत्तरतर्फ फूच्व चैत्य, दक्षिणतर्फ धिनाच्व चैत्यले रक्षा गरेर बस्नु भएको छ । चारै पहाडहरू आआफ्नो सुन्दर देखिन्छ । त्यहाँमाथि चैत्यनिर पुग्दा मन शान्ति, शीतलको अनुभव हुन्छ । नेपालको बुद्धधर्मको अर्को विशेषता अन्तर्गत बुद्धप्रतिको आस्था छन् । स्थविरवादी र महासांघिकहरूले पनि अनागत बुद्धप्रति कम श्रद्धा राखेको होइन । परन्तु मूर्ति नै निर्माण गरेर अतीतबुद्ध, वर्तमानबुद्ध र अनागत बुद्ध क्रमशः दीपंकरबुद्ध, गौतमबुद्ध र मैत्रियबोधिसत्व पूजामा नेपाल कुनै महायानी देशभन्दा पछि परेको छैन । दीपंकर बुद्ध अतीत बुद्ध सम्भनेदेखि यो त्रिकाल बुद्धको पूजामा पालि साहित्यको पनि आधार लिन सकिन्छ । प्राचीन पालि साहित्यमा २८ वटा अतीत बुद्धको नाम उल्लेख छ ।

भन्नुहुन्छ बुद्धधर्म नेपालबाट बाहिर गएको भनेर । होला पनि । कारण २८ वटा बुद्ध त छन् । विभिन्न पहाडमा भगवान बुद्धले गरेर गएको इतिहासबाट थाहा हुन्छ । हेर्नु नमोबुद्ध कस्तो सुन्दर पहाडहरू । चारैतिर हिमालमात्र देखिन्छ । त्यस्तै मणिचुड जहाँ कि बोधिसत्वले आफ्नो टाउको चिरेर मणि दान दिएको ठाउँ । अति नै सुन्दर छ । मुक्तिनाथ भनौ हिमाल छोएको छ । भगवान बुद्धको मूर्ति दायाँ बायाँ शारिपुत्र र मौडगल्यान भिक्षुहरू । राम्रोसँग नियालेर हेर्नु । नमो बुद्ध भनेर महासत्व राजकुमारले वाचा कमजोरीहरूलाई आफ्नै मासु काटेर दान परमीता पूरा गर्नु भएको जंगल र पहाड हो । त्यहाँ पुग्दा एउटा दान उपपार मीतालाई सम्भिन्छ । अर्को सुन्दर जंगल र पहाड । रमणीय ठाउँ छ । चारैतिर प्रकृतिको र सौन्दर्य देश हाम्रो नेपाल हो ।

आज म धेरै नै खुसी छु । श्री डा. अजयक्रान्ति शाक्यज्यू र उहाँकी श्रीमती डा. अन्जान शाक्यज्यूप्रति कृतज्ञ छु । कारण उहाँहरूको श्रद्धा जस्तो सबैमा होस् भनी प्रार्थना गर्दछु । बुद्ध शासनको प्रचार प्रसार गर्नुको लागि यस्तो

https://dhamma.digital

श्रद्धावान उपासक उपासिकाहरू नभएको भए प्रचार प्रसार गर्न गाह्रो नै होला । मैले लेखेका लेखहरू संग्रह गरेर राखेको थिएँ । लेखमात्र नभई श्रीलंका, अमेरिका र जापानको अनुभव पनि लेखेको थिएँ । यही किताबको रुपमा छाप्नु पर्‍यो भन्ने वित्तिकै उहाँले भन्नुभयो कि गुरुमा तपाईंले लेख्नु भएको जति पनि मैले किताव प्रकाशन गरिदिन्छु भन्नुभयो । यति शब्द सुन्न पाउँदा मलाई यति खुसी भएँ वयान गर्न सकेन । जुन शब्द सुनेँ त्यस्तो शब्द साधारण व्यक्तिहरूले भन्न सक्ने छैन । एउटा किताव प्रकाशन गर्नका लागि धेरै गाह्रो छ । पैसाको समस्या, समयको अभाव । पहिला पनि शान्ति अभिप्रेरणा भाग–२ पनि उहाँहरूले नै धर्मदानको रुपमा प्रकाशन गरिदिनुभयो । अब मलाई चिन्ता छैन । कारण जति मैले लेखेता पनि उहाँहरूले प्रकाशन गरिदिनु हुन्छ ।

साधु साधु साधु डा. अजयक्रान्ति शाक्यज्यू लगायत सपरिवार प्रति मेरो ठूलो आभार व्यक्त गर्दछु । प्रस्तुत पुस्तकको गुरुप्रति स्वयं हेर्नु भई महँगीको आजको बेलामा पनि खर्च भन्दा पुस्तकको गतिलो प्रकाशन गर्ने विषयमा बढी अभिरुचि राख्नु भई सम्पूर्ण प्रकाशनको अभिभारा बहन गर्नुहुने डा. अजयक्रान्ति शाक्यज्यू धन्यवादको पात्र हुनुहुन्छ । नेपालको बौद्ध धर्मको प्रचार प्रसारको क्षेत्रमा सद्धर्मप्रेमी शाक्यज्यू र उहाँको परिवारको महत्वपूर्ण योगदान रहिआएको तथ्य सद्धर्मप्रेमी बौद्ध जगतबाट लुकेको छैन । साथै आफ्नो कार्य व्यस्तताको बीचमा पनि समय निकाल्नु भई प्रस्तुत पुस्तक प्रकाशनको जिम्मा लिनु भएकोमा शाक्यज्यूमा हार्दिक साधुवाद ज्ञापन गर्न चाहन्छु ।

प्रकाशकीय मात्र नभई यो पुस्तकको सम्पादन गर्ने लगायत सम्पूर्ण जिम्मा लिनुभएकोमा भाषासेवी एवम् साहित्यकार सुरेश किरण मानन्धरज्यूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । यदि उहाँहरूले जिम्मा नलिएको भए यो पुस्तक प्रकाशित गर्न असमर्थ हुन्थेँ होला । फेरि फेरि पनि उहाँहरूप्रति म सुस्वास्थ्य, मंगल र दीर्घायुको कामना गर्दछु । यसरी नै उहाँहरूबाट भविष्यमा पनि सहयोग प्राप्त हुन्छ भन्ने अपेक्षा राखेकी छु ।

मलाई नेपाली भाषाको राम्रो ज्ञान छैन । जे होस् लेख्न प्रयास गरेँ । त्यसैकारण तपाईंहरूको सल्लाह सुझावको आशा गरेको छु । समय अभावले गर्दा लेख्न फुर्सद नभएकोले अलि अलि गरेर लेख्न कोसिस गर्दछु । लेख्नमा केही भुलचुक भए सच्याएर पढिदिनुहुन अनुरोध गर्दछु ।

*– डा. अनोजा गुरुमाँ*

https://dhamma.digital

# विषय सुची


| क्र.सं. | शिर्षक | पृष्ठ संख्या |
|---|---|---|
| **क)** | **अमेरिका भ्रमण** | **१-३८** |
| १ | वासिङ्टन डि.सी. | १ |
| २ | ह्युस्टन | ३ |
| ३ | प्रज्ञा अमेरिकन | ७ |
| ४. | मेन | ११ |
| ५. | अस्तेन सितगु विहारको काम | १४ |
| ६. | खुन्तरीको काहानी | १५ |
| ७ | मेरील्याण्ड | १८ |
| ८. | बब् अमेरिकाको | १९ |
| ९. | अमेरिका कस्तो छ ? | २२ |
| १०. | सानफ्रान्सिस्को | २४ |
| ११. | अमेरिकाको चलन | २६ |
| १२. | अमेरिकामा लुगा लगाउने चलन | २९ |
| १३. | अमेरिकाको बुद्ध धर्म | ३२ |
| १४. | विन्दी अमेरिकन केटी | ३५ |
| **ख)** | **जापान भ्रमण** | **३९-१०२** |
| १. | जापानी रीतिथिति | ३९ |
| २. | नाइकान ध्यान र जापान यात्रा | ४१ |
| ३. | धर्मको नाता : | ५५ |
| ४. | २०७३ चैत १७ गते जापान पुगेको बेला | ५८ |
| ५. | नायकान भित्रबाट गुणलाई सम्झने | ६२ |
| ६ | जंगलमा ध्यान अरुयगतानवा | ६४ |
| ७. | जापान क्याथलिक चर्च हाजमिनो देशमा क्रिश्चियन धर्म | ६७ |
| ८. | जापानमा भिक्षु र भिक्षुणीहरूको जीवन | ७१ |
| ९. | जापानी महिला खोपासीको कहानी | ७४ |
| १०. | किन जापानका मानिसहरूको आयु लामो ? | ७९ |
| ११. | कामाकुरा दाइबुयु जापानको ठूलो बुद्धमूर्ति | ८४ |
| १२. | जापान र बुद्धधर्म | ८५ |
| १३. | फुजी चैत्य जस्तो हिँउको पहाड | ८७ |
| १४. | बुद्धधर्मको जापानीकरण | ८९ |
| १५. | जापानमा विहारहरूको सफाई | ९१ |


https://dhamma.digital

| | | | |
|---|---|---|---|
| | १६. | जापानका विहार र मन्दिरहरू | ९२ |
| | १७. | बौद्ध साहित्य | ९४ |
| | १८. | चित्रकलामा जापान | ९५ |
| | १९. | नेपाल र जापानको बुद्ध धर्म | ९७ |
| | २०. | बाह्र वर्षसम्म मालिकको पखाई | ९९ |
| **ग)** | **श्रीलंका भ्रमण** | | **१०३-१६१** |
| | १. | क्याण्डी दन्तधातु जात्रा | १०८ |
| | २. | मात्तले | ११० |
| | ३. | श्रीलंकामा शील सम्बन्धी कहानी | ११४ |
| | ४. | बुबाको इच्छा छोरालाई डाक्टर पढाउने | ११५ |
| | ५. | डम्बुला पर्वतीय गुफा | ११९ |
| | ६. | महियांगना विषय | १२० |
| | ७. | नागद्वीप | १२२ |
| | ८. | केल्यानीस | १२४ |
| | ९. | भगवान् बुद्धको दन्तधातु | १२५ |
| | १०. | श्रीलंकाको इतिहास र महेन्द्र महास्थविर | १२७ |
| | ११. | विहार केलाई भन्दछ ? | १३० |
| | १२. | श्रीलंकामा बुद्धधर्म | १३२ |
| | १३. | श्रीलंकामा त्रिपिटक लिपिबद्ध | १३४ |
| | १४. | श्रीलंकाको शिक्षा | १३६ |
| | १५. | भिक्षुणी संघमित्रबाट बोधिवृक्ष वृक्षारोपण | १३७ |
| | १६. | संघमित्राबाट धर्मदेशना अभियान | १३७ |
| | १७. | आतीलाई नास गर्दा व्यासनाथ हुन्छ | १३९ |
| | १८. | श्रीलंकामा ७०० ई.पू.का चार समूह | १४२ |
| | १९. | श्रीपाद | १४२ |
| | २०. | दश्रीलंकाको कहानी | १४३ |
| | २१. | सिंहेल (श्रीलङ्का) को अर्थ | १४६ |
| | २२. | संघप्रति श्रीलंकनहरूको विश्वास | १४९ |
| | २३. | विहारभित्र पस्दा निर्वाणको आशा | १५० |
| | २४. | मरिच चैत्य | १५२ |
| | २५. | सिंह सार्थकबाहु | १५४ |
| | २६. | श्रीलंकामा मद्दत गर्नुभएका राजा अशोक | १५७ |

https://dhamma.digital

# अमेरिका भ्रमण

## १ वासिङ्टन डि.सी.

वासिङ्टन डि.सी. अमेरिकाको राजधानी हो । यही ठाउँमा अमेरिकी राष्ट्रपति बस्नुहुन्छ । सबै ठाउँ सफा सुग्घर छ । फोहोर भनेको अलिकति पनि छैन । हाम्रो देशमा जस्तो प्राकृतिक पहाड नभएर होला सबै हातैले बनाएर राखेको जस्तो मात्र देखिन्छ । प्राकृतिक भनेको केही पनि देखिँदैन । सफा सुग्घर भएको कारणले यहाँ धेरैजसो रोग पनि छैन । यो ठूलो क्षेत्र भएको कारणले यहाँ कसैलाई कसैको मतलब पनि हुँदैन । आफ्नो जन्मदाता आमा बुबालाई त मतलब नराख्ने ठाउँ, अरूको मतलब राखेर साध्य पनि छैन ।

यहाँका मानिसहरू धेरै शिक्षित छन् । तैपनि आफूले गर्नुपर्ने काम भने याद गर्दैनन् । यो संसार परिवर्तनशील छ भनेर उनीहरूले थाहा पाउन सकेका छैनन् । एकदिन यो सबै नाश भएर जान्छ भनेर पनि याद गरेका छैनन् । जन्म भए पछि मृत्यु हुन्छ भन्ने थाहा भए पनि त्यसलाई याद गर्दैनन् । सबै प्रशस्त भौतिक सम्पत्तिले भरिपूर्ण भएको कारणले पनि होला । तर आध्यात्मिक सम्पत्ति भने कम मात्र देखिन्छ । भौतिक सम्पत्ति साथसाथै आध्यात्मिक सम्पत्ति पनि बढेको भए धेरै नै राम्रो हुने थियो । यहाँ स्वतन्त्रता छ । जसले जे गरे पनि कसैले मतलब गर्दैन । सबै आ-आफ्नो तरिकाले हिँड्छन् । तर घर बनाउँदा सरकारी अनुमति बिना आफुखुशी बनाउन पाइँदैन । सरकारको स्वीकृति लिएर मात्र घर बनाउनुपर्छ । यहाँको यो नियमलाई भने सबैले पालना गर्नुपर्छ । यही वासिङ्टन डिसीमा अमेरिकाको पार्लियामेन्ट हाउस अर्थात संसद भवन पनि रहेको छ ।

वासिङ्टन डि.सी.मा म अहिलेसम्म आठ पटक पुगिसकेकी छु । नेपालीहरू पनि त्यहाँ धेरै छन् । यहाँ कागजको सानो टुक्रा मात्रै जहाँ पायो त्यहाँ फ्याक्यो भने अथवा जथाभावी थुक्यो भने १०० डलर जरिवाना तिराइन्छ ।



https://dhamma.digital

फोहोरलाई जहाँतहीँ फाल्ने होइन, फोहोर राख्ने ठाउँमा फाल्नु पर्दछ । हरेक ठाउँमा हप्ताको एकचोटी फोहोर लिन आउने गरिन्छ । त्यो पनि बिहान ४ बजे भित्र आउने चलन छ । फोहोर जति हुन्छ त्यति लिएर जान्छ । फोहोर राख्ने कन्टेनर सबैको घर अगाडि राखिएको हुन्छ - समय र ठाउँ अनुसार । हाम्रो नेपालमा जताततै धुलो, खकार फाल्ने गरिन्छ । यति मात्र हो र, कसैकसैले झ्यालबाटै फोहोर फ्याक्ने पनि गर्छन् । आफ्नो घर नजिक फोहोर फालेपछि आफूलाई नै असर गर्छ भन्ने सोच कहिले आउने हो ? फोहोरको कारणले नै विभिन्न प्रकारका रोगव्याधी उत्पन्न हुने हो ।

यहाँ अमेरिकामा बच्चादेखि नै फोहोर जताततै फाल्नु हुँदैन भनी सिकाइएको हुन्छ । रूखबाट पात झरिरहेको हुन्छ तर छिन मै बढारेर लिएर जान्छ । एकछिन पनि फोहोर अथवा धुलो तथा रूखका पातहरू त्यतिकै राख्दैनन् । बाटो अलि बिग्रियो भने छिट्टै बनाउन आइहाल्छन् । त्यसैकारण जहिले पनि सफा सुग्घर हुन्छ । यो राजधानी त झनै सफा सुग्घर छ । तर पनि कहीँ जाँदा घरमा ताला लगाएर जाने गरिन्छ । यहाँ चोरको बिगबिगी चाहिँ प्रशस्तै छ होला, नत्र किन ताला मारिन्थ्यो र ! अमेरिकाकै अरू शहरहरूमा यसरी ताला लगाउन त्यति आवश्यक ठानिँदैन । गरिब र धनी त सबै देशमा हुन्छन् । ठग र लुच्चा अनि सज्जन पनि सबै ठाउँमा हुन्छन् । काम नगर्ने अल्छीहरूलाई पनि खानै पर्‍यो, घरभाडा तिर्नै पर्‍यो अनि चोर्ने काम नगरे अरु के गर्ने ?

काम गर्नेहरूलाई भने फुर्सदै हुँदैन । इमानदारहरूलाई काम गर्दागर्दै सास फेर्ने फुर्सद भएको हुँदैन । यो देशमा जातपात भनेको बिल्कुलै छैन । सबै जात समान छन् । यहाँ काम नगरिकन खाने ठग, लुच्चा र काम नगर्नेहरू चाहिँ साना जातका हुन् । जुन देश गरिब छ वास्तवमा त्यहीं मात्र जातपात, ठूलो जातले सानो जातलाई अत्याचार गर्ने, बलियोले निर्बललाई दुःख दिने जस्ता काम हुँदा रहेछन् । यदि आफ्नो काम पूरा गर्नु छ भने अर्काको ज्यान लिन पनि मानिसहरू पछि पर्दैनन् । तर यहाँ त्यस्तो होइन । बलियोले निर्बललाई मदत गर्ने चलन छ । सकेको मदत गर्नुपर्छ भन्ने बलियो भावना छ । खानेकुरा सस्तो छ । सय रूपियाँमा १५ दिनलाई पुग्ने साग र भात किन्न सकिन्छ । खाना सस्तो छ तर बस्न भने गाह्रो छ । बस्ने घरभाडा ज्यादै महँगो रहेछ ।



https://dhamma.digital

अमेरिकामा सबै कुरा व्यवस्थित छ । भौतिक सम्पत्तिको कुनै कमी छैन तर आध्यात्मिक सम्पत्तिको भने धेरै कमी छ । आमाबुबालाई छोराछोरीहरूको मतलब हुँदैन, छोराछोरीहरूलाई आमाबुबाको मतलब हुँदैन । श्रीमान् श्रीमती पनि त्यस्तै छन् । परस्पर माया, दया धेरै नै कम छ । आमाबुबाले छोराछोरीलाई केही भन्न पाइँदैन । सन्तान बिग्रेता पनि केही भन्नु हुँदैन । आमाबाबुले गाली गऱ्यो भने छोराछोरीले '९११' मा फोन गरेर पुलिस बोलाइदिन्छ । एकचोटी पुलिस बोलाउँदा कमसेकम एक हजार डलर दिनुपर्छ । त्यस्तै श्रीमान्ले पनि श्रीमतीलाई केही भन्नु हुँदैन । महिलालाई बढी अधिकार दिइएको छ । त्यसो त अत्याचार कसैले पनि कसैमाथि गर्नु हुँदैन । त्यसो हुँदा पनि कहिलेकाहीं आफ्नै मुखमा भएको दाँतले जिब्रो काट्छ । आफ्नै मुख चलाएको हो तर दाँतले रगत आउने गरी जिब्रो काटिदिन्छ । अर्थात दुबैजना मिलेर नै बस्दा पनि कहिलकाहीँ झगडा भइहाल्छ । त्यस्तो बेला चाहिन्छ, सहनशीलता । सँगै बस्नुपर्छ, सँगै खानुपर्छ । आफ्नै मान्छेलाई जेल पठाएर बेकारमा किन पैसा खर्च गर्नु ? एक दिन सहेको भए के बिग्रन्थ्यो ? परस्पर समझदारी नहुँदा सम्बन्धहरू बिग्रँदै जान्छ ।

अमेरिकामा अर्को एउटा पनि मन नपर्ने कुरा छ । यहाँ धेरै जनासँग धर्मचित्त छैन । धेरैसँग लोभ लालच बढेको देखें । अरूभन्दा आफू धनी बन्ने चाहना, धेरै सामान जम्मा पार्ने चाहना थुप्रैमा रहेको देखें । अरूको घरमा भन्दा आफ्नो घरमा जसरी भएपनि सामानले सजाउनुपर्छ भन्ने सोच अमेरिका पुग्नेहरूको रहेको छ। अरू भने राम्रै छ। अमेरिकाका सबै ठाउँहरू उस्तै उस्तै छन्। अलि अलि फरक त भइहाल्छ ।

## २ ह्युस्टन

अस्तेनबाट ३ घण्टा गाडीमा गए पछि ह्युस्टन पुगिन्छ। यो पनि अमेरिकाको अलग्ग राज्य हो । म त्यहाँ पुग्दा श्रीलंकनहरूको विहारमा कठिन उत्सव हुँदै थियो । त्यहाँ पुग्ने गुरूमाँहरूमा म मात्रै थिएँ । बर्मीहरूले भोजनको बेला भन्ते र गुरूमाँहरूका लागि छुट्टाछुट्टै टेबलको व्यवस्था गर्ने चलन छ । त्यसैले यहाँ पनि मलाई छुट्टै टेबलमा राख्ने हो कि भन्ने लागेको थियो तर श्रीलंकन भन्तेहरूले मलाई पनि अरु वरिष्ठ भन्तेहरूसँगै राखेर भोजन गराउनुभयो । भोजनको लागि



https://dhamma.digital

छुट्टै टेबुल राखेनन् ।

ह्युस्टन आउने बित्तिकै चाइनिजहरूले निमन्त्रणा गरेकोले म पहिले चाइनिज विहारमै गएँ । चाइनिज विहारको ८०० रोपनी जग्गामा भगवान् बुद्धका विभिन्न प्रकारका मूर्तिहरू, ध्यान गर्ने ध्यानकुटीहरू आकर्षक तरिकाले बनाइएका छन् । गाडी बिना यो विहार पुरै घुम्न सकिँदैन । ध्यान गर्न बनाइएका कुर्सीहरू पनि एकदम आकर्षक थिए । यो कुर्सीको मूल्य एक लाख डलर पर्ने रहेछ । एउटा कुर्सीको एक लाख डलर ! त्यो सबै चाइनिज दाताहरूले दान गर्नुभएको रहेछ । यो विहार पनि पूरा जङ्गल भित्रै नै पर्दछ । यहाँ भिक्षु भिक्षुणीहरू अनि उपासक उपासिकाहरू पनि छन् । त्यहाँ एक ठाउँबाट अर्को ठाउँमा हेर्न जान सानो रेल जस्तो सवारी साधनको व्यवस्था गरिएको छ । त्यसैमा बसेर घुम्न जाने हो । यहाँका भिक्षु भिक्षुणीहरूलाई अमेरिकामा कसरी बुद्ध धर्म प्रचार गर्ने भन्ने चिन्ता रहेको पाइन्छ । सबै बुद्धिष्टहरू मिलेर प्रचार प्रसार गर्नुपर्‍यो भनेर बराबर बैठक राख्ने गर्छन् र बैठकमा सबैले आ-आफ्ना कामबारे छलफल गर्छन् । ह्युस्टनमा १००० भन्दा बढी नेपालीहरू रहेछन् । बर्मीहरू त थुप्रै छन् । पछिल्लो समयमा यहाँका मुसलमानहरू पनि बुद्धिष्ट बन्दैछन् ।

यही ह्युस्टनमा सिंगमरमरले बनाइएको राम, कृष्ण, गणेश जस्ता विभिन्न प्रकारका देवगणको मन्दिर आकर्षक ढाँचाले बनाइएको छ । त्यो मन्दिरमा अगरबत्ती, सिन्दुर, फलफूल चढाउन पाइँदैन । हाम्रो नेपालमा देवतालाई मुखभरी सिन्दुर लगाउने गरिन्छ । आशीर्वाद दिन नमिल्ने गरी पेडा, फलफूल इत्यादि मुखभरी कोचिदिन्छन् । चामल मुखभरी छरिदिन्छन् ।

थाइल्याण्डका एकजना उपासक नेपाल घुम्न आएका थिए । उनी मन्दिरहरूमा घुम्दै जाँदा देवता, चैत्य अनि भगवान बुद्धको मूर्तिमा पनि मुखभरी पेडा कोचिएको देखेछन् । देवताको टाउकोमाथि फूल राख्ने र मुखभरी बेरूप हुने गरी सिन्दुर लगाई दिँदा भगवान्‌को हालत कस्तो हुन्छ होला ? यो देखेर उनले भने, 'ओहो ! मलाई नेपालमा देवता भएर जन्मनु छैन । किनभने आशीर्वाद दिन्छु भनेर मुख खोल्दा मुखभरी पेडा कोचिएको हुन्छ अनि कसरी आशीर्वाद दिने ? राम्रो मुखलाई बेरूप हुने गरी अक्षता चामल छरिदिन्छन् । अरूलाई मारेर देवताको पूरा शरीरलाई रगतले रक्ताम्ये पारिदिन्छन् । यसले गर्दा वातावरण पनि दुर्गन्धित हुन



https://dhamma.digital

पुग्छ । यसकारण नेपालमा देवता भएर जन्मिनु नै बेकार छ ।'

भारत र नेपाल बाहेक अरू देशमा देवतालाई सिन्दुर र अक्षताले पूजा गरेको पाइँदैन । अमेरिकाको ह्युस्टनमा भारतको हैदरावादबाट सिंगमर्मर ल्याएर मन्दिर बनाएको थियो । दिनको ५०० जना कामदारले ३ वर्ष लगाएर बनाएको यो धार्मिकस्थल एकदम राम्रो अनि हेर्न लायक छ । यो हेर्न देश विदेशबाट आउने मानिसहरूको भीड नै लाग्ने गर्छ । यो मन्दिर बनाउँदा कामदारहरूले आफ्नो श्रद्धाले बिना ज्याला काम गरेका थिए । त्यो उनीहरूको चित्तले धर्मको काम गरेको हो । केही कामदार भारतबाट पनि ल्याइएका थिए ।

मानिसहरूमा श्रद्धा नभएको होइन तर भारतीयहरूले हिन्दु मन्दिर बाहेक भगवान् बुद्धको चैत्य वा विहार बनाएको देखिएन । भारतको अयोध्यामा राम जन्मेका थिए, गोकुल वृन्दावनमा कृष्ण जन्मेका थिए । तर भगवान् बुद्धले ध्यान प्राप्त गर्नुभएको, धर्म प्रचार प्रसार गर्नुभएको र महापरिनिर्वाण प्राप्त गर्नुभएको पनि भारतमै हो । तर भारत त्यसलाई वास्ता गर्न चाहँदैन ।

एकजना श्रीलंकन डाक्टरले भन्नुभयो कि उहाँको लागि केही चाहिँदैन । राम्रा लुगाहरू र महंगा गहनाहरू चाहिन्छ नै भन्ने छैन । कुनै कार्यक्रममा जाँदा आफूले जे लगाउने हो त्यही लगाएर गए पनि कसैलाई कुनै आपत्ति हुनु आवश्यक छैन । यसमा कसैले कसैको निन्दा पनि गर्नुपर्दैन । उहाँ परिवारसहित अमेरिका आउँदा दुई वटा सुटकेश लिएर आएका थिए रे ! अरू केही पनि ल्याएन, त्यतिमै उहाँहरूको गुजारा चल्यो । ल्याउनु पनि कसरी, घर जग्गा त बोकेर ल्याउनु भएन । सामान भए पो बोकेर ल्याउनु । हाम्रो देशमा भोज वा कुनै विशिष्ट कार्यक्रमहरूमा जाँदा राम्रा लुगा र गहना लगाउने गरिन्छ । नभए हेप्ला भन्ने डर रहन्छ ।

नेपालमा पहिले पहिले २४ हातको सारी लगाउने गरिन्थ्यो । पूरा शरीर छोप्ने गरी खालि हात, खुट्टा र टाउको मात्र देखिने गरी सारी लगाउने चलन थियो । आजकाल आधा मात्र (१२ हातको) लगाउने चलन भयो । चीनमा भिक्षु भिक्षुणीहरूले खुट्टाको औंलाहरू पनि देखाउँदैनन् । खालि हातको औंला र टाउको मात्रै देखाउने गरी बाहिर जानु पर्दछ । पूरा शरीर ढाक्नु पर्दछ । आजकालको जमानामा केटा र केटीहरूको फेशन भनेर कपडा छोटो लगाउने चलन भइसक्यो ।



https://dhamma.digital

अब कपडा थोरै नै चाहिने भयो। हिरी र तप्पो भनेको नै छैन। लाज र भय पनि छैन। लाज र भय धमाधम कम हुँदै गएको छ। तै पनि चिसो समयमा मोटो कपडा लगाउने चलन त बाँकी नै छ। अमेरिकामा भने बच्चाहरूको जस्तो छोटो छोटो कपडा लगाउने चलन छ। गर्मीको समयमा झन् कपडै लगाउनु नपर्ने जस्तो देखिन्छ। यहाँ मात्र होइन लण्डन, क्यानाडा, अष्ट्रेलिया जस्ता धेरै देशहरूमा पनि छन् छोटा कपडा लगाउनेहरू। भगवान् बुद्धको उपदेश सुन्नेहरूसँग भने अलिकति लाज बाँकी छ। धार्मिक मानिसहरूसँग लाज र भय बाँकी छ। यही नै हो उपदेशको महत्व भन्दछु। जन्म भएको बेला नाङ्गो तर अहिले त्यही समय होइन हरेक चिजहरू परिवर्तन भएर जान्छन्। चित्त नै परिवर्तन भयो, शरीर, लिङ्गहरू हरेक चिज परिवर्तन भयो। बच्चामा नाङ्गै पनि हिँडिन्छ। बच्चामा नाङ्गै हिंडेको छ भनेर अहिले पनि नाङ्गै हिंड्ने त ? अर्को कुरा, नाङ्गा बाबाजीहरू। उहाँहरूले सबै त्यागेको छ भन्दछन्। तर लुगा मात्र त्याग गर्नुभयो। तृष्णालाई त त्याग गर्न सकेको छैन। तृष्णा त छ। मैले देखेको छु त्यस्ता बाबाजीहरूले पशुपतिमा गाँजा, धतुरो, अफिम बेच्ने गर्छन्। त्यस्तो अमल पदार्थ बेचेर पैसा लिएको मैरै आँखाले देखेको छु। यसलाई के भनौं- लुगा मात्र त्यागेर हुन्छ र ? सबभन्दा पहिला लोभलाई त्याग्नुपर्छ। लोभ भएको व्यक्तिले लुगा त्याग गरेर केही पनि अर्थ छैन।

बुद्धको शिक्षा अनुसार राग, मोह, द्वेष, लोभ लालच त्याग गर्नुपर्छ। मानिस बन्नका लागि हिरीप तप्पो अत्यन्त आवश्यक छ। हिरीपतप्पो नभएको व्यक्ति मानिस नै बन्न सक्दैन। मानिस बनेन भने त्यो व्यक्तिले कहाँबाट मुक्ति पाउँछ ? मुक्ति पाउने क्षमता मानिससँग मात्र छ, अरू जनावरहरूमा छैन। जहाँबाट भए पनि कुशल कर्म गरेर मानिस पहिला मानिस बन्न अनि मात्र मुक्तिको बाटोमा जान सकिन्छ।

अमेरिकामा लाउने त जेसुकै होस् तर खाना चाहिँ धेरैको फ्याँक्ने चलन छ। कमाई अनुसार खाना सस्तो छ भन्दछन्। खाना एक दाना कमाउनको लागि छ महिना दुःख गर्नु पर्दैन। जापान, ताइवान, चाइनामा खाना फ्याँक्ने चलन छैन। सकेसम्म थाल पखालेर खाने चलन छ। र थाल पखालेको पानी पनि नफ्याँकिकन पिउने चलन छ। अमेरिकामा धेरैजसो फाल्ने चलन छ। त्यस्तै भारतमा


https://dhamma.digital

साथै नेपालमा पनि भोज खाएर बाँकी भएको फाल्नैपर्छ र त्यो फालेको खाना मात्र भुतप्रेत पिसाचहरूले खान पाइन्छ भन्ने कथन छ । त्यसैकारण बढी भएको खाना फाल्नुपर्छ भनी फाल्न लगाइन्छ । आफ्नो आफ्नो देशको चलन । जे भएपनि आफूले विचार गर्नुपर्छ सही र गलत, राम्रो नराम्रो, फाइदा र हानी । राम्रो, फाइदा हुने अपनाउने अरू कुरालाई त्याग्ने । एकदिन छोडेर जानुपर्छ भनेर विचार गर्ने । मान्छे मरेर गए पनि नामलाई छोडेर जाने कोशिस गर्नुपर्छ ।

## ३ प्रज्ञा अमेरिकन

प्रज्ञा गाउँमा जन्मेको थियो । सानैमा बुबा बितेको रहेछ । आमा, दाजु र बहिनी थिए । एकदम सुन्दरी, एकदम राम्रो आँखा थियो । गाउँमा दुःखसुख गर्दागर्दै ठूली हुँदै आइन् । वा भनौँ तरूनी भइन् । धेरै राम्री भएको कारणले एकजना केटाले उनीमाथि बलात्कार गऱ्यो । त्यही कारण उनी गर्भवती भइन् । समाजमा बस्न धेरै गाह्रो भयो । जबर्जस्ती भएपछि कसले के गर्न सक्छ र ? आमा, दाजुले मारौंला जस्तो गर्न थाले । पेट झन झन ठूलो हुँदै आयो । समाजमा बस्न झन् झन् गाह्रो हुन थाल्यो । अनि परिवारले सरसल्लाह गरी त्यही गाउँको जीवन भन्ने केटासँग विवाह गरिदियो । उसलाई जीवन मन परेको थिएन । तर बाध्यतावश विवाह गर्नुपऱ्यो ।

बच्चा पाउन अस्पताल लगियो । धेरै दुःख गरी छोरी पाइन् । लोग्नेको घरमा बस्न पटकै मन नपर्ने । त्यही भएर माइती आमाको घरमा नै बस्न आइन् । गरिब परिवार थियो, काम गरेर खानुपर्ने । बच्चा पनि विस्तारै ठूलो हुँदै आउन थाली । तर पनि प्रज्ञालाई लोग्नेको घरमा जान पटकै मन नपर्ने । मुखै हेर्न मन नलाग्ने कसरी उसको घरमा बस्ने भनी माइतीमा नै वर्षौं बिताइछन् । दाइको काठमाडौंका एक जना मिल्ने साथी थियो । उनले पनि आफ्नै दाइ सम्झेको थियो । तर त्यो दाइको साथीको मन त अर्कै रहेछ । प्रज्ञालाई थाहा नै थिएन । काठमाडौंबाट गाउँमा सधैँ आइरहने । अँध्यारो नभएसम्म बस्ने । गफ गर्ने । खाना पनि खाने । एकदम मिल्ने दाइको साथी । प्रज्ञाको बानी व्यवहार पनि बुझ्ने । दुःख सुखमा मद्दत पनि गर्ने । विस्तार विस्तारै विश्वास पात्र हुँदै आयो ।

एकदिन घरमा बसेर बेलुकीको खाना खाएपछि रक्सी पनि खायो । सधैँजसो



https://dhamma.digital

बेलुका काठमाडौं फर्केर जाने । त्यो रात आमा र दाजुले तल ढोका बन्द गर्न जाउ भनी प्रज्ञालाई नै अऱ्हायो । आफ्नै दाजु सम्झेर प्रज्ञा तल गइछन् । तल पुगे पछि हात समातेर मुख बन्द गरिदियो र भन्यो- म तिमी बिना बाँच्न सक्दिनँ, तिमी मलाई मनपर्छ । यति भन्दै बलात्कार गऱ्यो । त्यसपछि आफ्नो घरमा लिएर जान खोज्यो । घर परिवारलाई पनि मन परेको केटो । राम्रो छ । तर घरमा श्रीमती र बच्चाहरू पनि रहेछन् । बिगारी हाल्यो अब के गर्ने त ? खुब रोइ कराई गरिन् । तर केही लागेन । आमाले पनि जाऊ, उसलाई त्यति मन परेको रहेछ भन्नुभएछ । उसले तिम्री छोरी म नै पाल्छु भनेर काठमाडौं लगेछन् । सौता भएर बस्नुपर्ने, कति दुःख भयो होला । त्यो पनि छोराछोरी भएकी जेठीसँग । उनी सैनिकको कपडा सिलाउने काम गर्थे । घरको सबै काम सकेर अफिस जान्थे । पहिला पहिला त श्रीमानूले धेरै माया पनि गर्थ्यो । पछि बिस्तारै कुट्ने, गाली गर्ने, अफिसको मान्छेहरूलाई भए नभएको कुरा लगाउने गर्न थाले । कोही केटासँग कुरा गरेको देखे आरोप लगाउने हुन थाल्यो । रातभरि तास खेल्ने, रक्सी पिउने । सबै तयारी नगरे राती नै कुट्ने गर्न थालेछन् । वर्षौं बित्यो, सबै परिवार एक ठाउँमा, प्रज्ञा एकजना मात्र अलग्ग । जति कुटे पनि नकुट भन्ने कोही भएन । तर जाने कहाँ ? दुःख सहेर सात वर्ष बिताइन् । राती रक्सी खाने समयमा सँगै बस्नुपर्ने । दिनभरि काम गऱ्यो, रातभरि श्रीमानूले भनेको कुरा मान्नुपर्ने । नभए कुट्न आउने । धेरै भुक्तभोगी भयो । शरीरमा नीलडाम मात्र । एकदिन प्रज्ञा भाउजूकहाँ जाँदा एकजना भिक्षुणी आउनु भएको रहेछ । उहाँ भाउजूको आफन्त पर्दोरहेछ । अनि भिक्षुणी हुन के गर्नुपर्छ भनेर सबै कुरा सोधी हेर्दा लोग्नेको अनुमति चाहिन्छ भनेछ । अनुमति त लिने तर कसरी लिने ? धेरै दिन बित्यो । लोग्नेलाई खुब माया गरे जस्तो गर्न थालिन् । जति रिसाए पनि अनि ख्यालठट्टामा पनि आफू त भिक्षुणी बन्न जान्छु भन्न थालिछन् । यसै क्रममा एकदिन लोग्नेले सोधेछन्- भिक्षुणी बन्न के गर्नुपर्छ ? प्रज्ञाले 'श्रीमानूको अनुमति कागज चाहिन्छ' भनिन् । श्रीमानूले पनि 'त्यो त मैले अहिल्यै लेखेर दिन्छु' भन्दै लेखेर दिएछ । प्रज्ञा खुसी भई भाउजूकहाँ गइन् । भाउजूले पनि आफ्नी बहिनी भिक्षुणीलाई बोलाई कागज दिनुभयो । केही महिना पछि सबै छोडेर कुशीनगर गइन् । त्यहाँ एकजना गुरूमाले देवताले नै साथी पठाएछन् भनेर खुसी हुँदै त्यहीँकै गुरू अथवा भिक्षुले प्रवजित



https://dhamma.digital

गराइदिनुभयो । त्यहाँ पनि शुरुमा सबैले मन पराउन थालेछ । तर पछि स्थिति बद्लिँदै जान थाल्यो । उनीप्रति गुरूमाले पनि डाहा गर्ने भएछ। विस्तारै विस्तारै मन नपर्ने हुँदै गएछ । किनभने त्यहाँ बसेका गुरूमाहरू भन्दा प्रज्ञा सुन्दरी पनि थिइन् र वर्षमा पनि कम थिइन् । त्यसैले जे पनि काम गर्न सक्थिन् ।

पछि प्रज्ञालाई छाती दुख्ने रोग लागेछ । सहन पनि धेरै गाह्रो हुने रहेछ । त्यही बेला अचानक प्रज्ञाकी भाउजूकी बहिनी भिक्षुणी त्यहीं आइपुग्नुभयो । उहाँले त्यहीबाट उनलाई काठमाडौं लिएर जानुभयो । काठमाडौंमा पनि कहाँ बस्ने ठाउँ छ र ? भाउजूकी बहिनीको विहार थिएन । कहीं राख्न खोज्दा पनि विवाहितालाई राख्ने ठाउँ छैन भन्ने । अनि एक ठाउँमा डेरा लिएर बसेछ । त्यहीबाट एकजना भिक्षुले श्रीलंकामा पढ्नको लागि लानुभएछ । त्यहाँ गुरूमाहरूको विहारमा बसेर एक दुई ओटा गरेर अंग्रेजी सिक्न थालेछ । त्यहाँ बस्दा बस्दै ६ वर्ष बितेछ। एकदिन एकजना श्रीलंकाली भिक्षुणी अचानक विरामी परेछ । उहाँलाई अस्पतालमा भर्ना गरिएछ । प्रज्ञा अलि दया भएकी महिला भएकीले सधैँ हेर्न जाने र विरामीको सबै सेवा गर्ने गर्थिन् । गुरूमालाई खुब मन पऱ्यो । गुरूमा त अमेरिकाको लसएञ्जलको विहारमा बस्ने रहेछ । अलि निको हुँदा गुरूमाले अमेरिका जाने हो भनेर सोध्नु भएछ । अमेरिका भन्ने बित्तिकै प्रज्ञा निकै खुसी भएर हुन्छ भनिछन् । अनि प्रज्ञा गुरूमाले ठेगाना सबै दिएर स्पोन्सर लेटर पठाएपछि अमेरिकामा पुगिछन् । त्यहाँ केही वर्ष बसे पछि उनलाई गाडी चलाउन सिक्न मन लागेछ । उहाँले ध्यान गर्न सिकाउनु भएको थियो । कुकुरलाई खाना खुवाउने, खाना खुवाएको वापत ३ डलर दिने रहेछ । पछि उपासक उपासिकाहरूसँग हिमचिम हुन थालेपछि गुरूमालाई नै प्रज्ञासँग डाहा हुन थालेछ ।

ध्यान सिकाउँदा यथाश्रद्धा दान दिने र कुकुरलाई खाना खुवाए वापत पाएको पैसा जम्मा गरेर राखिछन् । नेपालमा छोरी र आमाहरू पनि थिए । उहाँहरूलाई पनि हेर्नुपर्ने रहेछ ।

एक दिन गाडी चलाउन गएको बेला अरूले ठोकाइदिएछ । उनी हात खुट्टा नै चलाउन नसक्ने गरी बिरामी भइन् । त्यहीं एकजना नेपाली केटो थियो उसले प्रज्ञाको निकै सेवा गरेछन् । यता पनि गुरूमाले बस्ने एउटा कोठाको लागि ३०० डलर दिनुपर्छ, नत्र बाहिर निस्क भन्न थाल्नुभएछ । आफूसँग पैसा नभएपछि के



https://dhamma.digital

गर्ने ? गुरूमा भएर काम गरी खान नमिल्ने भएकोले धेरै नै समस्या भएछ । गुरूमा भएर बस्दा औषधि, खानाको लागि नै पैसा भएनछ । विहारले पनि निकाल्न खोज्यो । बस्नको लागि पैसा छैन, काम पनि छैन । कस्तो समस्या । एकजना नेपाली केटाले बिरामी हुँदा धेरै सेवा गरेको थियो । पछि माया पनि गर्न थालेछ । अनि मिल्ने भएकोले विश्वास पनि हुन थालेछ । धेरै जनाले उसैसँग विवाह गरेर बस्ने सल्लाह दिए । केटा पनि विवाह गर्न मञ्जुर भएछ । दुःखको समयमा केटाले पनि माया गर्ने भएकोले उसको मनमा कालो छ कि सेतो छ त्यो हेरिएन । ऊ ब्राम्हण थियो, प्रज्ञा नेवार थिइन् । प्रज्ञाको विवाह गर्ने मन त थिएन तर सहनै नसक्ने गरी समस्या आएकोले सबै साथीहरूको वचन अनुसार त्यही केटोसँग विवाह गरिन् ।

विवाह पछि एउटा कोठा लिएर बस्न थालेछन् । अब काम गर्न पनि पाइन् । त्यहाँ बस्दाबस्दै केटाले ग्रीनकार्ड लिन खोजेछ । प्रज्ञा गर्भवती भइन् । उनको श्रीमान्लाई बच्चा मन परेको थिएन । तर प्रज्ञालाई मन परेकोले बच्चा जन्माएछ । केटाले ग्रीनकार्डको लागि मात्र माया गरेको प्रज्ञालाई थाहा थिएन । ग्रीनकार्ड आयो । फेरि श्रीमतीबाट कागजपत्र गरेको हुनाले सिटीजनशीपको लागि श्रीमती चाहिन्छ । उसको आमा बुबालाई आफ्नै आमाबुबा सम्झेर अमेरिका बोलाई । तर मुखले छोरी छोरी भने पनि कामले चाहिँ छोरोलाई जात नमिलेको कारणले अर्को केटी विवाह गर्न दिने तयारी गरे । पछि त रक्सी खाने, पिट्ने, गाली दिने गर्न थालेछ । त्यसपछि प्रज्ञाले मेरो कर्म नै यस्तो भनेर बसिछन् । जति रूप, सम्पत्ति, राम्री भएता पनि, धन कमाउन सकेतापनि कर्म विपाकबाट नछुट्ने रहेछ । उसको ग्रीन कार्ड नआएसम्म प्रज्ञासँगै बस्यो । घर पनि किन्यो । सबै प्रज्ञाले खर्च हाल्नुपर्ने थियो । बच्चा बिस्तारै ठूलो हुँदै आयो । बुबाले पट्टकै नहेर्ने भयो । रक्सी खाएर झगडा मात्र गर्न आउने हुन थालेछ । अब त यसरी भएन भनेर एक्लै बस्ने विचार गरेछ । तर बच्चा छ के गर्ने । जति कमाए पनि घरको लागि ठिक्क हुने । लोग्नेले कमाएको एक पैसा दिने होइन ।

एक दिन घरमा सबै बसिरहेका थिए । प्रज्ञाको श्रीमान् जुरूक्क उठेर ब्याग लिएर 'गुडबाई' भन्दै सरासर बाहिर गएछ । किनभने ग्यारेन्टी सिटिजन आएको रहेछ । अब श्रीमतीको कुनै मद्दत नचाहिने हुनाले बाटोमा पाएको श्रीमती बाटोमै



https://dhamma.digital

हरायो भने जसरी छाडेर गएछ। बेलुका आउँछ कि भनेर बसेको तर आएछ। ५, ६ दिनमा पनि आएन। पछि उसैले डिभोर्स पेपर लिएर आएछ। अनि प्रज्ञाले बच्चाको लागि अंश माग्यो र केही दिए पछि डिभोर्स गरेछ। यस्तै छ जिन्दगी।

अहिले प्रज्ञालाई आनन्द र शान्ति छ। यदि धर्ममा नलागेको भए, ध्यान नगरेको भए कहाँ पुग्यो होला। धन सम्पत्ति ञाती बन्धुले भन्दा धर्मले मद्दत गर्छ। समस्या धेरै नै आयो प्रज्ञाको जीवनमा। कसैले भोग्नु नपरेको भोग्नु परेछ। तर साथसाथै धर्म अथवा ध्यानले अत्यन्त सहयोग भएको छ उनलाई। अहिले दिनभरी काम गऱ्यो। मन परे अलि खाना बनायो र खायो। नत्र त्यसै सुत्यो। खानु नखानु र रिस देखाउने पनि कोही छैन। बृद्ध समयमा सहाराको लागि दुःख सुख गरेर काठमाडौंमा जग्गा किनेर घर बनाएको छ। समय समयमा ध्यान गर्न छोडेको छैन। अहिले ५० वर्ष भयो, काम गर्दैछ। यो सत्य घटना हो। दुःख सुख जहाँ जाँदा पनि सँगै आउने रहेछ। भगवान बुद्धको उपदेश सुनेर प्रज्ञाले मनमा शान्ति लिई बसेको छ। जिन्दगी यस्तै हो प्रज्ञाको जीवन कहानी।

## ४. मेन

मेन भन्ने ठाउँ बोस्टनबाट ५ घण्टा कारबाट जानुपर्छ। त्यहाँ सारा दिदीको घर छ। यहाँ ६० वर्ष उमेर पूरा भएर कामबाट अवकाश पाएका व्यक्तिहरू मात्र बस्ने रहेछन्। कामबाट अवकाश पाएपछि बस्नेहरूका लागि यहाँ सानो घर बनाएर राखेको हुन्छ। एउटा गाडी र सानो घर अनि बुढाबुढीहरू मात्र। छोराछोरीहरू भए पनि तिनीहरू आ-आफ्नो काममा हुन्छन्। कसैको फुर्सद हुँदैन। धर्म कर्ममा जाने भनेको धेरै नै कम मात्र छन्। मनोरञ्जनको लागि गितार कार्यक्रम हुन्छ। कार्यक्रमको लागि निमन्त्रणा गरिन्छ अनि त्यही जाने र श्रद्धाले चन्दा हाल्ने, गितार बजाएको सुन्ने फर्कने। हाम्रो नेपालमा जस्तो खाना खुवाउनु पर्दैन। बिस्कुट र कफीमात्र खुवाउने चलन छ।

मेन शहर हाम्रो पोखरा जस्तै छ। तर यहाँ पसल र लजहरू छैनन्। जताततै ताल मात्र छ। ताल र जंगलको खोचमा घर हुन्छ। यहाँका घरहरूमा साँचो लगाउनु पर्दैन। सबै सामानहरू त्यस्तै राखेर मालिकहरू घर छोडेर जहाँ गएपनि हुन्छ। चोरको नामै सुनिदैन। कसैको सामान हरायो भनेको सुनिंदैन।



https://dhamma.digital

यहाँ आ-आफ्नो एरिया हुन्छ । अनि त्यो एरियाभित्र जानको लागि अनुमति चाहिन्छ । बिना अनुमतिले गयो भने जे गरेता पनि सरकारको कानुन लाग्छ । यहाँ धर्म क्षेत्र पनि छन् । सबैका आ-आफ्नो धर्मको क्षेत्र छ । तर हिन्दु र मुसलमानहरूको देखिनँ । बुद्धको जेन बुद्ध भनेर जापानीजहरूको ध्यान केन्द्रहरू छन् । त्यो ध्यान केन्द्रमा ध्यान बस्ने कार्यक्रम प्रत्येक आइतबार, शनिबार र जेन्दोमेडिटेसन आइतबार एकदिन हुन्छ । हप्ताको तीनचोटी ध्यान गर्ने चलन छ । विभिन्न ठाउँबाट ध्यान र प्रवचन गर्न आउँछन् । म मेनमा ४५ दिन बस्दा सारा दिदीले सधैं बोलाएर लानुहुन्थ्यो । म पनि यही जंगलको बीचमा जेन मेडिटेशन सेन्टर भन्ने ठाउँमा सुतेँ, बसेँ क्लास पनि लिएँ । यहि देखेर यो ध्यान केन्द्रको अध्यक्षले मलाई त्यहीँ बस्नको लागि बोलाउनु भएको थियो । त्यहाँ ३०० रोपनी भन्दा बढी जग्गा होला । एउटा ध्यान केन्द्रमा १०० जना जति अट्छ । एउटा आराम लिने र सुत्ने कोठा दुई वटा छन् भने भान्छाघर एउटा छ । यो सबैको जिम्मा तिमीलाई दिन्छु यही बस भनेर अनुरोध गर्नुभएको थियो । तर नेपालमा पनि विहार र साना साना अनागरिकाहरू भएको कारणले बस्न सकिनँ । बस्न चाहन्थेँ तर नेपालको समस्याले र त्यही आमा बुबा भएको कारणले पनि नबसेको हुँ । मलाई जंगल र एकान्त ठाउँ अत्यन्त मनपर्छ । त्यसैले मेन मलाई एकदम मनपर्ने ठाउँ हो । यहाँ विदेशीहरू, अरू काला मान्छेहरू र इन्डियनहरू देखिन । खालि गोरा, सेता मात्र देखेको छु, त्यो पनि बुढाबुढी मात्र । यहाँ बसेर धेरै अनुभव गरेँ ।

गितार बजाउने बेला मात्र सबै साथीहरू मिल्ने । यहाँ जाँदा जाँदा साथी बन्ने रहेछ । विभिन्न ठाउँबाट आएकाहरूसँग परिचय हुने । त्यसपछि कहिले काहीँ खानाको लागि निमन्त्रण दिने रहेछन् । कहिलेकाहीँ भेट्न जाने चलन छ । सबै आआफ्नै काममा व्यस्त हुने रहेछ । बराबर सञ्चो बिसञ्चो सोध्न फोन गर्छन् । दुइ तीन वटा गितार प्रोग्राममा म पनि गएँ । एउटा परिवार आएन । छोराछोरीकहाँ गयो होला भनी कसैले वास्ता पनि गरेन । ती बुढाबुढीको छोराछोरी कोही लण्डनमा, कोही न्यूयोर्कमा कामका लागि गएका रहेछन् । कोही अफिसबाट पनि जाने गर्छन् । आमा बुबाको त्यति माया नलाग्ने रहेछ । एकदिन म पनि बुढाबुढी हुन्छु भन्ने कल्पना पनि गर्दा रहेछन् । खाने, सुत्ने र डुल्ने मात्र


https://dhamma.digital

छ केटाकेटीहरूको चलन । केटाकेटीहरूलाई केही भन्नु पनि नहुने । केही भन्यो, सुझाव दियो भने ९११ मा फोन गरेर मान्छे बोलाउँछ । ९११ को मान्छे आयो भने केही कारण छ भने ४००० - ५००० डलर लिन्छ । कारण नै छैन भने १००० डलर त लिन्छ नै । भुलेर पनि ९११ मा फोन गर्नु हुँदैन । बच्चाहरूलाई भुलेर सुझाव दियो भने यिनीहरूले ९११ मा फोन गरेर दुःख दिन्छ । अहिले अस्तेन विहारमा २२ वर्षको केटा र २० वर्षकी केटी छन् । दुबैजना दिनभरि कोठामा बस्ने र खानको लागि मात्र बाहिर आउँछन् । केटी जहिल्यै मातेको जस्ती देखिन्थी । त्यस्ती केटी त मैले जिन्दगीमा देखेको यहीं मात्रै होला । एक महिनासम्म एउटा कोठामा कसरी बस्न सकेको होला ? केही सम्झायो भने ९११ मा फोन गरेर दुःख दिन्छ भन्ने डर । लाज, भय भनेको बिल्कुलै छैन । आफ्नै खुशीमा बसेको छ । अनि यो बुढाबुढीले कसको सहारा लिने त ? लट्ठीको सहारा लिएर बसेका छन् । धेरै पटकको गितार प्रोग्राममा नदेखेर हेर्न गएपछि बल्ल थाहा भयो दुबै जनाको मृत्यु भएर शरीरमा किरा परिसकेको रहेछ । उनीहरूका छोराछोरीहरूलाई बोलाइयो । आखिरमा के छ र ? एकदिन मरेर जानुपर्छ । जति सम्पत्ति भए पनि छोडेर जानुपर्छ । यो अवस्था देखेर मलाई दुःख लाग्यो । छोराछोरी भएता पनि आफ्नो भनेको केही नहुने रहेछ । भगवान् बुद्धले भन्नुभएको छ - सबै चिजहरू अनित्य छन् । उत्पत्ति भएका सबै विनाश भएर जाने छन् । यो मेरो छोरो, यी मेरी छोरी, यो मेरो धन सम्पत्ति भनेर समातेर बस्नु मुर्खता हो । नमेरसम्म छोड्नु पनि भएन । पछि हामीलाई चाहिन्छ । कतिसम्म बाँचिन्छ कालको समय कसैलाई थाहा हुँदैन । एकदिन मर्नुपर्छ भन्ने थाहा छ । तर कहिल्यै नमर्ने जस्तो विचार गर्छन् । जो ध्यान गर्न जान्छन् उसको स्वभाव बेग्लै हुन्छ । ध्यान नगर्ने, खाली पैसा पैसा र रक्सी भन्नेहरूको स्वभाव अर्कै हुन्छ । धर्म भनेको अत्यन्त आवश्यक छ । यो जन्ममा नै शान्ति पाउन धर्म अत्यन्त आवश्यक छ । म यहाँ बरोबर जस्तो आइरहेकी छु । म यहाँका उपासक उपासिकाहरूको मैत्रीले बराबर जाने गर्छु । यो ठाउँमा नेपालीहरू भने छँदै छैन । यो ठाउँ क्यानाडाको नैग्रोफल नजिक छ । यहाँबाट क्यानडा धेरै टाढा छैन, एउटा बोर्डर मात्रै हो ।



https://dhamma.digital

## ५.  अस्तेन सितगु विहारको काम

म बिहान ५ बजे उठेर ध्यान गर्थें । त्यसपछि भन्तेहरू छँदा जलपानको व्यवस्था गर्ने र एक घण्टा ३० मिनेट बढार्ने काम गर्थें । त्यसपछि आफ्नो कोठामा भगवान बुद्धको पूजा गर्दै बुद्ध गुण, धर्म गुण र संघ गुण सम्झने गर्छु । त्यसपछि अलिकति आफ्नो अनुभव सम्बन्धी लेख्ने काम गर्छु र त्यसपछि ११ बजे भोजनको लागि तयारी गर्नेतिर लाग्छु । धेरैजसो खाना पकाइरहनु पर्दैन । किनभने यहाँ खाना बनाएर दाताहरूले विहारमा पुऱ्याउने चलन छ । पालैपालो गरी दाताहरूले खाना बनाएर विहारमा पुऱ्याउन आउनु हुन्छ । कहिले प्रवचनको लागि कसैले बोलायो भने जान्थें । कहिलेकाहिँ अमेरिकनहरू त्यहीँ आउने गर्छन् । बौद्ध धर्म सम्बन्धी ध्यानबारे आफूले जानेको कुरा बताइदिन्थें । अनि बेलुका पनि ध्यान गर्ने, मन परेको किताबहरू पढ्ने, लेख्ने अनि ध्यान गरेर सुत्ने । कहिलेकाहीँ नेपालमा फर्केर जाउँ जस्तो लाग्छ । किनभने कहीँ जान मन लाग्यो भने साथीहरू काममा व्यस्त हुन्छन् । तिनीहरूको फुर्सद छँदा गाडी हुँदैन । गाडी हुँदा पनि आफूसँग अमेरिकाको लाइसेन्स नभएकोले चलाउन पाइएन । गाडी चलाउन मन लाग्छ तर लाइसेन्स थिएन । नेपालको काम लाग्दैन । र त्यहाँको नियम अनुसार चलाउनुपर्ने हुन्छ ।

अमेरिकामा खानको लागि समस्या छैन । सात दिनलाई पकाएर राखिएको हुन्छ । कसैले त एक महिनासम्मको लागि पकाएर राख्छन् । अनि आफूलाई जति मनपर्छ त्यति तताएर खाने चलन छ । नेपालमा जस्तो विहान बेलुका पकाएर खाने फुर्सद हुँदैन । अमेरिकामा बच्चाहरूले खाना धेरै नै फ्याँक्ने गर्छन् । चीन, जापान, ताइवानमा १२ दिन पुरानो भए पनि ख्वाइन्छ । खाना फ्याँक्ने चलन छैन । नेपालमा पनि भोजतिर फ्याँक्ने चलन छ । नेपाल र अमेरिका बराबर । अमेरिका त धनी देश हो तर नेपाल त धेरै गरिब देश हो । खानाको, अन्नको महत्व जान्ने किसानहरूले पनि फ्याँक्ने गर्छन् । ताइवान, जापानीजहरू चामलको एउटा गेडा कमाउनको लागि छ महिना मेहेनत गर्नुपर्छ, त्यसै कारण फ्याँक्न हुँदैन भन्छन् । यदि फ्याँक्यो भने पछि महान पाप लाग्छ, पछि अन्न देख्न पाउँदैन भन्ने विश्वास गर्छन् । धेरैजसो कमाउन नजान्नेले जे कुरा पनि फ्याँक्ने गर्दछन् । मैले जति अनुभव गरें जहाँ गए पनि दुःख गर्न नपर्नेले फ्याँक्ने गरेको देखेको छु ।


https://dhamma.digital

अमेरिकामा विशेष गाईहरू पालेको ठाउँमा घुम्न गएँ । गाईको दूध मेशिनले नै दुहुने गर्दछन् । अनि बच्चा पाउने बेलामा बलियो गाईले त सजिलोसँग पाउँछ । तर कमजोर गाईलाई बच्चा पाउन गाह्रो हुँदा खुट्टा दुइवटा मात्र बाहिर निस्कन्छ । त्यसबेला मालिकहरूले मेशिनमा डोरी बाँधेर राखेको थियो । अनि त्यही डोरीले बच्चाको खुट्टालाई बाँधिदियो । मेशिन र हातले समातेर बच्चा जन्माइयो । बाँचेको त बाँच्यो तर अर्को एउटालाई छुँदा चलेन । अनि मान्छेको मुख र गाईको बच्चाको मुख जोतेर सास दिएको थियो । गाईको बाच्छालाई बचाउन खुब कोसिस गरिएको थियो । मुखभरि रगतैरगत भयो तर त्यो बाच्छालाई बचाउन सकिएन । अर्को बाच्छा त्यसै हेरेर बस्यो । आमाले दुध पनि खुवाएन । अनि अर्को मरेको थाहा पाएपछि उसको छाला सबै काटेर अर्को बाच्छालाई लगाई दियो । अनि आमाको अगाडि राख्दा बच्चालाई दुध खुवायो । गजबको उपकार गर्ने रहेछन् । गाईले पनि एउटा दुई वटा बाहेक धेरै बाछो नपाउने रहेछ ।

## ६. खुन्तरीको कहानी

खुन्तरीको जन्म सन् १९८२ मा बर्मामा भएको थियो । उहाँ बर्माको कोकी अथेयुवा भन्ने ठाउँमा जन्मिनु भएको हो । वहाँको आमाको नाम दोयची र बुबाको नाम उसैमाउ, दाजुको नाम औसाउ र दिदीको नाम मच्वना । दाजुको र दिदीको विवाह भयो र भाई मावेजो चार वर्ष भयो कहाँ छ भन्ने थाहा छैन ।

गाउँले जीवन अनि गरिब थिए । आमा चाहिँ पसल खोलेर व्यापार गर्नुहुन्थ्यो । बुबा यताउता व्यापार गरेर बच्चालाई पालनपोषण गर्दै आउनु भएको थियो । आमा बाहिर पसल खोलेर बसेको अवस्था । बर्मामा लडाइँ भइरहेको थियो । लडाइँको बेला गाउँ गाउँमा पुलिसहरूले लखेटेर मार्ने गर्दथे । त्यही समयमा खुन्तरीकी आमालाई गोली लागेर त्यही रगतले लतपत भएर प्राण त्याग्नु भएछ । आमाको मृत्यु पछि बच्चाहरूको बर्बादी शुरु भयो । सानो भाइ दुध खाइरहेको थियो । दुध खाइरहेको भाइ बाँच्यो तर आमा बाँचिनन् । खुन्तरी भागेर बाँचे । घर छोडेर खान पाएकी थिइन । पछि घरमा गए तर दाजु, दिदी, भाइ र बुबा मात्र थियो । काम थिएन त्यसैले धेरै कष्ट भोग्नु पर्‍यो । बुबा एक जनाले काम गरेर सबैलाई ख्वाउनु पर्ने । दाइ र दिदीले पनि दुःख गरेर


https://dhamma.digital

खानुपर्ने भएकोले सधैँ झगडा जस्तै हुन थाल्यो । माया गरेर खुवाउने आमाले छाडेर गए पछि बुबाले अर्की श्रीमती ल्याउनु भएछ । बस्न खानलाई समस्या पऱ्यो । यसरी नै यताउती घुम्दाघुम्दै ग्यावती भन्ने ठाउँमा पुगेछ । यो ठाउँ थाई बोर्डरको नजिक पर्दछ । यो ठाउँमा पुग्न बाटोमा एक रात बास बस्नुपर्छ । त्यस्तै कोकी गाउँ पनि रंगुनबाट दिनभरी गाडीबाट गए पछि पुगिने ठाउँ हो ।

ग्यावती भन्ने ठाउँ थाई मेसाउँ नजिकै छ । मेसाउ थाई बोर्डर नजिक छ । कोकी गाउँबाट यहाँसम्म आउन धेरै दुःख कष्ट गरेर घरबाट भागेर आएछ । कर्ममा यस्तै लेखिएकोले होला दुःख त भोग्नैपर्ने भयो । जब थाई बोर्डरमा पुग्यो त्यहाँ पुलिसले समात्यो । डर त लाग्यो, आमालाई पुलिसले नै गोली हानी मारेको थियो । जिन्दगीको ठेगान थिएन डराएर के गर्नु ? जेलभित्र चामल बोकाउने काम दिएछ । त्यहाँ पुलिसहरूलाई चामल ल्याउने र मोटर नगएको ठाउँमा बोकेर बोर्डरसम्म पुऱ्याइदिने । यसरी छ महिना जति चामल बोके । संयोगवश शरणार्थीहरूलाई अमेरिका लाने भन्ने कुरा थाहा भयो । खुन्तरी पनि थाई शरणार्थी भएर बसेको थियो । थाई शरणार्थी भएर फाराम भर्दा अमेरिका जाने भाग्य खुलेछ ।

अमेरिकामा छ महिना बस्न र खानाको खर्च, कामको साथसाथै ग्रिन कार्ड दिने व्यवस्था मिलाइएको थियो । बर्मामा हुँदा भगवान बुद्ध र विहारप्रति आस्था थियो । आफ्नो कर्मको फल त जहाँ गए पनि भोग्नै पर्ने रहेछ । अमेरिकाको अस्तेन भन्ने ठाउँमा विहार छ कि भनी बुझेर हेर्दा तिदगु बुद्ध विहार भएको थाहा पाएछ । कोको भन्ने बर्माको एक जना दाइ मार्फत तिदगु विहारमा पुगे । यहाँबाट एक जना भन्तेले ताना सिद्धि भन्ने ठाउँमा लगे । त्यहाँ सुशि नामको जापानी खाना बनाउन सिके । अहिले त्यहीं हप्ताको चार दिन काम गर्दछ ।

सितगु विहार पुग्दा उ अरिया धम्मा भन्तेले धेरै माया गर्नु भएछ । त्यही समय खुन्तरीलाई पत्थरको अप्रेशन गर्नुपर्ने भयो । यसको खर्च सबै अमेरिकी सरकारले व्यहोऱ्यो । पूर्व जन्ममा के नराम्रो काम गरेर आएछु र अहिले दुःख भोग्नुपर्ने भयो भन्ने खुन्तरीलाई लाग्यो । अब उनी राम्रो काम गर्छ जसले जे भनेता पनि सहने गर्छ । खुन्तरी भन्छिन्, बुबाले आमा बितेर गएपछि अर्की श्रीमती ल्याउनुभयो, तर त्यो पनि बस्न सकेन । फेरि अर्की ल्याउनुभयो । त्यो



https://dhamma.digital

पनि नबसिकन गई । बुबाले पनि दुःख गर्नुभएको थियो । अब केही कमाएको पैसा बुबालाई दिनुपर्छ । भाइ थाइल्याण्डमा छ भन्ने सुनेको छु तर देखेको छैन । भाइले कति दुःख गरेको होला उसलाई पनि पैसा चाहिन्छ होला । त्यसैकारण पछिल्लो जन्म अथवा पछिको लागि मैले काम गर्नुपर्छ । तीन दिन यो विहार को राम्ररी काम गर्छु पुण्यकार्यको लागि समय दिन्छु । चार दिन आफ्नो पेट, बुबा अनि भाइको लागि काम गर्छु भन्दछ खुन्तरी । मलाई जसले जे भने पनि सहनुपर्छ, सकेको काम गर्छु, भगवान बुद्धको विश्वास गर्छु, भन्ते गुरूमाहरूको प्रवचनलाई आदरपूर्वक पालन गर्नुपर्छ । सकेसम्म मेहेनत गरेर कमाउँछु । पुण्य गर्छु अधर्म काम कहिले पनि गर्दिन । चुरोट अहिलेसम्म तानेको छैन । गरिब भएको कारणले पढ्न पाइनँ । बर्मामा कक्षा ४ सम्म पढेको थिएँ । आमा बुबाको गुणलाई सम्झिन्छु त्यसकारण बुबालाई अलिअलि पैसा पठाउँछु । आमा बितेर जानुभयो । आमाको याद आउँछ । आमाको कर्म पनि राम्रो छैन किनभने पसलमा बसेको मान्छेलाई नै गोली लाग्नुपर्ने । ४ जना सन्तानहरूलाई छोडेर जानु पऱ्यो । दाजु र दिदीहरूको त आफ्नो आफ्नो व्यवस्था भएको छ । चिन्ता छैन । सायद उहाँहरूलाई पनि भाइको वास्ता छैन होला । उनीहरूको आफ्नो संसार र परिवार छ । त्यसै कारण पुण्य भनेको अत्यन्त आवश्यक छ । राम्रो काम गरे मात्र पुण्य प्राप्त हुन्छ । यहाँ कहाँ कहाँ आफ्नी आमा जस्तो अनोजा गुरूमा पाल्नुभएछ । अनोजा गुरूमा देख्दा आमाको याद आउँछ । उहाँले पनि आमाले जस्तो माया गर्नुहुन्छ । विश्वास गर्नुहुन्छ । मेरो दुःख सबै हराएको अनुभव गर्छु ।

अमेरिकामा त काम अवश्य चाहिन्छ । बिना काम बस्न सकिँदैन । विहारमा त काम पाइन्छ । विहारबाट बाहिर गयो भने काम, मोटर र घरबास अवश्य चाहिन्छ । भगवान बुद्धको उपदेश सुनेर मनमा शान्ति आउँछ । जसले जे भनेता पनि सहन सक्ने क्षमता पाइन्छ । क्रोध आउँदैन । द्वेष भावना आउँदैन । पहिला त रिस उठ्थ्यो । मान्छे त हो नि तर अहिले सहन सक्ने क्षमता बढेको छ । म श्रामणेर बनेर तालिम पनि लिएँ । तर सधै अष्टशील पालन गर्न सकिन । किनभने पैसा कमाएर बुबालाई पठाउन र गृहस्थी जीवन बिताउन मनपर्छ । बरू विहारमा सेवा गर्छु, आफ्नो पसिनाको कमाइबाट सकेअनुसार दान दिन्छु । कसै को गुणलाई बिर्सने छैन भनी आफ्नो कहानी सुनायो ।



https://dhamma.digital

हो, यो केटा कहिले पनि रिसाएको देखेको छैन । जहिले पनि हँसिलो मुख लगाएर सबै काम गर्छ। विहारको सरसफाई गर्छ। भगवान बुद्धप्रति विश्वास राख्छ । यहाँ पाहुना केटीले नोकरको रूपमा हेप्छ । खुन्तरीलाई केही मतलब छैन । सहन सक्नुपर्छ भन्छन् । आफूले गरेको कर्म आफैले भोग्नुपर्छ । अहिले मैले भोगिराखेको छु । जसले जे भनेता पनि सहँदै जान्छु, सहन्छु ।

## ७ मेरील्याण्ड

मेरील्याण्ड भन्ने ठाउँ वासिङ्गटन डि.सी.बाट नजिकै छ । यहाँ पनि स-साना घरहरू छन् । एकजनाले कमाएको पैसाबाट सबै परिवारलाई खान, घर भाडा तिर्न र गाडीको खर्च गर्न पुग्दैन । हाम्रो नेपालमा भए एक जनाले कमाएको पैसाले ४ जनालाई खान पुग्छ । तर अमेरिकामा पुग्दैन । हामीकहाँ जस्तो इँटा, सिमेन्टले घर बनाउनु पर्दैन । यहाँ त प्राय काठबाट घर बनाइएको हुन्छ र त्यसमा दुई पटक रङ्ग लगाएपछि थाहा नै पाइँदैन यो कसरी बनाएको हो भनेर । मलाई त गजब लाग्यो । घर बनाउन एकदम सजिलो रहेछ - इँटा सिमेन्ट चाहिँदैन । बिजुलीको लाइन पहिला नै राखिएको हुन्छ र सफासुग्घर पनि त्यतिकै छ। त्यस्तै ट्वाइलेट, बाथरूमको व्यवस्था राम्रै छ । हरेक घरहरूमा एयरकण्डिसन छ । एयरकण्डिसन बिना बस्न नै सकिँदैन । गर्मी बेलामा धेरै नै गर्मी, चिसो भएको बेला धेरै नै चिसो । यो एरियामा बर्मिज बुद्धिष्ट विहार, भियतनाम बुद्धिष्ट विहार, श्रीलंका, थाई र चाइनिजहरूका विहार छन् । आफ्नो आफ्नो विहार बनाएर राखेको छ । किनभने पूजा गर्नको लागि आफ्नो भाषा आफूलाई सजिलो हुन्छ । नेपाली विहार एउटै छैन । विभिन्न देशले ठूला ठूला विहार बनाएका छन् । यदि नेपालीहरूको पनि सानै भएपनि विहार भएको भए नेपालीहरूको पनि छ भनेर गौरव गर्न पाइन्थ्यो । भारतीयहरूको पनि विहार छैन । त्यहाँ राधा, कृष्ण, राम, सीता, लक्ष्मीका मन्दिरहरू छन् ।

दाताहरू आ-आफ्नो काममा जान्छन् । त्यहाँ जस्तै हाम्रो नेपालमा पनि काम गरेको भए नेपाल पनि त यो भन्दा धेरै विकास हुने थियो । तर दुःखको कुरा स्वतन्त्रताले बनाउन/गराउन दिँदैन । नेपाल एउटा प्रकृतिको देश, भगवान् बुद्ध जन्म हुनुभएको देश र सगरमाथा भएको देश हो । हाम्रो देशमा सबै



https://dhamma.digital

प्राकृतिक भए पनि अरू देशमा सबै पैसा कमाउनको लागि बनाएको छ। जति यहाँ बनाएको नयाँ चिज हो सबै आफ्नो आफ्नो तरिकाले बनाएर शोभायमान गरिएको बाहेक अरू केही पनि छैन। २०१४ मा मलाई नेवार सम्प्रदायले म्हपूजा सभाको मुख्य उपदेश दिनको लागि निमन्त्रणा गर्नु भएको थियो। मलाई मुख्य अतिथिको रूपमा राख्नु भएको थियो। नेवारी परम्परा अनुसार म्हपूजा गर्नुभयो। मलाई उपदेशको लागि भन्नुभयो। मैले भगवान बुद्धको उपदेश नसुनेको धेरै वर्ष भयो भने। सभामा जम्माजम्मी ४५० जना नेवारहरू थिए। त्यस सभामा भगवान बुद्धको उपदेश दिएँ। सबैजना खुसी हुनुभयो। फेरि घर घरमा गएर परित्राण, धर्म उपदेश, ध्यान भावना पनि सिकाइदिएँ। मलाई ठूलो इच्छा थियो एउटा नेपाली विहार बनाउन। तीन चार जनाले मिहेनत पनि गरेका थिए। म त्यहाँ अच्युत श्रेष्ठको घरमा दुई हप्ता जति बसेकी थिएँ। त्यहाँ बस्दा लुम्बिनी विहार भनेर एउटा उद्घाटन गरेँ। हप्ताको एकचोटि बुद्ध पूजा धर्म देशना गर्ने भनेर चलाइएको पनि थियो। विहार बनाउनको लागि भनेर भारतको डा. अम्बेडकरको चेला प्रविण ताम्राकार, अच्युत श्रेष्ठ हामी जग्गा हेर्न गयौं। यति मात्र होइन लुम्बिनी विश्वविद्यालय खोल्ने योजना पनि गरेँ। अनि त्यहाँको प्रोफेसरहरूले ठाउँ ठाउँमा धर्म उपदेश दिने कार्यमा लानुभयो। मैले धर्म उपदेश दिएको नेवारहरूको घरमा दिनको चार ठाउँमा, नेपालीहरूको घरमा पनि त्यस्को अलावा क्याम्बोडियन विहारमा, थाई विहारमा, श्रीलंकन विहारमा, भियतनामी विहारमा र मेरिका विश्वविद्यालयमा धर्म उपदेश दिएँ। ठाउँ ठाउँमा गएर नेपाली, नेपालभाषा, हिन्दी र अंग्रेजीबाट अलि अलि भगवान् बुद्धको धर्म उपदेश दिएर आएँ। अमेरिकामा एउटा नेपाली विहार बनाउने ठूलो इच्छा थियो। सबैले मद्दत गर्छु र गुरूमा बस्नु भनेर निमन्त्रणा गरेको थियो। तर भिसा सकेर नेपाल फर्कनु परेको हुनाले पूरा गर्न पाइनँ।

## ८. बब् अमेरिकाको

बब् भन्ने एकजना धेरै नै धनी व्यक्ति थियो। उहाँको चार ओटा घर थियो। आमा बुबा चाहिँ बित्नु भएको रहेछ। आफूसँग श्रीमती छोराछोरी मात्र थियो। चारजना एकदम खुसी तर धर्म अलिकति पनि मन नपर्ने र धर्ममा विश्वासै नगर्ने



https://dhamma.digital

पऱ्यो । तर उहाँको साथी एकजना विहारमा गएर ध्यान गर्ने रहेछन् । उहाँले भन्नुभएछ कि धन सम्पत्ति छोराछोरी भनेको भौतिक सम्पत्ति हो, साथ साथै आध्यात्मिक सम्पत्ति जीवनमा नभै नहुने । आध्यात्मिक सम्पत्तिले हाम्रो चित्तलाई शान्ति दिन्छ । आध्यात्मिक सम्पत्ति अत्यन्त आवश्यक छ । दानशिलले आफूले कमाएको पैसाबाट ५ प्रतिशत दान दिनुपर्छ त्यो आफूलाई नै हो । दान गर्दा मनमा हर्षित गरेर दिनुपर्छ । जति सक्छ त्यति दिने । त्यो गर्दा मनमा शान्ति पाइन्छ । त्यसैकारण भगवान बुद्धले दश पारमिता मध्ये सबभन्दा पहिलाको दान पारमिता पूर्ण गर्नुभएको थियो । भगवान बुद्धले गर्नुभएको दानको महत्व जनताले थाहा पाएको भए दान नदिएर खाने यो संसारमा कोही पनि हुँदैन होला । सबै मनुष्यले दान दिएर मात्र खाने थियो । त्यसैकारण दान अथवा त्याग अत्यन्त आवश्यक र महत्वपूर्ण छ । दान दिएर धन सम्पत्ति नाश भएर जाने होइन । दान भनेको गर्नुपर्छ ।

अर्को शील - शील भनेको चरित्र शुद्ध गर्ने । जुन व्यक्तिले पञ्चशील पालन गरेको छ त्यो व्यक्ति जति ठूलो समाजमा गएता पनि डराउनु पर्ने हुँदैन । शील पालन भएको व्यक्तिको सम्पत्ति नाश हुँदैन । शरीर पनि राम्रो हुन्छ । रोगब्याधी कम भएर जान्छ । शील पालना गर्दा ध्यान गर्ने समय धेरै मद्दत पुऱ्याउँछ । शील भनेको शीर हो । जस्तै मानव जातिको शीर नहुँदा मनुष्य गनिँदैन । त्यसैकारण शीर अत्यन्त आवश्यक छ । गृहस्थीको लागि पाँचओटा शील अत्यन्त आवश्यक छ ।

ध्यान - ध्यान गर्दा हामीलाई धेरै फाइदा छ । ध्यानमा २८ ओटा फाइदा छन् । ध्यान राम्रोसँग गर्न सक्यो भने जन्म मरणबाट अलग भएको निर्वाण सुख प्राप्त हुनेछ । त्यसैकारण बुद्धिमान व्यक्तिहरूले, महापुरुषहरूले ध्यान कहिले पनि छोड्दैन । हो, जीवन बाँचेसम्म हामीलाई सबै चाहिन्छ । धनसम्पत्ति, जनसम्पत्ति इत्यादि । अनि बब् त खाने पिउने रसरंग गर्ने मात्र थियो । उनको अफिस पनि ताइवानमा परेछ । पैसा पनि धेरै नै आउने । उनलाई खालि पैसा, श्रीमती र पिउने भए पुग्ने थियो । किन चाहियो मलाई आध्यात्मिक सम्पत्ति ? खालि भौतिक सम्पत्ति भए पुग्छ । अरु केही पनि चाहिँदैन भन्थ्यो । संसारमा सबै पैसा नै हो भनेर घमण्ड गर्थ्यो । धर्म भनेकै मन पर्दैन भन्थ्यो । अरुलाई दियो भने खर्च हुन्छ ।



https://dhamma.digital

दान दियो भने फिर्ता आउँदैन । कसैलाई चन्दा दियो भने अथवा सहयोग गऱ्यो भने फिर्ता आउँदैन त्यसैकारण कसैलाई पनि मद्दत गर्ने इच्छा छैन भन्ने गर्दथ्यो । खालि खाने पिउने मस्ती गर्ने । पैसा राख्ने ठाउँ छैन । खाएर पिएर मस्ती गर्ने उसको सोख थियो ।

साथीहरूले चाहि धर्मकर्म गर्नु पर्छ राम्रो भोग पाइन्छ भन्थे । पहिलेको जन्ममा राम्रो नराम्रो भोगेर आयो अहिले धेरै पैसा आउने ठाउँमा काम पायो । धेरै पैसा कमाउन सक्यो, धेरै व्यक्तिले माया ममता गऱ्यो । अहिले केही कुशल कर्म गरेन भने पछि केही पाउने छैन भनेर सम्झाएता पनि नसम्झने । अलिकति पनि पहिलेको र पछिको विश्वास नगर्ने । यस्तो मानिससँग कुरा गर्दा आफ्नो समय मात्र बरबाद हुन्छ भनी आफुले गर्ने काम, सकेको दान, शील र ध्यान गर्ने काम छोडेन । किनभने उसलाई फाइदाको कारण थाहा थियो । यसले सबै परिवारलाई पनि राम्रो हुने, भलो हुने, पछिको जीवनसम्म आनन्द आउने शान्ति पाइन्छ भन्ने थाहा भएको हुनाले गर्दैछ ।

बबूसँग पैसा छ । अनि आफ्ना जड्याँहा साथीहरू बोलाएर छोराछोरीको अगाडि टेबल माथि भएभरको रक्सी राखेर माछा मासु खाएर मस्तसँग पिउने उसको बानी थियो । अनि विस्तारै छोराछोरीहरू ठुलो हुँदै आउँदा उनीहरूले पनि त्यही सिके । सबै जनाको खाने बानी भयो । राम्रो शिक्षा सिकाएको भए राम्रै सिक्छ । त्यो पनि आजकालको जमानामा राम्रो राम्रो सिकाए तापनि त नसिक्ने बेला झन् यस्तो मात्र सिकाएको अवस्थामा के सिक्छ त ? शरीर बढेर आउँदा कसैले समातेर राखेतापनि हुँदैन । प्रकृतिको नियम कसैले पनि बदल्न सक्दैन । अनि सबैले पिउने । केटाले केटीहरू साथी राख्ने र छोरीले केटाहरू साथी राखेर मोज गर्ने भयो । रक्सी खाएर मोज गरेर अफिस गएको व्यक्ति त्यही सुतेर ध्वस्त भएर मृत्यु भयो । के छ र जिन्दगी । आफूसँग पैसा भएको बेलामा कसैलाई केही राम्रो मद्दत गरेको भए राम्रै हुन्थ्यो । छोराछोरीलाई पनि कामकाज सिकाएर राखेन, पढ्न पनि दिएन । श्रीमतीले पनि के गर्ने ? घर चारवटा त थियो तर काम केही नजानेपछि घर बेचेर खाँदाखाँदै सकियो । छोराछोरीलाई पनि राम्रो शिक्षा दिएर राखेको छैन । खालि पिउने, मोज गर्ने मात्रै सिकाएर राखेको थियो । आमा चाहिं अर्को केटासँग विवाह गरेर गई । छोरा र



https://dhamma.digital

छोरी बरबाद भए । सानो तिनो काम गरेर बसेको छ ।

आफ्नो बुबाको समयमा मोज मस्तीमा बसेका केटाकेटीहरू आज यति दुःख पाउनेछन् भनेर कल्पना पनि गरेको थिएन । त्यसकारण धर्म कर्मले धेरै मद्दत गर्छ जीवनमा । एक जना राम्रो व्यक्तिसँग बुबाको संगत भएको हो तर नराम्रो संगत भएको व्यक्ति धेरै नै भयो । एक जनाको कुरालाई त्यति महत्व दिएन, पैसा भएको कारणले । पैसाले मत्त भएपछि, धनमत्ता भएपछि कसैले केही गर्न सक्ने छैन । नौ वर्ष पछि सबै बरबाद भयो । त्यसैकारण आफ्नो छोरा र छोरीहरूलाई राम्रो शिक्षा दिन अत्यन्त आवश्यक छ । केही दान पुण्य गर्नुपर्छ । आफूले सकेको दान पुण्य र सहयोग भनेको गर्नुपर्छ । एक दिन त जानु पर्छ । जन्म भएपछि मृत्यु हुनै पर्छ । यो कसैले रोकेर रोक्न सक्ने होइन । आफूले कसैलाई मद्दत गरेको भए अरुले पनि हामीलाई चाहेको बेला मद्दत गर्छन् । केही न केही राम्रो काम गर्नै पर्छ । निःस्वार्थ भावनाले सेवा गर्नुपर्छ । यो गर्दा यस्तो फाइदा होस् भनेर होइन । केही पनि स्वार्थ नगरिकन सेवा गर्नुपर्छ ।

त्यसैकारण आमा बुबाले आफ्नो छोराछोरीप्रति राम्ररी हेरचाह गर्नुपर्छ । पछि तिनीहरू ठुलो भएर आफूलाई सेवा गर्न लगाउनको लागि होइन । यदि आफूलाई सहारा चाहेर बच्चा जन्माएको भए नजन्माए पनि हुन्छ । पछि तिनीहरूले वास्ता गरेन भने धेरै नै दुःख पाउनेछ । त्यसैकारण आफ्नो कर्तव्य पालन गर्ने मात्र हो । राम्रो बाटो देखाइदिनु अत्यन्त जरुरी छ । पैसा भएर घमण्ड गर्नु हुँदैन ।

Dhamma.Digital

## ९. **अमेरिका कस्तो छ ?**

अमेरिका सफासुग्घर छन् । बाटो भने यताबाट चार वटा र उताबाट दुई वटा गाडी आउन मिल्न गरी फराकिलो छ । वान वे धेरै ठाउँमा छ, त्यसैले मुख मुख हानेर दुर्घटना भएको कहिल्यै पनि देखेको छैन । मुख र पछाडि पट्टी मात्र हानेको देखें । हाम्रो नेपालमा जस्तो जबरजस्ती गर्नु हुँदैन । सहरमा अलिकति रुख कम छन् । अरु त खालि जङ्गलै जङ्गल । सधैंभरि हरियाली । यहाँ सुग्घर भएको कारणले होला रुघा खोकी भनेको पटकै भएको छैन । पेट पनि दुखेको छैन । तर गर्मीमा धेरै नै गर्मी । चिसो भएको बेलामा पूरा हिउँ पर्ने रहेछ ।



https://dhamma.digital

यहाँ हाम्रो नेपालीहरू त खालि तरुण र तरुणीलाई मात्र हुन्छ । कारण बुढाबुढी भएपछि यहाँ हुँदैन । छोराछोरीहरू आफ्नो काममा जान्छन् । बुढाबुढीहरू मात्र घरमा बस्छन् । यहाँ बिना गाडी बाहिर जान सकिन्न । हिँडेर जाँदा धेरै जानुपर्छ । यहाँ त फलानोको घर कहाँ भन्दा त्यही हो भनेको नै एक घण्टा गाडीबाट जानुपर्छ । म त भन्छु बुढाबुढी भएपछि यो अमेरिका त बिल्कुल हुँदैन । घर भित्र मरिरहे पनि कसैलाई थाहा हुँदैन । बुढालाई बुढी सहारा र बुढीलाई बुढा सहारा भएर बसेको छ । कुनै बित्यो भने एक्लै भएर दिक्क लाग्छ । धर्म कर्ममा लागेको भए त ठिकै छ । आफ्नो मन आफूले सम्हालेर बस्न सक्छ । तर धर्म कर्ममा लागेको छैन भने कसरी दिन र रात बिताउने ? यहाँ ठाउँ हेरेर घरहरू छन् । यहाँ पसलमा कुनै साहुजी हुँदैन । मूल्य लेखिएको हुन्छ । त्यो मूल्य अनुसार पैसा हाल्ने सामान लिने । यदि एक सेन्ट पैसा मात्र कम भए पनि सामान तल आउने छैन । पूरा पैसा भएपछि मात्र सामान आउँछ । गजब छ । मेन भन्ने ठाउँ र आस्तेन भन्ने ठाउँमा कहिले पनि ताला लगाउँदैन । न सुत्नको लागि, न कतै जानको लागि । यहाँ मानिसहरू कम भएको कारणले होला । अनि यहाँको एक तला घर धेरै नै छन् । अनि सबै काठको मात्रै छन् । एक हप्ता दुई हप्तामै घर बनाउन सक्ने । पहिला नै डिजाइन गरेर बनाएको हुन्छ । पछि आएर किला एउटा पनि ठोक्नु आवश्यक पर्ने छैन । यहाँ ठाउँ हेरेर भुइचालो आउने गर्छ । लस एञ्जेलसमा धेरै भुँइचालो आउने गर्छ । कुनै ठाउँमा समुद्रको पानी बढेर आउने गर्छ । घर, जग्गा, मान्छे धेरै नै नोक्सान हुने ठाउँ । तर अस्तेन भनेको ठाउँ धेरै नै गर्मी छ । भुइचालो आउँदैन रे । अनि सफा सिक्कोमा गर्मी भनेको नै छैन । अरु ठाउँमा धेरै गर्मी हुने बेला त्यहाँ चाहीं ठिकै हुन्छ । एसीको आवश्यक छैन । अस्तेनमा जुन, जुलाई र अगष्टमा त झन गर्मी हुने रहेछन् । अरु बेलामा त धेरै नै चिसो हुने, हिउँ पनि पर्ने रहेछन् । अहिले सबभन्दा गर्मी हुने अगष्ट महिनामा गर्मी हुने रहेछ । मलाई एसी भनेको त बिल्कुल मन नपर्ने अहिले त एक छिन पनि बन्द गरेको छैन, गर्नु हुँदैन । जतातत्तै गाडीमा पनि बिना एसी जान सक्दैन । बाहिर त हिंडेर जाने कुरै भएन । विहारको कम्पाउण्ड भित्र नै बिना गाडी जान सकिँदैन । यहाँ एरिया धेरै नै ठुलो छ । अरु ठाउँमा घर किन्नु पर्‍यो भने धेरै नै महंगो । यहाँ अरु ठाउँको भन्दा सस्तो छ । यहाँ



https://dhamma.digital

अस्तेनमा सबभन्दा सस्तो भएको घर एक लाख साठी हजार (१,६०,०००) पर्छ भने त्यही घर न्युयोर्कमा किन्नु पर्‍यो भने चार लाख (४,००,०००) पर्छ । जग्गा किनेर घर बनाउने भनेको कुरै छैन । आफूसँग पैसा हुनुपर्छ । काम भएपछि घर किन्नु सजिलो छ । काम भएपछि घर मोटर इत्यादि सबै पाउँछन् । यहाँ जातपात छैन । यहाँ त राम्रो काम ठुलो काम भएपछि त्यही नै ठुलो जात हुन्छ । भगवान बुद्धको उपदेशसँग मिल्छ :

*नजच्चा वस्सल हाति नजच्चा होति ब्राम्हण कामना वस्सल हादि कामना हाद ब्राम्हण* । अर्थ - जन्मले हुँदैन चन्डाल, जन्मले हुँदैन ब्राम्हण कर्मले हुन्छ चन्डाल, कर्मले हुन्छ ब्राम्हण ।

जन्मले केहि पनि हुनेवाला छैन । सबै चिज कर्मले मात्र हुन्छ । राम्रो कर्म गर्‍यो भने राम्रै भोग्नु पर्छ, नराम्रो गर्‍यो भने नराम्रै भोग्नु पर्नेहुन्छ ।

## १०. सानफ्रान्सिस्को

प्रेम श्रेष्ठको निमन्त्रणामा सन् २०१० को जुन २३ मा सानफ्रान्सिस्को पुगेँ । त्यहाँको मौसम धेरे नै राम्रो लाग्यो । अस्तेन र लस एञ्जेलसमा धेरै नै गर्मी खाएर आएको थिएँ । त्यहाँ पुग्दा चिसो मौसम भएकोले राम्रो लाग्यो । १३ वर्ष भयो नदेखेको, दुई दिनको लागि भए पनि आउनु भएको हुनाले प्रेम श्रेष्ठको घरमा परित्राण आयोजना गरिएको थियो । प्लेन टिकट वहाँले नै पठाउनु भयो । घर त सबैको त्यस्तै त्यस्तै छ । धेरै पैसा भएकोले अलि राम्रो सम्पूर्ण कुराहरू व्यवस्थित गरेको हुन्छ । अरु त सबै त्यस्तै हो । सबै घरमा मोटर राख्ने ग्यारेज हुनै पर्छ । फूल रोप्ने जग्गा हुनै पर्छ । चाहे घरतिर होस् चाहे विहारमा होस् । यो ठाउँमा जग्गा अलि कम नै देखेँ । जताततै पानी मात्रै छ । समुद्र अनि गोल्डेन ब्रिज पनि त्यही छ । अनि नुन बनाउने कारखाना पनि त्यही छ । समुद्रको पानीलाई पकाएर नुन बनाउने रहेछ । देश पनि घर माथि घर भने जस्तो । घर त ठुला ठुला छन् । दाँयाबाँया समुद्र मात्र छ ।

ठूला अपराध गर्ने अपराधीहरूलाई थुन्न समुन्द्रको बीचमै जेल बनाइएको छ । त्यो जेलमा जान त्यहाँको आदेश लिएर अर्कै पानी जहाजबाट जानुपर्छ । मन पर्‍यो भनेर जाने ठाउँ होइन । समुन्द्रको बीचमा जेल बनाएर राखेको भने



https://dhamma.digital

गजब लाग्यो ।

स्ट्यानफोर्ट युनिभर्सिटी पनि त्यही सानफ्रान्सिस्कोमा छ । यहाँ आउँदा गीता लामा भन्ने दाता भेटें । नेपालमा बस्दा धेरै नै मिल्ने थियौं । उहाँकी छोरी मालानिला र छोरो थेनले अनि बुहारी गागिका ममतालाई पनि भेटें । उनीहरूको घरमा परित्राण गरें । गीता लामा, घकमाजी र महेन्द्र श्रेष्ठले सानफ्रान्सिस्को घुमाइ दिनुभयो । एकदम खुशी भएँ । गोल्डेन ब्रिज जाँदा धेरै नै छाल आएको थियो । जग्गा अथवा घर किन्नु पर्‍यो भने धेरै नै महंगो तर अस्तेनमा घर जग्गा सस्तो छ । तर सानफ्रान्सिस्कोमा धेरै नै महंगो रहेछ । किनभने यहाँको मौसम एकदम राम्रो हुने । कहिले पनि चर्को गर्मी भनेको हुँदैन रे । अनि भुइँचालो आउने सम्भावना पनि कम रहेछ । जस्तै लस एन्जेलसमा जस्तो बराबर भुइँचालो आउँदैन र गर्मी पनि हुँदैन । धेरै चिसो पनि हुँदैन । मध्यम खालको मौसम रहेछ । गोल्डेन ब्रिज भनेर गजबले बनाएको छ । त्यो पनि चार चार वटा गाडी आउने गरी बनाएर राखेको छ । समुन्द्रको माथि गजब छ बनाउने वैज्ञानिकहरू । घुमाउरो कुलीकुली गरेर गाडी आउने केवल वानवे मात्र अनि बीचमा विभिन्न प्रकारको फुल रोपिएका छन् । धेरै नै आर्कषक ढङ्गले बनाई राखेको छ । अनि चोरको पनि त्यति धेरै डर छैन । आफ्नो सेफ आफैले गर्नु पर्छ भने जस्तो । मेर र अस्तेन भन्ने ठाउँमा त ताला लाउनुपर्दैन ।

यो सानफ्रान्सिस्को देख्न र बस्ने योग्य ठाउँ हो । किनभने धेरै चिसो पनि होइन धेरै गर्मी पनि । नेपालीहरूलाई त सबै ठिक छ । तर एक जनाले कमाएर परिवार पाल्न गाऱ्हो छ । नेपाल जस्तो एक जनाले कमाएर तीन जनालाई पुग्छ भन्ने चाहिं छैन । यहाँ कमाई अनुसार खाना चाहिं सस्ता छन् । बस्न र जान आउनु महंगो छ । घर आँगनमा अनि बाटोको बीचमा पनि घाँस रोपेको देख्न सकिन्छ । देश सफा सुग्घर भएकोले रुघा खोकी, ज्वरो भनेको कमै लाग्दछ । तर यहाँ मानसिक रोगी धेरै हुँदो रहेछ । पैसा जति पनि छ । तर धर्मकर्म भनेको धेरै नै कम छ । तिमी भन्दा म के कम भन्ने भावना छ । कसैको घर एउटा केहि किन्यो भने उसको भन्दा मेरो कम गर्नु हुँदैन । जे भएपनि राम्रो गर्नु पर्छ । धेरै नै भौतिक सम्पत्तिलाई महत्व दिन्छन् । तर अहिले आफ्नो आफ्नो देश अनुसार विहार मन्दिर बनाउन सुरु गरेको छ । श्रीलंकाको विहार मात्र यो अमेरिकामा



https://dhamma.digital

५२ वटा छ रे। बर्माको त झनै बढी होला। त्यस्तै थाइहरूले पनि सिंगमरमरले आफ्नो मन्दिर बनाएको छ तर हाम्रो नेपालीहरूको केही पनि छैन। यही एउटा दुःख लागेको छ। बोस्तनमा एउटा विहार बनाएको छ भनेको सुनेको छु।

## ११. अमेरिकाको चलन

म अमेरिकामा अस्तेनमा बसेर नेपालमा नसुनेको र नदेखेको एउटा चिजलाई अनुभव गर्दैछु। हावाले हुन्छ भनेको पक्का पनि हो रहेछ। बर्मीहरूको चलन त छैन यस्तो। मैले अर्को बर्मीलाई पनि सोधे। बेबी सावर भनेको कस्तो भने बच्चा पेटमा नै भएको बेला हाम्रो नेपालमा भने दहिचिउरा खुवाउने भने जस्तो यहाँ बच्चाको जन्मदिन मनाउने रहेछन्। सबै आफ्ना नातेदार परिवार साथीहरूलाई निमन्त्रणा गरेर खाना खुवाएर नाचगान पनि गर्ने रहेछन्। बुद्धिष्टहरूमा गर्भवतीलाई अगाडि राखेर भिक्षु भिक्षुणीहरूबाट "अंगुलीमाल सुत्र" पाठ गराउने चलन छ। भन्ते र भिक्षुणीहरूले गर्भवती र अनि उनको लोग्ने दुबैजना अगाडि राखेर भगवान बुद्धले सिकाउनु भएको अंगुलीमाल सुत्र सात पटक पाठ गरिदिएँ। यो सुत्रको अहिले पनि सत्यता छ। यो सुत्र पाठ गरेमा बच्चा पाउन सजिलो हुन्छ।

निमन्त्रणा पाएर आउनु भएका आगन्तुकहरू पनि खाली हात नआउने रहेछ। बच्चाको लागि भनेर सामान अनि खेलौनाहरू लिएर आउने चलन छ। नेपालमा दहि चिउरा खुवाउने चलन छ। बर्मामा त झन केही चलन छैन। तर अमेरिकामा यस्तो चलन देख्दा गजब भएँ। बच्चालाई राम्रो होस् भनेर आशिर्वाद दिने चलन रहेछ।

यो सबै आफ्नो आफ्नो कर्म अनुसार भोग हो। बच्चा गर्भमा नै छ तर उनको लागि सारा खेलौना, सुत्ने ओछ्यान, बस्ने साइकल, चलाउने मोटर सबै अगाडि नै पाइसकेको हुन्छ। कस्तो भाग्यमानी। कसैले अरुले देख्ला भनेर लुकाई लुकाई जन्माउँछ। कसैले त गर्भ मै एभोर्सन गर्छन्। कसैको जन्म नहुँदा नै सम्पूर्ण भौतिक सम्पत्तिले भरिपूर्ण हुनु अथवा पाउनु, यो सबै आफूले गरेर आएको पुण्यबाट पाएको हो। आजकाल बच्चा नपाउँदा नै छोरा र छोरी भन्ने थाहा पाउँछन्। छोरा मात्र भएको भए अर्को पनि छोरा छ भनी बच्चा



https://dhamma.digital

निकालिदिने पनि गर्दछन् । त्यस्तै छोरी मात्र भएको भए छोरीलाई निकालिदिने । बच्चा चाहँदै नचाहेको छ भने दुबैको सल्लाहले निकाल्न सकिने । भारतमा त छोरा जति भएपनि नपुग्ने चलन । छोरी भए एकबाट दुई भए गर्भबाट नै निकाली दिने चलन हुन थाल्यो । चाइनामा छोरा या छोरी एउटा भए पुग्छ तर दुइटा पनि केही आपत्ती छैन । तर तीन वटा भएपछि त्यसलाई जन्माउन पाइँदैन । त्यसैले एभोर्सन गर्नु पर्दछ । आफ्नो आफ्नो देशको चलन हो ।

म Dr. Hansoe र Dr. Yamin Zaw Thein को निमन्त्रणामा फुलगरी भेलमा सन् २०१० अगष्ट २१ शनिबारको दिनमा बेबी शावरमा गएँ । आफूलाई मन परेको नाताकुटुम्बहरू त छँदै छन् । सबैले बच्चालाई सामान लिएर आए । कसैले त हिराको माला नै दिनको लागि तयार गरेर राख्या । मलाई अचम्म लाग्यो । कस्तो कस्तो चलन यो सबै आफ्नो आफ्नो पुण्यको कारणले हो । भगवान बुद्धको उपदेश याद आयो - पुण्यवान दानवानहरू बच्चा पेटबाटै थाहा हुन्छ रे । पुण्यवान बच्चा पेटमा आउँदा नै उनको घरमा भौतिक सम्पत्तिले परिपूर्ण हुन्छ । केहि कमजोरी भनेको थाहा हुँदैन, कहाँबाट आउँछ आउँछ । भौतिक सम्पत्ति परिपूर्ण हुन्छ । कसैको त बच्चा पेटमा आए पछि घरमा भएको धन सम्पत्ति विस्तार विस्तार हरण भएर जान्छ । भगवान बुद्धले धेरै उपमा सहित उपदेश दिनु भएको छ । धन सम्पत्ति पाउने कारण आफूले दान दिएर आएको पुण्यले नै भविष्यमा आफूले पाउने हो । त्यसैकारण भगवान बुद्धले कमाएको धन मध्ये दश प्रतिशत दान दिनु अथवा त्याग गर्नु पर्छ भनेर सिकाएको छ । दस रुपैंया कमाएको छ भने एक रुपैंया दान दिनु पर्छ । होइन भने एक रुपैंया पनि दान नगरीकन कञ्जुसी गरेर राखेको सम्पत्ति त्यसै हराएर जान्छ । आगोले भए पनि, लुचा फटाहाले भए पनि, हराएर भए पनि त्यसै खर्च भएर अथवा हराएर जान्छ रे । दान दियो भने आगोले छुन नसक्ने सेफमा सुरक्षा गरेर राखेको जस्तै हुन्छ । आफूले चाहेको बेलामा लिए खर्च गर्न सकिन्छ । त्यस्तै आफूले गरेर आएको पुण्यले नै गर्दा गर्भमा हुँदा नै हिराको माला, सुनको पाउजु, हिरा मोतीको गहनाहरू पाउने सौभाग्य भयो ।

मलाई याद आयो कि विसंन्त राजकुमार जन्म हुँदा हातमा जडीबुटी औषधि थियो । किनभने उहाँको पिताको टाउको दुख्ने कारणले देवराज इन्द्रले



https://dhamma.digital

औषधि राखिदिएको भनिन्छ। त्यो औषधिले पुरानो र कसैले निको पार्न नसकेको रोग पनि निको हुने रहेछ। जन्म हुँदा नै दान दिन आमासँग पैसा भनेर मागेको थियो। त्यसबेला एकहजार (१०००) को पोको पैसा साथै थियो। त्यही पैसा दान दियो। त्यसकारण दान पारमिता पूर्ण गरेकोले राजाको कुनै औषधिले नछोएको १२ वर्ष पुरानो टाउको दुख्ने रोग आफ्नो छोराको हातमा भएको औषधि अलिकति खाँदा निको भएर गयो।

राजकुमारलाई सबै जनताले माया गर्ने, राजकुमारले पनि आफ्नो जनतालाई आफ्नै परिवार सम्झेर माया गर्ने। आवश्यकता अनुसार सबै पूरा गरिदिने। मानिसले दिन जान्ने मानिसलाई मन पराउने हो। दिन जान्दैन खाली लिन मात्र जान्यो भने त्यसलाई कसैले मन पराउँदैन। उपकार गर्ने बानी भएको, कसैलाई दिन अथवा त्याग गर्न सक्यो भने त्यसलाई सबैले मन पराउँछ।

एकदिन भगवान बुद्ध राजगृहमा बस्नु भएको घटना हो। ऋषीहरूकहाँ जाने उपासक उपासिकाहरू पनि भगवान बुद्धकहाँ गएर दान दिन गएछ। अनि त्रिर्थङ्करहरूको लाभ सत्कार कम भएर गयो। त्यही कारण डाहा भएर एक जना ब्राम्हणलाई सोध्न पठाएछ। खालि भगवान बुद्ध र उहाँको चेलाचेलीलाई दिएको दान मात्र महान पुण्य अनि अरुलाई दिइएको दानको फल छैन ? भनेर प्रश्न गर्न जाउ भनेर एक जना ब्राम्हणलाई पठाएछ। उनले पनि ब्राम्हणले जस्तो सिकाएको छ त्यस्तै भगवान बुद्धलाई प्रश्न गर्नु भयो। अनि भगवान बुद्धले उपमा सहित यसरी उत्तर दिनुभयो -

खेत भनेको चार किसिमको छ : सिम, दोयम, बइल र टार

सिम भनेको माटो, पानी, हावा सबै राम्रो भएको खेतमा धान, गहुँ जे रोपे पनि एक गेडा रोपेको ठाउँमा सयौं फल्छ। त्यस्तै अरु खेतमा रोपेको, फल घटेर जान्छ र टारमा त झन कम मात्र फल्छ। फल त फल्छ तर सिमको जस्तो फल्न सक्दैन। आफ्नो आफ्नो क्षमताको कुरा हो।

दान पनि उच्च दान, मध्यम दान र हिन दान भन्ने हुन्छ। उच्चदान आफूले लाएको खाएको भन्दा महत्वपूर्ण महंगो राम्रो खालको भगवान बुद्धलाई, मन्दिरको लागि अथवा केही राम्रो कामको लागि दिएको दान हो। यसमा हिरा मोती सुन चाँदी इत्यादि पर्दछ।



https://dhamma.digital

मध्यम दान - आफूले लगाइराखेको र खाइरहेको जस्तो र खाना बराबर। आफूले चलाउने जस्तो बराबरको दान दियो भने मध्यम दान भन्दछ।

हिन दान - आफूलाई खान मन नपरेको, आफूलाई लगाउन मन नपरेको, काम नलागेको, आफूलाई मन नपरेर त्यसै गइरहेको चिज वस्तुहरू दान दिनुलाई हिन दान भन्दछ। कसैले त राम्रो सबै आफूलाई राखेर नराम्रो फलफूल भगवान अथवा देवतालाई चढाएको हुन्छ। काम नलागेका वस्तुहरू दान दिएको हुन्छ। अनि फल पाउने बेलामा पनि त्यस्तै नराम्रो नै फल पाइन्छ। आफूलाई मात्र नराम्रो पायो भनेर दुःख मानेर, दुःख चित्त गरेर त हुँदैन। अब हेरौ न जन्म भएकै छैन बच्चा गर्भमा छ। त्यो बच्चाको नाममा हिराको माला उपहार आइसकेको हुन्छ। जुन घर गृहस्थीमा र बच्चालाई चाहेको सामानहरू त्यो सबै गर्भमा हुँदा नै पाइसक्यो। त्यो बच्चाले कति पुण्य गरेको होला। हामी आफै अनुभव अथवा अनुमान गर्न सक्छौं।

त्यहाँ दुबै जना गर्भवती छन्, नन्द र भाउजु। तर हिराको माला एक जना बच्चाले मात्र पाएको छ। तर सामानहरू पनि अलि फरक छन। हिराको माला पाएको बच्चालाई सबै राम्रै सामानहरू थियो भने अर्कोलाई अलि कम नै पाएको छ। यो देखेर मलाई गजब लाग्यो। यो सबै आफूले गरेर आएको कर्मको फल हो। आमा बुबाले गर्नुभएको होइन। आमा बुबालाई आफ्नो छोराछोरी राम्रो होस्, धेरै विद्वान र धेरै पैसा होस् भन्ने इच्छा त अवश्य पनि हुन्छ। केही दुःख नहोस् भनी मैत्री, करुणा, मुदिता र उपेक्षा भइरहन्छ। आमा बुबाको इच्छामा चतुर ब्रम्ह विहार भइरहन्छ।

## १२. अमेरिकामा लुगा लगाउने चलन

यहाँ अमेरिकामा लगाइने लुगाका लागि दुई मिटर भन्दा बढी कपडा चाहिँदैन होला। केटा र केटी बराबरको लुगा लगाउँछन्। केटीको माथिको दुई वटा स्तन छोप्न र तलको अलिकति। त्यो पनि थोरै लाज बाँकी छ भनी देखाउनकै लागि मात्र होला। कपडा पसलमा कपडा किन्न गयो भने सबै साना साना मात्र पाइन्छ। जस्तो कपडा लगाए पनि कसैलाई मतलब छैन। कसैको कसैलाई वास्ता छैन। जिन्दगी स्वतन्त्र छ। काम पाउनुपर्छ खानको लागि।



https://dhamma.digital

यहाँको चलन १८ वर्षसम्म मात्र आमा बुबासँग छोराछोरी बस्ने हो । त्यस पछि आमा बुबाले नै घरबाट निकालेर आफ्नै काम गरेर खाउ भनी पठाउँछन् ।

यदि १८ वर्ष भन्दा बढी १९, २० वर्षसम्म घरमा बस्यो भने आमा बुबालाई लाज हुन्छ रे ! छोराछोरी अहिलेसम्म घरमा नै राखेको छ भनेर टोलवासीले निन्दा गर्न थाल्छन् । त्यसैकारण होला आमा बुबाको छोराछोरीहरू-प्रति र छोराछोरीहरूको आमाबुबाप्रति माया नभएको । यहाँको जीवन गजब छ । धेरै जसो अलग अलग भएको देखें । श्रीमान् र श्रीमती मात्र बसेको र छोरा र छोरी सानो भएसम्म सँगै र ठुलो भएपछि आफ्नो नियम अनुसार अलग अलग भएर आ-आफ्नो बाटो लागेको नै धेरै देखें। हाम्रो नेपालमा जस्तो घर बनाउनको लागि जग्गा चाहिन्छ भन्ने छैन । आफ्नै घर चाहिन्छ भन्ने पनि छैन । सरकारले बनाएर राखेका घरहरू छन् । महिनाको पैसा तिरेर बहालमा बस्न पाइन्छ । घर चाहियो भने महिना महिनामा पैसा तिरेर घर किन्न सकिन्छ । नेपालमा जस्तो घर बनाउनको लागि दुःख गर्नु पर्दैन । ईंटा सिमेन्ट ज्यामी इत्यादी भनेर कराइरहनु पनि पर्दैन ।

यहाँ त सबै पहिले नै सुत्ने कोठा, भान्सा कोठादेखि सबै कुराहरू मिलाएर बनाएको हुन्छ । सुत्ने कोठा कत्रो बनाउने ? त्यस्तै भान्सा घरमा तरकारी किनेर कहाँ राख्ने । हात मुख कहाँ सफा गर्ने, प्लेटहरू कहाँ सफा गर्ने ? भन्ने पहिले नै व्यवस्था गरिएको हुन्छ । खास त यहाँका मानिसहरूको खाना खाए पछि हातमुख धुनुपर्छ भन्ने चलन छैन । शायद चम्चाले खाने भएकोले होला । बरु नुन मसला कहाँ राख्ने यस्तो सबै मिलाएर राखेको हुन्छ । हरेक घरमा वाथटप (सुतेर नुहाउने) त बनाएकै हुन्छ । यस्तो सबै मिलाएर घर बनाएर ठीक पारेको हुन्छ । अनि यस्तो घरलाई आ-आफ्नो कमाई अनुसार किन्ने गर्छन् । २० वर्ष ३० वर्षसम्म महिना महिनामा पैसा तिर्ने गरेर घर किन्न पाइन्छ । त्यसकारण अमेरिका पुग्ने बित्तिकै घर किन्ने क्षमता भएको यही कारण हो ।

एक जना श्रीलंकाको डाक्टरले भन्नुभयो कि यहाँको लागि केही चाहिदैन । राम्रो राम्रो लुगाहरू, गहनाहरू चाहिन्छ भन्ने छैन । कुनै कार्यक्रममा जानुपर्दा आफुले जे लगाइराखेको छ त्यही लुगामा गएपनि केही आपती छैन ।

कसैले कसैको निन्दा गर्दैनन् । अनि त्यो डाक्टरले भन्नुभयो कि उनीहरू



https://dhamma.digital

अमेरिका आउँदा दुई वटा सुटकेश लिएर आएका थिए रे । अरु केही पनि ल्याएनौ, यतिमा पुग्यो हामीलाई भन्यो । ल्याउनु पनि कसरी, घर जग्गा उचालेर ल्याउनु भएन । सामान भए पो उचालेर ल्याउनु, जग्गा र घर त सकिदैन । हाम्रो देशमा भोज तथा कार्यक्रममा जाँदा राम्रा लुगा र गहना लगाउनु पर्छ । होइन भने हेप्ने बानी छँदैछ । अरुले हेप्ला भनेर पनि डर । त्यसैकारण भएभरको गहना लुगा लगाएर जाने गर्दछन् ।

नेपालमा पहिले पहिले २४ हातको सारी लगाउँथे । पुरा शरीर छोप्ने गरी, खाली हात खुट्टा र टाउको मात्र नछोप्ने गरी लगाउने चलन थियो । आजकाल आधा मात्र १२ हातको लगाउने चलन भयो । चीनमा भिक्षु भिक्षुणीहरूले खुट्टाको औंलाहरू पनि देखाउँदैन । खाली हातको औंला र टाउको देखाउने गरी बाहिर जानु पर्दछ । पुरा शरीर ढाक्नु पर्दछ । आजकालको जमानामा केटा र केटीहरूको फेशन भनेर कपडा छोटो लगाउने चलन भैसक्यो । अब कपडा थोरै नै चाहिने भयो । हिरी र तप्पो भनेको नै छैन लाज र भय नै छैन । । लाज र भय धमाधम कम भएर गयो । तर चिसो समयमा मोटो कपडा लगाउने चलन त बाँकी नै छ । यो अमेरिकामा त छोटो छोटो बच्चाहरूको जस्तो कपडा लगाउने चलन छ । गर्मीको समयमा त सकेसम्म कपडा नै लगाउनु नपर्ने जस्तो देखिन्छ । यहाँ मात्र होइन लण्डनमा, क्यानाडामा, अष्ट्रेलियामा यस्तै धेरै देशहरू छन् कम कपडा लगाउने । भगवान बुद्धको उपदेश सुन्नेलाई अलिकति लाज बाँकी छ । धार्मिक मानिसहरूसँग लाज भय भनेको बाँकी छ । यहीं नै हो उपदेशको महत्व भन्दछन् जन्म भएको बेला नाङ्गो तर अहिले त्यही समय होइन हरेक चिजहरू परिवर्तन भएर जान्छन् । चित्त नै परिवर्तन भयो, शरीर लिङ्गहरू हरेक चिज परिवर्तन भयो । बच्चामा नाङ्गै पनि हिंडिन्छ । बच्चामा नाङ्गै हिंडेको छ भने अहिले पनि नाङ्गै हिंड्ने त ? अर्को कुरा नाङ्गा बाबाजीहरू । उहाँहरूले सबै त्यागेको छ भन्दछन् । तर लुगा मात्र त्याग गर्नुभयो । तृष्णालाई त त्याग गर्न सकेको छैन । तृष्णा त छ । मैले हेरेको पशुपतिमा गाजा, धतुर अफिम बेच्नुहुन्छ । त्यस्तो अमल पदार्थ बेचेर पैसा लिनु भएको मेरो आँखाले देखें । अनि के भन्नु त लुगा मात्र त्यागेर हुन्छ र ? सबभन्दा पहिला लोभलाई त्याग्नु पर्छ । लोभ भएको व्यक्तिले लुगा त्याग गरेर केही पनि अर्थ छैन ।



https://dhamma.digital

## १३. अमेरिकाको बुद्ध धर्म

म पहिला १९८५ को जुनमा अमेरिका जाँदा सम्पूर्ण धर्म विषय अध्ययनको लागि त्यहाँ २० वर्षभन्दा माथि र ३० वर्षभन्दा मुनिका केटाकेटीहरू बोलाइएका थिए, त्यसमा म पनि परेछु। पहिला अमेरिकाको बेरीटाउन भन्ने ठाउँमा लगियो। हरेक धर्म विषय अध्ययन गर्ने र हरेक धर्मको धर्मावलम्बी गुरुहरू पनि थिए। त्यति मात्र होइन त्यसमा एक दुइटा विदेश गइराखेको र कलेज पढिराखेको हुनुपर्छ। त्यसमा म वर्मा पनि पुगेर फर्केर आएको र कलेजमा आइए तहमा अध्ययनरत थिएँ। त्यो समय म धर्मकीर्ति विहारमा थिएँ। बेलुकातिर महास्थवीर सुदर्शन भने धर्मकीर्तिमा आई यस्तो यस्तो विषय छ, वर्ल्ड टुरमा जाने कोही छ कि भनेर सोध्नुभयो। मैले भनें - भन्ते मलाई जान मन छ। यति भनेपछि संजोग मलाई नै सेलेक्ट गर्नुभयो। वर्ल्ड टुर जान पाएँ। अमेरिकाको बेरीटाउन पुग्दा बुद्धिष्टहरूलाई पहिलो प्राथमिकता दिइएको थियो पाठ गर्नका लागि। थेरवादी, महायानी र बज्रयानी बुद्धिष्टहरू सबै एकै ठाउँमा बसेर आफ्नो आफ्नो पाठ गरे। त्यस पछि हिन्दूहरू, त्यस पछि क्रिश्चियन र अन्य विभिन्न धर्मावलम्बीहरूले पाठ गरेर सेमिनार उद्घाटन गरियो।

त्यो राति काला व्यक्तिहरू मात्र थिए। यिनीहरूको चर्चमा लगियो। त्यहाँ जाँदा तिनीहरू त उफ्री उफ्री रुने रहेछ। बेस्सरी चिच्याएर कराएर उफ्रेर ठूलो ठूलो स्वरले यशुसँग प्रार्थना गर्ने रहेछ। मलाई अचम्म लाग्यो यस्तो पनि धर्म ? यो कस्तो धर्म ? बुद्ध धर्म त त्यस्तो होइन। शान्त दान्त आफ्नो चित्तलाई शुद्ध गर्ने। पहिला आफ्नो चित्त शुद्ध गर्ने, पछि अरुको चित्त शुद्ध गराउन बाटो देखाउने। बुद्ध धर्मले त रुने मानिसलाई सान्त्वना दिएर रुन बन्द गराउँछ। तर यहाँ खुट्टा भुइँमा बजारेर खुब रुने रहेछ। ईश्वरसँग प्रार्थना गर्ने रे। के यसरी रुनाले ईश्वरले पूरा गर्ने हो र ? त्यस्तो रोएर कराएर प्रार्थना गरेर पूरा गरिदिने हो भने म त झन् दिनदिनै ठूलो स्वरले रोइदिन्छु। यो सबै अन्धविश्वास हो। आफैले कर्म काम गर्नुपर्छ। रोएर कराएर पाइने होइन। त्यो समय अमेरिकामा भगवान बुद्धका मूर्तिहरू देखेको थिइन। तर बुद्धिष्टहरू धेरै नै छन्। भगवान बुद्ध अमेरिकामा पुगेको भनेर इतिहास पढेको छैन र सुनेको पनि छैन। भगवान बुद्ध श्रीलंका तीन चोटी पुगेको इतिहासमा पढेकी थिएँ। त्यस्तै वर्मामा पनि एकचोटी



https://dhamma.digital

पुगेको भनेर इतिहासमा पढेँ । भगवान बुद्धले नै उपदेश दिनुभएको भनेर पनि सुनेँ । तर अमेरिकामा केही शताब्दी अघि नै बुद्धधर्म पुगेको भए पनि बीचको समयमा बुद्ध धर्मको चर्चा नै नभएको तर आज स्वतन्त्र रुपमा विकास भइरहेको अमेरिकामा बुद्धधर्मको इतिहास रमाइलो र घतलाग्दो छ ।

पहिला बुद्धधर्म अमेरिकामा कसरी पुग्यो भन्दा बौद्धहरू उत्तरी चीनको बाटोबाट गएर अलास्का पुगे । त्यहाँदेखि समुद्रको तिरैतिर अघि बढेर तिनीहरू मेक्सिको पुग्न गयो । तिनीहरूको यस अतितका कतिपय प्रमाणहरू स्पेनिसहरूले नष्ट गरिदिए तापनि ती समुद्रको किनार किनारमा रहेका प्रदेशमा सबैतिर बाँकी रहेको बौद्ध शिष्टता, चरित्र र सभ्यताले त्यो इतिहास खोतली रहेकै छ । अझ सबभन्दा पहिले अमेरिका पत्ता लगाउने वास्तवमा बौद्धहरू नै हुन् । म मेक्सिको जाँदा त्यहाँ भगवान बुद्धका मूर्तिहरू र किताबहरू हेरेर आएकी थिएँ । मेक्सिकोमा अहिले भेटिएका बौद्धकालीन शिलामूर्ति र भवन निर्माण कला यसको विश्वस्त प्रमाण हो । बौद्ध मन्दिर दीर्घपरिच्छदधारी बौद्ध पुरोहित र नाना प्रकारका भगवान बुद्धको मूर्ति कम प्राप्त भएको छैन । मेक्सिकोको पाव भन्ने ठाउँमा भेटिएको भगवान बुद्धको मूर्तिलाई शाकोमल भनी लेखिएको छ । यो शाक्यमुनि बुद्धको नै अर्को रुप हो । अहिलेसम्म मेक्सिकोवासीहरूले आफ्नो पुरोहितलाई देशाक्का अथवा शाक्कपुरुष भनी सम्बोधन गर्दा रहेछन् । यो बौद्धभिक्षुहरूको संस्कारसँग सम्बन्धित शब्द शाक्य पुरुषको रुपान्तर मात्र हो । यहाँका एकजना पुरोहितको नाम कोकरशाक्का रहेछ । यो पनि गौतमबुद्ध शाक्यको बिग्रेको शब्द रुप हुनुपर्छ ।

१४ अप्रिल २०१७ मा जापान जाँदा प्यासिफिक महासागर घुमेर आएँ । अमेरिकामा भिक्षुहरूले यही समुद्र नाघेर अलास्काबाट मेक्सिको पुग्न गएको भन्दछन् । १९औँ शताब्दीको समयमा हेनरिक्लाकले वारेन जस्ता सानैदेखि शारीरिक, मानसिक बेदनाले दुःखी भएकाहरूलाई भगवान बुद्धको धर्मबाट शान्ति प्राप्त भएको थियो । वारेन भन्नेलाई सानोदेखि नै पिठ्युँमा घाउले सताएको तर ऊ नामी धनाढ्य उच्चकुलको व्यक्ति थियो । उसले संस्कृत र पाली ग्रन्थको गहन अध्ययन गरेर भगवान बुद्धको धर्मबारे सम्पूर्ण ज्ञान हासिल गर्नुभयो । धेरै नै पाली ग्रन्थहरू अंग्रेजीमा अनुवाद गराए । त्यसैकारण अमेरिकनहरूले मूल ग्रन्थको ज्ञान हासिल गर्न सक्यो । उनले नै बोस्टनको हार्वर्ड विश्वविद्यालयमा



https://dhamma.digital

ओरीयन्टल सिरिजको कार्यक्रम प्रारम्भ गरे । यो सिरिजभित्र भगवान बुद्धको धर्म सम्बन्धि धेरै ग्रन्थहरू निकालियो । अनि बुद्ध धर्म अध्ययन गर्ने ठूलो काम पनि यही विभागबाट भयो ।

अमेरिका र हार्वर्ड विश्वविद्यालयका प्रोफेसर बाबदाइ र सारा दिदीले पनि मलाई निमन्त्रणा गर्नुभयो । छ महिनाका लागि खान, प्लेन खर्च, बस्न र पढ्नका लागि सबै उहाँहरूले सहयोग गर्नुभयो । सेप्टेम्बर ११, २००१ मा म त्यही विश्वविद्यालयमा भर्ना भएको दिनमा नै न्युयोर्कको ११० तल्ले ट्वीन टावर भष्म गरिएको थियो । यो मैले कहिल्यै भुल्न नसक्ने घटना हो । १९८५ मा म पनि त्यही ट्वीन टावर चढेकी थिएँ । म विश्वविद्यालयमा पढेको बेला क्लास सकेपछि यताउता घुम्ने हेर्ने बानी थियो । अनि एउटा लाइब्रेरीमा बुद्ध धर्मका किताबहरू देखें । मलाई अति नै खुसी लाग्यो, यहाँ पनि भगवान बुद्धका किताबहरू छन् भनेर ।

अहिले आएर अमेरिकामा थेरवादी विहारहरू ३०० भन्दा बढी छन् । बर्मा, श्रीलंका र थाइहरूको र त्यस्तै चाइनिज महायानीहरूको पनि थुप्रै विहार छन् । लाज लाग्छ, नेपालीहरू धेरै छन् तर भगवान बुद्ध जन्म भएको ठाउँबाट गएको तर विहारहरू भने एउटा पनि छैन । म धेरै ठाउँ घुमें । जस्तै : १ न्युयोर्क, २ वासिंगटन डिसी, ३ मेरिल्यान्ड, ४ सिकागो, ५ क्यालिफोर्निया, ६ सानफ्रान्सिस्को मेन, ७ बोस्टन, ८ बेरिटौन, ९ भर्जिनिया, १० अस्टेन, ११ ह्युस्टेन, १२ क्याम्व्रिज इत्यादि गरी जम्मा ३६ वटा अञ्चल घुमेको थिएँ । सबै ठाउँमा नेपालीहरू छन् तर नेपाली विहार भने छैन । मैले सुनेको, अमेरिकामा २७० वटाभन्दा बढी विभिन्न धार्मिक र बौद्ध संगठनहरू छन् । त्यस मध्य वासिंगटनस्थित बुद्धिष्ट सेन्टर अफ द युएसए, सिकागोस्थित अमेरिकन बुद्धिष्ट एसोसिएसन, क्यालिफोर्नियास्थित युनिभर्सल बुद्धिष्ट फेलोसिप, न्युयोर्कस्थित द फस्ट जेन इन्स्टिच्युट र अमेरिकन बुद्धिष्ट एकेडेमी, टेक्सास (हुस्टन) स्थित बुद्धिष्ट स्टडी ग्रुप, क्याम्ब्रिजस्थित क्याम्व्रिज बुद्धिष्ट सोसाइटी प्रमुख हुन् । यी सबै बुद्ध संस्थाहरूमा विभिन्न निकायको उन्नति र प्रगति भइरहेको छ । फेरि अमेरिकन बुद्धिष्ट एकेडेमी जस्तो धेरैवटा संगठनले कुनै यानलाई अलग अलग स्वीकार नगरिकन एक यान भन्ने मार्गमा लागिरहेका छन् ।



https://dhamma.digital

अष्टेनमा बर्माको उसिदगु छ्यादोले बनाउनु भएको सितगु विहार अमेरिकामा सबैभन्दा ठूलो चैत्य हो । पहिला २००१ मा जाँदा दाता बर्मेलीहरूको घर जम्मा सात वटा थियो । अहिले बर्माबाट आउनुभएको बर्मी बुद्धिष्टमात्र २०० भन्दा बढी हुनपुग्यो । त्यहाँ विहारमा म तीन तीन महिना बस्ने, धर्मको अध्ययन गर्ने । बर्माको भिक्षु पहिला उवोतत्थ हुनुहुन्थ्यो । उहाँले पनि मलाई खानपिनको व्यवस्था गरिदिनुभयो । अहिले उ अरिया धम्म आफ्नो दुजुजस्तै हरेक चिजमा मद्दत गर्नुहुन्छ । दाताहरू पनि त्यत्तिकै माया दया गर्ने । बर्माबाट आएको बर्मीहरू मात्र एक लाख जति भयो होला । त्यसैकारण अमेरिकामा बुद्धिष्टहरू ४० लाखभन्दा बढी हुन गयो होला । भगवान बुद्धले पाइलै नराखेको ठाउँमा यति बौद्धहरू छन् तर भगवान बुद्ध जन्म भएको देशमा भने बौद्धहरूको अवस्था देख्दा लाज लाग्छ ।

## १४. विन्दी अमेरिकन केटी

सन् २००१ मा अमेरिका आउँदा नै उनीसँग भेटेकी थिएँ । उहाँको पनि धर्म र जीवन बारे कुराकानी हुँदा उहाँले बताउनुभएको व्यहोरा यस्तो छ :

मेरो आमाबुबा र मेरो भाइ थिए । हामी सानै थियौँ । तर, आमा र बुबा सधैँ झगडा गरिरहने । बुबाले सधैँ कचकच गरिरहने । सधैँ यस्तो हुँदा शान्ति भनेको अलिकति पनि भएन । म १६ वर्षको अनि मेरो भाइ १३ वर्षको थियो । हामी दुवैलाई छोडेर आमाले अर्कैसँग विवाह गरी जानुभयो । बुबाले पनि अर्की श्रीमती ल्याउनुभयो । हामी दुवैजना एक्लो भयौँ । भाइ पनि ठूलो भएपछि अलग्गै बस्न थाल्यो । अमेरिकाको चलनमा उमेर पुगेपछि अलग्गै बस्ने गर्छन् ।

म चाहिँ साथीहरूको नराम्रो संगतमा परेर पढ्न मन नपर्ने, रक्सी, वाइन जे होस् धेरै पिउने, डान्स गर्ने, नसके त्यसै जतातता सुतेर बस्ने, अलि रक्सीको रंग जाँदा डेरामा जाने । काममा पनि जानुपर्छ, काममा गएन भने खान पाइँदै न । रक्सीको कारणले काममा जान सक्दैन, काम भएन भने पैसा हुँदैन । पैसा भएन भने खान पाइँदैन । अलिकति पैसा हुँदा रक्सी अमल पदार्थ खानुपर्ने बानी नै भयो । मलाई राम्रो नराम्रो भन्ने याद नै भएन । यो राम्रो छ, यो नराम्रो छ भनेर मार्ग देखाउने पनि कोही थिएन । बाटो देखाउने मार्गदाता अत्यन्त



https://dhamma.digital

आवश्यक छ । आमाबुबा पनि नभएपछि कोही पनि छैन । साथीहरू पनि सबै जड्याँहा मात्र । डान्स गर्ने भोजभतेरमा मात्र जाने भएको हुनाले म पनि त्यहीँ जाँदा अलि खुसी हुने र केटाहरू पनि साथैमा हुन्थे । केटा साथीहरू उनीहरूले भनेको जस्तो गर्नुपर्ने । यो नराम्रो, यो गर्नु हुँदैन भन्ने नै छैन । आमाबुबा अलग अलग भइदिएको कारणले यस्तो भयो । दुवैजना दुईतर्फ छन् । भाइ पनि रक्सी खाने चुरोट खाने खालि अमल पदार्थ खाएर मख्ख भएर बस्ने । एकदिन काममा जान्छ फेरि अर्को दिन आराम गर्ने ।

मलाई पनि खालि पिउन पाए पुग्ने । जेसुकै होस् धेरै हद नहुनेसम्म पिउनु पर्दछ । जेहोस् पानी भए पनि हुन्छ । पानी पिलाई दियो भने त एकदम राम्रो, कहाँ साथीहरूले त एकदम लाग्नेगरी पिलाउँछ । अनि डेरामा आइँदैन जहाँ डान्स गरेको हो, त्यहीं सुत्ने । किन, कहाँ गएको भनेर सोध्नेवाला पनि छैन । माया गर्ने पनि छैन, गाली गर्ने पनि छैन । कहिले पैसा हुँदैन खानका लागि । कहिले तीनवटा काम गर्ने, कहिले एउटा पनि छैन । यस्तो गर्दागर्दै १३ वर्ष बिताएँ । पछि साथीहरूसँग गफसफ हुँदा धर्मसम्बन्धी कुराहरू पनि आउन थाले । कोही म चर्चमा गइरहेको छु चर्चमा जाउँ भन्छन् । कसैले मुसलमान अल्लाहकहाँ जाउँ भन्छन् । कसैले जैन, बुद्ध कहाँ जाउ भन्छन् । जुली भन्ने एक जना साथी बुद्ध र महायान सम्बन्धी खुब पढिरहन्थी । ऊ थेरवाद विहारमा पनि जाने रहिछ । उसले भन्यो तिमीलाई थेरवाद विहारमा लिएर जान्छु । त्यहाँ ध्यान पनि सिकाइन्छ । त्यही साथी जुलीको कुरा सुनेर १९९९ मा सिद्धगु विहारभित्र पहिलो पल्ट पसेँ । त्यो समयमा उमहसतो सयादो र अर्को उपतथ्व भन्ते हुनुहुन्थ्यो । सबभन्दा पहिला उहाँहरूले उपदेश दिनुभएको अहिलेसम्म सम्झना छ । म त दुःखबाट मुक्त हुन कहाँ जाउँजस्तो भैराखेको थिएँ । अनि मलाई जंगल भित्र दुईजना भिक्षुहरूले लानुभयो त्यो पनि धर्मसम्बन्धी सिकाउने र उपदेश दिने । त्यहाँ भित्र पस्दा मलाई एकदम खुसी लाग्यो । खाएर पिएर दुःख गरेर बसेको व्यक्तिलाई यस्तो शान्त वातावरण पाउँदा धेरै नै आनन्द लाग्यो । अनि नमस्कार, बन्दना कसरी गर्नुपर्छ भन्ने पनि जानेको थिइनँ । यहाँ अभिधर्मको क्लास भैरहेको थियो । म र मेरो साथी त्यहाँ बस्यौँ र सुन्यौँ । धर्मसम्बन्धी राग द्वेष भावना पनि बुझेँ तर मोह भने बुझिनँ । पछि मोह भनेको विषय सम्झाइ दिनुभयो । म त मोहमा परेको रहेछुँ । आँखा भएता पनि काना जस्तो, राम्रो नराम्रो पनि थाहा


https://dhamma.digital

नपाएको । आखिर एकदिन त मरेर जानुपर्छ । लिएर जाने केही पनि छैन । खालि राम्रो नराम्रो मात्र हो । रक्सी पिएर लट्ठ हुने, पैसा पनि धेरै खर्च हुने । जति दुःख गरेर पैसा कमाए पनि एकदिनमा खर्च हुने । अर्को दिन खान पिउनका लागि फेरि कमाउनुपर्ने । आखिरमा पिलाउने त कोही पनि छैन । पिलाउने त छन् तर पैसा तिरिदिने कोही पनि छैन । यस्तो कुरा याद नहुने गरी मोहले छोपेर राखेको रहेछ । अबदेखि यस्तो नाच, गान, पिउने ठाउँबाट अलग हुनुपर्यो भनेर विस्तारै टाढा हुँदै गएँ । केटा साथी पनि मभन्दा धेरै खानुपर्ने, सास्ती पनि गर्ने । उसले मलाई मन पराउँछ र मैले उसलाई तर, कमाउनेभन्दा पिउने चाहिँ पर्यो । जब मसँग पैसा हुन्छ तब मज्जासित पिउने, डान्स गर्ने । नभएको बेला फेरि पिउनका लागि अर्काको तीनवटा बच्चा हेर्ने काम गर्ने अनि फेरि अर्काको के काममा बोलायो त्यही काममा जाने । बिरालोलाई खाना राख्न जानेजस्ता थिए मेरो काम । अनि विस्तारै विस्तारै यता आउँदा पिउने टाढा हुँदै गयो । पैसा अलि अलि जम्मा गर्न सकियो । तरुणी हुन्जेल र बलियो भएसम्म त यसरी पिउँछु, तर बुढी हुँदै गएपछि के गर्ने ? त्यसैले मोहबाट अलग हुन पर्‍यो भनेर विहारमा आउन सुरु गरेँ ।

प्रत्येक आइतबार अभिधर्मको क्लास हुन्छ । बेलुका ध्यान सिकाउनु हुन्छ । ध्यान एक घण्टा अनि छलफल एक घण्टा गर्ने । कहिलेकाहीँ काम भएको बेला आइतबार पनि काममा जानुपर्छ । दिमाग अलिकति सही ठाउँमा आएको जस्तो लाग्यो, यो पिउने, डान्स गर्ने नराम्रो काम हो भनेर थाहा पाएँ ।

सन् २००१ मा नेपालबाट एकजना नन् आउने भनेको सुनेर विहारमा आएँ । अनि त्यही गुरुमासँग कुरा गर्दा प्रवचन सुन्दा झन् मन पर्‍यो । त्यो गुरुमा हो अनोजा । मेरो जीवनमा पहिलापटक देखेको अनोजा गुरुमा । मन पनि मिल्ने भएकोले दुवै जना विहारमा सुत्ने, सफा सुग्घर गर्ने बानी भयो । अरु ठाउँमा जानुभन्दा विहारमा राम्रो लाग्न थाल्यो । पैसा खर्च भए तापनि त्यो खर्च भएको बेकारको ठाउँमा गएको छैन । दान पात्रमा गयो । यसले गर्दा आज यो जिन्दगी सुखी र अर्को जीवन अथवा पछिलाई पनि सुखी हुनेछ । शरीर पनि बच्यो, इज्जत पनि बच्यो र पैसा पनि बच्यो । नराम्रोसँग संगत गर्दा सबै बर्वाद हुने रहेछ । पछि आएर मन परेको केटालाई पनि छोडिदिएँ । कारण उसले पिउन छाडेको थिएन । पिएर अरु केटीहरूसँग रसरंग गर्ने बानी थियो । त्यसैकारण उसले विवाह



https://dhamma.digital

गर्ने भनेर ठिक पारेर औंठी लगाइदिएको थियो। विवाह त गरेको थिएन। विहारमा आउँदा सही बाटो पनि देखें। अनि उनीहरूको घरमा गएर विदा मागरे औंठी फिर्ता दिएँ। केटाको परिवारले मलाई अत्यन्त माया गर्नुहुन्छ। औंठी फिर्ता गर्न जाँदा सबै दुःखी भए। केटाले त झनझन पिउन सुरु गऱ्यो। मैले विदा मागें र अस्तेन भन्ने ठाउँमा आएँ। यहाँ आएर बुढाबुढीहरूलाई हेरविचार गर्ने ठाउँमा काम पाएँ। मैले सही समयमा रक्सी छाडेको कारणले शरीरमा त्यति हानी पुऱ्याएको छैन। तर, पैसा भने धेरै नोक्सान गरें। बुढाबुढीहरू जति रिसाए पनि हाँसीहाँसी सेवा गर्छु। विहारमा आउने, विहारको पनि सेवा गर्ने। झन अनोजा गुरुमाले त रोगीको सेवा गरे पुण्य हुने विषयमा उपदेश दिनुहुन्छ। आखिरमा लिएर जाने केही पनि छैन, केवल नाम मात्र हो भन्नुहुन्छ। भन्नुहुन्छ, रुप जिरती मतान नाम गोत नजिरती- शरीर खतम भएर खरानी भएर माटोमा मिलेर जान्छ, तर नाम भनेको कहिल्यै पनि मेटिँदैन। त्यसकारण काम गरेपछि नाम त पाइहालिन्छ। नाम पाउनका लागि काम गर्दा नाम पाउने कम नै हुन्छ। कारण लोभको कारणले राम्रो काम गर्न सक्दैन। अहिले त खुसी छु। धर्म पनि गर्ने, कर्म पनि, कहिले काहीं सत्यनारायण गोयंका गुरुले सिकाउनुभएको विपस्याना ध्यान गर्न जान्छु। पहिला मसँग एकैचोटी रिस उठ्ने बानी थियो। शरीर नै काम्ने जस्तो रिसले चुर हुने थियो। अहिले बिल्कुल रिसलाई रोक्न सकें। मलाई बुद्धधर्म सिकेर धेरै फाइदा नै फाइदा पाएको छु।

मेरा आमाबुबाहरू क्रिश्चियन हुनुहुन्छ। म आमाको पनि सेवा गर्न जान्छु। बुबाको पनि सेवा गर्न जान्छु। विहारमा आएको कारणले बुबा आमाका गुणलाई पनि बिर्सन हुँदैन भनेर अनोजा गुरुमाले बारम्बार भन्नुहुन्छ। उहाँहरूले हामीलाई पूरा समय दिएर हेर्न नसके तापनि मैले आफ्नो कर्तव्य बिर्सेको छैन। फेरि जन्म त लिन मन पनि छैन, तर के गर्ने तृष्णा बाँकी छ। मैले हेर्दा धर्म भनेको अत्यन्त आवश्यक छ। जब म हस्पिटलका बुढाबुढीहरूलाई सेवा गर्छु, धर्ममा लागेको बुढाबुढीहरू शान्तिपूर्वक बस्नु हुन्छ। तर धर्ममा नलागेका मोजमस्तीमात्र गरी राखेका बुढाबुढीहरूले सहन सक्दैनन्। रिसले आफ्नो फोहोरले हिर्काइदिने गर्छन्। मेरो पूरा शरीरमा लाग्छ, तर के गर्ने ? सहनुपर्छ, सहें। गएर नुहाईधुवाई गरें। भनेको मतलव धर्ममा गएको व्यक्तिहरूले रिसाए तापनि पछि माफी माग्न आउँछन्। तर, धर्ममा नलाग्नेहरूको कुरै छाडौं। जेहोस् राम्रो संगत र अर्ति आवश्यक छ, धर्म भनेको राम्रो हो।


https://dhamma.digital

# जापान भ्रमण

## १.	जापानी रीतिथिति

जापानमा जापानीहरूले बुद्धधर्म रीतिथितिको परिपालना गर्ने धर्म मात्र होइन परम्परागत रीतिथितिको अनुशरण पनि गर्छन् । यहाँको धर्म विशेषतः चित्त शान्तिका निम्ति व्यक्तिगत प्रयत्न हो । त्यसकारण जापानमा रीतिथितिले धर्मलाई त्यत्ति अल्झाउँदैन ।

हाम्रो नेपालमा दशैँ मनाइन्छ । धेरै बलि दान दिएर एक हप्तासम्म विभिन्न रीतिरिवाज एवं जात्राहरू मनाई सरकारी अफिसको कामहरू समेत अलपत्र पार्ने काम हुन्छ । खालि भोजमा मात्र समय बिताएको देखेको थिएँ । नेपालमा सरकारी विदा पनि धेरै हुन्छ । जापानमा त्यस्तो छैन । बुद्धजयन्तीका दिन मानिसहरू फूल हातमा लिएर बिहानै विहारमा जान्छन् । विहारमा एउटा सानो बुद्धमूर्ति राखिएको हुन्छ । आजकल ठूला ठूला बुद्धमूर्ति पनि राख्ने गरिन्छ । ठूलो या सानो भक्ति भावना पोख्ने रुपमा तिनीहरूले त्यो बुद्धमूर्तिमा चिया खन्याउँछन्, फूल चढाउँछन्, धूप चढाउँछन् । जापानी प्राचीन परम्परा अनुसार बुद्धजयन्ती अप्रिलको ८ तारिखमा मनाउँछन् ।

श्राद्धोत्सवका रुपमा हाम्रो नेपालमा पनि १६ दिन सोह्रश्राद्ध मनाइन्छ । त्यस्तै जापानमा पनि १४५० वर्षदेखि यो उत्सव भइरहेको छ । यो जीवित र दिवंगतहरूको वा प्रेतहरूको मिलनको उत्सव हो । यस अवसरमा शमसान भूमिमा बत्ती बाल्न जान्छन् । आफ्ना मृतक आफन्तहरूप्रति श्रद्धाञ्जलि व्यक्त गर्छन् ।

नेपालमा हामी पनि सोह्रश्राद्ध गरेर पुण्यानुमोदन गरेर हामीभन्दा पहिला जानुभएका सम्पूर्ण जातिको निर्वाण, सुख शान्तिको कामना गर्दछौँ । त्यस्तै जापानीहरूको पनि चलन छ । भोलि परेवाको दिनदेखि १६ दिनसम्म श्राद्ध गर्ने भनेर सबैका परलोक भएका आफन्तहरूलाई सुगतिमा पुऱ्याउने कार्य गरिन्छ ।

जापानमा बालकहरूको पनि उत्सव हुन्छ । यो उत्सवको यथार्थ शब्द न्हस



https://dhamma.digital

न्या स्व हो । गएको चार सय वर्षदेखि वर्षको एक पटक १५ नोभेम्बरको दिन यो उत्सव गर्छन् । जुन आमा बाबुहरूको सात वर्ष, पाँच वर्ष, तीन वर्ष भएका बालकहरू हुन्छन् तिनीहरू आआफ्ना बालकहरू लिएर पारिवारिक देवताहरूप्रति कृतज्ञता प्रकट गर्न जान्छन् । भविष्यमा आफ्ना छोराछोरीहरूले आफ्नो कृतज्ञता पालन गर्न सकोस्, अकुशल चित्त नहोस्, आफूभन्दा ठूलाको आदर गौरब राख्न जानोस्, कामना गरेर देखाउन र अभ्यास गर्न सिकोस् भनी यसो गरिएको हो । राम्रो बाटो देखायो भने राम्रो नै हुनेछ । यस्तो राम्रो राम्रो शिक्षा सिकाउने चलन छ जापानमा । हाम्रो नेपालमा चाहिँ केटाकेटीहरूलाई गणेश भगवानलाई बलि दिँदैछ हेर्न जाऊ, फलाना मन्दिरमा बलि दिँदैछ हेर्न जाऊ भनी सिकाइन्छ । मलाई पनि एक पटक घरबाट तेल पेल्ने ठाउँमा राँगा बलि दिएको हेर्न पठाएको थियो । हेर्न गएँ । बाज्याले भोग दिने भनेर राँगालाई सात पटक मार हाने, तापनि त्यो तरबारले छोएन । राँगा उफ्रियो, तर गर्धन छुटेन । म त डराएर घर फर्कें, हेर्न सकिनँ । यस्तो चलन नेपालमा । जापानमा धेरै फरक छ । भगवान बुद्ध जन्म हुनुभएको देशमा कस्तो अन्धविश्वास भएको होला ?

जापानमा विवाह कर्म आजभोलि सहरमा गर्ने र विहारमा पूजा गर्न जाने चलन छ । केटा र केटी सबै विहारमा गएर भगवान बुद्धको शिक्षा अनुसार विवाह कर्म गर्ने चलन छ । पंचशील दिएर र लिएर आ-आफ्नो कर्तव्य पालना गरिन्छ । श्रीमानले गर्नुपर्ने कर्तव्य र श्रीमतीले श्रीमानप्रति गर्नुपर्ने कर्तव्य पालना गर्छु भनी प्रमिस गरेर भगवान बुद्धको मूर्ति अगाडि बसेर विवाह गर्ने गर्छन् । यही चलन नेपालमा पनि आइसक्यो । हाम्रो विहार सुलक्षण कीर्तिविहारमा पनि कति जनाको विवाह सम्पन्न गरिदिएको थिएँ । दाम्पत्य जीवन राम्रो होस् भनी भगवान बुद्धका अगाडि विवाह गर्ने चलन भएको थियो । हाम्रो विहारमा पहिलो विवाह गरेको नै जापानीहरू थिए । केटी सिंगर र केटो फोटोग्राफर दुवै जना आएर विवाह गरेका थिए । यिनीहरू अहिलेसम्म दाम्पत्य जीवन सुखपूर्वक बिताइरहेका छन् ।

***जापानीहरूको अन्तिम संस्कार***

जापानी जनजीवनमा बुद्धधर्मको ठूलो स्थान छ । विशेषतः कसैको प्राणान्त भएपछि बौद्ध भिक्षुहरूलाई पाठ गर्न बोलाउँछन् । त्यसपछि मृतकलाई नुहाइकन बाकसमा राख्छन् (पार्थिव शरीरलाई) । कहिलेकाहीं ममता देखाउन



https://dhamma.digital

पुरुषहरू मृत्यु हुँदा तिनका जहानले आफ्नो टाउकाको दुई चारवटा कपाल मृतक सँगै बाकसमा राख्छन् । मसान यात्रामा आफन्तहरू फूल र सुगन्ध लिएर पछि पछि जान्छन् । मसानको चितामा पार्थिव शरीर र मृतकको निम्ति भगवान बुद्धको सूत्रपाठ गर्छन् । यो पूजापाठ एक हप्तासम्म हुन्छ । यस्तो जापानीहरूको चलन छ । जन्म भएपछि एक दिन मृत्यु भई जानुपर्छ । जति धनजन, सम्पति भए पनि एक दिन सम्पूर्णलाई छोडेर जानुपर्छ । नाङ्गोबाट आएर नाङ्गै भएर जानुपर्छ । त्यसैकारण जिउँदो भएसम्म राम्रो काम गर्नु, सकेको दानपुण्य गरेर अरुलाई उपकार गरी सुख र शान्तिपूर्वक जान सकोस् ।

## २. नाइकान ध्यान र जापान यात्रा

नाइकान ध्यान भन्नाले जापानी भाषाबाट अन्तरआत्माको अध्ययन भन्ने बुझिन्छ । नाइ भनेको जापानी भाषाबाट अन्तरआत्मा, कान भन्नाले अध्ययन तसर्थ नाइकान भन्नाले अन्तरआत्माको अध्ययन हो । यो ध्यान जापानमा प्रख्यात ध्यान हो । यो ध्यानबाट आफ्ना आमाबाबु लगायत परिवारका गुण अवगुणहरूलाई पुनःस्मरण गराई आफ्नो आत्मा र मनलाई पुनः एकपटक पश्चाताप गर्ने मौका दिलाउँछ र आफ्नो मनमा शान्ति दिलाउँछ । यस ध्यानमा तीनवटा प्रश्नहरूमा केन्द्रित भई आफ्ना परिवारजन जस्तै, आमा, बुबा, दाजु, भाइ, दिदी, बहिनी, श्रीमती, श्रीमान तथा अन्य नजिकका परिवारहरूको गुण र अवगुणलाई आफ्नो मन मस्तिष्कद्वारा सम्झने मौका दिन्छ र आफूले परिवारलाई केही दुःख, सुख दिएको भए पनि सम्झने र अबदेखि म गल्ती गर्दिनँ वा माया गर्छु वा कुकर्म गर्दिनँ भन्ने भाव सिर्जना गराउँछ ।

यस ध्यानमा हामीलाई नियम र ध्यान (स्मरण) गर्ने तरिका सिकाउने व्यक्तिलाई नाइकान गाइड भन्ने गरिन्छ । ती नाइकान गाइडको मद्दतबाट हामीले ध्यान गर्ने तरिका सिक्न सकिन्छ । नाइकान ध्यानको अवधि ७ दिनको तय गरिन्छ । यस ध्यानमा तीनवटा प्रश्नसँग सम्बन्धित रहेर आफूले हृदयदेखि सोची सम्झने गर्दछ । ती प्रश्नहरू यस प्रकारका हुन्छन् । जस्तै :

१) मलाई आमाले जन्मेदेखि के के गर्नुभयो, के के दिनुभयो ?

२) मैले आमालाई के के दिएँ ?



https://dhamma.digital

३) मैले गरेर आमालाई के के दुःख वा समस्या आइपऱ्यो ?

यस्तै प्रश्न दाजु, भाइ, आमा, बुबालगायत आफ्नो नजिकका व्यक्तिका बारेमा सोच्न लगाइन्छ । एक पटकमा यी तीनवटै प्रश्नको उत्तर आफ्नो मनमा राखी नाइकान गाइडलाई भन्नुपर्ने हुन्छ । आफ्नो मनमा भन्नै नहुने गल्तीहरूको याद आयो र भन्न मन लागेन भने नभन्दा नि हुन्छ । यो ध्यानमा आफ्नो गल्ती कमजोरी केलाउने हो । यो आफ्नो मनमा ल्याउनु नै यो ध्यानको उद्देश्य हो जसका कारण पुनः गल्ती गर्दिनँ भन्ने आफ्नो मनले निर्णय गर्नु हो ।

अब हामी ध्यानको प्रारम्भिक अवस्थाको बारेमा कुरा गर्दा पहिलो प्रश्न आमालाई जन्मेदेखि तीन वर्षसम्म के के दिनुभयो ? यो प्रश्नको जबाफ खोज्न आफ्नो बितेका दिनहरूको स्मरण गर्ने हो । यसको जबाफमा आमाले हामीलाई नै दस महिनासम्म पेटमा राखी कष्टपूर्ण रुपमा जन्म दिनुहुन्छ र हामीलाई दूध चुसाई जीवन बचाउने गर्नुहुन्छ । स्नेहपूर्वक पालेर मिठो मिठो खाना खुवाउनुहुन्छ र हामीलाई हुर्काउनुहुन्छ । अनि दोस्रो प्रश्नतिर सोच्नुपर्ने हुन्छ । दोस्रो प्रश्न मैले आमालाई के के गरेँ ? यो प्रश्नको जबाफका लागि वितेका दिन स्मरण गर्दा तीन वर्षसम्म त हामी सानै हुन्छ त केही दिन सकिँदैन केवल मायापूर्ण मुस्कानमात्र दिन सकिन्छ । यही सानो मुस्कानबाट आमा बुबा लट्ठ परी हामीलाई स्नेहपूर्वक चुम्बनसहित आमा बुबा खुसी हुनुहुन्छ । अब तेस्रो प्रश्नको उत्तरका लागि आफ्नो दुवै नेत्र बन्द गरी यो प्रश्नको उत्तर खोज्नुपर्ने हुन्छ । मैले गरेर आमालाई के के समस्या भोग्नु पऱ्यो वा दुःख बेहोर्नु पऱ्यो ? यस प्रश्नको उत्तर यस्तो हुनसक्छ । म जन्म लिनु पूर्व आमाले शारीरिक पीडा लिएको हुन्छ भने जन्मेपछि पनि दूध चुसाउन समय मिलाउनेदेखि हामीले ओछ्यानमा दिसा, पिसाब गरेर सफा गर्नुपर्ने दुःख हुन्छ । कहिलेकाँही काममा जाँदा छोराछोरीले के खायो ? के गऱ्यो ? जस्ता सामान्य कुरामा पनि मनमा तनाव दिएका हुन्छौँ । यसरी दुःख सही हामीलाई हुर्काउनु हुन्छ त हामी ठूलो भई श्रीमती र बच्चासँग भुली आमा बाबुलाई अथवा आमा बुबाको गुणलाई बिर्सने गर्दछौँ । फेरि एक एक घण्टाको फरकमा नाइकान गाइड आई तीन वर्षदेखि छ वर्षसम्म आमाले तपाईंलाई के के गर्नुभयो ? आमालाई तपाईंले के के दिनुभयो ? तपाईंले गर्दा आमालाई के के दुःख वा समस्या आयो ? यी प्रश्नको उत्तर आफूले सम्झनु भनी नाइकान



https://dhamma.digital

गाइडको निर्देशनमा हामी बितेका कुराहरू सोच्न थाल्छौँ अनि हामीलाई आमा बुबाका गुण केलाउँदै राम्रो काम गरेको वा आमाप्रति स्नेह भएको भए त ठीकै हुन्छ । आमा बुबाको गुणलाई बिर्सेको भए आँखा रसाउन थाल्छ र अबदेखि म आमा बुबाको गुणको बदलामा केही गर्छु भन्ने मनमा एक किसिमको ममताले भरिएको स्नेह रुपी करुणा रुपी विचार प्रकट हुन्छ । हो यस्तो विचार ल्याउनु नै नाइकान ध्यानको उद्देश्य हो ।

यसरी नाइकान गाइडबाट बिहान करिब ७ बजेदेखि राति ९ बजेसम्म यतिदेखि यति उमेरसम्मको याद गर्नु वा सम्झनु भनी गरिएको निर्देशन अनुसार आफ्नो उमेर बराबर उदाहरणका लागि आफू ४० वर्षको छ भने ४० वर्षसम्मको मात्र गुण अवगुण केलाउने प्रक्रिया निर्देशन हुन्छ । विचार र सोचपछि क्रमशः आमा पछि बुबा, श्रीमान, श्रीमती, दाजु, भाइ, दिदी, बहिनीलगायत नजिकको सबै नाताको परिबारको सोच्नुपर्ने हुन्छ । यसरी ७ दिनसम्म सोच्ने कार्य हुन्छ । यस ध्यानको लागि एकअर्कासँग बोल्न नहुने आफै मौन हुनुपर्ने हुन्छ । यस्तै नाइकान ध्यानका नियममा रही ध्यान गरिएको अन्तिम दिन सबै ध्यानमा भाग लिएका साधक अथवा उपासक उपासिकाहरू ध्यानबाट आफूले पाएका अनुभवबारे छलफल गरी ध्यान कार्यक्रम समापन हुन्छ ।

यस्तै गरी दिनप्रतिदिन उमेर बढाउँदै माथिका तीन प्रश्नहरूको उत्तर आफ्नो अन्तरआत्माबाट स्मरण गरिने प्रक्रिया हुन्छ । अब आफू तीन वर्षदेखि छ वर्षसम्म आमाले मलाई के के गर्नुभयो, दोस्रो प्रश्न मैले आमालाई के के गरेँ, तेस्रो प्रश्न मैले गरेर आमालाई के समस्या आयो वा दुःख भयो यो सबै प्रश्नको उत्तर आफूले स्मरण गर्ने हो र जति सम्झेको छ त्यो कुरा नाइकान गाइडलाई भन्नुपर्ने हुन्छ । यस्तै यस्तै प्रक्रियाको ध्यान गर्दा मैले गरेका ध्यानका प्रकृति तपाईंहरूको माझमा राख्दैछु ।

***नाइकान ध्यान (हृदयदेखि गुण सम्झने)***

जापानमा अहिले धेरै प्रचार प्रसारमा आएको छ त्यो हो नाइकान ध्यान । नाइकान भनेको भित्रदेखि परिवारहरूको गुण र आफ्नो लगायत गुणलाई सम्झाउने । आजकाल आफूलाई गरिराखेको गुणलाई बिर्सने समय आएको छ । आफ्ना आमाबुबालाई नै सेवा गर्ने फुर्सद नभएका धेरै व्यक्तिहरू भए । कसैले



https://dhamma.digital

त आमाबुबाले के गरेर राखेको छ भन्नुहुन्छ । कमसेकम हिँड्न नसकेसम्म, खान नसकेसम्म त ख्वाएर ताती गर्दै हिँडाएको थियो । बुबाले सन्तानका लागि भनेर कमाएर राखेको त थियो । हात समातेर स्कुल पुऱ्याउनु हुन्छ । यस्तो गुणलाई सिक्ने भइसकेको थियो । आफूभन्दा ठूलोले गरेको गुण पहिला सम्झने । यो धर्म त्यो धर्म भनेको छैन । सबैको आमाबुबा छन् । मानवताहरूलाई अथवा प्राणीमात्रलाई कोही देवताले जन्माएको होइन । मानवतालाई भगवान बुद्धले पनि जन्म दिएको होइन। यसु प्रभुले पनि जन्म दिएको थिएन । कुनै देवीदेवताले पनि जन्माउनु भएको थिएन । यस्तै मुस्लिम खुदाले जन्म दिनुभएको थिएन । हामीलाई जन्म दिएको त आआफ्नो आमाले हो ।

'नाय' भन्नाले अन्तरआत्मा र 'कान' भन्नाले अध्ययन । त्यसैले यस्तो ध्यानलाई जापान भाषामा 'नाइकान' भन्दछन् । यो ध्यान जापानी इसिसाँले सिकाउनुभयो । यो ध्यानको गहिराईसम्म बुझ्ने ईच्छा अनुसार म जापानसम्म गएर सिक्न अवसर पाएँ ।

आमाले के दियो भन्दा आमाले मलाई १० महिनासम्म पेटमा राखी जन्म दिनुभयो । जन्म हुँदा बच्चालाई भोक लाग्यो होला भनेर जहाँ गए तापनि दूध ख्वाउन आउने गर्नुहुन्छ । पिसाब दिसा गर्दा अलिकति पनि घृणा नहुने गरी सफा सुग्घर गरी दियो होला । समय समयमा दूध ख्वाउने, अलिकति रुँदा झलझल हेरेको थियो होला । बिरामी हुँदा झन डाक्टर वा बैद्यकहाँ लिएर औषधि उपचार गर्नुभयो होला । झन् म जब जन्म भएको बेलामा असारको रोपाइँ सिद्धिएको र बाजे बजै दुवै जना बिरामी भएको थियो रे । मलाई त्यति ख्याल गर्न सकेन भन्नुहुन्छ । जेहोस आमाले आफ्नो सन्तानलाई हेर्नुपर्ने कर्तव्य पालन गर्नुभएको छ । आमाले यति सेवा सुसार नगरेको भए म यहाँसम्म पुग्न सक्ने छैन ।

मैले आमालाई के दिएँ भन्दा सानामा त पेटमा लात्ताले हिर्काएँ हुँला । पेटबाट बाहिर आउँदा आमालाई लात्ताले हिर्काएर दुःख दिएँ हुँला । अलि ठूलो हुँदा यताउता गएर दुःख दिएँ होला । यस्ता अनगिन्ती दुःख दिएँ होला ।

आमाले छोरीलाई गरेकोमा दुःख, त्यो समय आमालाई दुःख भनेको बच्चालाई केही हुन्छ भनेर दुःख लाग्यो । जन्म भएपछि भुँइमा खस्छ, आमालाई दुःख हुन्छ । खाइदिएन भने दुःख हुन्छ । भनेको कुरा मानेन भने दुःख हुन्छ ।


https://dhamma.digital

जानी जानी त दुःख दिएको छैन । यो दुःख भनेको आमाको स्वभाव होला ।

६ वर्षको हुँदा आमाले मलाई खाना, कपडा, माया दिनुभयो । स्कुल जाने बेला चाहेको पैसा, किताब कलम । यतिमात्र होइन म आमा र बुबा खेतमा गएका थियौं । त्यो समय अचानक असिना पानी परेको थियो । बुबासँग एउटा छातामात्र थियो । तीन जनालाई बेसरी असिना परेको बेला पुगेन, बिजोक । आमाको माया । छोरी बिरामी हुन्छ भनेर छोरीलाई पानीबाट रक्षा गरेको खेतको बीचमा केही थिएन । आफ्नै सारीभित्र राख्नुभयो र मलाई रक्षा गर्नुभएको थियो ।

अर्को मेरो मुख आगोले पोलेको बेला आमा र हजुर आमाले रातभरी मेरो मुखमा नपोलोस् नरोओस् भनेर मायाले पंखा हप्काइ दिएको अहिले पनि याद छ मलाई । समय समयमा खाना पकाउन सिकाउनु हुन्छ । अपच हुने खाना दिदैन । शरीर कमजोर छ भनेर आमाले यस्तो माया दिनुहुन्छ ।

आमालाई ६ वर्षदेखि ९ बर्षसम्ममा मैले दिएको : आमालाई भात पकाउने समयमा मद्दत गरिदिने, खेतमा जाने बेला सामान लिएर सघाइदिने । आमा बिरामी भएको बेला औषधि ख्वाएर सेवा गर्ने, आमालाई गाग्रीबाट पानी ल्याई दिने, कपडा धोइदिने । भाइहरू पाउँदा सफा सुग्घर गरिदिने । भाइहरूलाई नुहाईधुवाई गरेर मद्दत गर्थें । मैले गरेर आमालाई दुःख दिएको दुःख हुन् । ६ वर्षदेखि ९ वर्षसम्म म धेरैजसो खेल्न जाने, त्यो बेला ठीक समयमा खान नआउँदा दुःख मान्नुहुन्थ्यो । भनेको कुरा नमान्ने बच्चालाई अथवा भाइहरूलाई हेरिदिएन भनेर आमालाई दुःख मान्नुहुन्थ्यो । केही काम सघाइदिएन भने दुःख मान्नुहुन्थ्यो ।

Dhamma.Digital

९ वर्षदेखि १२ वर्षसम्म आमाले मलाई दिएको भने सुनचाँदी गहनाहरू बनाइदिनुभयो । मलाई मनपर्ने कपडाहरू मनपर्ने खानाहरू ख्वाउने । मलाई जे गर्न मन पर्छ अनुमति दिने । यतिमात्र होइन नेवारहरूको व्रत बस्ने भने गुँला एक महिना तीन वर्षसम्मको गुँलामा एकछाक मात्र खाएर (धलं दनेगु भनेर) व्रत बसेँ । राति एकछाक खाने त्यो पनि दूघ र रोटी अनि आमा र बुबा दाँयाबाँया बसेर रोटीलाई धुलो गरेर दूधमा भातजस्तो गराएर ख्वाउनुहुन्छ । मलाई अहिले पनि त्यस्तो खान मन पर्छ । दुईवटा रोटी खाने अवस्था त्यस्तो धुलो गरिदियो भने ४ वटा खान्थे । जब मैले सबै खाँदैन तबसम्म आमा पर्खनु हुन्छ । मैले खाएपछि मात्र खानु हुन्छ ।



https://dhamma.digital

मलाई कसैले केही भन्यो भने आमालाई चित्त दुख्छ । म अली काली छु । कसैले काली भन्यो भने आमा रिसाउनुहुन्छ । मेरी छोरी काली उसको झन् हाँडीको चाकजस्तो पाउन भन्नुहुन्छ । आमाको शरीरभरि १० वटा खटिरा आएको थियो । आमा हामीहरूलाई दुःख हुन्छ । अब म मर्छु भनी पीर गर्नु हुन्थ्यो ।

९ वर्षदेखि १२ वर्षसम्म मैले आमालाई दिएको क्रमशः लेख्दैछु । आमालाई आवश्यक काममा मद्दत गरिदिएको थिएँ । जस्तै भाइहरूलाई सम्हालेर । खाना पकाएर । आमा बिरामी पर्दा खुट्टा मिचिदिएर सकेको सबै मद्दत गरेको थिएँ ।

९ वर्षदेखि १२ वर्षमा दुःख भएको भने आमाको पेटमा बच्चा आएको थाहा थिएन । मेरो कान्छा भाइ जगत पेटमा थियो । त्यहीबेला म घरबाट भागेकी थिएँ । खाली कागजमा आमा सुतेको बेला ल्याप्चे लगाएर प्रवजित हुनका लागि अनुमति छ भनेर अनुमतिपत्र लिएको अवस्थामा आमालाई धेरै दुःख भयो, मेरो कारणले गर्दा । मुर्च्छा मुर्च्छा हुने रे रुँदा रुँदै । बच्चा पेटमा विस्तारै ठूलो भएर आउँदा रोएको कारणले गर्दा पेटमाथि सरे बुबाले रुँदै तल्ल झारीदिने रे । मैले गर्दा धेरै वर्ष दुःखा भोग्नु पर्‍यो । म प्रवजित भएको नै उहाँलाई दुःख भयो । त्यही ठूलो दुःख भयो ।

१२ वर्षदेखि १५ वर्षसम्म आमाले मलाई दिएको : म धेरैजसो धर्मकीर्ति विहार, बनेपा, धुलिखेल भक्तपुरमा थिएँ । पढ्नका लागि अनि घरमा जाँदा, भात पकाएर ख्वाउनुहुन्छ । अलिकति बढी खाँदा खुसी हुनुहुन्थ्यो । चाहेको अवस्था पैसा दान दिनुहुन्छ । लत्ता कपडा इत्यादि ।

१२ वर्षदेखि १५ वर्षमा मैले आमालाई दिएको भनेको नै काममा सघाउने । केही फलफूल किनेर लाने । मसँग पैसा भएको बेला चाहेको अनुसार सेवा गर्ने । आमालाई मन पर्ने किनेर लगिदिने ।

१२ वर्षदेखि १५ वर्षसम्म मैले गरेर दुःख हुने, म समयमा घर गएन भने आमालाई दुःख हुने त कहिलेकाँही फलफूल, मिठो खानेकुरा राखी राखेको हुन्छ । म जान सक्दिन, खाना कुहेर जान्छ । कसैलाई पनि ख्वाउदिन मेरी छोरी आउँछ भनी पर्खने । यही दुःख हुन्छ आमालाई ।



https://dhamma.digital

१५ देखि १८ वर्षसम्म आमाले मलाई दिएको पैसा, खाना, घरमा जाँदा दिनुहुन्छ। म के गरेर बस्दछु र कहाँ बसेको छ भनेर खाना लिएर हेर्न आउनुहुन्थ्यो। अलि ठूली हुँदा चाहेको दिनुहुन्थ्यो ।

१५ देखि १८ वर्षसम्म मैले आमालाई दिएको भन्नु पर्दा घरमा जाँदा काममा सघाउने, कपडा धुनु छ भने धोइदिने । आमालाई चाहेको अनुसार सेवा गरेको थिएँ ।

१५ वर्षदेखि १८ वर्षसम्म दुःख दिएको भनेको नै घरमा जानेबेला ढिला भयो भने दुःख मान्नुहुन्थ्यो। बाटोमा जाँदाजाँदै केही होला भनेर पीर लिनुहुन्थ्यो।

१८ वर्षदेखि २१ वर्षसम्म आमाले मलाई के दियो ? यही मैत्री, करुणा, मुदिता र उपेक्षा दिनुहुन्छ। स्कुलबाट कलेज जानु पऱ्यो। प्राइभेट पढैं। भाग्य छैन राम्रो पढ्नका लागि। आमाले त चाहेको जति दिनुभएको थियो ।

१८ देखि २१ वर्षसम्म म त्यही घरमा जान सकेको छैन। यता र उता धर्म प्रचार गर्न जाने। घरमा पनि कम मात्रामा जाने। गएको बेला काम सघाउने, उपदेश दिने ।

१८ वर्षदेखि २१ वर्षसम्म मैले दिएको दुःख भनेको नै समय समयमा घर नजाँदा। मलाई दुःख परेको कुरा सुनाउँदा खेरी आमालाई झनै दुःख हुने। त्यसै कारण दुःखको कुरा सुनाउँदै सुनाइन ।

२१ वर्षदेखि २५ वर्षसम्म आमाले मलाई दिएको भन्दा खानकुरा, पैसा चाहेको जति अनि बसेको ठाउँमा हेर्नुहुन्छ सुख दुःख। त्यही भएको कारणले दान आउँदा पैसा हुने प्रवचन गर्न जाँदा पैसा हुने। मलाई छैन आमाले दिनुहुन्छ।

२१ वर्षदेखि २५ वर्षसम्म मैले दिएको भन्दा खाली काममा मद्दत गर्ने खान हुने किनेर लिएर जाने, सेवा गर्ने, यति मात्र हो ।

मैले मेरोबाट दुःख हुने २१ वर्षदेखि २५ वर्षसम्म अरु दुःख दिने काम गरिन । आमालाई पीर हुने त्यही बाहिर जाँदा बसबाट एक्सिडेन्ट हुन्छ कि? हवाईजहाज केही हुन्छ कि ? आदि कुरामा आमाले धेरै पीर गर्नु हुन्थ्यो ।

२५ वर्षदेखि ३० वर्षसम्म फेरि म बनारसमा पढ्न गएँ। त्यहाँ पढ्न पैसा चाहिन्छ। पैसा दिनुहुन्छ। बुबाले झन् पैसा पुग्ने छैन भनेर खेत बेचेर भए पनि पढाउँछु भन्नुहुन्थ्यो । जति पैसा चाहिन्छ दिन्छु भनेर दिनुहुन्थ्यो । आमा स्वयं



https://dhamma.digital

हेर्न आउनु भएको थियो म बसेको महिला छात्रावास ।

२५ वर्षदेखि ३० वर्षसम्म मैले दिएको कहिलेकाही घरमा जाँदा नयाँ साडी, मिठाई, सुपारी किनेर लाने हो, यति मात्र हो ।

२५ वर्षदेखि ३० वर्षसम्म मैले केही दुःख दिइन तर आमाबुबाले पीर लिनु हुन्थ्यो । मैले खाएको छ कि छैन, यही होला दुःख ।

३० वर्षदेखि ३५ वर्षसम्म मलाई आमाले स्वयं चिउरा कुटेर पठाउनुहुन्थ्यो । गुन्द्रुक बनाएर अचार घरको खाना आफैले बनाएर पठाउनुहुन्थ्यो । मलाई खानाका लागि पैसा पनि । आमाले सानो बच्चा जस्तो सोचेर खान लाउन सबै दिनुहुन्थ्यो । यति मात्र होइन मलाई जग्गा पनि किनिदिनुभएको छ । अहिले पनि जग्गा बाँकी नै छ ।

३० वर्षदेखि ३५ वर्षसम्म मैले आमालाई गरेको भन्नु पर्दा घर जाँदा हतरपतर जाने तलैबाट 'आमा !' भन्दै चिच्याएर जाने, कही मीठो आमालाई मन पर्ने सुपारी, छुर्पी किनेर लिएर जाने । फलफूल विस्कुट इत्यादि दिएको थिएँ । दुःख दिएको भने थिइन ।

३० वर्षदेखि ३५ वर्षसम्म उहाँले मेरो विषयमा पीर लिनुहुन्थ्यो । मेरो छोरी कहिले आउने होला भनेर पर्खि रहनुहुन्छ । म बनारस गएको नै दुःख लिएको हुन सक्छ । मेरो कारणले गर्दा सायद दुःख पाएको होला ।

३५ वर्षदेखि ४० वर्षसम्म आमाले त्यो बेला पढाइ सकेर नेपाल फर्केर आएँ, अनि नेपालमा पीएचडी पास गरेको पहिलो भिक्षुणीमा म परेछु । अनि सुलक्षण कीर्ति विहारको निर्माण पनि सुरु गर्दै थिएँ । आमा लगायत सबैले अवार्ड पनि लिनुभयो । विहार बनाउँदा ज्यामीहरूलाई ज्याला दिनका लागि पैसा नभएर उहाँ आफ्नो सुनको चुरा बेचेर दिनु भनेर दिनुभएको थियो । त्यो चुरा अहिलेसम्म मसँग छ ।

३५ वर्षदेखि ४० वर्षसम्म मैले आमालाई सेवा दिएँ । उहाँ बराबर बिरामी पर्नुहुन्थ्यो । सकेको सेवा दिएँ । पैसा दिनु थिएन । सक्दो सेवा मात्र गर्थें ।

३५ वर्षदेखि ४० वर्षसम्म बराबर घरमा पुग्न सकिन, दुःख हुने त्यही हो ।

४० वर्षदेखि ४५ वर्षसम्म आमाले मलाई दिनुभएको आमाले विहार बनाउँदा पैसा, चुरा दिनुभयो । चामल, चुरा सुकुल, भात पकाउने वर्तन, कप


https://dhamma.digital

गिलास, बस्न चकटी, सिरक तन्ना सबै पहिला दिनुभएको थियो ।

४० वर्षदेखि ४५ वर्षसम्म मैले आमालाई चाहे बमोजिम खाना, सेवा र उहाँलाई मन पर्ने इत्यादि दिएर ख्वाएर सेवा गरेको थिएँ ।

४० वर्षदेखि ४५ वर्षसम्म कहिले पनि रिसाउनु भएन, मेरो कामदेखि खुसी हुनुभयो ।

४५ वर्षदेखि ५० वर्षसम्म ओछ्यान सिलाई दिनुहुन्छ । विहारका लागि चकटी, तन्ना लगायत विहारलाई चाहेको सबै मद्दत गर्नुहुन्छ । विहार बनाउनका लागि पनि तीन लाख दिनुभएको थियो । मेरा लागि पनि पैसा छोडेर जानुभयो ।

४५ वर्षदेखि ५० वर्ष आमा बराबर बिरामी हुने । म जहाँ गए पनि आमालाई भिटामिन र लुगा लगेर दिने । उहाँलाई दुःख हुने नै सँगै बस्न मन लाग्छ तर म सँगै हुँदैन थिएँ ।

५० वर्षदेखि ५५ वर्षसम्म आमाले मलाई के दियो भने पैसा दियो मेरा लागि । खाना दिनुभयो मेरा लागि । उहाँसँग जे छ त्यही दिने बानी छ ।

मैले ५० देखि ५५ सम्म मैले दिएको उहाँलाई समय समयमा फलफूल, उहाँलाई मनपर्ने लुगा अनि ८३ पुग्दा रोगी हुँदा बराबर जाने, सेवा गर्ने, आमाबुबाप्रति गर्नुपर्ने कर्तव्य गरेको छु ।

५० वर्षदेखि ५५ वर्षसम्म मैले दुःख दिएको छैन । म कहिले काहीँ टाढा हुन्छु । आमाले आउ भनेको समयमा नपुग्दा दुःख भयो होला । अन्तिममा आमा बुबा मृत्यु हुँदासम्म गुणलाई याद गर्ने के दियो ? के लियो ? र के दुःख भयो ? भन्ने सोचेर एउटा आमालाई चिठी लेख्ने गर्ने गर्थे ।

आमाको गुण सिकेपछि आमालाई चिठी लेख्न लगायो । त्यो चिठी आफूले राख्नुपर्छ ।

आमाले गर्नुभएको गुणसँगै बुबाले पनि निम्न किसिमबाट मलाई गुण गर्नुभएको थियो । ती कुराहरू क्रमशः वर्षको हिसाबले तपाईंहरूको माझमा राख्दैछु ।

१) बुबाले मलाई के दियो ?

२) बुबालाई मैले के दिएँ ?

३) मेरा कारणले बुबालाई के कति समस्या पऱ्यो ?



https://dhamma.digital

यी तीन प्रकारका प्रश्नको उत्तर दिँदै छु ।

३ वर्षदेखि ६ वर्षसम्म थाहा छैन । ६ वर्षदेखि ९ वर्षसम्म जुवा खेलेको । ९ वर्षदेखि १२ वर्षसम्म गृह त्याग गर्दा बुबा रोइरहेको । पैसा पनि दिने र मैले पनि गाउँमा जाँदा मद्दत गर्ने । जग्गामा पनि मद्दत गर्ने । बुबाले मलाई पैसा दिने, काम गरेको खुसी हुँदा मीठो मीठो किनेर ख्वाउने । ९ वर्षदेखि १२ वर्षसम्म म प्रवजित भएर जाँदा रोइ रहने, यताउता हेर्न जाने । त्यसैबाट चित्त दुखाउने गर्नुहुन्थ्यो ।

१२ वर्षदेखि १५ वर्षसम्म बुबाले मलाई कहिलेकाहीँ पढ्नका लागि पैसा दिनुभएको थियो ।

मैले बालाई केही पनि दिइन । म प्रवजित भएकोमा चित्त दुखाउनुभयो ।

१५ वर्षदेखि १८ वर्षसम्म बुबाले अलि अलि माया र पैसा दिनु भएको थियो । मैले पनि केही दिइन । उहाँले चित्त दुखाएको भनेको नै म प्रवजित भएकोमा हो ।

१८ वर्षदेखि २१ वर्षसम्म केही मद्दत गरेन, मैले पनि गरिन । रिस पनि उठाएन । २१ वर्षदेखि २५ वर्षसम्म केही पैसा दियो पढ्नलाई । मैले मद्दत गरिन ।

२५ वर्षदेखि ३० वर्षसम्म पनि अलि अलि पैसा दिनुभयो ।

३० वर्षदेखि ३५ वर्ष जग्गा किनिदिनुभयो विहारका लागि । हालसम्म यथावत छ ।

३५ वर्षदेखि ४० वर्षसम्म मेरो बुबाले मलाई धेरै पैसा दिनुभयो । उहाँले किनिदिनुभएको जग्गा अहिलेसम्म त्यस्तै छ । तर उहाँले दिएको पैसा सुलक्षण कीर्तिविहारमा हालेँ । मैले केही पनि दिइन ।

४५ वर्षदेखि ५० वर्षसम्म आमाबुबाले कमाएर खर्च गरेको कसरी दुःख गरेँ । सन्तानका लागि जति दुःख भए पनि दुःख मान्दैन र लाग्दैन । यस्तो सबै याद गर्ने, आमाबुबाले दुःखकष्ट गरेर खाइनखाई कमाइ गरेर सन्तानका लागि पालनपोषण गर्छन् । यदि कुनै पनि उपासक, उपासिका वा ध्यान गर्ने साधकहरूले तपसिल बमोजिमका कामहरू नगर्ने नियम पालन गर्नुपर्ने हुन्छ :

१) झूठो कुरा बोल्ने



https://dhamma.digital

२) आफूसँग (आफ्नो मनसँग) भ्रूठो बोल्ने, आफूलाई धोका दिने
३) अन्तरमनदेखि क्षमा नमाग्ने रित (खाली) मात्र पुऱ्याएको जस्तो गर्ने
४) आफ्नो गल्ती ढाकछोप गर्ने, तर्क दिने
५) गल्ती लुकाउने, बहाना बनाउने
६) आफ्नो जिम्मेबारी अरुलाई सुम्पने
७) बोलेको बचनमा कायम नहुने
८) देखावटी गर्ने, सान दिने धम्की दिने वानी
९) सत्यभन्दा माथिको तलको कुरा गर्ने (अत्यधिक क्षमता देखाउने)
१०) कसैले सल्लाह दियो भने रिसाउने
११) आफ्नो गल्ती देखाउने स्वीकार नगर्ने
१२) चुक्ली गर्ने
१३) अरुको प्रगति देखेर डाहा गर्ने
१४) क्रोधी स्वभाव, आक्रामक बानी व्यहोरा ।
१५) चोरी गर्ने र साना कुरा पसलको सामान सापट नदिने ।
१६) ढिलो आउने, आफ्नो काम अरुलाई लगाउने, समयको चोरी गर्ने ।
१७) अर्काको स्वतन्त्रता हनन गर्ने वा अर्कालाई नियन्त्रणमा राख्ने ।
१८) सरकारी कर, विल, गाडी भाडा ट्र्याक्सी, रेल इत्यादि नतिर्ने ।
१९) अर्काको चित्तमा चोट पुऱ्याउने कुरा गर्ने, कडा बचन गर्ने ।
२०) परीक्षा र प्रतियोगितामा अर्काको नक्कल गर्ने वा चोरी गर्ने ।
२१) आफ्नो स्वार्थ पूरा गर्नका लागि अर्काको भावनामाथि खेल्ने र आफ्नो मतलव निकाल्ने ।
२२) अर्काको कुरा वा कार्य लुकेर हेर्ने वा हेर्न खोज्ने ।
२३) आफ्नो जिम्मेवारी दुरुपयोग गर्ने, सरकारको सम्पत्ति वा कम्पनीको सम्पत्ति दुरुपयोग गर्ने ।
२४) एक ठाउँ जान्छु भनेर अर्को ठाउँमा जाने ।

यो २४ वटा नियम नायकान ध्यान गर्ने व्यक्तिहरूले पालना गर्नु अति आवश्यक छ । यदि पालना गरेको छैन भने अहिलेदेखि पालन गर्नु अति आवश्यक छ । यो रुल दशांअकुल पापबाट निकालेर भगवान बुद्धले सिकाएको


https://dhamma.digital

नभनिकन २४ वटा रुललाई देखाएको र यसमा कतिवटा नियम पालन गरेको छ ? अरु बढी पालन गर्न सक्ने क्षमता राख्नुपर्छ । यो सबै नियमहरू भगवान बुद्धले सिकाउनु भएको थियो । गृहविनयमा भिक्षु भिक्षुणीहरूलाई त्यस्तै उपासक उपासिकाहरूलाई यो नियम पालन गर्दा सबैले माया ममता र विश्वास गर्छ । यदि यो नियम पालना गरेको छैन भने हानी मात्र हुन्छ । कसैले पनि विश्वास गर्नेवाला छैन । देशले पनि विश्वास गर्न सक्ने छैन । राम्रो या नराम्रो नियालेर हेर्न अति आवश्यक छ । यो २४ वटा नियम पालना भएको छ भने अति उत्तम । होइन भने कतिवटा पालना गरेको छ त ? आजदेखि पालन गर्न सक्ने क्षमता गर्नु । भोलि होइन ।

यसरी नायकान ध्यान भनेर आजकालको युवायुवती बृद्धबृद्धाहरूलाई सजिलो तरिकाले सिकाएर आएका छन् । हरेक धर्मावलम्वीहरू पनि आउन सजिलो भयो साम्प्रदायिक भएन । बुद्ध धर्म पनि साम्प्रदायिक होइन । तर मानिसहरूले बुझ्नेन । अब नायकानभन्दा सबैलाई ढाका खोल्यो । कसैको मुक्ति पनि छैन । त्यसो भएर क्याथलिक क्रिश्चियनहरू पनि नायकान बस्न आउँछ । ७ दिनसम्म बस्नुपर्छ । ७ दिनसम्म नायकान सिकाउनेसँगमात्र कुरा गर्न मिल्छ । अरुसँग कुरा गर्ने त के मुख पनि हेर्न हुँदैन । त्यही कोठामा सुत्ने, त्यही कोठामा ध्यान गर्ने २४ घन्टा नै एउटा कोठामा मात्र बस्नुपर्छ । ध्यान जाँच्न आउने भने एक घन्टाको एक एकचोटी आउने गर्दछ ।

सुरुवातमा आमादेखि लिन्छ । आमाले के दिएको छ ? ३ वर्षदेखि ६ वर्षसम्म भनेर अनि मैले आमालाई के दिएको छ भनेर सोध्दछन् । त्यसपछि मैले गरेर आमालाई केही तकलिफ दुःख भएको छ ? यति तीनवटा प्रश्नबाट ३ वर्षदेखि नमरेसम्म यस्तै सम्पूर्ण एक एक जनालाई अनि छिमेकी, साथी, गुरुजनहरू समेत गरेर एकहप्ता गराउने नयाँ तरिकाबाट सिकाएको छ । कान त कान समात्ने हो तर घुमाएर समात्न लगायो । यो २४ वटा नियम कुन धर्मलाई आवश्यक छैन । सबैलाई एकदम आवश्यक छ । यो नियम पनि ठाउँ देखेर समय हेरेर अवस्था हेरेर गरेको छ भने कहिले कसलाई कसरी किन भन्ने प्रश्न हुन्छ । जानी जानी कि उसलाई फाइदा बेफाइदा । अब यसको २४ वटा नियममा पहिलो झूठो कुरा बोल्नु हुँदैन भन्यो । यदि बोलेको छ भने के कारणले कहिले भनेर सवाल आउँछ ।



https://dhamma.digital

हुन्छ या हुँदैन भन्ने विषय लिएर एउटा उपमाका लागि कहानी भन्न चाहन्छु ।

भारतमा घटेको घटना हो । दुइ जना साहू महाजन थियो । दुवै जना सानो देखि एकदम मिल्ने, विस्तारै ठूलो भएर आयो । सम्पत्ति भने अलाख हिसाव गर्न सक्दैन । दुवै जनामा यत्तिकै सम्पत्ति । मानमर्यादा पनि राम्रो सुन्दर पनि केही पनि कुरा गर्ने भने ठाउँ छैन । आमाबुबा त्यत्तिकै खुसी । शील स्वभाव पनि त्यत्तिकै राम्रो नायकानमा भएका २४ वटा रुल पनि पालन गर्ने भएको । सबै जनाले टोलवासीहरूले मनपर्ने थियो । तरुण भएर आएपछि आमाबाबुको कर्तव्य ठूलो हुँदा विवाह कर्म गराइदिने । दुवै जनालाई विवाह कर्म पनि गराइदियो । बच्चाहरू पनि भयो । सबै परिवार खुसीसँग गइरहेको थियो । विस्तार आमाबाबु वितेर जाँदा आफू मालिक भयो । अनि दुवै जना साथीहरू बराबर भेटघाट हुने भेट भएपछि - हेर साथी हाम्रो आमाबाबुहरूले सबै धनसम्पत्ति छोडेर गयो । एकदिन हामी पनि त्यही बाटोमा जानुपर्छ । त्यसैकारण समय भएको बेला धर्म कर्म त्याग गर्नुपर्छ । त्यसैले मेरो पनि छोराछोरी ठूलो भएर आयो र तिम्रो पनि । घर सम्पत्ति सबै जिम्मा लगाएर हामी जंगलमा गएर ऋषि प्रवज्या हुन जाने । दुवै जना त्यहाँ बस्ने ध्यान गर्ने कुरा नगर्ने । ध्यान गर्दै निर्वाणसुख प्राप्त गर्न जाने है ? भनेर सल्लाह अनुसार सम्पत्ति सबै छोराहरूलाई जिम्मा दिएर दुवै जना साथीहरू जंगलमा ऋषि प्रवज्या भएर ध्यान गर्नुभयो । खाली पिण्डपात्र जाँदा त्यहीँबाटमात्र हेर्ने गर्थ्यो । वर्षौ वितिसक्यो दुवै जना ध्यानमा बसेको ।

एकदिन ऋषिहरूले भोजन सकेर पिण्डपात्र धुन लगाइरहनुभएको थियो । अचानक एकजना व्याधाले मृग देख्यो र वाणले हानेर मार्न खोजेको रहेछ । चलाख मृग भागेर अरु ऋषिको अगाडि जंगलमा भागेर लुक्ने गयो । मर्नु कसैलाई मन पर्दैन मृत्युदेखि सबैलाई डर छ । अरुसँग डर लाग्दैन मृत्युदेखि डर हुन्छ ।

व्याधा दौडेर आएर ऋषिसँग सोध्नुभयो- हे ऋषिज्यू, यहाँ एउटा मृग भागेर आएको देखेको छ ? ऋषिले विचार गर्नुभयो छ भन्दा मृगलाई मारेर लान्छ, अब भूठा पनि होइन मृग पनि बाँच्छ भने विचार गरेर आँखाले देखेको छ भन्न जान्दैन, मुखले भन्न जान्छ देखेको छैन भने ठूलो स्वरले छैन भनिदियो ।

अर्को ऋषिको मनमा हेर हेर यो साथीले भूठा कुरा गरेको, मृग जंगलमा



https://dhamma.digital

लुकेको दुवै जनाले देखेका थिए। मकहाँ आएर सोध्यो भने सही कुरा गर्छु झूठा कुरा गर्दिन। यसले झूठा कुरा गरेर शील विगार्‍यो भनेर विचार गर्दै थियो व्याधा त्यहाँ आइपुग्यो र सोध्यो मृगलाई देखेको छ ? शील पालन गरेकोले भन्यो- देखेको छु मैले पनि त्यो ऋषिले पनि। उसले झूठा कुरा गर्‍यो म गर्दिन। उ त्यहाँ जंगलमा लुकेर बसेको छ भनेर देखाइदियो। व्याधा न हो मार्नु आएको आफ्नो धनुषले हानेर मारेर मृग लग्यो। अनि सही कुरा गरेको ऋषिलाई चोट पर्‍यो। मैले गरेर मृगको ज्यान गयो यही दिनदिनै याद आयो। ध्यान पनि गर्न सकेन। पश्चाताप भएर मृत्युपछि दुर्गतिमा पुग्यो। झूठ कुरा गर्ने ऋषि मुनि सुगतिमा पुग्यो। त्यसैकारण ठाउँ हेरेर आफू र अरुलाई पनि फाइदा छ भने झूठले आपत्ति गर्दैन।

***अर्काको चित्तमा चोट पुऱ्याएको***

नायकान जापानी ध्यानको रुलमा गर्न नहुने कुरा अर्काको चित्तमा चोट पुऱ्याउने गरी कुरा गर्न नहुने तर समय परिस्थिति उनीलाई त मन पर्ने छैन। त्यसैले फाइदा हुन्छ भनेर अरुलाई हानी हुने आफूलाई पनि हानी हुने गरी कुरा गर्नु हुँदैन। बच्चा खाल्डोमा खस्न लाग्यो अथवा ठूलो नै नराम्रो बाटोमा जान लाग्यो भने त्यसलाई फकाएर फुलाएर नभए कडा शब्दले भए तापनि राम्रो बाटोमा राख्नुपर्छ। भगवान बुद्धको उपदेश अनुसार हो अरुलाई चित्त दुखाउने गरी शब्द भन्नु हुँदैन तर समय, काम, अवस्था हेरेर भने तापनि केही नोक्सान हुनेवाला छैन। कहिलेकाहीँ भगवान बुद्धले पनि अरुको चित्त दुखाउने गरी कडा शब्द भन्नुभएको थियो। जस्तै आमा बुबाले पनि आफ्नो सन्तानहरूलाई गाली गर्छ कसैलाई पिट्छ। के त्यो मन नपरेर हो ? आफ्ना सन्तानहरू नराम्रो बाटोमा लाग्ला भनेर नै पिटेको हुनसक्छ। यस्तै कुरामा ब्राह्मनहरू छलफल भयो र भगवान बुद्धले अरुलाई चित्त दुखाएको छ कि छैन यदि दुखाएको छ भने मानिसहरू अथवा पृथकजनहरू र बुद्ध के फरक ? छैन भने भगवान बुद्धले पनि गृहस्थीहरूजस्तो झूठावादी गर्नुभयो कारण देवदत्तलाई नर्क जान्छ भनी गाली गरेको के त भनेर सोधेर आउनु भनेर एकजना ब्राह्मणलाई पठाएछ।

एक दिन भगवान बुद्ध राजगृह बेलुवणाराममा बस्नु भएको बेला दोषमात्र खोज्ने ब्राह्मणहरूमा एकजना गएर सोध्नु भएछ। हे श्रमण, मैले एउटा



https://dhamma.digital

प्रश्न सोध्न आएको छु। भगवान बुद्धले के छ भन सोध्नु भनेर भन्नुभयो। अनि ब्राह्मणले भन्यो - हे श्रमण तपाईंले कसैको चित्त दुखाउने गरी अरुको मनमा चोट पुऱ्याउने गरी गाली गर्नुभएको छ ? भगवान बुद्धले जवाफ दिनुभयो- हे ब्राह्मण, मैले मेरो मनमा कसैलाई घात गर्ने विगार्ने, चोट पुऱ्याउने, दुःख हुने गरी गाली गरेको छैन। यदि अरुलाई सच्याउने राम्रो ठाउँमा जाउँ भने, राम्रो होस् भनेर भनेको कुरामा यिनीहरूको चित्त दुःख ठेस परेछ, चोट पुऱ्याएको छ मेरो के दोष ? आमा बाबुले गुरुजनले आफ्नो सन्तान आफ्नो चेला चेलीहरू राम्रो होस् राम्रो ठाउँमा पुगोस् भने मैत्री चित्त राखेर गाली गरेकोमा आमा बुबालाई केको दोष ? गुरुजनहरूलाई केको दोष ? यदि दोष दियो भने उनीहरूलाई नै हुन्छ। मलाई लाग्दैन। 'चित्तहं भिक्खवे कम्मं वदामी' चित्तमा पाप राखेर भए पाप लाग्छ। सबै कर्म चित्तले गर्छ।

ब्राह्मणको प्रश्न अनुसार दुईटैलाई लागेन। भगवान बुद्धले गाली गरेको छ पनि भनेन छैन पनि। ब्राह्मणहरूले त भगवान बुद्धलाई हरेक प्रश्न गरेर तल झार्ने नै प्रयास गरेका थिए। भगवान बुद्धले गाली गरेको छ भन्दा गृहस्थी र बुद्धमा फरक नै छैन कसरी बुद्ध भनेर मान्ने। अर्को कसैलाई पनि चित्त दुख्ने गरी चोट पुऱ्याउने गरी गाली गरेको छ भन्दा देवदत्तलाई 'नर्क जान्छ देवदत्त' भनेर गाली गरेको थियो। भन्नुहुन्छ, सुनारले सुनको महत्व छिट्टै जान्दछ। विद्वानजनले विद्वानको महत्व जान्दछ। त्यसपछि त्यो ब्राह्मण भगवान बुद्धको चित्त रहनसहन बोली बचन सम्पूर्ण हेरेर ब्राह्मण भगवान बुद्धको शरणमा गयो।

त्यसैकारण कसैलाई जिउ धनमा हानी पुऱ्याउने गरी सानो स्वरले भने तापनि अरुलाई ठेस पुऱ्याउनु हुँदैन। चित्त सफा गर्नु पर्छ। मैत्री, करुणा, मुदिता र उपेक्षा राख्नुपर्छ। यसमा अरुको चित्त दुखायो भने केही भोग्नु परेको छैन।

## ३. धर्मको नाता :

*आरोग्य परमं लाभ, सन्तोषी परमं धनं।*

*विश्वासी परमं ञाती निब्बानं परमं सुखती।*

लाभ सत्कारमध्ये ठूलो लाभ भने आरोग्य निरोगी हुनु, धनसम्पत्ति मध्ये ठूलो धन सन्तोषी हुनु, विश्वासी भनेको सबभन्दा ठूलो जाती आफूलाई विश्वास



https://dhamma.digital

परेको ।

आमाले जन्म दिएर हुँदैन, विवाह गरेर मात्र श्रीमान श्रीमती बन्दैन । निर्वाण जस्तो ठूलो सुख केही पनि छैन । निर्वाण प्राप्त गर्न सक्यो भने फेरि फेरि जन्म लिनु आवश्यक छैन । जबतक जन्म लिनुपर्छ तबतक दुःखै दुःख छ ।

विश्वासी परमं ञाती भनेको विषय– म अहिले जापानमा घुम्नका लागि आइरहेको छु । इसिसा भन्ने जापानको उपासक नेपालमा नायकान सिकाउन आउनुभएको थियो । नायकान जापानी भाषा भित्रदेखि भित्र मनको हेर्नु भनेको रहेछ । एक प्रकारको ध्यान नै हो । ध्यान छैन भने चित्त बाहिर जानेछ । नेपालमा आफ्नै विहारमा दुई चोटि नायकान ध्यान राख्नुभयो । मलाई पनि राम्ररी सिक्न जान्ने इच्छा छ तर समयको अभावले गर्दा सिक्न पाइन । अनि इसिसालाई भने मौका पाए जापानमा आएर सिक्न आउने छु । इसिसाज्यूले निमन्त्रणा आउने जाने बस्नको लागि सम्पूर्ण जिम्मा लिएर कागजसमेत लिएर आउनुभयो । भाग्यले उहाँहरूको मेहनतले गर्दा भिसा प्राप्त भयो ।

२०७३ चैत १७ गते नेपालबाट जापान आएँ । १९ गतेदेखि नायकानमा ध्यान गर्नुको लागि सिक्नको लागि तयार भएर सिकेँ । यिनीहरू आफ्नो नाता कुटुम्ब होइन । न देशको नाता न जातको नाता न आमाबाबु, साथीभाइहरूको नाता ? विश्वासको नाता पर्‍यो । मलाई पनि उनीहरूप्रति विश्वास भयो र उहाँहरूले पनि मलाई विश्वास गर्नुभयो ।

नायकान ध्यान केन्द्रमा बसेँ । मलाई पनि इच्छा थियो । यो नायकान भनेको के रहेछ । मैले त आनापाना सती विपश्यना ध्यान तीन तीन महिना त गरिसकेँ तर भाषा बुझ्न नायकान ध्यान । अनि त्यहाँ एक्लै राख्ने रहेछ । आवाज निकाल्नु हुँदैन । खाना पनि बसेको ठाउँमा ल्याउने । जलपान भोजन बसेको ठाउँमा खानुपर्ने, यताउता जानु हुँदैन । विहान ७ बजे आधा घण्टा सफा गर्नुपर्छ । कपडा धुने जुठो माझ्ने सबै तिनीहरूले गरिदिन्छन् । समय समयमा तातोपानीको व्यवस्था गरिराखेको छ । बेलुका ८ बजेपछि नुहाउने शरीर सफा गरेर तातोपानीको पोखरी बनाइ राखेको छ । त्यसमा १०–१५ मिनेट डुबाएर बस्ने फेरि ध्यान मौन बस्नुपर्छ । कसैसँग मुख हेर्न हुँदैन । नायकान ध्यान अत्यन्त आवश्यक छ । मेरो विचारमा १० वर्षदेखि सिकाउनु आवश्यक छ । किन कि



https://dhamma.digital

यसले भित्र हृदयदेखि गुणलाई सम्झाउने रहेछ । राग, द्वेष, क्रोध राख्नु हुँदैन । क्रोध भएकाले गर्न सक्दैन । जापानको जंगलभित्र नायकान सेन्टर बनाइएको रहेछ तर सम्पूर्ण व्यवस्थित छ । नेपालबाट नै नायकान ध्यान गर्ने भनेर आएँ । देश होस या जंगलमा विश्वासको भर । यो ठाउँमा एकैचोटी झमझम पानी पर्ने, एकैचोटी टिलटिलाप घाम चर्कने ठाउँ पऱ्यो । हुन पनि विहान सेतो देखिन । हेर्दा मज्जा लाग्यो परिवर्तन । यहाँ पूरा पंचशील पालन भएको छ । कसैको कसैलाई मतलब छैन । सुनेको छु पंचशील पालन भएको कारणले नै यति छिटो देश विकास भएको हो । पंचशील हाम्रो देश नेपालबाट लगेको त हो नि । कारण भगवान बुद्धले सिकाउनु भएको शिक्षा हो यो । पहिला चरित्र शुद्ध हुनुपर्छ भनी उपासक र उपासिकाहरूको लागि खाली पंचशील पालन गरे पुग्छ । पंचशील पालन भयो भने कसैसँग डराउनुपर्ने छैन । यहाँ साँचो मार्नु परेन सबै त्यस्तै छ । चोरहरू छैन । नायकान भनेको के त भन्दा भित्र हृदयदेखि गरी राखेको गुणलाई सम्झाउने । कसरी भन्दा पहिला नम्बर आमाले हामीलाई के दियो ? आमाले जन्म दियो । १० महिना पेटमा राखेर कोही कोही आमा त बच्चा पेटमा आउँदादेखि एकदम खुसी हुन्छन् । अर्को पीर लाग्ने कारण बच्चा अपांग जन्म हुन्छ कि भनेर हो ।

हामी राम्रो जन्म भयो तर फोहर सबै सफा गरिदिनुपऱ्यो । पहिले पहिले पानी हुँदैन । पुरानो कपडा राखी दिन्छ । आजकल जस्तो हिसपेपड छैन । गरिबहरूको त अहिले पनि पुरानो कपडा (इचा) भन्दछन् । त्यो कपडामा दिसा लागेको धुँदा कहिलेकाँही नङमा बच्चाको दिसा अड्केको हुन्छ । खाँदा हात पनि धुन पाएको हुँदैन । बच्चाको फोहर सफा गर्दागर्दै हातै धुन बिर्सिन्छ । त्यसै कारणले गर्दा आमाले एउटा बच्चा हुर्काउँदा बच्चाको दिसा एक धार्नी खाइसके को हुन्छ रे । अन्जानमा हामीले तीन वर्षसम्म केही बुझ्दैनौँ । आमाले राम्रोसँग स्याहार गर्नुहुन्छ । आमाले दिएको यही हो । त्यस्तै ३ वर्ष, ६, ९, १२, १५, १८, २१, २५, ३०, ३५, ४०, ४५, ५०, ५५ वर्षमा के दियो भनेर हिसाब गर्छ ।

अब आयो हामीले आमालाई के दिएँ त ? सानोमा खुट्टाले हान्यो, दूध घाउ गरी काटी दिए । नजानी कुट्छ । ३ वर्षसम्म याद हुँदैन ।

अब आयो आमालाई चोट पुऱ्याएँ, दुःख दिएँ, दुःख भयो त । तीन



https://dhamma.digital

वर्षमा त दुःख लाग्दैन । खुसी हुन्छ । विस्तारै विस्तारै यस्तो याद गर्ने अब आमाबुबालाई पनि त्यसैलाई नायकान ध्यान भन्दछन् । अहिले अभ्यास गर्दैछु ।

## ४. २०७३ चैत १७ गते जापान पुगेको बेला

काठमाडौँबाट बेलुकी ११.१५ मा चाइना साउथर्न प्लेनबाट ग्वाङ्जाउमा ६ घन्टा लाग्यो । ग्वाङ्जाउ एयरपोर्ट हाम्रो काठमाडौँ एरियाभन्दा ठूलो छ । त्यहाँ प्लेन रोकेको ठाउँबाट गाडीमा पुग्न ११ मिनेट लागेको थियो । पहिला भन्दा अहिले धेरै ठूलो र परिवर्तन भएको देखेँ । म पहिला ०५४ साल, ०५७ साल, ०४२ सालमा आएको बेला यस्तो थिएन । यति वर्षमा धेरै फरक देखियो । ग्वाङ्जाउको हावापानी हाम्रो नेपालको जस्तै छ ।

नेपाल सानो देश छ । यसमा पनि खाली झगडा मात्र गरिरहने । विकास गर्ने भनेको छैन । जति विकास हुनुपर्ने भएन । आफूले पनि गर्न सक्दैन र अरुलाई पनि गर्न दिँदैन । आफ्नो स्वार्थका कारणले गर्दा देश टोल घर विकास गर्न सकेको छैन । आफू मात्र राम्रो भएर पुग्छ र । आफ्नो परिवार आफ्नो घरमात्र राम्रो भएर पुग्छ भन्ने नराम्रो विचार भएको कारणले गर्दा नै विकास गर्न नसकेको हो । हाम्रो धेरैजसो नेपालीहरूले आफ्नो घरभित्र सफा गरे पुग्छ बाहिर जेसुकै होस् । घरमा सफा गरेको धुलो बाहिर फ्याँकिदिन्छ । त्यही धुलो कुल्चेर आफ्नै घर भित्र आउने छ भन्ने विचार हुँदैन । पहिला त घरमा कोपडामा मुतेको पिसाब गरेको झ्यालबाट फ्याँक्ने चलन छ । त्यस्तै खकार पनि झ्यालबाट फ्याँकेको मेरो शरीरमा पऱ्यो । झ्यालबाट पिसाब फ्याँकेको चमेली गुरुमाको टाउकोमा र अश्वघोष भन्तेको टाउको निर लाग्यो त्यो पनि न्युरोडमा । यो सबै प्रज्ञा ज्ञान नभएको कारणले गर्दा भएको हो । आफ्नै आँगन फोहर हुन्न भनी यो पहिलाको कुरा याद आएको कारण म मार्च ३१ का बेलुका ४ बजे हानेदा एयरपोर्टमा पुग्दा त्यहाँको सफाई हेर्दा याद आएको हो । आकिरा इभिले लिन आउनुभएको थियो नेपालमा ध्यान सिकाउन ।

टोकियो हानेदा एयरपोर्टबाट ४.४५ मा हाजोमिनो देसानायकान सेन्टरमा आएको थिएँ । पहिला एयरपोर्टबाट बसमा आउँदा प्यासेफिक समुद्रभित्रबाट आउनुपर्ने रहेछ । समुद्रभित्र बसबाट दुई घन्टा लागेता पनि समुद्र अथवा बाहिर देखेको



https://dhamma.digital

छैन । बल्ल चार घन्टा सकेपछि अर्को स्टेसन पुग्दा सिचेको नाकानोमन दिदीले तीन घन्टा ड्राइभ गरेर सिन्सु नायकान केन्सिज्यो भन्ने ध्यान गर्ने ठाउँमा राति ११.३० पुग्यो । यो केन्द्र हेर्दा जंगलको बीचमा छ । हिँउ फुरफुर झरिरहेको देखेँ । चिसो पनि लाग्यो । यहाँ त अमेरिकाको मेन भन्ने ठाउँमा जेन्दो मेडिटेसन सेन्टर जस्तो लाग्यो । कारण जंगलको बीचमा भएकाले सुनसान चरा पनि कराइरहेको सन्नु पाइएको छैन । मलाई त दुई रात सुत्न र ठीक खाना नभएकाले पेट गडबड भइरहेकोले धेरै नै थाकेर सुत्न मन लाग्यो । जुन नेपालमा नायकान सिकाउने आकिरा रसि र सिचेको नाकोनो दिदी दुवै जनाले आफ्नो बुबा र दिदीले सम्पूर्ण तयारी न्यानो कोठा र कपडाहरू मिलेर राखेको कारणले आफ्नै विहारमा सुतेको जस्तो आराम गरेर सुतेँ ।

अप्रिल १ को दिन भोलिपल्ट जलपान ९ बजे रेडी गरेर राख्नु भएको थियो । जलपान गर्दा एकजना पहिला क्रिश्चियन रे अहिले नायकान ध्यान गर्ने, उहाँको नाम अकिको ओकाजाकी हो, आइपुग्नु भयो । उहाँसँग परिचित गरी दिनुभयो । उहाँ पहिला क्रिश्चियन सबै देवता यशुले गर्छ भन्थ्यो । अहिले आएर होइन भने थाहा पायो । उहाँको आमाले सानैदेखि मन नपर्ने रहेछ । कारण सानोमा तौल दुई चार किलो नै छैन । समय नपुग्दा पाएको भनेर अर्को बुबाले पालेको रहेछ । पछि आए बुबाले पनि मन नपर्ने यही एउटा दुःख । तर विवाह भयो आमाले मन नपरेको नराम्रो याद आएर मानसिक तनाव भयो । पागल जस्तै बच्चाहरूको स्कुलमा छोरीले काम गरेको आमाले सहन सकेन । स्कुलको हाकिम पनि आमासँग मिल्ने झन दुवैजना मिलेर गाली गर्ने चुकुली गर्ने यस्तो दुःख दिनु भएको थियो हाकिम र आमा मिलेर कुट्ने, त्यो बेलादेखि डिप्रेसन भएर बहुलाई हुन पुग्यो । धेरै औषधि खाए । एकजना नायकान सिकेको डाक्टर भेट्यो । त्यसैले नायकान गर भन्दा एक वर्ष कोठाबाट बाहिर नआइकन नायकान गर्दा रोग चट्टै निको भयो । अब क्रिश्चियनमा लाग्ने देवताले निको पार्ने होइन । आफू आफूलाई नै हेर्नुपर्छ । अब यसलाई लगातार गरे जान्छ । मलाई सम्पूर्ण ठीक भयो भनेर खुसी हुनुभयो । आमाले मन नपरेको चाहनाको एउटा कथा भन्छु ।



https://dhamma.digital

*पूर्वजन्मको कर्म*

एउटा गाउँमा एक परिवार थियो । त्यो परिवारमा श्रीमान श्रीमती मात्र थियो । श्रीमान श्रीमती अत्यन्त मिल्ने । दुवै जना कहिले पनि झैझगडा भनेको छैन । परस्पर कर्तव्य पालना भएको थियो । श्रीमानले श्रीमतीप्रति गर्नुपर्ने कर्तव्य ५ वटा पालना गरेको थियो । यो ५ वटा भनेको यस प्रकार छ :

१) आफ्नो श्रीमती अथवा जीवनसाथीलाई सम्मानपूर्वक व्यवहार गरेको थियो ।

२) श्रीमतीलाई अपमान गरेन श्रीमतीसँग सुख दुःखको एकमात्र मित्र सम्झेर व्यवहार गरेको थियो ।

३) आफ्नो जीवनसाथीबाहेक अथवा आफ्नी पत्नीवाहेक अरु स्त्रीहरूसँग गमन गरेको थिएन आँखाले पनि हेर्दैन ।

४) आफूले कमाएर ल्याएको धनसम्पत्ति जिम्मा दिएर विश्वास पात्र बनेर राखेको थियो ।

५) आफ्नो श्रीमतीलाई शक्ति अनुसार गहना लत्ताकपडा किनेर दिएको थियो । यस्तै आफूले सकेको समाना लिएर दुवैजना मिलेर बसेका थिए । श्रीमानको कर्तव्य भएर मिलनसार हुँदैन । त्यस्तै श्रीमतीको पनि आफ्नो श्रीमानप्रतिको कर्तव्य ५ वटै पालना भएको थियो । यो पनि यस्तै छन् :

१) घरको गर्नुपर्ने सम्पूर्ण काम यथासमय राम्रोसँग मन लगाएर गरेको थियो ।

२) इष्टमित्र तथा छरछिमेकीहरूलाई संग्रह गर्ने र दुईटै परिवारलाई राम्रोसँग सेवा गरेर बसेको थियो ।

३) सपनामा पनि परपुरुषको कल्पना नगरिकन आफ्नै श्रीमानको पतिव्रता धर्म पालना गरेर बसेको थियो ।

४) आफ्नो श्रीमानले कमाएर ल्याएको सम्पत्तिमा सन्तोष भएर धनसम्पत्तिको रक्षा गरेर बसेको थियो ।

५) घरको सफाई सुग्घर सम्पूर्ण काम गरेर सुखीपूर्वक जीवन विताएर बस्यो । दुवै जनाको कर्तव्य पूरा भएपछि झगडा कहाँबाट । दुवै जनाको विश्वास छ परस्पर ।

यो दुवै जना मिलेर बसेको सहन नसक्ने पनि छ । आफु पनि मिल्न सकेन



https://dhamma.digital

अरु पनि मिलेर बसेको सहनु सकेन। त्यस्तो डाहादे भएको एकजनाको मनमा सधै खेली राख्ने। तिनीहरूलाई कसरी विछोड गर्ने भनेर खाली निहुँ नभए तापनि निहुँ पारेर झगडा गर्न आउने। सधैभरी झगडा गर्ने। टोलको मानिस नै परेछ सहनु न हामीले केही गरेको छैन सहनु भन्दा भन्दै सहन सकेन। सहनुको पनि सीमा हुन्छ। सधैँ झगडा गर्न आउने अत्याचारी नै भयो। भए नभएको चोरीको आरोप लगाउने। कहिले श्रीमतीसँग संगत गऱ्यो भनेर आरोप लगाउने यस्तै धेरै आरोप प्रत्यारोप गरेर झगडा गर्नु आउने गर्थ्यो। एक दिन होइन दुई दिन होइन सधैँ झगडा भएपछि टोल छिमेकीले पनि हेर्न सकेन। अनि विचरा सोझोलाई अरुले पनि सिकाइ दियो धेरै सहनु पनि पाप हो भनी। त्यसैकारण भगवान बुद्धले भन्नुभएको छ जसले जे भने तापनि आफूले एकचोटी नियालेर हेर्नुपर्छ। अर्काका कुरामा लै लैमा जानु हुँदैन। राम्रो सत्य फाइदा हुने हो स्वीकार गर्ने। नराम्रो बेफाइदा हानी हुने कुरालाई स्वीकार नगर्ने कुरा नै नसुन्ने।

तर सोझो व्यक्तिले होस गर्न सकेन। अर्काको कुरालाई सुनेर खुकुरी लिएर दुवै जना हानाहान भयो। दुवै जना मृत्यु भएर शत्रुचाहिँ त्यो महिलाको कोखमा जन्म भयो। तर श्रीमानचाहिँ घरको कुकुर भएर जन्म लियो। घरको कुकुर छिटो पायो। अनि त्यो कुकुर ३ महिना भएदेखि माल्कीनलाई हेरविचार गरेर बस्ने। माल्कीनले छोरा पाउँदा त्यही शत्रु। अनि शत्रुलाई दूध ख्वाएर बस्यो आफ्नो श्रीमान कुकुर हेरेर बस्यो। यही कुरा भगवान बुद्धले बताउनुभयो। आफ्नो आफ्नो कर्मको फल भोग्नुपर्ने के थाहा छ श्रीमतीले श्रीमान कुकुरको कोखमा जन्म भयो भनेर शुत्र चाहिँ छोरा भएर। यस्तो पनि कर्म हुने रहेछ। यो कथा याद आयो।

ओकासा जाकिको पनि यस्तै होला कि जन्मदेखि आमाले छोरीलाई मन परेन भनेको कुरा आफ्नो आफ्नो कर्म हुन सकिन्छ। होइन भने आफूले जन्म दिएको छोरीलाई किन मन नपर्ने ?

## ५. नायकान भित्रबाट गुणलाई सम्झने

गुणलाई कहिल्यै पनि बिर्सन हुँदैन। कसैले भन्दछन् मेरा आमा बाबुले के गरेको छ खाली जन्ममात्र दियो। यिनीहरूलाई चाहेकोले मात्र हो। होइन



https://dhamma.digital

त्यसो होइन सन्तान मन पर्नेलाई कति मेहनत गर्छ । आफ्नो सन्तानलाई केही हुन्छ भनेर रात दिन नसुती खाना दूध ख्वाइरहन्छ । बच्चाको मुखमा मात्र हेरिर हन्छ । त्यस्तो राति बच्चपनमा हेरेको हामीलाई के थाहा छ ? अरुले गरेको हेर्नुपर्छ । अर्काको बच्चालाई पालन पोषण गरेको हेरेर मलाई पनि यस्तै गरेको होला भनी याद गर्नुपर्छ ।

जस्तै आफ्नो बच्चा पाउँदा कस्तो दुःख सुख हुन्छ । निद्रा भन्दैन । झन रोगी बच्चा भए त्यही कुरालाई याद गरेर आफ्नो आमा बाबुको गुणलाई याद गर्नुपर्छ । होला कोही कोही आमा बाबु पनि मूर्खहरू छन् । अर्काको कुरा सुनिन्छ हो होइन भनेर छुट्ट्याउने प्रज्ञा हुँदैन । यस्तो व्यक्ति जसले जे भनेता पनि विश्वास गरेर बस्छ । त्यसैकारण गृहस्थी जीवनलाई पनि कर्तव्य र कर्तव्या भनेर सिकाउनु भएको थियो । आफ्नो कर्तव्य पूरा नभएको आमा बुबा नभएको होइन खाली जन्म दियो जेसुकै होस भनी वास्ता नगर्ने पनि छन् ।

त्यस्तै छोरा र छोरीहरू पनि आमा बुबाको जति गुण गरेता पनि उहाँहरूसँग सम्पत्ति भएसम्म लिने नभए छोडिदिने । बृद्धाश्रममा छाडेका पनि छन् । मेरो छोराछोरीले पनि हामीलाई यस्तै गर्छ भनेर चेतना नआउने पनि नभएको होइन । जे होस आफूले के रोप्छ त्यही उम्रने र फल्ने हो । धान रोपिँदा गहुँ फल्दैन । मानिस भएर जन्मे पछि यति याद गर्नु । राम्रो काम गरेर जाँदा यस लोक र परलोकमा पनि राम्रै हुनेछ । गुणलाई विर्सन हुँदैन । भात एक चम्चा दान लिएको त्यो व्रह्मको गुणलाई सम्झेर बुद्ध शासनमा प्रवजित अथवा भिक्षु बनाएको कहानी सुनाउन चाहन्छु ।

भगवान बुद्ध श्रावस्ति अनाथपिण्डिक महाजनले बनाइदिनु भएको जेतवन विहारमा बस्नु भएको अवस्थामा घटेको घटना हो । त्यहाँ श्रावस्तिमा असाध्य धनाढ्य व्राह्मण परिवार थियो । व्राह्मणको झ्याल मुनिबाट भगवान बुद्धलगायत भिक्षुसँगहरू भिक्षा माग्न जाने गर्थे ।

भगवान बुद्ध अगाडि भिक्षुसंघ पछाडि पिण्डपात्र लिएर लाइनमा गएको हेरिरहने । तर कहिले पनि दान दिने भने चलन थिएन । दिने व्यक्तिहरूलाई निन्दा गर्ने व्राह्मणहरू थिए । एक दिन छिमेकीहरूले लाइनमा दिइ राखेको देखेर ब्राह्मणलाई पनि एक चम्चा भात दिने विचार आएर खाली सानो चम्चाले



https://dhamma.digital

भात दान दियो त्यो सारीपुत्र भन्तेलाई । सारीपुत्र भन्तो आश्चर्यचकित भयो । जिन्दगीमा कहिले पनि एक चम्चा भए पनि दान दियो भनी आशीर्वाद दिएर जानुभयो ।

जिन्दगी सबै एकनास हुँदैन । त्यो ब्राह्मणको घरबाट एकजना दुईजना गर्दागर्दै सम्पूर्ण परिवार मृत्यु भएर गयो । विचरा बृद्ध एक्लैमात्र बाँच्यो । त्यो जस्तो दुःख कहाँ हुने त ? सारीपुत्र भन्ते पनि त ब्राह्मण थियो । तर उहाँसँग घमण्ड भनेको जन्मँदा नै थिएन । यो ब्राह्मणसँग धेरै नै जात, धन र परिवारको घमण्ड थियो । विचरा ब्राह्मण एक्लै हुँदा पनि मर्नु पनि काल नआई मर्नु भएन । जेसुकै होस् भगवान बुद्धकहाँ गएर भिक्षु बन्न जान्छु भनेर श्रावस्ति विहारमा गएछ । भिक्षु बन्नका लागि प्रार्थना गर्दा भगवान बुद्धले भिक्षुसंघलाई सोध्नुभयो । हे भिक्षुहरू हो तिमीहरू कसैलाई गुण गरेर राखेको छ कि ?

भिक्षुहरूले जवाफ दिनुभयो हामी कसैलाई पनि गुण गरेको छैन, गाली मात्र गर्ने हो यो ब्राह्मण । अनि सारीपुत्र भन्तेलाई भगवान बुद्धले सोधेको बेला सारीपुत्र भन्तेले जवाफ दिनुभयो कि भगवान यो ब्राह्मणले मलाई भात एक चम्चा दिएको छ । त्यही गुणलाई कदर गरेर मैले भिक्षु बनाइदिन्छु भन्नुभयो । अनि भगवान बुद्धले साधु साधु साधु भनी सारीपुत्र गुणलाई जान्ने तिमी छौ । गुण गर्ने भन्दा गुणलाई सम्झने ठूलो छ । गुण भनेको एक पटकमात्र गर्न सकिन्छ बारबार गर्न सक्दैन । गुण गर्ने व्यक्ति पनि दुर्लभ छ । गुणलाई सम्झने झनै दुर्लभ छ । सारीपुत्र तिमीले नै यो ब्राह्मणलाई भिक्षु बनाइदिनु भनी अनुमति दिनुभयो । अनि सारीपुत्र भन्तेले त्यो ब्राह्मणलाई भिक्षु बनाइदियो ।

भोलि के हुन्छ हामीले थाहा पाउँदैन । आफ्नो हातमा के छ भनेर घमण्ड नगर । लोभ, क्रोध, मोह, अहंकारलाई बसमा राख्न कोसिस गर्न सिक्नुपर्छ । सके अरुलाई मद्दत गर्ने नसके डाहा, जलेस, खिसी नगर्ने । सके मद्दत गर, नसके चुप लागेर बस । अरुको निन्दा गर्ने बानी हटाउनु ।

## ६. जंगलमा ध्यान अरण्यगतानवा

पहिला सन् १९८१ अप्रिल २१ को दिन नेपालबाट पढ्नका लागि बर्मा गएँ । तर पहिला ध्यान गर्नुपर्छ भने त्यो समय महासि सासना यता भन्ने जंगलको



https://dhamma.digital

बीचमा थियो ध्यान केन्द्र । पढ्न जाने मोलमिन खेमारामासातताई मोल्मिनमा तर ध्यान राख्यो रंगुनमा ।

त्यो समय ध्यान गर्नु असाध्य कष्टदायक थियो । कारण एउटा गर्मी भएकोले, नेपालमा त्यति गर्मी थिएन । बर्मी भाषाले पनि समस्या पऱ्यो । मलाई बर्मी भाषा आउन्नथ्यो । तर सुजाता शाक्य एकजना भएका कारणले गर्दा उसले अँग्रेजी भाषाबाट उल्था गरिदिनुहुन्थ्यो । जति ध्यानमा निमित भएर आउँछ त्यति राम्रो भन्न आउँदैन । त्यसो भएता पनि ३ महिना ध्यान गरेँ । त्यो समय माहासी सयादो हुनुहुन्थ्यो । तयासें भनेर कहिले काही उहाँ जाने । भन्ते पनि एकदम खुसी हुनुभयो । ध्यान भनेको समयमा गर्नुपर्छ । वर्ष गएपछि झनझन गाह्रो हुँदो रहेछ ।

सतिपठान विपस्यना ध्यान सिकाउनु हुन्थ्यो । नेपालमा दोपञाचारी गुरुमाले पहिला ध्यान सिकाउनुभएको थियो । र पछि उ सुन्दर भन्तेले सिकाएको कारणले गर्दा त्यति गाह्रो लागेन । यतिमात्र दुःख कि भाषा समस्या । ध्यान अत्यन्त आवश्यक छ । व्यवहारमा उतार्नुपर्छ । दानशील र ध्यान । त्यागमा नभई नहुने चरित्र शुद्ध हुनैपर्छ । विना चरित्र शुद्ध भएन भने समाधि लाग्दैलाग्दैन अनि मात्र ध्यान एकैचोटी ध्यान गर्दा बुझ्न गाह्रो छ । त्याग पनि अत्यन्तै जरुरी छ । त्याग गर्न सकेन भने ध्यान बस्न सक्दैन । बस्न त बस्छ तर ध्यान लाग्दैन । मन विचलित भएको व्यक्ति कसरी ध्यानमा बस्ने ? त्यसैकारण भन्नुहुन्छ घर एउटा बनाउनका लागि जग बलियो हुनुपर्छ अनि पर्खाल बलियो हुन्छ ।

२००१ मा अमेरिका गएँ । त्यहाँ पनि जंगलभित्र ध्यान केन्द्र छ । त्यहाँ जन्दो मेडिटेसन सेन्टर भन्दछन् । त्यहाँ पनि बुद्धिष्ट महायानी थेरवाद र बज्रयानीहरू आएर ध्यान बस्न आउँछ । मलाई पनि सारा लिभिङले हप्ताको एकचोटी लिएर जाने गर्थ्यो । म मेनमा ४५ दिन बसेको थिएँ । सबैलाई जंगलभित्रमात्र ध्यान केन्द्र बनाइ राखेको छ । क्यानडामा पनि घोर जंगलभित्र मण्डितारामा ध्यान केन्द्र । जंगलभित्र हुँदा अबरुद्ध हुँदैन भनेर होला । तर ध्यान भनेको जहाँ बसे पनि हुन्छ जस्तो लाग्छ । मेन जेन्दो मडिटेसन सत्रमा कहिले काहीँ त्यहीँ बस्ने गर्छु । २५० रोपनी एकजना जापानी गुरुले ध्यानका लागि भनेर किनेर राखेको रहेछ । म जाँदा त्यो गुरुले मलाई स्यावास गर्नुभयो । अनोजा तपाईं यहाँ बसिदिनु, म यहाँको सबै अधिकार दिन्छु भनेर । बस्न त मनपर्छ तर आमाबाबु


https://dhamma.digital

नेपालमा । अहिले भए त हुन्छ भन्थैं हुँला । मैले स्वीकारिन । तिनीहरूले भने का कारण मसँग ५ वर्षको अमेरिकाको भिसा पनि छ। अर्को त्यस्तो जंगलभित्र एक्लै बस्न पनि सकिन्न । अनि त्यहाँ पनि ध्यान केन्द्र संचालन भइरहन्छ भनेर विचार गरेको होला ।

त्यही समय म बोस्टनको हार्वड विश्वविद्यालयमा अंग्रेजी भाषा सिकिरहेको थिएँ। त्यही समय न्युयोर्कको ११० तल्ला भएको वर्ल्ड ट्रेड सेन्टर भने भष्म भयो। त्यो २००१, सेप्टेम्बर ११ मा भएको घटना थियो । हार्वडमा पढ्नका लागि अमेरिका जान बस्न खानका लागि सबै सारा लिभेन र बाबु दाइहरूले जिम्मा लिनुभएको थियो । त्यो गुण कहिले पनि विर्सन सक्दैन । उहाँहरूलाई धेरै धेरै धन्यवाद र सुस्वास्थ्य र दीर्घायु कामना गर्दछु। बोस्टनमा पनि ध्यान केन्द्र छ। त्यहाँ पनि ध्यान गर्न जाने । त्यहाँ त जंगलमा होइन सहरभित्रै छन् । धेरैजसो ध्यान केन्द्र जंगलभित्र नै बनाइराखेको देखें । एकान्त, सुनसान ठाउँ । मनलाई एकाग्र गर्नु सजिलो हुन्छ भन्ने होला। भगवान बुद्धले पनि भन्नुभएको छ 'अरुय गतोवा' सुनसान भएको ठाउँमा बस्न मनपर्छ ।

२०७३ चैत १७ गते पनि जापानका लागि काठमाडौँबाट गएँ। १८ गते जापान पुग्ने बित्तिकै नायकान ध्यान केन्द्रमा लग्यो। सिधा जापान देश नै देखे को छैन । जापानको हानेदा एयरपोर्टबाट नायकान ध्यान केन्द्र हजोमिनो भन्ने ठाउँमा पुग्नका पहिला बसबाट ४ घन्टा लाग्यो अनि कारबाट ३ घन्टा लाग्यो, जम्मा झन्डै ७ घन्टा लाग्यो। हजोमिना पुग्दा जंगलैजंगलको भित्र ध्यान केन्द्र बनाइराखेको छ। केही पनि आवाज छैन । चरापन्छी त कराउन पर्ने त्यो पनि छैन। हिँउ परिरह्यो, फुर फुर भित्र पसेँ त्यहाँ सबै व्यवस्थित गरेर राखेको छ।

भोलिपल्ट ध्यान गर्न तीन जना आए। अनि भात पकाउने सबै मिलाउने त्यो ध्यान केन्द्रको दायखत्र ओकासाजाथिलाई मैले दिदी भन्दा खुसी हुनुभयो, अर्को सेवा गर्ने अघिको आकाजाधि यो ले अंग्रेजी जान्छ समस्या परेन र मलाई स्पोन्सर दिएर ल्याएको इसिसाँ यो तीन जना छन् । चैत १९ गतेदेखि एकहप्ताका लागि नायकान ध्यान सुरु गरेँ । नायकान अहिले भइरहेको कुरालाई हेर्ने जस्तैः १) आमाले हामीलाई अथवा मलाई के दियो ? २) मैले आमालाई के दिएँ ? ३) मैले के गरेर आमालाई के समस्या



https://dhamma.digital

पऱ्यो ? यस्तै सम्पूर्ण परिवारलाई हेर्ने । एकचित्त गर्न सकेन भने मैले गरेको आमाले दिएको विर्सने रहेछ । त्यसैकारण एकचित्त भएर एउटा एउटा नियालेर हेर्नुपर्छ । ध्यान विभिन्न प्रकारले हेर्न सकिन्छ । यसरी बस्ने ध्यानलाई जापानी भाषामा नायकान भन्दछन् । यस्तै अभिधर्म, अभि मतलव भित्र धम्मस्वमा चित्तको स्वभावलाई हेर्ने भनेजस्तै । आफ्नो चित्तलाई एकाग्र नभएसम्म सुख पाउने छैन । सम्पूर्ण लोभ, द्वेष, मोह, अहंकारलाई त्याग गरेर आफ्नो चित्त आफैले हेर्न सक्यो भने छिटो भन्दा छिटो मार्ग सुख प्राप्त हुन्छ । नायकान ध्यान सिक्नका लागि इसिसाँलाई हृदयदेखि धन्यवाद दिन्छु । उहाँले टिकट बस्न खानको लागि स्पोन्सर गर्नुभएको थियो । उहाँका श्रीमती, एक छोरा र एक छोरी छन् । छोरीको विवाह भइसक्यो । अहिले छोरा र श्रीमतीसँगै टोकियो घरमा छन् । इसिसाँमात्र छुटेर आए । कारण उहाँ धेरैजसो नायकान ध्यान गर्ने ध्यान सिकाउने, देश विदेशमा पनि गएर ध्यान सिकाउने, घरमा धेरै बस्न नपाउने कारणबाट इसिसालाई परिवारले मन पराएन । जापानमा मात्र २५ वटा नायकान सेन्टर छन् रे ।

यति कुरामा अलग भएर बसेको ध्यान मन पर्ने र नपर्नेहरूसँग बस्न गाह्रो लाग्यो । पारपाचुके लिएको होइन तर घर सम्पूर्ण सम्पत्ति श्रीमती र छोरालाई दिएर धर्ममा लाग्यो । त्यसैकारण सम्पूर्ण त्याग गरेर नायकान ध्यान गरेका छन् सधैँ सिकाउने पनि । यसको कुरा सुनेर बुद्धगयाका बोधीवृक्षलाई महाराणाले आगो हालिदिएको कहानी याद आयो ।

भारतको बुद्धगयामा बोधीवृक्षमुनि भगवानले ध्यान गर्दा बुद्धत्व प्राप्त गर्नुभएको थियो । त्यही बोधीवृक्षमुनि गयाको राजाले भगवान बुद्धका बारेमा उपदेश सुन्दासुन्दै ध्यान गर्न मन लाग्यो । अनि राजाले ध्यान सिकेर त्यही बोधीवृक्षमुनि ध्यान गर्न जाने । आरामसँग ध्यान बस्ने । पहिला त्यो वृक्षमुनि सबैजना ध्यान गर्न सकिन्छ । म पनि तीर्थयात्राको सिलसिलामा बुद्धगया बोधीवृक्षमुनि १५ वर्ष अगाडि पूरा एकरात नसुतिकन वृक्षमुनि ध्यान गरेर आएँ । केही पनि डर भनेको छैन । आफ्नो चित्तलाई बसमा राखेर एक रात काटे । दुई, तीन दिन बस्न मन परेको थियो तर समयको अभावले गर्दा बस्न पाएन । एकदम आनन्द सुनसान वातावरण थियो । अहिले भित्र बस्न दिदैन । रुखमुनि जानलाई त अनुमति चाहिन्छ । समय अनुसार फरक छ ।



https://dhamma.digital

गयाको राजा पनि सधैँ बोधीवृक्षमुनि बसेर ध्यान गर्दथे। यता दरबारमा रानीलाई शंका लाग्यो। राजा विहान उठेर दिनभरी हराउने, बाहिर कुनै केटीसँग भुल्यो कि ? कोही तरुनीकहाँ गयो कि ? मभन्दा मन पर्ने को छ ? मलाई वास्ता पनि गरेन, माया प्रेम पनि गरेन। पहिलाको राजाजस्तो भएन। यो राजाले मलाई कति माया प्रेम गरेको थियो। अहिले त्यो माया प्रेम कहाँ हरायो ? कसलाई दियो अब चेक गर्नु पर्‍यो कहाँ जान्छ ? के गर्छ ? हेर्न जानुपर्‍यो भनेर राजाको पछाडि पछाडि राजाले नदेखिकन जासुसी गर्न गएछन्। राजा त सरासर बुद्धगया बोधीवृक्षमुनि राम्रोसँग बसेर ध्यान गर्नुभयो। यो देखेर रानीलाई रिस उठेछ। म भन्दा प्यारो यो रुख रहेछ। यसलाई काटी दिनु, आगो लगाइदिनु अनि राजा कहाँ बस्छ भनी काटेको थियो। त्यसैकारण बोधीवृक्ष नभएर फेरि श्रीलंकाबाट ल्याएर रोपेको हो भन्ने कहानी छ।

हाजोमिनो देश टोकियो भन्दा ७ घन्टा टाढा छ। १ अप्रिल २०१७ बाट बेलुका डाइरेक्टरले नायकान ध्यान भनेको के हो भनी सिकाउनुभयो। भाग लिने व्यक्ति २३ जना जापानीजहरू र म मात्र नेपाली। त्यसैकारण मलाई अंग्रेजीमा भन्नुपर्‍यो। जापानी भाषा नबुझेका कारणले गर्दा इसिसाँले अंग्रेजीबाट सिकाउनुभयो।

१) कोठा कोठामा जलपान भोजन ल्याउनुहुन्छ।
२) सफा सुग्घर गर्नुपर्छ।
३) कुरा गर्नु हुँदैन।
४) मुख हेर्नु हुँदैन।
५) ठूलो स्वरबाट कराउनु हुँदैन।

## ७. जापान क्याथलिक चर्च हाजमिनो देशमा क्रिश्चियन धर्म

जापानी फादर र सिस्टरहरू पनि नायकान ध्यान गर्नुहुन्थ्यो। क्याथलिक क्रिश्चियनहरू जब नायकान ध्यान गर्नुभयो तब उनीहरूलाई पनि लाग्यो न क्रिश्चियन न वुद्धिस्ट न मुस्लिम न हिन्दु। वास्तवमा बुझ्ने कुरा सबभन्दा आवश्यक छ। नबुझेर तिम्रो र मेरो भनेर झैझगडा गरिरहन्थ्यो। धर्म धर्ममा झगडा गराइराख्या छन्। धर्म धर्ममा झगडा भइरहेको छ। आखिरमा धर्म



https://dhamma.digital

नबुझेर नै होला । सबैको धर्ममा चित्त शुद्ध गर्ने । सबैको चित्तमा राग, द्वेष, मोह, अहंकार, लोभ लालच हटाउनु नै हो । राग, द्वेषलाई हटाउन सक्यो भने कलह कहाँबाट आउँछ ? सबैको धर्मको मानिस राम्रै छन् । चाहे भिक्षु भिक्षुणी, फादर सिस्टर जेसुकै होस् । नराम्रो चित्त भएको अपगुणी व्यक्ति १८ वर्षसम्म त्यागी भएर बसेता पनि खाली अबगालै अबगालमात्रै दिन्छ । अलिकति गुणलाई याद गर्न सकेको छैन । कालो मन जहाँ गए तापनि सेतो गराउन सक्दैन ।

सेतो चित्त सफा भएको चित्त जहाँ गए तापनि सफा नै हुन्छ । नेपालको क्रिश्चियन र यहाँका क्रिश्चियन धेरै फरक देखें । कारण यहाँका क्रिश्चियनहरूलाई हेर्दा तिम्रो र मेरो धर्म भन्ने भावना देखिन । यति माया ममता । सबैको गुणलाई याद गर्ने कृतज्ञतालाई कदर गर्ने । सबैको आमाले बच्चाहरूलाई यस्तै दिने हो । १० महिना, ८ महिना गर्भमा राखी जन्म दिने हो क्यारे । वुद्धिस्टको, क्रिश्चियनहरूको, मुसलमान र हिन्दुहरूको फरक फरक गरेर जन्माउने होइन । क्रिश्चियनको टाउकोबाट जन्माउने होइन । सबै प्राणी मानवता त्यस्तै त्यही आमाको कोखबाट जन्म लिने हो । जन्मदेखि कोही पनि वुद्धिस्ट र क्रिश्चियन भनेर छुट्टा छुट्टै जन्म लिदैन क्यारे । मानिस त त्यही हो विचार धारा फरक सिद्धान्त फरक तर मानिस मानिस हो नि । वुद्धिस्ट भनेर जात धर्म होइन । बुद्धि भएको मानिस हो ।

अब जातले धर्मले छुट्यो त ? जस्तै बुद्धधर्म भन्दछन् – बुद्ध भनेको ज्ञान, सम्पूर्ण अर्थलाई छुट्टा छुट्टै गरेर बुझ्न सक्नु हो । अब धर्म धारयतिती धर्म्म–आगोको धर्म पोल्ने । आगोले बच्चा बुढापाका, तरुणीहरू, भिक्षु भिक्षुणी, फादर सिस्टर लामा गुरु जोगी पासा भनेर छुट्याउँदैन । यसको स्वभाव धर्म पोल्ने । यस्तै पानीको धर्म चिसो हुने । मानिस भन्छन् तातोपानी छ । तर तातो गर्नु पर्‍यो अनिमात्र तातो हुन्छ । हाइड्रोजन दुई भाग अक्सिजन एक भाग मिलेर नै पानी बनेर आउँछ । त्यसैकारण स्वभावले पानी चिसो हुन्छ ।

अब आयो मानिसको धर्म सेवा आफ्नो चित्त सफा राखी सेवा गर्ने नै धर्म । भनौ कोही मानिस बाटोमा मोटर अथवा मोटरसाइकलले किच्यो भने चित्त राम्रो भएको धर्म चेतना भएको व्यक्तिले हतरपतर अस्पताल लिएर जान्छ उपचार नि पहिला गर्छ । लडेको बेला के धर्मको मानिस भनेर सोध्ने कि चाँडै सेवा गर्ने ?



https://dhamma.digital

त्यसै कारण मानवको सेवा नै धर्म हो । अरुलाई मारेर, पिटेर, दुःख दिएर धर्म कुनै कारणले हुन सक्दैन ।

***अब आयो कुरा पंचशील (पाँचवटा शील अथवा पाँचवटा नियम)***

१) कसैलाई मार्नु हुँदैन । कुनै प्राणीलाई मारेर धर्म हुन्छ ? धर्म लाग्छ ? यदि धर्म नै लाग्छ भने आफ्नै आमा बाबु परिवारलाई मारिदिनु न । आफ्नो परिवारलाई कसैले केही गऱ्यो अचानक हतियारले छोएर मृत्यु हुँदा कति दुःख हुन्छ ? त्यस्तै जानी जानी अर्काको सन्तान अथवा प्राणीलाई घात गर्दा अरुलाई दुःख लाग्दैन ? त्यो पनि धर्म हुन्छ ? हाम्रो नेपालमा भोग दिने नै धर्म भन्दछन् ।

२) अर्काको सामान अनुमतिविना लिनु हुँदैन । आफ्नो सामान हराउँदा कति चित्त दुःख्छ ? त्यस्तै अर्काको सामान चोरेर लिँदा दुःख हुँदैन ? हाम्रो नेपालमा शिवरात्रिको दिनमा काठ, भऱ्याङ इत्यादि चोरेर बाल्दा महादेव खुसी हुन्छ र ? त्यस्तो पनि हुने हो । अर्काको समान चोरेर अथवा काठ बाल्दा महादेव खुसी हुन्छ भने त्यो महादेवता नै होइन । अरुलाई दुःख दिने । सानोमा थाहा नपाएर महादेवता खुसी गराउनका लागि मैले अर्काको खग चोरेर लिएको थिएँ ।

३) आफ्नो श्रीमती अथवा श्रीमान छँदाछदै व्यभिचार गर्नु हुँदैन । आफ्नो हकवाला छदाछदै अर्काको हकवालालाई जवर्जस्ती गर्दा दुःख हुँदैन ? विभिन्न रोग पनि लाग्छ लोभी हुँदा । कसैको धर्ममा चारवटासम्म श्रीमती राख्न सकिन्छ भन्छन् । तरुण अवस्थामा त ठीकै छ तर बृद्ध भएर जाँदा सबैको चित्त राम्रो हुन्छ ? झगडा हुँदैन ? हेर्नु धर्मको नाताले महिलालाई शोषण गरेर राखेको ।

अर्को म १९७७ मा वृन्दावन होलीपुन्हिको दिनमा जाँदा कृष्ण भगवानले १६ सय गोपिनीसँग रसरंग गरेको थियो । त्यसैकारण त्यो दिन जुन महिलासँग रसरंग गरे तापनि कानुन लाग्दैन भन्छ । हामीलाई एकजना बुढा बाले भन्नुभयो । यो पनि धर्म हो र ? हेर्नु महिलालाई कत्तिको शोषण गरेर राखेको छ । महिला भनेको आफ्नो आमा, दिदी, बहिनी,



https://dhamma.digital

साथी श्रीमतीजस्तो होइन र ? अरु भन्दैमा त्यस्तो गर्नु हुन्छ ? दया माया धर्म चित्त भएको व्यक्तिले कुनै हालतमा विगार्नु हुँदैन ।

४) झूठ कुरा गर्नु हुँदैन । झूठ कुरा गरेर अरुलाई विगार्नु हुँदैन । झूठ कुरा गरेर अर्काको धन जनसम्पत्ति नास भएको छ । मुखले बोल्ने चारवटा कुरा कहिले पनि गर्नु हुँदैन । चुकुली गर्नु कडा शब्दले चित्त दुखाउनु र बकफुसल नभएको कुरा गर्नु । यो धर्म चित्त भएको व्यक्तिले बोल्न सक्दैन । अशुद्ध चित्तले मात्र बोल्न सकिन्छ ।

५) अम्मल पदार्थ सेवन गर्नु हुँदैन । अम्मल पदार्थ खाएर अरुलाई दुःख दिनु हुँदैन । अम्मल भन्दा खाली जाँड रक्सीमात्र होइन, गाजा धतुरो अफिम चरेस, ड्रग्स इत्यादि । यो खाँदा आफ्नो धन जन सम्पत्ति सबै नास हुन्छ । त्यसै कारण कुनै धर्ममा पनि खानु हुँदैन । आफैले आफूलाई विचार गर्नुपर्दछ ।

यो संसारमा जति पनि धर्महरू छन् यो कुन धर्मलाई चाहिँदैन ? सबै धर्मले पालन गर्नु आवश्यक छ । धर्म भनेको बराबर होइन र ? धर्म नाम बराबर हो । धर्म गर्ने व्यक्तिको विचारधारा सिद्धान्त फरक छ । जस्तै हाम्रो शरीर चेहरा फरक फरक देखिन्छ । त्यस्तै गर्ने व्यक्तिको सिद्धान्त फरक फरक भएको हो । सबैको शरीरमा रगतै छ, दुध छैन । पानीमात्र छैन । बुद्धिस्टहरूको शरीरमा रगत र हिन्दुहरूमा पानी कुनै हालतमा हुन सक्दैन ।

म जापानमा आएर क्रिश्चियन क्याथोलिकहरूको चर्चमा गएर अध्ययन गर्दा मैले त केही भेदभाव देखिएन । सबै मज्जा लाग्यो । हाम्रो नेपालको क्रिश्चियनहरू किन फरक देखिएको ? कोही कोही क्रिश्चियनहरू विहारभित्र नै पस्दैन के सिकाएको होला फादर र सिस्टरहरूले ? राम्रोसँग धर्म नै नबुझेको होला कि ? बेल्जियमको फादरले मलाई आफ्नो छोरी नै जस्तो व्यवहार गर्छन् । त्यस्तै इटालीको फादर हाम्रै विहारमा आएको थियो । उहाँले भगवान बुद्धलाई बन्दना पनि गर्छन् । म बलतुर जाँदा १९८५ मा सिस्टर डेविड भन्नेसँग म त दुई महिना सँगै बसेको थिएँ , सुतेको पनि । उहाँसँग धम्मपद सबै कण्ठस्त आएको थियो । नेपालको क्रिश्चियनहरूलाई पैसाबाट बनाएको कारण धर्म केही बुझेको छैन । भनेकोमा मात्र सँगसँगै गएकोले होला । विहारभित्र पनि आउन नहुने । धेरै


https://dhamma.digital

जसोलाई भनेको होइन । म त हरेक चर्चमा पनि गएको थिएँ ।

## ८. जापानमा भिक्षु र भिक्षुणीहरूको जीवन

७ अप्रिल २०१७ मा ज्वेकुन्जी विहारमा पुगेँ । त्यहीँ एकरात सुतेँ । हिउँ परिरहेको । १५०२ फिट माथि पहाडमा विहार भएको र हिँउले चिसो भएको कारणले रात काट्न गाह्रो भयो । त्यो विहार ठूलो छ । तर त्यहाँ दुई जना गुरुहरू देखेँ । ८ अप्रिलको दिनमा माहायानी अथवा जेन बुद्धिस्टहरूको बुद्ध जयन्ती मनाउने रहेछ । मैले पनि भाग लिन पाएँ । प्रवचन पनि दिन पाएँ । धेरै जापानीहरूको विश्वास छ कि भगवान बुद्ध भारतमा जन्म हुनु भएको भनेर । धेरै मात्र होइन सबै जापानिजहरूको विचार धारा र तिनीहरूले पढेको भन्नुहुन्छ । त्यसैले मैले अनेक उपमा दिएर शंका निवारण गरिदिएँ । भगवान् गौतमबुद्ध नेपालमा जन्म हुनुभएको थियो, भारतमा होइन । भारतमा बोधज्ञान प्राप्त गरेको मात्र थियो । यदि सिद्धार्थ गौतम नेपालमा जन्म नभएको भए कहाँबाट भारतमा बोधिज्ञान प्राप्त गर्न सकिन्छ ?

उपमा यसरी दिएँ कि म यहाँ जापानमा आएर पढेँ । डिग्री लिएँ । म विद्वान् भएँ अब भन्नुस् तपाईंहरूले म नेपाली कि जापानिज ? उनीहरूले जवाफ दियो तपाईं नेपाली हो । यहाँ त डिग्री मात्र लिनु भएको, जन्म त नेपालमा हो नि । त्यसकारण भगवान बुद्ध पनि जन्म नेपालको लुम्बिनी बनमा र ज्ञान प्राप्त गर्नुभएको भारतको बोधगयामा हो । यस्तो कुरा धेरै ठाउँमा भन्नु पऱ्यो । मैले २५ दिनमा १० वटा ठाउँमा प्रवचन गरेँ । सबैका प्रश्न पनि अनि उत्तर पनि यस्तै गरेँ । अब धेरै जापानिजहरूले कहाँ पऱ्यो भगवान बुद्धको जन्मभूमि नेपाल भनेर जाने ।

यो ज्वेकुन्जी विहारमा बस्नु भएको पुजारी गोन्दर । यहाँ त भिक्षु भिक्षुणीहरू धेरै नै कम देखियो । जापानमा मोनास्तर भनेको ठूलो विहार रे, टेम्पल भनेको सानो सानो मन्दिर विहार गुम्बाहरू । मोनास्त्री १६ हजार र ओ भाव विभिन्न गरेर ७५ हजार टेम्पल छन् । भिक्षुहरू भनेको धेरै नै कम छन् । ठूला विहारमा भिक्षुहरू बस्छन् । तिनीहरूलाई तालिम दिन्छ ४ वर्ष, ८ वर्ष, १५ वर्ष तालिम सकिएपछि भिक्षु छोडेर पुजावारी गुरु बन्न जाने । विहारमा अथवा



https://dhamma.digital

टेम्पलमा बस्ने, मन्दिर पनि हेर्ने त्यहीँ बसेर विवाह गरेर बच्चाहरू जन्माउने । अनि बच्चालाई पनि हेर्ने शिक्षा दिने । त्यसो गर्दा विवाह पनि गर्न पायो । विहार मन्दिर पनि छोड्न आवश्यक छैन । भिक्षु नै बनेर बस्दा पनि हुन्छ । भिक्षुहरूले विवाह गर्न हुँदैन, खाली भिक्षु छाडेर पुजावारी गुरुहरूले मात्र विवाह गर्न पाइन्छ ।

जापानको रुल परम्परा पूजा गर्न जाँदा चिवर लगाउने । विहार मन्दिर भित्र छँदा गृहस्थीको लुगा नै हुन्छ । हामी नेपालमा गुरुजु बज्राचार्यहरूजस्तै जापानको प्रिसेवहरू ।

म जापानमा धेरै विहारहरू घुमेँ । कामाकुरामा मात्र ४ जना भिक्षुहरूलाई भेटेँ । धेरैजसो गुरुजुहरू मात्र विहार मठ बसेर पूजापाठ गरिराखेको देखेँ । ज्वेकुन्जी विहारको गुरुजु पहिला भिक्षु थियो । पछि भिक्षु जीवन गाह्रो भएको कारणले गर्दा आफू जन्म भएको विहारमा बसेर दाताहरूलाई योगा सिकाएर पूजा पाठ गरेर बस्नु भएको थियो । त्यो गुरुजुको नाम गौन्दा । तरुण छ धेरै एक्टिभ छ । ठूलो पनि राम्रो पनि हेर्दा विद्वान पनि देखिने । गुरुजु बन्न सजिलो छ भिक्षु जीवन धेरै नै गाह्रो छ भन्नुभयो । त्यही विहारमा आमा बाबु श्रीमती छोरा छोरी पनि छन् । बुबा पनि पुजावारी गुरुजनै छन् । आमा र श्रीमतीले विहारको सफा सुग्घर गर्ने । गुरुजुहरूले पाठपूजा गर्नुपर्ने । यो जापानको परम्परागत नियम हो । जापानमा जेन बुद्ध धर्म भनिन्छ । यहाँ चोर भनेको छैन । जंगलमा कतै पनि साँचो मार्नु पर्दैन । बाटो बाटोमा पसल त्यस्तै छन् । राति पनि पसलहरू खुला नै छ । पैसा नहालिकन सामान आउँदैन । एक पैसा कम गर्नु हुँदैन । ठीक गरेर राखेको सामान जति लेखेर राखेको छ त्यति पैसा हाल्नुपर्छ, होइन भने आउने छैन । नदिइकन लिने चोर्ने अर्काको सामान मन पऱ्यो भनेर लिनु हुँदैन । दिएपछि र पैसा तिरेपछि मात्र लिन पाइन्छ । बाटोमा पसलमा मान्छे नै छैन । आफूले नै पैसा हाल्ने जति लेखेर राखेको छ त्यति हाल्दा खुरुक्क आउँछ । पसल्दार आवश्यक छैन । सबै विश्वासको बाटो छ । विहारमा पनि ध्यान बस्ने ठुला ठुला हल छन् । त्यहाँ कुसन चकटी लागनको लागि । पानी पऱ्यो भने छाता इत्यादि सबै छन् । किताबहरू भगवान बुद्धका मूर्तिहरू । त्यति सामान भएता पनि कुनै कोठामा साँचो लगाउनुपर्छ भन्ने देखिनँ । सबै खुलमखुला छन् । जापानमा विहार ठुला ठूला भए तापनि भिक्षु र भिक्षुणीहरू धेरै नै कम थियो ।



https://dhamma.digital

भिक्षुणीहरू एकजना पनि देखिएन। मैले सोधेँ - भिक्षुणीहरू छैन ? इसिसाँले जवाफ दिनुभयो- पहिला पाँच जना थिए उहाँहरू दिवंगत भएपछि अरु देखिएन। भिक्षुणीहरू नभएका कारण आजकाल धेरै नै लोभ लालची, रसरंगमा फस्यो र भुल्यो। धर्म कम भएर गयो। महिलाहरू झन मेकप गर्नमा नै ठूलो इच्छा गर्छन्। एकदिन बुढी चाउरी भएर जान्छ भनेर होसै गर्दैन । महिलाहरूको सबैभन्दा सुन्दरी हुने कपाल हो । कपाल खौरिएपछि मुख कस्तो हुन्छ ? भिक्षुणी बन्दा कपाल अथवा बाल खौरिनु पर्छ र एउटा मात्रै लुगा लगाउनुपर्छ। केही रसरंग र सिंगार गर्नु हुँदैन। त्यसै कारण भिक्षुणी बन्न मन नपरेको हो। केटीहरूले लाउने मेकअप गर्ने धेरै नै महंगा सामान छन्। हीरामोती गहना लुगा लाउने महिलाहरूले नै हो। महिलाहरूले लाउने लुगा एउटाको एक लाख पर्छ। विवाह गर्दा पाँच छ लाख खर्च गरेर सिलाउँछ। दिनरात दुःख गरेर कमाउँछ। मेकपको सामान किनेर लाएर सकाउँछन्। खाली रुप शरीरमात्र सिंगारपटार गर्छन्। त्यसैकारण जापानमा भिक्षुणीहरूको विहार र भिक्षुणीहरू छैन। गाह्रो भएको नाताले संस्कारै छैन कि जस्तो लाग्यो।

भिक्षुणी र प्रव्रजितहरू झनै कम भएर गयो। कारण रसरंगमै धेरै नै भुलियो। बुद्धिस्ट देशमा पनि महिला प्रव्रजित त झनै कम भएर गयो। बने तापनि छोडर जाने। खायो, पढायो, गयो। छोडेर जाने बेला आफू सकेन रसरंगमा जान्छु भन्दैन। बस्नेहरूलाई आरोप प्रत्यारोप गरेर पाप बोकेर जाने पनि छन्। आफू प्रव्रजित भएर बस्न गाह्रो भए ठीकै छ अरुलाई किन आरोप प्रत्यारोप गरेर जाने ? मुसा जस्तो। मुसाले पनि भकारीमा खाना खान्छ, खाए पछि त्यहीं हगेर जान्छ। अरुले गरेको गुणहरू बिर्सेर जान्छन्।

आजकल प्रव्रजित भएर बस्न गाह्रो छ। रसरंगको समयमा भनिहाल्यो नि महिलाहरूको सबैभन्दा गाह्रो नराम्री केश काट्ने। केश नहुँदा अनुहारै कस्तो कस्तो लाग्छ। केश काटेर बस्नेलाई धन्यवाद दिनुपर्छ। संसारमा महिलाहरू धेरै छन्। तर प्रव्रजितहरू कम छन्। चीन र ताइवानमा भिक्षुणीहरू अलि धेरै देखेँ, त्यस्तै म्यानमारमा पनि। अरु देशमा त कमै देखेँ। जापानमा धेरै केटा र केटीहरू होटलमा खायो पियो र रसरंग गऱ्यो। आमा बाबुको विचार मेरो छोरा छोरीहरू जापानमा गएछ भनेर ढुक्क नबस्नु। जापानको वातावरण देख्दा डरलाग्दो छ।



https://dhamma.digital

पैसा भएर शान्ति छैन । शान्तिका लागि धर्म चाहिन्छ । दुई दिनको जिन्दगी सुखपूर्वक जिउन सिकौँ ।

## ९. जापानी महिला खोपासीको कहानी

८ अप्रिल २०१७ मा फुजिमे भनेको चैत्य आकारको ठूलो पहाड घुम्न गएँ । त्यही पहाडको नामबाट यो एरियालाई फुजिमे भनिएको रहेछ । जापानमा घुम्दाघुम्दै फुजिमेमा बास बस्नु पऱ्यो । बास बस्नेको घर होटल पनि होइन ठूलो थियो । त्यहाँ केवल एकजना महिलामात्र बस्ने रहेछ । उहाँको नाम खोपासी । उहाँको एक छोरा ,एक छोरी र श्रीमान पनि छन् । तर सँगै कोही पनि छैन । जापानमा धेरैजसो एक्लै बसिराख्या देखेँ ।

खोपासीको प्रेमविवाह भएको थियो । दुवै जना खुव मिल्ने । उसलाई उसले प्रेम गर्ने । श्रीमानले श्रीमती अगाडि नहुँदा खाना नखाने त्यतिको माया ममताले गाँसिएको थियो । विस्तारै छोरा र छोरी पनि भयो । बच्चाहरू ठूला भएर आए । पढाउने जुन आमाबाबुले गर्नुपर्ने कर्तव्य सबै पूरा गरिदिए । पछि विवाहसमेत गरिदिए । अब श्रीमती बुढी हुँदै आउँदा श्रीमानलाई मन परेन । कारण बुढी भएर आयो मुख पनि चाउरी पऱ्यो भनेर । श्रीमतीको मुख चाउरी पर्दा आफ्नो मुख कस्तो होला ? विचार गर्दैन । आफ्नो मुख ऐनामा हेरेन । आफू पनि बुढो हुँदै गएको थाहा हुँदैन । पहिला प्रेम गरेको बेला प्रेमिकालाई एकघण्टा छोड्न सकेन । अहिले आउँदा बृद्ध भयो भनेर झगडा सुरु । अनि रक्सी खाने, बाहिर सुन्दरी केटीसँग लाग्ने । कमाएको पैसा सबै सुन्दरी केटीलाई दिने । घरमा नआउने । यस्ता घटना हाम्रा समाजमा पनि देख्न र सुन्न पाइन्छ ।

खोपासीलाई धेरै दुःख भयो । घर त छ पैसा छैन । घर ठूलो छ । यति धनी मैले जीवनमा देखेको छैन । खाना खाने टेबलमाथि सेतो हरियो र रातो मोतीले भरेर राखेको यस्तो राम्रो लाग्यो त्यो टेवलमा त्यो पनि असली मोती रे । एउटा मोतीको कति हजार लिन्छ ? त्यस्तै मोतीले भरेर राखेको खाना खाने टेबल विचार गर्नु कत्तिको पैसा भएको परिवार होला । धन जन सम्पत्ति पूर्ण छ तर मनमा शान्ति छैन । सुत्दा निद्रा आएन । निद्रा नलाग्दा धेरै दुःख लाग्यो खाली चिन्ता मात्र । निद्रा किनेर ल्याउन हुँदैन । पैसा भएर के गर्ने पैसा खानु


https://dhamma.digital

हुँदैन । खाना खाँदा घाँटीबाट निल्न सक्दैन । खाली परिवार र श्रीमानले मलाई यति प्रेम गरेको थियो अहिले आएर यस्तो अपमान ? संसार कस्तो हुँदो रहेछ ? छोरा छोरीहरूले त्यो कुरा बुझेन भने पनि कसरी आफ्नै कर्म होला । पहिला कर्म जानेको छैन ।

यस्तै चिन्ताले विरामी भएँ । के गर्ने पहिला श्रीमानले माया गरेको समय धर्म ज्ञान भनेको चाहिएला जस्तो लागेन । श्रीमानले यति प्रेम गरेको छ । बच्चाहरू पनि भयो । संसार यस्तै खुसी खुसी हुन्छ, दुःख भनेको थाहा नै थिएन । केलाई दुःख भन्छन् ? अब आएर थाहा पाएँ एकैचोटी पहाड खसेको जस्तो । टोलका व्यक्तिहरू कोही कोही विहारमा जानेहरू पनि छन् । उहाँहरूले विहारमा जाउँ भन्दा नमान्ने । धर्म चाहिदैन भने धर्म भनेको के का लागि ? दुःखीहरूका लागि होला भन्ठाने । अहिले म कहाँ जाने? के गर्ने? एक्लै परेँ । विस्तारै विस्तारै कसरी मर्ने झुन्डिएर मर्ने कहाँ झुन्डिने ? विष खाएर मरुँ कि ? छुराले आफू आफूलाई काटेर मर्ने कि ? के गर्ने अरुले देख्दा नराम्रो । हरेक प्रकारले विचार गरी मर्नका लागि तयार हुन्छन् तर पनि सक्दैन बाँच्न पनि गाह्रो लाग्यो । काल नआएपछि मर्नका लागि पनि उपाय नहुने रहेछ । मर्न सकेन धेरै कोसिस गरेँ, आत्महत्या गर्नका लागि ।

यस्तै दुःख र चिन्ता भएको समय टोलका एकजना छिमेकी मित्र आउनुभयो । संयोगवस उहाँसँग सबै कुरा राखेँ । उहाँले भन्नुभयो एउटा विहार छ । त्यहाँ जाउँ धर्मका कुराहरू सुन । पहिला धर्म नमान्ने अहिले धर्मका कुरा सुन्न मन लाग्यो । छिमेकी सँग पनि धर्मको विषयमा छलफल गरे । उहाँले कर्मको विषयमा भन्नुभयो । अलिकति मनमा शान्ति आयो । विस्तारै विस्तारै विहारमा गएँ । त्यहाँ भिक्षुहरूले उपदेश दिने । मजस्तै दुःखी अरु अरु पनि आइरहेको देखेँ । साथीहरू पनि पाएँ । मनमा शान्ति भएर आयो । श्रीमान त घरमा आएन । एक्लै अनि केही काम पनि गर्न लागेँ । घरमा बस्दा नाना कारण र चिन्ता आइरहन्छ । धर्ममा यताउता पनि लागेँ । क्रिश्चियनहरू कहाँ पनि गएँ । बौद्ध जेन भगवान कहाँ त सधै जाने गर्छु ।

एकदिन घरमा रोपिराखेको फूलहरू अलिकति ओइलाएर गयो । अरु राम्रो फूल रोप्नका लागि भनेर सबै फूलको बोट फ्याँकिदिएँ । पछि त्यो राम्रो



https://dhamma.digital

भएको फूल सबै कुहेर जाँदा म पनि यस्तै भएर जानेछ भनेर ज्ञान आयो । मलाई श्रीमानले फ्याँकेको पनि यही कारणले होला । म पहिले सुन्दरी थिएँ । अहिले आएर बुढी भएर आएँ । त्यसै कारण मलाई फूललाई जस्तो फ्याँकेको होला ।

एकदिन श्रीमान कहाँबाट आएको रहेछ । अर्काको गाडीलाई अलिकति छोएछ । तर श्रीमानले वास्ता नगरिकन गएका कारणले अरु गाडीवालाहरू आएर जुन खोपासीको श्रीमानलाई हातै भाँच्ने गरी कुटे ।

कसैको फोन आयो - तिम्रो श्रीमानको हात भाँच्यो । घरबाट टाढा थिएन । छिटो छिटो जाँदा रगतै रगत भइराखेको थियो । हतारपतार अस्पतालमा लगेँ । सेवा गरेँ । उता गाडीवालले पैसा माग्यो १० हजार डलर, तर पैसा छैन कसरी दिउँ । श्रीमानसँग पनि छैन । आफैसँग भएको पैसाबाट औषधि गरेँ । उता गाडीवालको नियत खराव र एक्लै बसेको थाहा पाएको हुनाले त्यो खोपासीलाई मन पऱ्यो । खोपासी मन परेको कारणले गर्दा कसरी श्रीमतीसँग डिभोर्स लिएर मैले यो केटीलाई लिउँ भन्ने विचार रहेछ ।

उता नालिस राखिदियो । वकिल पनि वेमान रहेछ । वकिल पनि अरु मानिससँग मिलेछ । पहिला मुद्दा राख्दा हाऱ्यो । कारण त्यो मान्छेसँग पैसा र मानिसहरू पनि छन् । अब के गर्ने भिक्षु गुरुजुहरूसँग सल्लाह गरेँ । फेरि त्यो मुद्दाबाट जितेको ब्यक्तिले सल्लाह गऱ्यो कि म यो घर लिदैन । तिमीले नै चलाएर बस्नु घर पनि चाहिदैन भन्यो । यही कुरा गुरु भन्तेहरू साथीहरूसँग सल्लाह गरेका बेला हुन्छ त्यसै गर भनेर सल्लाह दिनुभयो । अनि श्रीमानसँग सल्लाह गरेर बाहिरबाट पारपाचुकी लिएको छु तर श्रीमान अहिले कहिलेकाँही आउने गर्छ । बाहिर बसेको छ । अब आएर सबैभन्दा आवश्यक धर्म आवश्यक रहेछ । अनि मन पर्ने सबैभन्दा आफू आफूलाई नै मन पर्छ । छोरा छोरी श्रीमान घर इत्यादि मन पर्ने भनेको होइन रहेछ । सबैभन्दा मन पर्ने को भन्दा आफू आफू नै हो । कारण यदि आफूलाई मन नपरेको भए जुन आत्महत्या गर्न लागेको समय विचार नगरेको भए आफूलाई मन परेको कारणले गर्दा बाँचेर अहिले आएर बुझ्के मनुष्य भाव दूर्लभ । र आफू आफूलाई मनपर्ने हो । मन परेको कारणले दुःख भइरहेको थियो । श्रीमानलाई धेरै नै मन पर्ने । त्यसपछि सन्तानहरू अनि धनजनहरू । अब आएर थाहा पाए 'प्रेमत्तो जायति सोक ।'



https://dhamma.digital

प्रेमका कारणले दुःख हुन्छ र आफू आफूलाई मन पर्छ भने भगवान बुद्धका समयको घटना एउटा राख्न चाहन्छु । प्रसेनजित र मलिका महारानी श्रावस्तीमा राज्य गर्नु भएको थियो । त्यही समय एकजना साहुलाई असाध्य मनपर्ने छोराको मृत्यु भयो । साहुलाई धेरै नै दुःख भयो । खान पनि खाएन, सुते पनि सुत्न सकेको छैन । छोरासँग मरेर जान पनि सकेको छैन । छोराले छोडेर गयो भन्दै रुदै भगवान बुद्ध श्रावस्ति जेतवन विहारमा बस्नु भएको थियो त्यहाँ पुग्दा भगवान बुद्धलाई निवेदन गर्नुभयो मेरो छोरा मृत्यु भएर गयो मलाई धेरै नै दुःख भयो, घरमा बस्न मन परेन अब के गर्ने भगवान ?

भगवान बुद्धले भन्नुभयो, धेरै प्रेम माया भएको कारणले दुःख भएको हो । महाजन यतिमात्र भन्दा कुरा नै नसुनेर प्रेमका कारणले कही दुःख हुन्छ र भगवान बुद्धले झूठ कुरा गर्नुभयो भनेर जुरुक्क उठेर बाहिर गयो । सबै लाई भने - प्रेमका कारण दुःख हुन्छ भन्यो । भगवानले त्यहाँ रक्सी खाइरहेको मानिसहरूलाई सोधे - प्रेमको कारणले दुःख हुन्छ ? तिनीहरूले जबाफ दियो प्रेमका कारणले कहिल्यै पनि दुःख हुँदैन सुख मात्रै हुन्छ । यही कुरा एक कान दुई कान मैदान भनेजस्तै फैलियो भगवान बुद्धले झूठ कुरा गर्नुभयो भनेर । यही कुरा राजाकहाँ पुग्यो । राजाले आफ्नी श्रीमती मल्लिक महारानीलाई सोध्दा यदि भगवान बुद्धले भन्नु भएको हो । साँचो नै होला । उहाँले विना विचारले भन्नु हुँदैन । यो कुरा लिएर राजा महारानी मल्लिकासँग रिसाउनुभयो ।

मल्लिका महारानी बुद्धिमानी हुनुहुन्छ । राजा रिसाउनुभयो भने एकजना सेवकलाई भगवान बुद्धकहाँ पठाउनुभयो र सोधे पनि भगवान बुद्धले प्रेमको कारणले दुःख हुन्छ भनी भन्नुभएको हो ? भगवान बुद्धले जबाफ दिनुभयो, हो । प्रेमका कारणले दुःख हुन्छ, कारण यो श्रावस्तीमा धेरै मानिसहरू मरिराखेकोले सबैलाई दुःख भइराखेको छ त ? आफ्नो परिवार आफ्नो आमा बाबु छोरा छोरी श्रीमान श्रीमती मृत्यु हुँदामात्र दुःख हुन्छ । यो प्रेमको कारणले गर्दा हो । अर्काको आमा बाबु श्रीमान श्रीमती छोरा छोरी मृत्यु भएर जाँदा दुःख हुन्छ त ? त्यसकारण जानेको नै छैन । माया ममता प्रेम छैन त्यसप्रति । अनि कहाँबाट दुःख हुन्छ ? त्यसैकारण प्रेमका कारण दुःख हुन्छ । यही कुरा सुनेर सेवक दरबार फर्केर आयो । महारानी मल्लिकालाई सुनायो ।



https://dhamma.digital

एकदिन मल्लिका महारानीले राजा प्रशेनजितलाई बोलाएर सम्झाउनुभयो - महाराजा, मैले एउटा प्रश्न गर्छु तपाईंलाई लागेको जबाफ दिनुहुन्छ ? महाराज केही गरी मेरो मृत्यु भयो भने तपाईंलाई कस्तो लाग्छ ? राजाले जबाफ दिनुभयो कि मलाई धेरै नै दुःख पीर हुन्छ । त्यस्तै तपाईंलाई धेरै नै मनपर्ने छोरीको मृत्यु भयो भने तपाईंलाई के हुनेछ ? नभन्नु त्यो छोरी त मेरो हृदयभन्दा प्यारो छ, माया छ प्रेम छ। यदि त्यो मृत्यु भयो भने म पनि मरेर जानेछु। त्यस्तै अरु कोही बाटोमा आएको मान्छेको मृत्यु भयो भने तपाईंलाई के हुन्छ ? बाटोमा आएको मृत्यु भयो भने मलाई केही मतलव छैन। दुःख हुँदैन। हुँदैन के को दुःख। बाटोमा कति आउँछ कति जान्छ । उनीहरूप्रति मेरो प्रेम नै छैन । मरे बाँचे केही पनि मतलव छैन भनेर जवाफ दिँदा महारानीले भन्नुभयो - हो महाराज भगवान बुद्धले भन्नु भएको कारण पनि यही हो । बढी प्रेम नै छैन भने शोक र भय कहाँबाट आउँछ ? त्यो भन्दा पनि आफू आफूलाई माया हुन्छ। हेर्नुस् एउटा उखान छ, 'निसन्तानको धन प्यारो कोरीको जिउ प्यारो' । जसको सन्तान परिवार हुँदैन उसलाई धन सम्पत्ति प्यारो भइरहन्छ। कसैले खाला कि ? कसैले लिएर जान्छ कि भन्ने डर हुन्छ। सन्तान छैन चलाउने छ जसले लगे तापनि हुन्छ भने त्याग गर्ने क्षमता हुँदैन। त्यस्तै जसको अपाङ्गता छ त्यसले शरीरलाई रक्षा गरेर शरीरलाई प्यारो गरेर बस्छ। नभएको शरीर के गर्ने भनेर त्याग गर्न सक्दैन। यदि त्याग गरेको भए शान्ति पाउनेछ।

यही कुरा खोपासीलाई सम्झाइदिएँ। उसले पनि उपदेश सुनेर आफ्नो चित्तलाई सम्झाई बसेको छ। पहिला म देखेर डराएको थियो। ऊ सम्पूर्ण धर्ममा गइराख्ने र उसलाई मनपर्ने प्रत्येक समुदपाद पढिराखेको छ। मैले झन सम्झाइदिँदा खोपासीलाई धेरै खुसी भयो। धर्म भनेको चित्त शुद्ध गर्नुपर्छ। सुन जसको पनि हुन्छ। राम्रो आफूलाई अहिले भविष्यलाई फाइदा हुने स्वीकार्ने अरु छोड्ने भनेर एउटा दुईवटा उपदेश दिँदा र त्याग गर्नु अति आवश्यक छ। नराम्रो गएको कुरा बिर्सिदिने आफ्नो कर्मको फल भोगि राख भनेर आफू आफूलाई सम्झाई बस्ने । आफूले खाएर अरुको पेट भर्ने होइन । त्यसै कारण आफू नै पहिला महत्व छ। सके अरुलाई पनि राम्रो बाटो देखाइदिने नसके आफ्नो जति आफै हो भनी आफू एक्लैले भए पनि शुद्ध मार्ग रोजेर जान कोसिस गरे अवश्य



https://dhamma.digital

पनि पुग्नेछ ।

## १०. किन जापानका मानिसहरूको आयु लामो ?

म जापानमा जाँदा धेरैजसो यताउति हेर्ने गर्थें । मानिसहरूको मुख, विचार धार, स्वभावहरू । धेरैजसो मानिसहरूको मुख हँसिलो छ । घुम्दाघुम्दै फुजी देशमा पुगेँ । त्यहाँ ९० वर्ष भएका मानिसहरू खेतमा काम गरेर बस्नुभएका रहेछ । हामी देख्दा छिटोछिटो लुगा फेरेर हामीलाई भेट्न आउनुभयो । मलाई त जापानिज भाषा आउँदैन, इसिसाँ भने दाताले अंग्रेजी भाषाबाट उल्था गरिदिनुहुन्छ । हामीसँग गोन्दाना मगरको गुरुजु पनि थियो । त्यहाँ काम गरिरहनु भएकाहरू यशुलाई पनि मान्ने र भगवान बुद्धलाई पनि मान्ने । त्यहाँ कट्टर भनेको देखिएन । गोन्दालाई देख्ने वित्तिकै भन्नुभयो- यो खाट सबै तपाईंले दिनुभएको हो । त्यसैकारण यो घर तपाईंको । तपाईं यहाँ बस्नु ।

गोन्दा जेन बौद्ध विहारमा भिक्षु बनेर पूजाबारा अथवा प्रिसेव भन्दछन् । बुद्धधर्म जापानमा धेरै पहिलेदेखि चलिआएको । क्रिश्चियन र अरु धर्म भने अहिले अहिलेमात्र चलिआएको भन्नुभयो ।

क्रिश्चियन धर्म भनेको कस्तो छ भनेर अनुभव गरेको भन्नुभयो । यिनीहरू सबै मिल्ने चित्त सफा गर्ने । मैले भने सबैभन्दा मुख्य राग, द्वेष, मोह, लोभलाई हटाउनुपर्ने हो । हटाउनका लागि कोसिस गर्नुपर्छ । फेरि अर्को नयाँ धर्म भनेर जापानमा आएको छ । मैले त्यो अध्यक्षलाई भेटेँ । नयाँ धर्म भनेको के भन्दा ख्वाना बोधिसत्वलाई पूजा गर्ने रे । ख्वाना भनेको के भन्दा करुणामय बोधिसत्व । यो त नेपालको पुरानो नै हो । नेपालमा मुख्य ४ वटा करुणामय हुनुहुन्छ । हाम्रो विहार माथि आदिनाथ चोभार करुणामय बस्नुहुन्छ । यतिमात्र होइन मानिसहरूमा केही रोग लाग्यो, महारोगी भयो वा खटिरा आयो भने उनलाई पूजा गर्दा निको हुन्छ भनेर विश्वास गरिन्छ ।

जापानमा कृषकहरूलाई राजारानी भन्ने चलन छ । उहाँहरूलाई धेरै नै प्रोत्साहन दिने चलन छ । धेरै मेहनत गरेर धान गहुँ तरकारीहरू रोप्ने गर्दछ । फाँटका फाँट खाली जग्गा भनेको देखिएन । चामललाई जीवन भन्दछन् । यदि चामल, तरकारी नभए हामी बाँच्न सक्दैनौँ भन्छन् । एक दाना चामल खेर फाल्दैन ।



https://dhamma.digital

एक दाना चामल कमाउनको लागि कमसेकम तीन महिना मेहनत गर्नुपर्छ रे । त्यसैकारण अन्न फाल्नेहरूलाई पाप लाग्छ । अन्न कमाउने कृषकहरूलाई राजा महारानी भनेर मुख्य व्यक्ति भनेको हो ।

भगवान बुद्धले पनि खेतमा काम गर्ने कृषकहरूलाई धेरै नै प्रोत्साहन दिनुहुन्छ। कृषक नभए कोही पनि बाँच्न सक्दैन । उहाँहरूले गरेर नै प्राणी बाँचिरहेको भनेर भन्नुहुन्छ। यति मात्र होइन, भोजन अथवा खाना दान दिनेलाई तुरुन्त फल पाउने पाँच वटा कुशल फल पाइन्छ। त्यो हो :

१) आयु लामो हुन्छ।

२) रुप सम्पत्ति सुन्दर सुन्दरी हुन्छ।

३) सुख प्राप्त हुन्छ, खानका लागि कहिले पनि दुःख हुँदैन ।

४) बल शक्ति तागत हुन्छ जहाँ गए तापनि फूर्तिलो हुन्छ, शक्ति बढ्छ ।

५) प्रज्ञा, ज्ञान प्राप्त हुन्छ। राम्रो र नराम्रो छट्याउन सक्ने क्षमता हुन्छ ।

यो पाँच वटा कुशल प्रार्थना नगरे तापनि छिटोभन्दा छिट्टै प्राप्त हुन्छ । निस्वार्थले दान दिनुपर्छ। फल अवश्य पाइन्छ। जापानिजहरू धेरै मेहनत गर्नुहुन्छ। सफासुग्घर छन् । अलिकति पनि फोहर भनेको छैन । खाना खाएपछि थाल पानीले धोएर पिउनुहुन्छ । अनि तेल, अमिलो, पिरो खानु हुँदैन । सानो कपमा पनि तरकारी रोपेका हुन्छ । तरकारी केलाउँदा खेर गएको सबै अर्गानिक मल बनाउनुहुन्छ । सफा सुग्घर गर्नका लागि धनी गरिब भन्ने हुँदैन । जुठो भनेको देखिएन । अल्छी भनेको अलिकति पनि देखिएन । पुरानो मानिसहरू भगवानको भक्त हुनुहुन्छ। म विहारमा बस्दा विहान ३ बजे टाढा टाढाबाट आइपुग्थ्यो प्रार्थना गर्नका लागि भनेर। ९ बजे अफिस अथवा काममा जानुपर्छ भनी बिहानै आउने चलन भएको रहेछ।

हाम्रो नेपाल र अरु देशहरूमा आयु औसत ७० वर्ष भन्छन् । तर जापानमा आयु सालाखाला ८५ वर्ष हुन्छ। प्रतिशतमा संसारमा सबैभन्दा आयु लामो भएको जापानमा भन्दछन् । मैले किन आयु लामो भएको भनी मनन गर्दा शुद्ध खाना र सफा मनले होला जस्तो लाग्यो। मैले अनुभव गरेको यहाँहरूको आयु लामो भएको कारण :

१) सफा शुद्ध खाना



https://dhamma.digital

२) शुद्ध चित्त, मन सधै प्रशन्न मुसुमुसु हाँसेर बस्छन् ।
३) तेल कम खाने
४) पीरो कम
५) अमिलो कम
६) व्यायाम गर्ने चलन
७) खेतमा धेरै मेहनत गर्नुहुन्छ ।
८) भगवानको भक्ति र ध्यान गर्ने
९) अरुलाई मद्दत गर्ने भावना छ
१०) घरभित्र, मन्दिरभित्र र बाहिर सफा

सफासुग्घर भएर बस्ने भएको कारणले आयु लामो भएको जस्तो लाग्यो । मलाई गजब लाग्यो ९० वर्ष भएकाले पनि खेतमा काम गरिरहनुभएको देखेँ । ९२ वर्ष भएकोले गाडी चलाएर बसेको देखेँ । ७०/८० वर्ष भनेको त मामुली कुरा जस्तै लाग्छ । हाम्रो नेपालमा ७० वर्ष हुँदा काम गर्न नसक्ने हुन्छन् । कमजोर र शिथिल देखिन्छ ।

जापानमा काललले भन्दा अकालले वर्षमा आठ लाख जति मान्छे मर्छ रे । कारण कम्पिटिसनले गर्दा र लोभी भएकाले । जति सम्पत्ति भएतापनि पुग्ने छैन । विज्ञान झन झन बृद्धि भएर आयो । तिमीभन्दा मैले यो गर्छु उ गर्छु भन्छन् । यो यन्त्र बनाउने छु । यस्तो बनाउने छु भनी पढ्ने कोसिस गर्छ । सकेन भने आत्महत्या गर्न खोज्छन् । सन्तोष नहुने भएकोले । अरुले यो गऱ्यो म पनि यसो गरेर जानेछु भनी धेरै नै अगाडि बढिसक्यो । संसारभरिमा जापान भनेको देश विज्ञानमा अगाडि छ । मान्छेले कफी बनाउन परेन । मेसिनले बनाउँछ । कफी, चिया वा चिनी भए नभएको दूध भएको नभएको सबै मेसिनले नै हेर्छ । मैले त गजब भएर हेरेर पिएँ ।

मानिसले विज्ञानलाई अपनायो, मेसिन बनायो, हरेक सामान खाना इत्यादि बन्यो । मेरो विचारमा पछि मानिस नै आवश्यकता नपर्ला । कारण मेसिनबाट नै सबै गर्न सक्यो भने मानिसको केको आवश्यक ? अनि आफूले बनाएको मेसिनबाट आफूलाई नै ध्वस्त पारिदिन्छ । धेरै लोभी भएपछि भगवान बुद्धको सिद्धान्त । मध्यम मार्ग अपनाउनुपर्छ । आजकाल धेरै विकृति आयो भनेर



https://dhamma.digital

जापानिज बुढाबुढीहरू कराउनुभयो । विकास हुँदै गयो विकृति बढेर गयो रे । पैसा कमायो सही ठाउँमा अपनाएन । सही ठाउँमा प्रयोग गर्न जान्दैन । एक हप्तासम्म ज्यामी काम गर्छ, धेरै दुःख गरेर काम गर्छ । हामो नेपालमा भरियाजस्तै दिनभरि भारी बोक्छ, दिनभरी कमाएको पैसाबाट बेलुका जाँड रक्सी खाएर सिध्याउँछ । जड्याँहा भएर बाटोमा लोटिराखेको धेरै देखेको छु ।

जापानमा टोकियो मेन ठाउँमा घुम्न गएँ । शुक्रबार परेछ । हेर्नुपर्छ भनेर इसिसाँले मलाई होटलको ४ तला माथि लग्यो । त्यहाँ अँध्यारो रहेछ । खालि १६ वर्षदेखि ३० वर्षभित्रको मात्र होला । सबै नसामा लठ्ठ भइरहेको देखें । त्यसमा नेपाली भाषा बोलिराखेको पनि सुनें । हामी चुपचाप भएर हेरें, सुनें, अनि विस्तारै आएँ । सोमबारदेखि शुक्रबारसम्म कमाएको पैसा कसैले त एकदिनमै सिध्याउँछ रे । यस्तो ठाउँमा पैसालाई बेकारमा खर्च गरेर बसेको देखें । पैसा पनि नाश जीवन पनि बर्बाद । नाम कमाउने पुण्य गर्ने भनेको छैन । पुण्य गर्ने, ध्यान बस्ने, नैतिक शिक्षा कम भएर गयो । धेरै मानिसहरू डिप्रेसनमा छन् । कति विद्वान पैसावाल भनेका मानिसहरू घर घरमा त्यसै बसिराखेको देखें । धेरै पीर छ जस्तो लाग्यो । कसैले अपाङ्गता भएर हात खुट्टा नै नचलाउने । पहिला राम्रो थियो अहिले आएर नशालु औषधि खान्छ । नराम्रो मान्छेसँग संगत गर्छ । त्यसै कारण यस्तो भएको भनेर सुनाउनुहुन्छ ।

धर्म चित्त भएको व्यक्तिहरू त त्यसको घरमा रामो नै देखियो । पैसा छ तर कहाँ दिने कसलाई दिने कहाँ मद्दत गर्ने भनेको थाहा छैन । मैले देखेको जति विहार मन्दिरहरू छन् खाली पुराना मात्र । नयाँ भनेको एउटा विहार देखेको छैन । विकृतिको समय सबै विकृति भएर आएको छ । पहिला भए धेरै दान पुण्य मद्दत गर्ने भावना हुन्थ्यो । अहिले केटा र केटीहरूमा त्यस्तो चलन हराएर गएको छ । आमा बाबुले भनेता पनि मान्दैनन् । खालि खाने पिउने, लगाउने, रसरंग गर्ने र घुम्ने मात्रै भएको छ । भौतिक शिक्षा मात्रै पढ्छन् । आध्यात्मिक शिक्षा पढेका हुँदैनन् । मानिसलाई आध्यामिक शिक्षा अत्यन्त आवश्यक छ । आध्यात्मिक शिक्षाले आयु लामो हुन्छ । शान्ति दिन्छ । सुख दिन्छ ।

अब जापानमा पहिला जस्तो केही पनि छैन । पहिला पंचशील पालना हुन्थ्यो । अहिले पनि चोरी गर्नेहरू त त्यति छैनन् । तर पंचशील पालना



https://dhamma.digital

गरेको कारणले यति विकसित भएको भन्छन् । आजकाल सबैको बेफुर्सत छ । कमाउनु पऱ्यो । पहिला पाँच जना बच्चालाई पढाउन पुग्ने पैसा आजकाल एकै जनालाई पनि पुग्दैन । पहिला एउटा घर भए पुग्थ्यो । एउटै घरमा १० जना अटाउँथे । अहिले १० जनालाई ५ वटा घर चाहियो । मिलेर बस्न सक्दैन । परस्पर दया माया भनेको कम हुँदै गयो । आफ्नै बच्चाहरू हेर्ने फुर्सत छैन भने बृद्ध आमा बाबु, सासू ससुरा हेर्ने फुर्सद कहाँबाट हुन्छ ? काम गर्दागर्दै थाकिहाल्छ। सेवा गर्ने समय नै छैन । म पनि पछि यस्तै बृद्ध हुनेछु भनी विचार आउँदैन । यदि त्यस्तो विचार आएको भए अवश्य पनि एउटा काम छाडेर बृद्धवृद्धाको सेवा गर्ने थिए ।

जापानका युवा पुस्ता त्यही भएको छ । पैसा कमाएर मोजमस्ती गर्ने, होटलमा खान जाने । अमेरिकी केटाहरूले मलाइ एक पटक भनेका थिए- उनीहरूलाई पैसा, रक्सी र केटी भए पुग्छ । यस्तै जापानमा पनि पैसा, रक्सी र केटी या केटा भए पुग्ने भएको छ । धर्म भनेको पटक्कै छैन ।

उनीहरूको मूख्य भूल भनेको म पनि यस्तै वृद्धा भएर जान्छु भन्ने यथार्थलाई बिर्सनु हो । यदि याद गरेको भए धर्मचित्त बाँकी रहन्थ्यो । जबसम्म धर्मचित्त हुन्छ तबसम्म माया, दया, ममता बाँकी रहिरहन्छ । केही छोराछोरीहरू आफ्ना आमा बुबालाई माया गर्दैनन्, सेवा गर्दैनन्, आफ्नो कर्तव्य बिर्सन्छन् । त्यस्तो व्यक्ति पनि पछि आफूलाई कसैले वास्ता गरेन भनेर दुःख मनाउने गर्छन् । त्यस्तोलाई पनि के भन्ने । आफूले गरेर आएको कर्म आफैले भोग्नुपर्छ । जापानमा सबै मानिसहरू पंचशीलभित्र अटेको हुँदा ताजा खाना खाने र थोरै खाने, बढी कसरत गरेका कारण उनीहरू बढी बाँचेका हुन् कि जस्तो लाग्छ ।

जापानमा पुराना मानिसको आयु लामो भएको कारण भनिसकें । यदि तपाईंहरूको पनि आयु लामो गर्नुछ भने १० वटा सूत्र याद गर्नुस् - अल्छी नहुनु, अवश्य पनि आयु लामो हुन्छ । चित्त शुद्ध गर्नुपर्छ । लोभ लालचलाई हटाएर त्याग भावना हुनुपर्छ । दान, शील भावनालाई अभिवृद्धि गर्नुपर्छ । शुद्ध हावा, खाना, पानी पिउनुपर्छ । मेहनत गर्नुपर्छ । मान्छे मान्छेबाट सिक्नुपर्छ । मान्छे भएर घाँस खाने होइन । शुद्ध खाना खानु पर्छ । आयु लामो भएर मात्र पुग्दैन निरोगी हुनु पनि अत्यन्तै आवश्यक छ । नियमलाई पालना गऱ्यो भने अवश्य



https://dhamma.digital

पनि पूरा हुन्छ ।

धर्मलाई बाँधी राख्नु ।आफूले पनि गर्नु अरुलाई पनि सिकाउनु । आफूलाई गरेको गुणलाई याद गर्दै जानु, अवश्य पनि इच्छा पूर्ण हुन्छ ।

## ११. कामाकुरा दाइबुयु जापानको ठूलो बुद्धमूर्ति

जापानको कामाकुरा भगवान बुद्धको मूर्ति दर्शन गर्न टोकियोबाट १५० किमि जति जानुपर्छ । कामाकुरा भन्ने ठाउँको नाम हो । यो ठाउँ धेरै नै रमणीय छ । यहाँ बनाएको बुद्धको मूर्ति अमिताभको हो । यो मूर्ति विशाल छ । पहिला यो मूर्तिलाई विशाल भवन बनाएर भित्र राखिएको थियो । तर सन् १४१५ देखि आजसम्म यो मूर्ति खुल्ला आकासमुनि रहेको छ । खुल्ला आकासमुनि रहनुको कारण यसको विशाल भवन आगोले जलेर नष्ट भएकोले हो । भवन नष्ट भयो तर अमिताभ बुद्धको मूर्ति भने केही भएन । जस्ताको तस्तै । कारण, यो मूर्ति तामाबाट निर्मित छ ।

यो मूर्तिको उचाई ४२.५ फुट, मुख ७ फुट ८ इन्च छ । आँखाको चौडाई ३ फुट ५ इन्च छ । मूर्तिभित्र गएर सबै हेर्न सकिन्छ । पूरा भऱ्याङ राखिएको छ । दायाँ बायाँ सबै जङ्गल मात्र छ । फूलको बगैचा हेर्दा मन आनन्द आउने । यो भन्दा पहिला नारा भन्ने ठाउँमा पनि विशाल बुद्धको मूर्ति थियो रे । साढे पाँच सय वर्षपछि मात्र यो कामाकुरा भन्ने ठाउँमा बुद्धको मूर्ति बनाएको हो । यो अमिताभ बुद्ध भूमिस्पर्श मुद्राको मूर्ति हो ।

अमिताभ बुद्धको मूर्ति अहिले कामाकुरा बुद्ध भनेर प्रख्यात भएको छ । यहाँ धेरैजसो महायान बुद्ध धर्मको जस्तै पूजा भएको देखें । टोकियो पुग्दा अवश्य पनि कामाकुरा भगवान बुद्धको दर्शन गर्नु आवश्यक छ । अहिले आएर यही बुद्धको मूर्तिबाट भगवान बुद्धको धर्म उपदेश प्रचार हुँदै आएको भनेर सुन्नमा आएको छ । यहाँ टिकटका लागि ८०० यान तिर्नुपर्छ । टुरिष्टहरूको भीड हुन्छ ।

जङ्गल भित्र १८७३ ईस्वीमा यो मूर्ति बनाएको थियो । यो ४० एकड भूभागमा बनाइएको छ । जापानी दाताहरूले यति श्रद्धा राखेर बनाएको छ कि उहाँहरूले एकचोटी ठूलो रकम हालेर बुद्धको मूर्ति बनाउनुभयो, त्यही मूर्तिबाट अहिले धेरै आय आर्जन भइरहेको देखें ।



https://dhamma.digital

अहिले अर्को ९० मिटरको भगवान बुद्धको मूर्ति पनि बनाइसकेको छ भनेको सुनें। समय नभएकोले त्यहाँ जान पाइन। विश्वको ठूलो बुद्धको मूर्ति जापानमा छ भनेको सुनें। हेर्नुस्, भगवान बुद्ध जन्मनुभएको हाम्रो नेपालमा तर उपदेश, शिक्षा, ठूला मूर्तिहरू अरुको देशमा। हामी नेपालीहरू किन जागृत हुन नसकेको होला ? कति निद्रा लागेको होला ? भगवान बुद्धको शिक्षा अनुसार काम गरेर जाँदा जापान जस्तो विकास हुने रहेछ।

कामाकुरा बुद्ध मूर्तिको दायाँ बायाँ विभिन्न मूर्तिहरू राखिएको देखें। पूजा गर्ने तरिका खाली धूप बाल्ने। धूप बालेर पूजा गर्ने चलन छ। सिन्दुर भनेको आवश्यक छैन। हृदयदेखि श्रद्धा राखेर पूजापाठ गर्नु नै उहाँको गुणलाई सम्झनु हो। चित्त शुद्ध गरेर पूजा गर्ने भन्दा काम गर्ने र व्यवहार गर्ने नै धर्म पूजा हो।

## १२. जापान र बुद्धधर्म

जापानमा चार ठूला ठूला र अरु धेरै ससाना द्वीपहरू छन्। जापान धेरै द्वीप समूहहरू भएको एउटा सुन्दर र राम्रो देश हो। यी द्वीपहरूको कारणले विकास गर्न पनि सजिलो भएको देखेको छु। पानी भनेको अत्यन्त आवश्यक छ। जापानीहरू इतिहासको उषाकालमा स्वतन्त्र रुपले प्रकृति र मृतआत्माको पूजाका लागि दौडिरहेका थिए। फेरि विस्तारै यिनका पृष्ठभूमिमा वीर पूजा र पूर्वज पूजामा हुर्के। पूर्वज पूजा भनेको पहिला गएको र आफूभन्दा पहिला आफ्ना मृतक आफन्तलाई याद गरेर पूजा गर्नु हो। यही सिन्तो धर्मको पहिलो स्वरुप थियो। पछि ईसाको तेस्रो शताब्दीमा जापानमा कन्फ्युसियस धर्म र छैंठौ शताब्दीमा बुद्धधर्मको आगमन भयो।

बुद्ध धर्मको आगमन भएपछि यसबाट जापानीहरू नयाँ नयाँ विचारबाट समृद्ध भयो। तिनीहरूलाई बुद्ध धर्मले उच्चस्तरको विचार र प्रेरणा दियो। बुद्धको सिद्धान्त र विज्ञान धेरै मिलेको छ। भगवान बुद्धले पनि प्रमाणित गरेर देखाउनुहुन्छ र विज्ञानले पनि। त्यसकारण उन्नति गर्नका लागि धेरै धेरै सहयोग मिल्दोजुल्दो भएको छ। यो नयाँ धर्मले जापानलाई शिल्पकला, आविष्कार, मिसनहरू बनाउने सिकाइदियो। साहित्य र संगीत पनि दियो। विज्ञान र दर्शन सिकाइदियो। फेरि स्वायं यो धर्मले यस्तो प्रगति र उन्नति गर्यो कि सातौँ


https://dhamma.digital

शताब्दीमा जापान देश नै एकरुपले बौद्ध देश भयो । कारण- भगवान बुद्धको शिक्षा र सिद्धान्त सुनेर अध्ययन गरेर व्यवहारमा उतारेपछि त विकास र स्वच्छ समाजको निर्माण हुने नै भयो ।

५२२ ईस्वीमा कोरियाले जापानलाई भगवान बुद्धको मूर्ति र उहाँको उपदेश लेखिएको त्रिपिटक पुस्तक उपहार दिएको रहेछ । यसरी जापानमा बुद्ध धर्मले पहिलो प्रवेश भएको भनिन्छ । अरु मूर्तिभन्दा भगवान बुद्धको मूर्ति शान्त हुन्छ र हेर्दा मनमा आनन्द आउँछ । तपाईं हामीहरूले पनि अभ्यास गरेर हेर्दा हुन्छ । हामीमा क्रोध आएको बेला, मनमा अशान्ति भइरहेको बेला भगवान बुद्धको मूर्ति अगाडि एकछिन बसेर मनलाई एकाग्र गरी मूर्तिलाई हेरेर बस्नुस् । चित्तलाई यताउता नपारिकन एकछिन आँखालाई सिधा मूर्तितिर टोलाएर हेर्नुस् । तपाईं र हाम्रो चित्त त्यसै शान्त हुँदै जान्छ । अनि उहाँको उपदेशलाई सुन्ने मात्र होइन व्यवहारमा उतार्नु पनि अत्यन्त जरुरी छ । अनि मात्र शान्ति प्राप्त हुन्छ । जापानीहरूले पनि त्यस्तै गरे । पहिला त पूरा पंचशील पालना भएको थियो रे, अब कम भएर गयो । अहिले पनि पंचशील पालना गर्ने व्यक्तिहरू छन् । अनि त्यस्तो शुद्ध देशमा भिक्षु भिक्षुणीहरू पनि प्रामाणिकरुपमा बस्न आए । उहाँहरूले आफूले सिकेका भगवान बुद्धको उपदेश सुनाउनुभयो । अनि दाताहरूले पनि धेरै विहारहरू बनाउनुभयो । जापानमा ठूला साना गरी ७५ हजार विहारहरू अहिले पनि बाँकी छन् । मूर्तिकला पनि सिकाए । मूर्तिहरू पनि बन्न थाले ।

५० वर्षपछि सम्राट शोतुकुकाले बुद्ध शासनको संरक्षण गरे । बुद्धधर्म संसारमा प्रचार प्रसार गर्नुपर्छ, खालि आफ्नो देशमा मात्र राखेर हुँदैन भने अगाडि बढ्नुभयो । ठाउँ ठाउँमा दरिलो कदम चालेर धर्म प्रचार गर्नुभयो । भारतको सम्राट अशोकले भारतमा मात्र सीमित नगरी संसारमा बुद्ध धर्मको निम्ति जुन कार्य गर्नुभयो सोही काम जापानमा बुद्ध धर्मका निम्ति राजा शोतुकुकाले गर्नुभयो । उहाँले बुद्ध धर्मलाई आफ्नो शासनको धर्म मात्र होइन सम्पूर्ण विश्वकै शासन व्यवस्थाको धर्म बनाउने प्रयास गर्नुभयो ।

राजा शोतुकुकाले बौद्ध विहारहरू बनाउनुभयो । बिरामीहरूका लागि अस्पताल बनाइदिनुभयो । आमा बुबा नभएका बच्चाबच्चीहरूका लागि अनाथालय बनाइदिनुभयो । बस्ने ठाउँ नपाउनेहरूलाई बासस्थान बनाइदिनुभयो ।



https://dhamma.digital

अनाथ, टुहुरा, बृद्धबृद्धा र विधवाहरूलाई आश्रम बनाइदिनुभयो । अझ उहाँले सेत्सु (ओसाका) प्रदेश र नाराको नजिक यम प्रदेशमा शिन्तेनौजी र होन्युजी जस्तो ठूला ठूला मन्दिरहरू बनाइदिनुभयो । उहाँले खाली बुद्ध विहार र बुद्ध मूर्ति मात्र बनाएको होइन, आफैले बौद्ध सूत्रको आधारमा निकै बखान पनि गर्नुभयो । राजा शोतुकुकाले झन्डै २० वर्ष राज्य गर्नुभएको थियो । उहाँले जापानमा बुद्ध धर्म अनुसार काम गरेर धेरै नै उन्नति र विकास गर्नुभएको थियो । जति राम्रो काम गरे तापनि सधैँ बस्नु पर्ने छैन । परिवर्तन भइरहन्छ । सबै वस्तु अनित्य छ । समय पनि अनित्य, शरीर पनि अनित्य, वस्तु पनि अनित्य । यस्तो अनित्य स्वभाव धर्मलाई राम्ररी सम्झेर थोरै समय भए पनि राम्रो राम्रो काम गरेर जान सक्नुपर्छ । समाज सेवा गरेर जान सक्नुपर्छ । यही भगवान बुद्धको उपदेश हो । चित्त सफा गरेर जानुपर्छ । अवश्य पनि एक दिन निर्वाण सुख प्राप्त हुन्छ ।

## १३. फुजी चैत्य जस्तो हिंउको पहाड

म फुजी माउन्टेनमा ७ अप्रिल २०१७ का दिन पुगेँ । फुजी माउन्टेन भनेको एउटा चैत्य आकार भएको पहाड हो । अप्रिलमा सबै हिंउले ढाकेको हुन्छ । यो पहाड ३ हजार ७ सय मिटर उचाईको छ । त्यो एउटा पहाड अलग्गै छुटेको छ । धेरै ठाउँबाट हेर्न सकिन्छ । अनि यो क्षेत्रलाई नै फुजीको नामबाट चिनिन्छ । म पनि दुई रात फुजी एरियामा सुतेर कार्यक्रम र धर्म उपदेश दिएर आएको थिएँ । धेरै चिसो, सबै ठाउँ हिंउले भरिएको थियो । एउटा विहारमा त म सुतेको कोठा नजिकै नै हिंउ थुप्रिएको थियो । चिसोले सुत्न सकिन । सबै ठाउँमा हिटर राखिए पनि चिसो नै थियो ।

म सानो छँदा फुजी गुरु नाम गरेका एक जापानी भिक्षु बनेपाको चण्डेश्वरी विहारमा बस्नुभएको सम्झना छ । जापानीज गुरुहरूको शरीरमा धूपले पोलाएको हेरिरहन्छु । कस्तो कष्टदायक धर्म गरेको होला भनी अचम्म परेर हेर्ने गर्थें । म यस्तै ७/८ वर्ष उमेरकी हुँला । मैले सोचेँ कि के यो आगोले पोल्दैन ? पोल्छ । तर सहनुपर्छ । मैले भनेँ, यस्तो पनि धर्म हुन्छ ? शरीरमा आगो राख्ने ? नेवारी बोल्ने एकजना बुज्रुकले मलाई सम्झाइदिनुभयो कि यस्तो सहन सक्दा क्षान्तिपारमीता पूरा हुन्छ । त्यो समय मैले त्यति बुझेको थिइन । क्षान्तिपारमीता



https://dhamma.digital

भनेको के हो ? त्यहीँ फुजी गुरु महायानी भिक्षु बस्नुभएको थियो । उहाँले विश्वमा १०८ वटा विश्वशान्ति चैत्य बनाउने इच्छा गर्नुभएको थियो । यहाँ पनि राख्न पायक परेको ठाउँ खोज्दै जाँदा पोखराको फेदमा राख्ने इच्छा गर्नुभयो । फेवातालबाट रोपलाइन राखिदिने भनेर सरकारसँग अनुमति लिएर जग हालेको थियो । तर भगवान बुद्ध जन्म भएको देशमा भगवान बुद्धकै चैत्य राख्न दिइएन । सबै बिगारी दियो । एक दुई जना मूर्खहरूको कुरा सुनेर पोखरामा उक्त स्तूप बन्न पाएन । यदि रोपलाइन राखेको भए कति आम्दानी हुन्थ्यो होला । के त्यो जापानीहरूले खान्छ ? नेपालीहरूलाई नै फाइदा हुने थियो । यही चैत्य भारतमा राजगृह गृद्धाकुट पर्वतमा राख्न लगे, त्यहीं चैत्य बनाउनुभयो । भारत सरकारले खुसीसाथ स्वागत गर्दा त्यहाँ त्यस्तो नांगा पहाडलाई स्वर्ग बनाइदियो । अब आजकल दिनको लाखौँ लाख आम्दानी भइरहेको छ । कोही मूर्ख, अबुझ नेपालीहरूले गर्दा आफ्नो खाना अरुलाई ख्वाइदियो । अबदेखि यस्तो कुहेको बुद्धि कसैको नहोस् ।

फुजी गुरुको नाम फुजी माउन्टेनकै नाउँबाट आएको रहेछ । फुजी गुरुले 'सद्धर्म पुण्डरिका' अन्तर्गत रहनेहरूले यही सद्धर्म पुण्डरिकाको स्वाध्याय गर्नुपर्छ । साधारण अनुयायीहरूका निम्ति भने 'नाम्यो हो रंगे क्यो' मन्त्रोचारण नै पर्याप्त हुन्छ भनेर यो मन्त्र ठूलो ठूलो स्वरले टम् टम् गरी बाजा बजाई टोल टोलमा हिँडिरहन्छ । सबैले यो मन्त्र सुनोस् भन्ने भावना राखी नबुझे तापनि चित्त शुद्ध होस् भनी एक्लै वा विशेष समूह समूह भेला भएर अथवा मन्दिर र विहारमा यो मन्त्र पाठ गर्छन् । धेरैजसो फुजी एरियाबाट आएकालाई फुजीको नामाकरण गर्ने चलन थियो । राजा शोतुकुकापछि 'नक नो ओए' राजगद्दीमा बस्नुभयो । उहाँले फुजीरामा कामातरिको मद्दत लिएर ठूलो राजनीतिक सुधार गर्नुभयो । आर्थिक सुधारको रुपमा सम्पूर्ण जग्गा, भूमि र जनता राज्यको सम्पत्ति गर्नुभयो । खेती गरेको छ वर्ष भएपछि एक निश्चित भूभाग जापानी जनतालाई कृषि कार्य गर्नका निम्ति सुम्पिदिनुभयो ।

जापानमा सामान्य रुपमा राजा राजगद्दीमा बसेपछि एउटा आफ्नै नयाँ राजधानी बनाउँथ्यो । यो पहिलाको चलन हो । परन्तु ३१ औँ राजा गेम्पोले (६६१–७२१) मा यमतो प्रदेशमा स्थायी राजदरबार बनाउनुभयो । यही हेइ



https://dhamma.digital

जोक्यो पछि गएर नारा हुन गयो । यहाँ ७० वर्षभित्र सात जना राजाहरूले राज्य गर्नुभएको थियो । त्यसकारण यो युगलाई नारायुग भनिन्छ । उनीहरूले भगवान बुद्धको उपदेश अनुसार काम गर्दै गए । कुरा पनि गर्ने काम पनि गर्ने । जति नारायुगको विशेषता हो यही समयमा नारामा भगवान बुद्धको प्रसिद्ध काँसको मूर्ति निर्माण गर्नुभयो । यो युगमा शिल्प र कला कौशलले धेरै उन्नति गरेको थियो । त्यो युगको वास्तुकला र शिल्पकलाको प्रतिनिधित्व गर्नसक्ने धेरै वस्तुहरू आजसम्म पनि जापानमा देख्न पाइन्छ । नाराको तोदाइजी विहारस्थित तीन हजार भन्दा बढी एकसे एक राम्रा कलाहरूले आजसम्म पनि यसको प्रदर्शन गरिरहेको छ ।

## १४. बुद्धधर्मको जापानीकरण

जापानमा मयाहान बुद्धधर्मका रुपले बुद्धधर्म स्थापित भएको थियो । त्यस निकायमा कुनै भेदभाव थिएन । तर पछि हुँदा त्यसमा निकै नियमहरू देखा परे । अनि यी भिन्न भिन्न निकायका गुरुहरूले बौद्ध सूत्रमा अद्‌भूत अद्‌भूत भाष्यको रचना गरे । वास्तवमा यी सबै कुराबाट जापानीहरूले उत्साहपूर्वक बुद्धधर्म अपनाएको प्रमाणित हुन्छ । जापानीहरूका निम्ति बुद्धधर्म एउटा नयाँ मार्ग दर्शन पनि थियो । साथै नयाँ संस्कृति पनि थियो । कुशल कार्य गर्ने प्रेरणाका लागि एक गतिशील स्रोत थियो । आजकल जापानीहरूको जनजीवनमा यो अत्यन्त प्रिय विषय बनेको छ ।

हरेक ठाउँमा परिवर्तन भइ नै रहन्छ । यहाँ पनि सातौँ राजा कम्मुले आफ्नो राजधानी नाराबाट हटाई ध्यान भन्ने ठाउँमा सार्नुभएको थियो । त्यहाँ एउटा नयाँ नगर बनाउनुभयो । आजकल यो शहर क्योटो नामले प्रख्यात छ । यहाँको चार सय वर्षको शासनकाललाई ध्यानयुग भनिन्छ ।

परापूर्वकालमा जापानी बुद्धधर्मको रंगढंग, व्यवहार सबै एक किसिमको थियो । यही युगमा अथवा आठौँ शताब्दीमा यो निकै राष्ट्रिय रंगमा आयो । शिन्तो धर्म भनेको देवीदेवताहरूलाई पूजा गर्ने धर्म हो । यो धर्मलाई बुद्ध धर्ममा समावेश गरे पछि बुद्धधर्मको जापानीकरण भयो । अहिले आएर भगवान बुद्धको मन्दिरनिर देवीदेवता पनि राख्ने गर्दछन् ।



https://dhamma.digital

भगवान बुद्धको धर्ममा धार्मिक क्रान्ति ल्याउने श्रय मुख्य दुईजना जापानी भिक्षुहरूलाई जान्छ । एकजना भिक्षु लो तन्दाइ निकायका संस्थापक देनग्यो डेशी (७६७–८२२) हुन् भने अर्को शिन्गोन निकायका संस्थापक कोबो डेशी (७७४–८३५) हुन् । यस युगका अर्का प्रसिद्ध भिक्षु हुन् साइचोरकुके ।

जापानमा चार सय वर्षसम्म तेन्दाइ र शिन्गोन निकाय दुई वटा नै जापानी बुद्धधर्मका निकाय थिए । परन्तु समयले यसको धारिलो उपयोगितामा खिया लगाइदियो । यही नै १२ औँ र १३ औँ शताब्दीमा अर्को चार बौद्ध निकायहरू अभिभावक भएर आयो । यी चार निकायहरू हुन् : १) जेन, २) जोदो ३, शिन्शु र ४) निचिरेन ।

जापानमा धेरैजसो जेन विहारहरू छन् । जेन शब्द पालीमा ज्ञान र संस्कृतमा ध्यानको नै क्रमगत रुप हो । जेन जापानी निकायको ध्यानी निकाय हो । जेन निकायहरू चित्त शुद्धी गर्नका लागि ध्यान अत्यन्त आवश्यक छ भन्छन् । जेन निकायहरूले आचरण शुद्ध, चित्त शुद्ध गर्ने कामलाई जोड दिन्छन् । अनि चित्त शुद्धीका निम्ति ध्यान भावनाको अभ्यास अनिवार्य मान्छन् । त्यसकारण जुनसुकै जेन विहारमा विहानै ध्यान गर्नुपर्छ । त्यहाँका भिक्षुहरू जहिले पनि पद्मासन शान्ति स्वरुपमा देखिन्छन् । यही यस जेन निकायको विशेषता हो । जेनको भनाइ र सिद्धान्त हो- भित्र हेर, त्यही तिम्रो क्लेसहरू सफा भएर निर्वाण सुख प्राप्त गर्न सकिन्छ । जेन र विपश्यना ध्यान बराबर छन् । जापानमा धेरै नै ध्यानलाई मानेँ र गरेर पनि आएँ ।

जेन निकायका अनुयायीहरू धेरै नै प्रभावशाली नेता, योद्धा, वैज्ञानिक भैसकेका छन् । यो ध्यान एक किसिमको शारीरिक र मानसिक साधनको फराकिलो सुविधापूर्ण मार्ग हो । यो ध्यान युद्धभूमिमा सेनाका लागि पनि उत्तिकै काम लाग्छ जति शान्ति सेनाका सैनिकहरूको निम्ति । ध्यान गर्दागर्दै क्लेसहरू निकाल्न सकियो भने फेरि फेरि जन्म हुनु नपर्ने मार्ग प्राप्त हुन्छ ।

जोदो निकाय र (११३३–१२१२) शिनरन निकाय (११७३–१२७३) सैद्धान्त रुपले एउटै भने पनि हुन्छ । दुवै निकायहरूमा अमिताभ बुद्धको कृपाले नै मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास गरिन्छ । जोदोले 'नमु अमिदा वत्सु' (नमो अमिताभय बुद्धाय) को मन्त्रोचारण नै धर्मको ठूलो साधना मान्दछन् । निचिरेनको


https://dhamma.digital

सिद्धान्तले 'सद्धर्म पुण्डरिक' अन्तर्गत सद्धर्म पुण्डरिकको पाठ गर्नुपर्छ । साधारण अनुयायीहरूको निम्ति भने 'नाम्यो हो रंगे क्यो' मन्त्रोचारण नै पर्याप्त मानिन्छ । अरु केही गर्न आवश्यकता छैन भन्ने जनविश्वास छ । जापानमा यी चार निकायका अतिरिक्त अरु पनि धेरै निकाय र शाखाहरू छन् । अनि यिनीहरू सबैको आआफ्नै विशेषता र आआफ्नै प्रधान विहार अनि मन्दिरहरू छन् । जस्तो आफूलाई सजिलो हुन्छ त्यस्तै निकायहरू बनाएर लाने गरेका छन् ।

कोही परापूर्वकालदेखि मान्दै आएको भनी विहारमा जान्छन् । त्यहाँ धनुष हानेर ध्यान गर्ने चलन पनि हेरें । हो, एकाग्र नभए जति धनुष हाने पनि ठाउँमा लाग्दैन । एकाग्र भएपछि मात्र ठाउँमा लाग्छ । यो परम्परा अहिलेसम्म जापानमा बाँकी नै रहेको छ । समय अनुसार विस्तार विस्तारै परिवर्तन हुँदै आएको छ । तर जापानमा चोर भनेको देखिन । हरेक क्षेत्रमा जंगल एकान्त र खेततिर पसल राखिएको देखें । चोरेर लग्यो भनेको कहिल्यै सुनिन । पैसा भुइँमा खसाई राखे पनि लिने मानिस हुँदैन । यसको मतलब अर्काको धनमा लोभ गर्दैनन् ।

## १५. जापानमा विहारहरूको सफाई

म जापान पुग्ने बित्तिकै त्यहाँ फोहोर कता भनी हेरें । कारण हाम्रो नेपालमा धेरैजसो फोहोर देखेको हुनाले जापानमा कस्तो छ भनी आँखा लाग्ने नै भयो । इमान्दारी र सफाई जापानी जनजीवनको अभिन्न अंग हो । विशेष मन्दिरमा वा विहारमा अझ सफा सुग्घर गर्नु त तिनीहरूको नियम नै थियो । जुनसुकै घर, मन्दिर र विहारमा पुग्ने बित्तिकै आफ्नो जुत्ता ढोकामै छाड्नुपर्छ । भित्र जान अर्कै जुत्ता लगाउनुपर्छ । विहारको तर्फबाट जुन चप्पल राखिएको हुन्छ सोही लाएर मात्र विहार मन्दिर घरभित्र पस्न सकिन्छ । फेरि यी चप्पल जुत्ताहरू पनि विहार वा मन्दिर वा घरको एक-एक ठाउँमा जान मात्र प्रयोग हुन्छ । भवनभित्र मोजा लगाएर वा नांगो पाउले नै हिँड्नुपर्छ ।

धेरैजसो कोठामा भुँइदेखि ओछ्यानसम्म चटाइ बिछ्याइएको हुन्छ । भिक्षुहरू र उपासक उपासिकाहरूको वस्त्र पनि अक्सर कालो रंगको हुन्छ । कसै कसैको कोठा सानो हुँदा दिउँसो जुन कोठामा बस्ने गर्छ त्यसैबाट भोजनालयको काम पनि दिन्छ । त्यहीं ख्वाउने गरिन्छ ।



https://dhamma.digital

बेलुका त्यहीं सुत्न ओछ्यान पनि लगाउँछन् । परन्तु एउटै कोठामा यी सबै काम भएता पनि अलि कति पनि फोहर हुँदैन । सफाइ कति हुन्छ भने कहीं एक थोपा धुलो झार्न पनि हामीले डर मान्नु पर्ने हुन्छ । कोठा मात्र होइन शौचालयसम्म पनि ओछ्यान र चटाई बिछ्याइएको छन् । आजकल तातो पानीले सफा गर्ने मिसिन आएको छ, हातले छुनु पर्दैन । शौचालयको विभिन्न ठाउँमा फूलको गमला राखेर सजाइएको हुन्छ । विभिन्न प्रकारका तस्विरहरू पनि राखिएका हुन्छन् । शौचालय प्रयोग गरिसके पछि अनिवार्य फ्लस गर्नुपर्छ । त्यहीं धारा र टिस्यु राखिएको हुन्छ । घर, होटल, खेत, मन्दिर, विहार जहाँ गए पनि यस्तो व्यवस्था गरिएको छ । जापानमा बानी नै परिसक्यो सफा सुग्घर भएर बस्ने । सफाई गर्दा उँच-निच भन्ने हुँदैन । सबैले मद्दत गर्छन् । कसैले भान्सा सफा गर्‍यो भने अर्कोले शौचालय र फेरि अर्कोले कोठा र बाटो सफा गरिरहेका हुन्छन् ।

कसैको घरमा निमन्त्रणा मानेर जाँदा खाना खाएर आउने मात्र होइन आफूले खाएको थाल आफै माझेर आउने चलन पनि छ । सफासुग्घर गर्नुपर्छ भन्ने सामुहिक भावना बसेको छ । भिक्षु भिक्षुणीदेखि लिएर जुत्ता सिउनेहरूसम्म उतिकै सफा गर्छन् । भिक्षुहरू पनि आफू बसेको ठाउँ र आफूले चलाएका सबै बस्तुहरू आफै सफा गर्नुहुन्छ । जापानीहरू निरोगी हुनुको कारण पनि यही होला । निरोगीको साथसाथै उनीहरूको आयु पनि लामो छ । सफा सुग्घर गर्नाले पहिला आफैलाई फाइदा हुन्छ, त्यसपछि छिमेकीलाई पनि फाइदा हुन्छ । अन देवता पनि खुसी हुन्छ । यसले चित्तलाई पनि सफा गर्छ । चित्त सफा हुनाले छिटो मार्ग सुख प्राप्त हुन्छ । शायद यतिको फाइदा हुने थाहा पाएर नै होला, जापानीहरू हरदम सफाइमा ध्यान दिइरहेका हुन्छन् ।

## १६. जापानका विहार र मन्दिरहरू

इसिसाँ प्रोफेसरले मलाई तोरितेनजोजी भन्ने मन्दिर घुमाउन लानुभयो । धेरै रमाइलो ठाउँ रहेछ । जापानीहरू पनि धेरै आइरहेका छन् । चारैतर्फ चेरी लगायत विभिन्न प्रकारका फूलहरू फुलिरहेका छन् । यो मन्दिर पहाडको टुप्पोमा भएको हुनाले हिंडेर जाँदा स्वाँस्वाँ आउने गर्छ । तै पनि पहिलोचोटी भएको



https://dhamma.digital

ले हेर्नुपर्छ भनेर गएँ । त्यहाँ मैले भगवान बुद्धकी आमा महामायादेवीको मूर्ति राखिएको देखेँ ।

२ हजार २९३ मीटर अग्लो माया पर्वतको टुप्पोमा रहेको यो तेरितेनजोजी मन्दिर सन् ६४६ मा स्थापना गरिएको हो । यहाँ भित्र ११ वटा टाउको भएको करुणामयको मूर्ति रहेको छ । यहीं माया भवन पनि छ । भगवान गौतम बुद्धकी आमा महामायादेवीप्रति समर्पण गरी भवनको नामै माया भवन राखिएको रहेछ । करुणामयको ११ वटा टाउको राख्नुको कारण चाहिँ ११ जना जतिको काम गर्न सक्ने गरी करुणा राखी आशिर्वाद दिउन् भनेर हो ।

तपो ओकोगुजी जनताका बिचमा तोजी नामबाट प्रख्यात छ । यो ८२३ ईस्वीमा सिन्गोन निकायका तेजस्वी संस्था 'पक कोबे देशी' ले स्थापना गरेको थियो । यो पाँचतले मन्दिर जापानकै सबैभन्दा अग्लो मन्दिर हो । यो मन्दिर खाली काठले मात्र बनाइएको छ । एउटा किला पनि फलामको छैन । हाम्रो काठमाडौँको काष्ठमण्डप जस्तै ।

याश्योन इन यो जोदा निकायका प्रधान केन्द्र १२११ ईस्वीमा बनाइएको थियो । जोदो विश्वासीहरूको अन्तिम आकांक्षा हो मृत्युपछि जोदो र अभिताभ बुद्धको स्वर्ग भूमिमा जन्म हुने । त्यति मात्र होइन हाम्रो ञातिहरू पहिला बितेर जानुभएको झन्डामा नाउँ लेखाएर 'नमु अभिद्र बत्सु' भनेर मन्त्र जप गर्ने । ञाती बन्दु पनि स्वर्गमा जन्म होस् भनी सेतो झन्डामा लेखेर यहाँ चढाउने गरिन्छ ।

यहाँको विहार र मन्दिर पनि धेरै ठूलो देखिन्छ । मृत्यु पछि स्वर्ग जान यहाँ रातदिन पाठ गरिन्छ । यो विहार र मन्दिर ३० एकड भूमिमा फैलिएको छ । एकदम मेहनतपूर्वक बनाइएको देखिन्छ । मन्दिरको दक्षिणपूर्वतर्फ एउटा घन्टा छ जुन जापानी ढंगको जापानकै सबैभन्दा ठूलो घन्टा हो । यो १६३३ ईस्वीमा बनाइएको थियो । यो घन्टाको उचाइ १७.४ फुट छ । घेरा ८.४ फुट अनि १८५० टन यसको तौल छ ।

मुख्य भवनको पूर्वमा एउटा शास्त्रगृह पनि छ जुन १६१६ ईस्वीमा बनाइएको थियो । यहीं ४८ खण्ड भएको मित्सुयोशीद्वारा सम्पादित सम्पूर्ण बौद्ध सूत्रहरू पनि संग्रह गरी राखिएको छ । यी सूत्रहरू सुंग वंशमा चीनमा मुद्रित हुन् । जापानको हरेक मन्दिरमा भगवान बुद्धको सूत्र राखिएको पाएँ ।



https://dhamma.digital

देतो कुजी चाहिँ रिजाइ निकायको सबैभन्दा ठूलो विहार हो । यसको स्थापना १३२४ ईस्वीमा भएको थियो । मसानको निम्ति यो धेरै प्रख्यात छ । वर्तमान भवन १४७९ ईस्वीमा बनाइएको थियो । यो भवनमा भगवान बुद्ध र उहाँका दुई शिष्य आनन्द र काश्यपको प्रतिमा राखिएको छ । यहाँको बगैंचालाई जापानी उद्यान कलाकै पराकाष्ठा भनिन्छ । धेरै नै मेहनत गरी बनाइएको देखिन्छ ।

## १७. बौद्ध साहित्य

म जापानका धेरै विहार र मन्दिरहरू घुम्न गएँ । जापानको बुद्धधर्म बुझ्नका लागि विहार र मन्दिरहरू घुम्न आवश्यक पनि थियो । यस क्रममा त्यहाँको साहित्य, चित्रकला र नृत्यहरू पनि बुझ्ने मौका पाएँ । ५२२ ईस्वीमा जापानमा बुद्धधर्म प्रवेश भैसकेपछि जापानी साहित्यको प्रगति भएको पाइन्छ । भगवान बुद्धको उपदेशबाटै विभिन्न प्रकारका साहित्य, कला र नृत्यहरू सिकाइन्छ । जीवन जिउन मानवतालाई सम्पूर्ण कलाको आवश्यकता छ । भगवान बुद्धको धर्म नभित्रिएसम्म त्यहाँका मानिसले त्यति केही जानेको थिएन । पहिले तिनीहरू चिनियाँ वाङ्मयबाट प्रभावित थियो । किनभने त्यतिबेला सबै धर्मग्रन्थ चिनियाँ भाषामा थियो । त्यसपछि नारा युगमा जापानी साहित्यको धेरै विकास भयो । त्यसै कारण नारायुग (७१०–७९४) लाई साहित्यिक युग पनि भनिन्छ । कोजिकिनै जापानी भाषाको पहिलो कृति मानिन्छ ।

जापानका धेरै मानिसहरू साहित्य र कलाका जानकार छन् । राजा सग (७८६–८४२) को शासनकालमा जापानमा पहिले पद्यको विकास भयो । महारानी दनरिन स्वयं एक श्रद्धावान बौद्ध उपासिका थिइन् । त्यसपछि राजा देगोको राज्यकालमा साहित्यको धेरै नै उन्नति भयो । राजा मुस्किमिया तेनुरयन्यु युगलाई काव्यकला वा काव्ययुग नै भनिन्छ । त्यसबेलादेखि आजसम्मको जापानी बौद्ध साहित्यको संक्षिप्त परिचयमात्रै बनाए पनि त्यो एउटा ठूलो ग्रन्थ बन्छ । प्रत्येक निकायले आआफ्नो विचारलाई युग अनुकूल परिवर्तित, परिवर्द्धित र परिमार्जित गर्दै आएको थियो । जापानी भिक्षुहरू साहित्य साधनामा यति तल्लीन भएका थिए कि उनीहरूले युद्धको बेलामा पनि कला र साहित्यको सिर्जना गरि नै रहे ।



https://dhamma.digital

यदि युद्धको बेला पनि जापानी भिक्षुहरू एक्लै कला साहित्यको साधनामा नलागेको भए आज शायद जापानी साहित्यको प्रवाह नै अवरुद्ध भइसक्थ्यो होला। बौद्धहरू जति दुःख भोग्नु परे तापनि यसरी साहित्य साधनामा तल्लीन भएका थिए। उनीहरू उत्साही र निर्भयी पनि थिए। राम्रो काम गर्दा मानिसलाई डर हुँदैन। राम्रो काम गर्दा हाँसी हाँसी गर्न सकिन्छ। कसैसँग डराउनु पर्दैन। नराम्रो काम गर्दा अरुले देख्ला कि भनेर डराउनु पर्ने हुन्छ। राम्रो कामको फल यही जन्ममा पाइन्छ। पछिको जन्ममा फर्कन आवश्यक छैन।

१९४५ ईस्वीमा दोश्रो युद्धमा जापान पराजय भएपछि एउटा अन्तर्राष्ट्रिय न्यायालयको नाटक रचेर सयौँ जापानीहरूलाई युद्ध अपराधी घोषित गरियो। नाना प्रकारका यातना र दण्ड पनि दिइयो। कतिले प्राणदण्ड पनि पाए। प्राणदण्ड पाएका ती जापानी वीरहरूको गाथाका आधारमा एकजना जापानी भिक्षु तोजोआदिले साँचैकै मार्मिक कथा लेख्नुभयो। यसै विषयमा आधारित भएर आज पनि जापानमा राम्रा पुस्तकहरू प्रकाशित भइरहेका छन्। अंग्रेजी भाषामा पनि जापान अगाडि नै रहेको छ।

## १८. चित्रकलामा जापान

मैले धेरै ठाउँमा जापानी चित्रकलाहरू पनि हेर्ने अवसर पाएँ। जापानमा चित्र कोर्ने अनौठा चलनहरू छन्। छातामा पनि बच्चाहरूको चित्र बनाएर राख्ने गरिन्छ। विहार र मन्दिरहरूमा पनि भगवान बुद्धको जीवनी र जातक सम्बन्धी चित्रहरू राखिएको पाइन्छ। भगवान बुद्धको धर्म कसरी जापानमा प्रवेश भयो भनी चित्रबाटै बयान गरेर राखेको पनि देखेँ। यस बारे गाइडलाई सोध्दा उनले भने, 'पहिला त थिएन। जब जापानमा बुद्धधर्म प्रवेश भयो तब कोरिया र चीनको चित्रकलाले जापानी चित्रकलाको विकासमा ठूलो मद्दत गर्‍यो। जापानीहरू जहाँ गए पनि चित्र लेख्ने गर्न थाले। समुद्रको चित्रहरू अत्यन्त राम्रा छन्। त्यस्तै प्यासिफिक समुद्रको पनि यति नै राम्रो चित्र लेखिएको देखेँ। जापानमा हरेक ठाउँमा चित्र लेख्नु आवश्यक हुने रहेछ।

म नायकान ध्यान बस्नका लागि तीनवटा चित्र लेखेर दिनुपर्ने रहेछ। मैले त जिन्दगीमा कहिल्यै चित्र लेखेको छैन। जसरी भए पनि लेख्नै पर्ने भयो।



https://dhamma.digital

एउटा मानिसको चित्र, दोस्रो घरको चित्र र तेस्रो फूलको चित्र लेख्नुपर्ने भयो। अनि नायकान सकेपछि पनि यसरी नै तीनवटा चित्र लेख्नु पर्छ। यसबाट पनि थाहा हुन्छ जापानमा चित्र लेखनको कति ठूलो महत्व छ। मैले पनि मानिसका चित्र र पछि घर अनि रुखको चित्र कोरेर दिएँ।

नवौँ शताब्दीको सुरुतिर जापानी चित्रकलाले विशेष प्रगति गऱ्यो। यस युगको चित्रमा अमिताभ भगवान बुद्ध र बोधिसत्वको स्वर्ग आरोहणचित्र सबैभन्दा महत्वपूर्ण छ। यस युगमा उपन्यास पनि चित्रले भरिपूर्ण गरी लेख्ने गरिन्थ्यो। उदाहरणार्थ प्रसिद्ध लेखिका मुनासाकि सिकियेको 'गेनजी मोनोतगरी' उपन्यासको कथावस्तुलाई ताकेयोसीले चित्रबाट प्रस्तुत गर्नुभएको छ। यस्तो कलाको विकासमा भगवान बुद्धको चित्रले धेरै नै मद्दत गरेको छ। यही युगमा मौलिक जापानी चित्रकलाको विकास भएको पाइन्छ। त्यस्तै कामाकुरा युगमा चित्रकलामा कालो र सेतो गरी दुई प्रकारको रंग प्रयोग गर्ने नयाँ शैलीको विकास भयो। दसौँ शताब्दी पुग्दा बल्ल युनिकबाट लेख्ने अथवा मानिसहरूको सामाजिक जीवनलाई चित्रित गर्ने शैलीको विकास भयो।

भगवान बुद्धले सबैभन्दा पहिला धर्मचक्र प्रवर्तन गर्नुभएको ठाउँ भारतको सारनाथको मूल गन्धकुटीस्थित भित्तेचित्र पनि जापानी कलाकारहरूले नै कोरेका हुन्। यो जापानी चित्रकलाको एक अनुपम नमूना हो। आजसम्म पनि उनीहरूले भगवान बुद्धको जीवनकाल सम्बन्धी विवरणहरू चित्रबाटै उल्लेख गरेर राखेका छन्। जस्तै अंगुलीमालको श्रावस्तीमा जेतवन विहारको लागि अनाथपिण्डिक महाजनले सुनको चक्का बिछ्याएर जग्गा किनेको चित्र। भगवान बुद्ध ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण हुनुभएको चित्र। त्यस्तै बुद्धगयामा बोधिज्ञान प्राप्त गर्नुभएको चित्र। पूरा भित्ताभरि यस्ता चित्र छन्। यो जापानी चित्रकारले नै लेखेका हुन्।

## १९. नेपाल र जापानको बुद्ध धर्म

म ३० मार्च २०१७ मा टोकियो पुगेको थिएँ। मैले सुनेको थिएँ भगवान बुद्धको उपदेशअनुसार शासन गरेको हुनाले नै जापान धेरै विकास भएको हो। त्यहाँ पुग्दा हो जस्तो लाग्यो। खेततिर, गाउँतिर जहाँतहाँ एकान्त ठाउँमा पनि


https://dhamma.digital

पसल खोलिएको देखें। तर पसल छ, पसलमा बस्ने मान्छे भने छैन। न चोरले नै चोरेर लगेको छ। जापानमा चोर भनेकै छैन। यो एउटा 'अदिन्नादाना वेरेमणी' अर्थात अर्काको वस्तु नदिइकन लिनु हुँदैन भन्ने पाँचवटा शील मध्ये दुइटाको प्रमाण हो।

जापान चार ठूला ठूला र अरु ससाना निकै द्वीपहरू भएको देश हो। चारैतिर पानी भएकोले पनि होला, सफा सुग्घर धेरै छ। मानिसहरू पनि धेरै नै मेहनती देखें। बुद्धको उपदेश अनुसार काम गरेको कारणले पनि होला। आफ्नो श्रीमान वा श्रीमती हुँदाहुँदै अरुसँग लाग्ने चलन त्यहाँ देखिनँ। अनि जापानीहरू धेरै नै पुरानो विचारधाराको देखें। विश्वास गरे पछि आफ्नै परिवार सम्झेर व्यवहार गर्ने चलन रहेछ। जस्तो कि मलाई जुन प्रोफेसरले सम्पूर्ण जिम्मा लिएर जापान बोलाउनुभएको थियो उहाँले मेरो बुबाको ठाउँमा बसेर बुबाले जस्तो सम्पूर्ण काम पूरा गरिदिनुभयो। २४ दिन जापानमा बसुन्जेल आफ्नो कर्तव्य पूरै निभाउनुभयो। उहाँ पनि बुद्धिष्ट नै हो। उहाँ प्रोफेसर इसिसाँका कारण धेरै जापनीजहरूको घर गएँ। सबैको घरमा भगवान बुद्धको मूर्ति पूजा गर्ने रहेछ।

अब हेर्नुस् नेपालीहरूको चलन। भगवान बुद्ध नेपालमा जन्मेको भए पनि धेरैजसोले उहाँलाई चिनेकै छैन। उहाँको उपदेशप्रति गौरव राख्ने र सुनेर व्यवहारमा उतार्ने त टाढा कै कुरा भयो। यदि बुद्धको उपदेश अनुसार शासन चलाएको भए हाम्रो नेपाल पनि कति विकास भइसक्थ्यो होला। कोही पनि नागरिक अरुको देशमा नोकर बन्न आवश्यक पर्ने थिएन होला।

बुद्ध धर्मसँग आफ्नो ऐतिहासिक सम्बन्ध भएकोमा नेपाल पनि गौरव गर्दछ। त्यसैकारण नेपालको बुद्ध धर्ममा दीपंकर बुद्ध र स्वयम्भूको ठूलो स्थान र प्रभाव छ। त्रिकाल बुद्धका अनुसार दीपंकर अतीत बुद्ध हो। अनि दीपंकर बुद्ध भन्दा पछिल्लो क्रमका बन्धुमति नगरबाट आउनुभएका विपश्वी बुद्धले वीजारोपण गरी अविर्भाव भएको कारणले पनि स्वयम्भू ज्योतिरुपलाई आदिबुद्ध भनिन्छ। विपश्वी बुद्ध पछि जम्बुद्वीपबाट शिखी बुद्ध आउनुभयो। अनुपम नगरबाट विश्वभू बुद्ध आउनुभयो, खेमावती नगरबाट आउनुभएको क्रकुच्छन्द बुद्ध। शोभावती नगरबाट आउनुभएको कनकमुनि बुद्ध। कासीबाट आउनुभएको काश्यप बुद्धहरू नेपालमा पनि आउनुभएको थियो। यी बुद्धहरू नेपाल उपत्यकाको सृष्टि



https://dhamma.digital

सम्बन्धी कथाहरूसँग पनि जोडिएका छन् । निग्लिहवाको अशोक स्तम्भमा ब्राह्मी लिपिमा लेखिएको शिलास्तम्भमा कनकमुनि बुद्धका स्तुप जति पुरानो पुरातात्विक साक्षी भएको अतीत बुद्धहरूका स्मारक अरु कहीँ भेटिएको छैन ।

यसलाई त्यसै छोडेर पनि यति त अवश्य भन्न सकिन्छ कि बुद्धकुल अर्थात् अतीत बुद्धप्रति धर्म र जीवनसँगै एक भएर रहनसक्ने नेपाली प्रयास कलात्मक र मौलिक विशेषतापूर्ण छ । त्यसै कारण आजभोलि पञ्चबुद्ध लेखिए जस्तै पहिले बौद्धहरूको घरको ढोकामा सप्तबुद्ध लेखिन्थ्यो भन्ने कुरामा पनि पूर्ण तथ्य रहेको छ । नेपाली बुद्ध धर्मको अर्को विशेषता अनागत बुद्धप्रतिको आस्था हो । स्थविरवादी र महासांघिकहरूले पनि अनागत बुद्धप्रति कम श्रद्धा राखेको छैन । परन्तु भगवान बुद्धको मूर्ति नै निर्वाण गरेर अतीत बुद्ध, वर्तमान बुद्ध र अनागत बुद्ध क्रमले दीपंकर बुद्ध, गौतम बुद्ध र मैत्रीय वोधिसत्वको पूजामा नेपाल कुनै महायानी भनिने देशभन्दा पनि कम छैन ।

हाम्रो नेपालमा पूजा गर्नेहरूको कमी छैन तर बुद्धको उपदेशलाई व्यवहारमा उतार्नेहरू भने कम भएको छ । यदि पूजा भन्दा व्यवहारमा उतारेको भए अवश्य पनि जापानभन्दा अगाडि बढ्ने थियो । विकास भयो भन्नुहोला, बत्ती मुनि अँध्यारो हुन्छ भनिन्छ । पक्कै हो । किनकि भगवान बुद्धको जन्म हाम्रो नेपालमा भयो तर उपदेश सबै अरु देशमा गयो । उपमा पनि छ नि, नजिकको देवतालाई हेला ।

यति धेरै अतीत बुद्धहरू हाम्रो नेपालमा छन् तर उहाँहरूको उपदेश सुन्नेहरू कम छन् । हाम्रो राज्य व्यवस्थाले बुद्धको उपदेश अनुसार शासन गरेको भए नेपालमा शान्ति नै शान्ति हुने थियो । बुद्धको उपदेश अनुसार काम गरेको भए देश र जनताको उन्नति नै हुने थियो ।

जापानमा कसरी बुद्धधर्म पुग्यो भन्ने विषयमा पनि मैले सोधेको थिएँ । उहाँहरूले यसरी बताउनुभयो । ५२२ ईस्वीमा जब कोरियाले जापानलाई भगवान बुद्धको मूर्ति र पुस्तक उपहार दियो, त्यही बेलादेखि जापानमा भगवान बुद्धको धर्म प्रवेश भएको मानिन्छ । प्रामाणिक रुपबाट पनि यसपछि मात्र भिक्षु भिक्षुणीहरू आएर मन्दिर, विहार बनाएको पाइन्छ । त्यसपछि मूर्ति बनाउने सिल्पी र कलाकारहरू आए । फेरि ५० वर्षपछि सम्राट शोतुकुकाले बुद्ध धर्मको



https://dhamma.digital

संरक्षण गर्नुभयो । देशमा पनि बुद्ध शिक्षाकै आधारमा सामाजिक शिक्षा, राजनीतिक शिक्षा र धार्मिक शिक्षा दिन थालियो। राजा अशोकले भारतमा बुद्ध धर्मका निम्ति जुन कार्य गर्नुभयो त्यस्तै काम जापानमा सम्राट शोतुकुले गर्न सफल हुनुभयो। उहाँले आफ्नो शासनकालमा मात्र होइन सम्पूर्ण शासन व्यवस्था नै बौद्ध शिक्षा अनुसार सञ्चालन गर्ने प्रयास गर्नुभयो। उहाँले धेरै बौद्ध विहारहरू बनाउनुभयो । अहिले पनि धेरै यथावत् छन् । अस्पतालहरू बनाउनुभयो । अनाथ, वृद्धवृद्धा, विधवाहरूका लागि आश्रम र बेरोजगारहरूका लागि कलकारखानाहरू बनाइदिनुभयो ।

यसरी सिर्जनात्मक कामहरू गरेका कारण जापानमा धर्मको सँगसँगै देश पनि विकास हुँदै गयो । अहिले विश्वमै प्रविधिको क्षेत्रमा जापान सबै भन्दा अगाडि छ। आफूभन्दा ठूलाहरूसँग टाउको झुकाएर कुरा गर्छन् । यी सबै बौद्ध शिक्षाको कारणले भएको हो। ९० वर्ष भएका वृद्धहरू पनि मजाले गाडी चलाइरहेका र खेतमा काम गरिरहेका हुन्छन्। पूजापाठमा पनि त्यत्तिकै श्रद्धा गर्छन् ।

## २०. बाह्र वर्षसम्म मालिकको पखाई

आफूमाथि गरेको गुणलाई मानिसले बिर्सन सक्छ तर कुकुरले बिर्सन सक्दैन भनिन्छ। जापानमा यसको पनि उदाहरण देख्न पाएँ। गुण एकचोटी मात्रै गर्न सकिन्छ तर गुणलाई सम्झने व्यक्ति दुर्लभ हुन्छन्। आफूले गरेको गुणलाई नसम्झने कुकुर भन्दा पनि नीच हुन्छन्। त्यसै कारण भगवान बुद्धले भन्नुभएको थियो- मानिस हुनका लागि चारवटा गुण आवश्यक छ। यदि तीन वटा मात्र भएमा त्यो जनावर बराबर हुन्छ। त्यसको उदाहरण यसरी दिनुभएको छ :

१) मानिस पनि निद्रा आउँदा सुत्छ, चाहे जहाँ होस् । एउटा उखान पनि छ, भोक लागेकोलाई अचार चाहिँदैन, निद्रा लागेकोलाई ओछ्यान चाहिँदैन । निद्रा लाग्दा जहाँ पनि सुतिन्छ । जस्तो कि जनावरहरू जहाँतहीं सुतिरहेका हुन्छन् ।

२) खाना मानिसहरूले आफ्नो गच्छे अनुसार मिठो नमिठो खाइरहेका छन्। जिउनका लागि खानै पऱ्यो। धनीले मिठो मिठो खान्छ, गरिबले जे भेट्यो



https://dhamma.digital

त्यही खान्छ । एउटा उखान छ, के मिठो ? भोक मिठो । पेट भरेको रहेछ भने अमृतै ख्वाउँदा पनि मिठो हुँदैन । तर भोक लागेको बेला पाँच दिनको बासी रोटी नै खाए पनि मिठो लाग्छ । त्यस्तै जनावरहरूले पनि भोक लागेको बेला जे पायो त्यही खान्छ । दरबारमा बस्ने जनाबरले मिठो खान पाउँछन्, जंगलमा बस्ने जनावरहरूले जे पायो त्यही खान्छन् । त्यसै कारण भिक्षु भिक्षुणीहरूले खाने बेला एउटा श्लोक पढ्नुपर्छ । त्यो के भन्दा यो खाना मोटा हुनका लागि होइन, कसैसँग झैंझगडा गर्नुका लागि होइन, खालि जिउनका लागि, शील रक्षा गर्नका लागि, यात्रा गर्नका लागि मात्र हो भनेर खानु पर्छ । त्यसलाई के स्वाद आउँछ ? त्यसै कारण खाना पनि बराबर छ ।

३) अब आयो बच्चा जन्माउने कुरा । मानिस चेतनाशील प्राणी भएकोले जहाँ पायो त्यहाँ जे मन लाग्यो त्यो गर्दैन । गरिबहरूले लागि कहाँ अस्पताल ? सहरमा बस्ने धनीहरूले पहिलेदेखि नै तयारी गरेका हुन्छन् । उनीहरूका लागि अस्पताल र राम्रो कोठा उपलब्ध हुन्छ । तर गरिब र गाउँलेहरूका लागि त्यस्तो सुविधा कहाँबाट पाउने ? एकपटक मेरो एकजना साथीकी श्रीमतीलाई व्यथा भएछ । ज्योतिष देखाउँदा अबको चारदिन बच्चा पाउने छैन भन्यो । लामोसाँघु देखि काठमाडौँ आउन बसबाट ५ घन्टा लाग्छ । अब के गर्ने ? घरपतिले मलाई सुनायो । म भात खाएर हेर्न गएँ । पहिलाको जमानामा बच्चा नपाएका मानिसहरू भित्र कोठामा जान नहुने चलन रहेछ । तर मैले परित्राण पाठ गर्ने भन्दा सबै जना तयार भए । ती महिलाको निलाम घाउ मात्र भइसक्यो । मलाई माया लाग्यो । त्यहाँ सबैलाई भनें कि यो सूत्र भगवान बुद्धले सिकाउनु भएको हो, यदि तपाईंहरूले विश्वासपूर्वक एकचित्त भई सुनाउनुभयो भने उहाँलाई पनि आराम हुन्छ । व्यथाले च्यापेका महिलालाई पनि भनें- जति दुःखे पनि १० मिनेट जति सहेर सुन्नुहोला । यसमा केही पनि चाहिँदैन । एक गिलास पानी र अलिकति धागो भए पुग्छ । सबैजना चुपचाप भएर बसे । मैले मैत्रीपूर्वक अंगुलीमाया सूत्रपाठ गरेँ । साँच्चै महिलाले सजिलोसँग बच्चा जन्माए । त्यो समय मलाई सबै महिलाहरूले भगवानै जस्तो मान्न आए । त्यस्तै लामासाँघुको पहाडतिर पनि नै एक पटक बच्चा पाउन नसकेर अत्यन्त कष्ट भइरहेको थियो । म राति १० बजे गएर पाठ गरेँ, त्यहाँ पनि सजिलै बच्चाको जन्म भयो । त्यस्तै एकपटक त्यहींबाट



https://dhamma.digital

फर्कंदा गर्दा बसमा पनि एउटी महिला व्यथा भई रुन थाली । मैले बसमै पाठ गरिदिएँ । महिलाले बसमै बच्चा पाए । बच्चा र आमालाई छोप्न कपडा नभएकोले मैले आफैले लगाएको कपडा दिएँ । त्यस्तै अर्की स्याउला लिन गएकी महिलाले पनि जंगलमै बच्चा जन्माए । यो वि.सं. २०३२ तिरको कुरा हो ।

जनावरहरू पनि जतातते बच्चा जन्माउँछन् । जनावर पनि बच्चा पाउँदा अत्यन्त खुशी हुन्छन् । बच्चालाई नख्वाइकन आफू खाँदैनन् । कहाँ कहाँबाट आहारा खोजेर ल्याउँछन्, अनि बच्चाको मुख भित्रैसम्म हालिदिन्छन् । आफ्नो बच्चा अरुले लिएर जाला कि भनी चनाखो हुन्छन् । कहीं नगइकन बच्चाकै छेउछाउ बसेका हुन्छन् । आफ्नो बच्चालाई अरुले केही गर्ला कि भनेर जनावरहरू कहीं नगईकन बसिरहेका हुन्छन् । अब भन्नुस्, के फरक भयो त मानिस र जनावरमा ?

मानिस चेतनशील प्राणी भएको कारणले पाप र धर्म बुझ्नुपर्छ । यो गर्नु हुन्छ यो गर्नु हुँदैन भनेर समानताको व्यवहार गर्नुपर्छ । पंचशील पालन गर्नुपर्छ । पाँचैवटा नसके कमसेकम चार वटा त हुनुपऱ्यो । न्याय अन्याय थाहा पाउनुपर्छ । यस्तो व्यक्तिलाई मात्र मानव भन्न सकिन्छ ।

म जापान पुग्दा घुम्नका लागि यताउता जाँदा सिबुया स्टेसन पुगेँ । यो धेरै नै नाम चलेको र मानिसहरू अफिस जाँदा-आउँदा ट्रेन चढ्ने मुख्य स्टेसन हो । त्यहाँ बनाइएको बगैँचामा एउटा कुकुरको सालिक पनि देखेँ । त्यो देखेर मलाई घुम्न सहयोग गरिरहनुभएका प्रशिद्ध श्रेष्ठबाबुसँग सोधेँ, 'यहाँ मानिसको शालिक नराखिकन किन कुकुरको शालिक राखेको होला ?'

प्रशिद्धले भने, 'गुरुमां, यो कुकुर धेरै गुणी छ । यसको नाम होचिको हो । उसको मालिक हिदेसाबुरो नामको प्रोफेसर थियो । उनलाई सधैँ यही सिबुया स्टेसनमा पुऱ्याउन र लिन आउने गर्थ्यो । एकदिन अचानक मालिकको अफिसमै मृत्यु भएछ । तर उनको कुकुर हाचिको चाहिँ सधैँ ठीक समयमा यो स्टेशनमा आएर मालिकलाई पर्खर बस्दोरहेछ । त्यसरी १२ वर्षसम्म पर्खेर यही ठाउँमा कुकुर हाचिको पनि मऱ्यो । आफ्नो मालिकप्रति उसको माया गजबै रहेछ । मालिकको गुणलाई सम्भेर १२ वर्षसम्म पर्खन आउनु भनेको सानो कुरा होइन । त्यसैको सम्भनामा हाचिको कुकुरको यो सालिक राखिएको हो ।'



https://dhamma.digital

कुकुर हाचिकोको यो कथा सुनेर मलाई लाग्यो, यो पनि पूर्वजन्मकै संस्कार हुन सक्छ । त्यो देखेर मलाई बुद्धकालको एउटा कहानी याद आयो । भगवान बुद्ध श्रावस्ती जेतवन विहारमा बस्नुहुँदा उहाँले दुईजना साथीहरूको बारे बताउनुभएको थियो । श्रावस्तीमा एकजना भिक्षु थियो । उनको एउटा गृहस्थी साथी रहेछ । भिक्षुले आफूले भिक्षा मागेर ल्याएको खानेकुरा त्यही साथीकहाँ गएर खाने गर्थ्यो । भिक्षुको यो कुरा अरु भिक्षुहरूले भगवान बुद्धकहाँ पुऱ्याएछन् । भगवान बुद्धले भन्नुभयो कि यिनीहरू अहिले मात्र मिलेका होइनन्, यिनीहरू पूर्व जन्ममा पनि यसरी नै मिलेका थिए ।

पहिला पहिला काशी देशमा ब्रह्मदत राजाले राज्य गरिरहनुभएको थियो । त्यो समयमा राजाको सल्लाहकार वोधिसत्यको घरमा मंगल नामको हात्ती थियो । उक्त हात्तीसँग खाना खाने बेलामा एउटा कुकुर पनि सँगै आएर खाने रहेछन् । दुवै जना सँगै बसेर खाने गर्दा मंगल हात्तीलाई पनि कुकुरप्रति विश्वास भयो । दुवै जना मजाले बसेका थिए । त्यसैबेला एकदिन कुकुरलाई बेचेर पठाएछ । त्यो दिनदेखि हात्तीले पनि खाना खान छोड्यो । राजाको बैद्य जँचाए, तर केही पत्ता लागेन । जाँचबुझ गर्दा कुकुरलाई बेचिदिएको कारण यस्तो भएको थाहा लाग्यो । त्यसपछि वोधिसत्वको सल्लाह अनुसार कुकुरलाई कहाँ लगेको हो खोज्न लगायो । देशभरी झ्याली पिटाएर उक्त कुकुर कहीं राखिएको छ भने फर्काउनु भनेर आदेश जारी गऱ्यो । राजादेश आए पछि कुकुर लानेले पनि खुरुक्क कुकुर बुझाइदियो । कुकुर सरासर हात्ती भएको ठाउँमा गयो । त्यसपछि दुवै जना फेरि खुशीसाथ बस्न थाले ।

यही कुकुर र हात्ती अर्को जन्ममा भिक्षु र भिक्षुको साथी भएर जन्मेका रहेछन् । त्यो जन्ममा पनि उनीहरू पहिले जस्तै मिलेर बसे ।



https://dhamma.digital

# श्रीलङ्का भ्रमण

श्रीलङ्कामा सीतालाई अग्निपरीक्षा लिएको स्थान एउटा रमणीय ठाउँ हो । श्रीलङ्काका अरू अरू ठाउँमा धेरै नै गर्मी छ । तर यो नुवर एलिया भन्ने ठाउँमा धेरै नै चिसो छ । त्यहाँ हाम्रो नेपालको पुष-माघ महिनाको जस्तै चिसो अनुभव गरेँ । यहाँ तरकारी खेती गर्ने रहेछ । चियावारी अनि फूलका बगैंचाहरू पनि धेरै नै छन् । घुम्न लायकको ठाउँ हो यो । यहाँ पनि नेपालको जस्तै वातावरण छ । भारतको दार्जीलिङ्ग पनि चिसो अनि रमणीय छ । दार्जिलिंग पहिला नेपालकै भूभाग थियो । अहिले भारतमा गाभियो । श्रीलङ्काको नुवर एलया भन्ने ठाउँमा अर्को कहानी पनि छ । श्री रामचन्द्रकी श्रीमती सीतालाई रावणले अपहरण गरेर राखेको ठाउँ पनि हो यो । रामले रावणको चंगुलबाट सीतालाई छुटाएर लगे । तर रावणले लगेका कारणले सीता अशुद्ध र परस्त्री भइसक्यो भनी उपहास भएकोले सीतालाई अग्निपरीक्षा गराएको ठाउँ पनि यही हो ।

महिलाहरूलाई पुरूषहरूले जति अत्याचार गरे पनि हुने र महिलाहरूले सहनुपर्ने यो कस्तो अन्याय हो ? अरूले जबरजस्ती गर्ने र आफूखुशी गर्नेमा धेरै फरक हुन्छ । कुनै कुनै महिलाहरू आफ्नो स्वार्थको लागि जे पनि गर्छन् । तर यहाँ सीता त पतिव्रता धर्म पालन गरेर बसेकी थिइन् । रावणसँग आशक्त त के कल्पनासम्म पनि गरेकी थिएन । आफ्नो श्रीमान् श्रीरामसँग वियोग भएर महिनौ, वर्षौं बस्नुपर्दा सीतालाई कति दुःख भयो होला ? श्रीमानूसँग छुट्टिएर बस्नुपर्ला भनी बुबाको वचन शिरोपर गरी १२ वर्षका लागि राम सँगसँगै वनवास हिँडेकी थिइन् । राम वनवास जाँदा श्रीमानूसँग वियोग भएर बस्न नपरोस् भनी रामसँगै वन हिंडेका सीतालाई रावणले हरण गरे । यस्तै समस्या हामी कसैलाई परेको भए कति दुःख हुन्थ्यो होला, आफै विचार गरौँ । मानिसहरू अरूलाई दुःख कष्ट



https://dhamma.digital

भएको मतलब गर्दैनन् । जब आफूलाई आइपर्छ अनि थाहा पाउँछन् । सबैको प्रेम, माया, ममता सुखद् हुँदैन । त्यसका लागि हामी स्वयमूले सुझबुझ तरिकाबाट अगाडि बढ्ने प्रयत्न गर्नुपर्छ । हामीले जीवनमा सुख प्राप्त गर्नका लागि केही न केही उपाय रचिरहेका हुन्छौं । वास्तवमा उत्पत्ति र विनाश हुने जुन स्वभाव, धर्म र प्रकृति छ त्यसलाई नजानिकन नबुझिकन हामी सयौं वर्ष बाँचे पनि त्यसको अर्थ छैन । तर उत्पत्ति र विनाशरूपी स्वभाव धर्मलाई हामीले जान्ने प्रयत्न गर्छौं, कोशिस गरिरहेका हुन्छौं । त्यस्तालाई साक्षात्कार गरेर बुझेर चाहे एकैदिन किन नहोस् त्यसरी बाँच्नुको सार्थकता रहन्छ र श्रेष्ठमय जीवन हुन सक्छ । रावणले अपहरण गरी लगेपछि जति दुःख भोग्नु परे पनि सीताले पतिव्रता धर्म पालन गरी बसे । तर रामले सीतालाई रावणको चंगुलबाट मुक्त गरेपछि बाहिरको उपहास आएकोले अग्निपरीक्षा गर्नुपर्ने अवस्था आइपुग्यो ।

अनि यही नुवर एलिय भन्ने ठाउँमा सीताको अग्निपरीक्षा गर्नका लागि अग्निकुण्ड तयार गरी आगो बालेर सीताको अग्नि परीक्षा लिइयो । यो ठाउँको नाम घुरूमपोल हो । अन्धविश्वासको कारणले गर्दा सीताले यस्तो परीक्षा दिनुपऱ्यो । यो श्रीलङ्कामा घटेको घटना हो । राममा बोधिचित्त क्षमता भएको कारणले उनलाई बोधिसत्वको रूपमा मानिन्छ । वहाँलाई सीता शुद्ध छ भन्ने थाहा थियो तर अर्काको उपहास निवारणको लागि घुरूमपोल भन्ने ठाउँमा अग्निपरीक्षा लिन लगाइएको थियो । त्यही नजिकै रावणले नुहाउने ठाउँ पनि छ । अहिले सीता अग्निपरीक्षा गरेको कुण्डमा विहार चैत्य बनाइएको छ ।

***श्रीलंकाको अनुभव***

श्रीलंका जाने कार्यक्रम अनुसार हामी २१ जना २०६५ श्रावण २६ गते आइतबारको दिन काठमाडौंबाट हिँड्यौं । त्यो दिन बेलुका चार बजेतिर हामी लुम्बिनी पुग्यौं। अर्को दिन बिहानै चिया नास्ता खाइसकेपछि मायादेवी मन्दिरमा बुद्धपूजा गरियो । श्रामणेर उपालीले हामीलाई उपदेश दिनुभयो । उपदेशका क्रममा उहाँले भन्नुभयो :

श्रीलंकामा एकजना उपासक थिए । ती उपासकले पञ्चशीलको महत्व र राम्रोसँग बुझेका थिए । र, त्यही शील बिग्रिन्छ कि भन्ने डरले कहीं पनि जाँदैन थिए । उनको शीलप्रतिको दृढता देखेर अरू साथीहरूले उनको शील भङ्ग गर्ने


https://dhamma.digital

उपायहरू रच्न थाले । पाँच जनाले पाँचै वटा कोठामा शील हानी हुने कुराहरू राखिदिए । एउटा कोठामा प्राणीहिंसा गर्ने, दोस्रोमा चोरी गर्ने, तेस्रोमा व्यभिचार गर्ने, चौथोमा झुठो बोल्ने र अन्तिममा अमल पदार्थ सेवन गर्ने ।

तब साथीहरूले भने - तिमी यी पाँचैवटा कोठामा जानुपर्छ । होइन भने एउटामा त अवश्य पनि जानुपर्छ । नत्र भने हामी तिमीलाई बाँकी राख्दैनौ । तब उसले सोच्यो चारवटा कोठामा जानु ठीक छैन, बरू अन्तिमको कोठामा अमल पदार्थ मात्र छ, मन पऱ्यो भने अलिकति चाखेर हेर्छु नत्र त्यतिकै निस्कन्छु । तर जब उनले अलिकति रक्सी चाखे उनका साथीहरूले ढिपी गरेर अलि अलि गर्दै धेरै पिलाइदिए । यसरी रक्सी धेरै खाएपछि उनलाई होस रहेन । त्यसपछि उनले पाँचवटै शील बिगार्न पुगे । त्यसैले अमल पदार्थको अवगुण ज्यादै नराम्रो हुने उपदेश उहाँले दिनुभएको थियो ।

त्यसपछि मायादेवी मन्दिर परिक्रमा गरी खाना खाइसकेपछि हामी गोरखपुरका लागि निस्कियौं । त्यसका लागि सुनौलीको गाडी पर्खिरहेका थियौं । लुम्बिनीबाट गोरखपुरको दुरी १२० किलोमिटर थियो । सो दिन गोरखपुरको सिद्धार्थ होटलमा बास बसेर २८ गते मंगलबारको बिहान राप्ती एक्सप्रेसबाट एक दिन एक रातको यात्रापछि पुनः ट्रेन चढेर ३० गते बिहान मात्र मद्रास पुग्यौं । त्यहाँ पुग्दा रातको १:३० बजेको थियो । त्यहाँ पुगेर मद्रास महाबोधि सोसाइटीका VEN Kalawane Mahans Thera को विहारमा बास बस्यौं । त्यसपछि त्यहाँबाट श्रीलंकाको लागि गयौं तर प्लेन ढिला भएकोले राति अबेरसम्म कुर्नुपर्ने भयो । प्लेन उड्दा रातको १:३० बजिसकेको थियो । श्रीलंका पुग्दा विहानको ३:०० बजिसकेको थियो । १५ अगष्टमा एक सय वर्ष पुरानो विदोदय पिरिवियन मालिक काण्ड विहारमा जलपान पनि गऱ्यौं । बेलुकाको खाना पनि त्यहीं खाने अवसर प्राप्त भयो । भनिन्छ त्यहाँको कलेज विश्वको दोस्रो ठूलो कलेज हो । त्यहाँ नेपालका भिक्षुहरू पनि पढ्नुभएको थियो । त्यसदिनको बास भने मुकुताराम बर्मी विहारमा पर्न गयो । १६ अगष्टमा त्यहाँको प्रसिद्ध क्यान्डी दन्त धातु चैत्य दर्शनको लागि गयौं । दर्शनका लागि अशोक भन्तेले सहयोग गर्नुभएको थियो । त्यति बेला संयोगवश पूर्णिमाको दिन परेकोले दन्त धातुको जात्रा हेर्ने मौका मिल्यो ।



https://dhamma.digital

अशोक भन्तेले गाडीमै श्रीलंकाको बारेमा जानकारी दिनुभयो । भारतबाट विजय कुमार श्रीलंका आउँदा समुद्रको बालुवामा हात के राखेको थियो त्यो टल्किन पुग्यो । हातमा टल्केको कारणले त्यसलाई ताम्वपनि बालुवा अर्थात् टल्केको बालुवा भनेर भनियो । पहिले पहिले श्रीलंकालाई ताम्वपनि भन्ने गरिन्थ्यो । कसैले ताम्रपनि अथवा टापु भन्ने गर्थे ।

श्रीलंकामा चार समुदायका मानिसहरू बस्छन् : १) सिंहल, २) तामिल, ३) मुसलमान, र ४) बगर ।

ई.सं. १५०५ मा अंग्रेजहरूले आक्रमण गरी त्यहाँका जनतालाई निकाला गरे । पछि अंग्रेजहरूले स्थानीय सिंहलहरूसँग विवाह गरेर जन्म भएका सन्तानलाई वगर भनिँदो रहेछ ।

***दन्त धातु***

भगवान बुद्ध परिनिर्माण हुनुभएपछि दाण्ड ब्राम्हणले आठवटा राज्यमा बुद्धको अस्थिधातु १६ भागमा विभाजन गर्नुभयो । त्यसमध्ये दन्त अथवा धँवा चारवटा मात्र आगोले जलेन । ती चारवटा मध्ये एउटा देवलोकमा लगियो । एउटा नागलोकमा लगियो । एउटा चीनमा छ । र, बाँकी एउटा भारतका दुइजना राजकुमार र राजकुमारीले ऋषिको भेषमा आएर लिएर गए । राजकुमार दन्त कुमार र उनकी बहिनी हेमामाली थिइन् । ती दुबै दाजु बहिनी मिलेर बुद्धको दन्त धातु पोको पारिएको केशमा लुकाएर ल्याएका थिए । त्यही दन्त धातुलाई पछि मन्दिर बनाएर राखियो । त्यतिबेला जसले दन्तधातुको रक्षा गर्छ उसलाई राजा बनाउने चलन थियो । यो त्यहाँको एउटा परम्परा हुन गयो । यसै क्रममा कीर्तिश्री नामका राजा हुन पुगे । त्यही राजाले यो परम्परा चलाएका थिए । पछि अमरापुरका राजाले मुलमानहरूको हमलाबाट दम्बुलमा लगे । फेरि दम्बुलबाट नोर अर्थात क्यान्डिमा ल्याएर राखे ।

कीर्ति राजाले नुर ठानी क्यान्डीमा आठवटा कुना राखेर घाट मन्दिर बनाएर राख्नुभयो । यो अहिले पनि यथावत नै छ । कीर्ति राजाको दाहसंस्कार पछि त्यही घाटमा भयो । ती राजाले पहाडमाथि दरवार बनाएका थिए । अंग्रेजहरूबाट बच्न तथा तिनीहरूलाई हराउन सकियोस् भन्ने उद्देश्यले पहाडमा दरवार बनाइएको थियो । तर केही व्यक्तिहरूले पैसाको लोभमा परी अंग्रेजहरूलाई



https://dhamma.digital

त्यसको सुराक दिए। त्यही कारण अंग्रेजहरूबाट राजाको हत्या भयो। त्यहाँ भएका भिक्षुहरूलाई पनि चीवर त्याग गराई विवाह गरिदियो। अरूको दवावमा चीवर छोड्नु परेता पनि तिनीहरूले त्यहाँका विहारहरूको सुरक्षा भने गरि नै रहेका थिए।

पछि भिक्षु सरणंकर, राजाको विश्वास पात्र र धर्मका कुरा पनि बुझेका भिक्षु सरणंकर थाइल्याण्डमा गई धर्म सिकेर उपसम्पदा ग्रहण गर्नुभयो। त्यहाँबाट श्रीलंका फर्किनु भई आफ्ना शिष्यहरू बनाउन थाल्नुभयो। त्यतिबेला उनीहरूले आफू ठूलो र अरू सानो जातका भनेर हेप्न थाले। त्यतिबेला त्यहाँ तीन निकायहरू थिए :

१) **श्याम निकाय** : थाइल्याण्डबाट आएको हुनाले श्याम जातिलाई उच्च मानिन्थ्यो। एक पटक सानो कुलका राजा भिक्षु हुनका लागि आए तब उनलाई सम्मानपूर्वक भिक्षु बनाइयो।

२) **राम निकाय** : त्यहाँका तल्लो जातका मानिसहरू बर्मामा गएर पनि भिक्षु बन्न गए। जसलाई पछि राम निकाय भनेर नाम दिइयो।

३) **अमरापुर निकाय** : अमरापुर निकायमा १८/१९ वटा निकायहरू छन्। क्यान्डी अति नै राम्रो ठाउँ हो। कोलम्बोबाट १२० किलोमिटरको दुरीमा रहेको छ जहाँ बुद्धको दन्त धातु राखिएको छ। भनिन्छ, बुद्ध श्रीलंकामा ३ पटक आउनु भएको थियो।

पहिलो पटक आउनुहुँदा उरूवेला काश्यप, गया काश्यप र नदी काश्यपहरूलाई मार्गफल प्राप्त गराउनु भएपछि श्रीलंकाको राक्षसहरूको बस्ती मयाङ्गन भन्ने ठाउँमा पुग्नु भएको थियो।

दोश्रो पटक आउनुहुँदा नागदीप भन्ने ठाउँमा दुई दाजुभाई चुलोदर र मोहोदर रहेका थिए। तिनीहरू हिरामोतिको सिंहासनको कारण झगडा गरिरहेका थिए। पछि झगडा शान्त भएपछि तिनीहरूले बुद्धको पूजा गरेका थिए। जब तिनीहरूले सो सिंहासन भगवान बुद्धलाई प्रदान गरे तब भगवान् बुद्धले उनीहरूलाई उपदेश दिनु भएको थियो।

तेश्रो पटक आउनुहुँदा क्यानोलिमा पुनः बुद्ध पाल्नु भएको थियो। जहाँ चुलोदर र मोहदरले दिएको हिराको मेच राखेर चैत्य बनाइएको थियो।



https://dhamma.digital

क्यान्डी दन्त धातु चैत्यसँगै एउटा ठूलो नदी पनि छ। बुद्धको दन्त धातु ९ दिनसम्म जात्रा गरिन्छ। एक पटक अनादर गरी त्यो जात्रा रोकिएको थियो। त्यही वर्ष त्यस नदीको पानी बढेर धेरै विनाश भइदियो। त्यो जात्रा निकै हर्ष उल्लासका साथ मनाउने गरिन्छ।

जात्राका क्रममा टाउकोमा डोरी बेरेर आगोको डल्लो राखी घुमाउने गरिन्छ। साना बालकहरूले म्वाली नामक बाजा बजाउँछन्। सबैजना लामबद्ध भएर देशको झण्डा र बौद्ध झण्डा बोक्ने गर्छन्। त्यस्तै ताम्रपत्रमा विभिन्न जनावरका चित्र कोरिएको हुन्छ। त्यसमा श्रीलंकाको परम्परागत नाच पनि प्रदर्शन गरिएको थियो। जात्रामा हात्तीहरू निकै आकर्षक देखिन्छन्। हात्तीहरूलाई विभिन्न रूपमा सजाइएका हुन्छन्।

## १. क्याण्डी दन्तधातु जात्रा

श्रीलंकालाई भगवान् बुद्धको उपदेशलाई मान सत्कार गर्ने बौद्ध देश भन्न सुहाउँछ। त्यसको तुलनामा भगवान् बुद्ध जन्मेको देश नेपालमा बुद्धप्रति आदर गौरव धेरै नै कम देख्दछु। त्यसैले मलाई धेरै दुःख लाग्छ। कुनै पनि बच्चाले आफ्नो आमा बुबाको अर्ति उपदेश सुने उसलाई नै राम्रो हुन्छ। तर यहाँ खाली आ-आफै झगडा गर्ने र गराउने धेरै छन्। आफ्नो देश कसरी विकास गर्ने भनेर सोच्ने त कमै होलान्। नेपालमा काम र माम नपाएर धेरै युवा युवती विदेशतिर लागेका छन्। भगवान् बुद्धको जन्मभूमिमा बुद्धको शिक्षा निकै कम देखिन्छ। तर श्रीलंकामा बुद्धको आदर तथा सम्मान गरिन्छ। त्यसैले श्रीलंका धेरै विकास भइसकेको छ। यहाँका मानिसहरू ८५ प्रतिशत शिक्षित छन्। सबै विहारहरूमा सेतो लुगा लगाएर बिहानदेखि बेलुकासम्म अष्टशील लिएर खानपिन गरिन्छ। नैतिक शिक्षा भनेको बच्चादेखि नै निकै आवश्यक छ। बिना नैतिकशिक्षा देश र परिवारमा कोही पनि शान्त र सुखी हुन सक्दैन। हाम्रो देशमा कुनै समय सानै उमेरमा बन्दुक समाउन सिकाएको पनि देखियो। यदि त्यही बच्चालाई कलम समाउन सिकाएको भए भविष्यका कर्णधार हुने थियो। संसारमा एकदिन मर्नुपर्छ भनी थाहा नभएका मानिसहरू पनि छन्। हामीले कमाएको एक प्रतिशत पनि सँगै लिएर जान सक्दैनौ। अन्तिममा हामीसँग जति सम्पत्ति भए पनि आफ्ना



https://dhamma.digital

लागि ६ फिट जमीन मात्र हो भनी नबुझेको कारण नै बुद्ध शिक्षा, नैतिक शिक्षाको कमी भएको हो ।

हामी बौद्ध तीर्थयात्रीहरू भगवान बुद्धको दन्त धातु दर्शन गर्नको लागि २००८ अगष्ट १६ तारिख शनिवारको दिन श्रीलंकाको राजधानी कोलम्बोबाट क्याण्डी दन्त धातु चैत्यको अगाडि बेलुकी ४ बजेदेखि आफ्नो ठाउँ सुरक्षित गरी बसेका थियौं । बेलुकी ८ बजेसम्म पनि धातु ल्याइएन । पर्खेर नबसे दन्त धातु हेर्न ठाउँ पाइँदैन थियो । किनभने त्यहाँ लाखौं मानिसहरू दन्तधातु दर्शन गर्न बसिरहेका थिए । म श्रीलंकामा ४ पटक पुगें । यो धातु हेर्ने मौका पाएको पहिलोचोटी हो । पहिले तीनपल्ट यस्तो मौका जुरेको थिएन । यो चौथो पटक यो धातु हेर्ने सौभाग्य प्राप्त भयो । त्यहाँ भिक्षु भिक्षुणीहरू, उपासक उपासिकाहरू बस्नका लागि छुट्टा छुट्टै व्यवस्था गरिएको थियो । हामी साढे चार घण्टा कुरेर बस्यौं । श्रीलंकनहरूको श्रद्धा देखेर म एकदम अचम्मित भएँ । किनकि लाखौ मानिसहरूको बिचमा पनि होहल्ला भनेको पटक्कै थिएन । सबै जना एक आपसमा मिलेर बसेका थिए ।

दन्त धातु चैत्यलाई सुनको पलङ् बनाएर राखिएको थियो । अनेक प्रकार बाट सिंगारिएका हात्तीले आदरपूर्वक ३ पटक वन्दना गरेपछि आफ्नो पिठ्यूँ राख्नको लागि हात्ती बस्यो । हात्ती पनि निकै खुशी भएको देखिन्थ्यो । हात्तीको पनि भगवान बुद्धप्रति कति श्रद्धा भएको ? दन्तधातु दर्शन गर्न राष्ट्रपतिदेखि प्रधानमन्त्री, मन्त्रीगणहरू, राजदुत, स्वदेशी तथा विदेशी भिक्षु भिक्षुणीहरू तथा सर्वसाधारण उपस्थित भएको देखिन्थ्यो । यो धातुको एक पटक दर्शन गर्न पाए अहोभाग्य प्राप्त भएको मानिने रहेछ । यो धातुलाई तल राख्दा हात्तीले मानिसले झै पञ्चाङ्ग वन्दना गरिरहने रहेछ । धातुलाई बाहिर ल्याउन डोरीद्वारा बाजा बजाइन्थ्यो । दुइवटा डोरी मिलाएर आवाज निकाल्ने रहेछ ।

१) टाउकोमा डोरीले बाँधेर टाउको माथि आगो राखी घुमाएर पूजा गर्दछ ।
२) दुवै हातले आगोको डल्लो समातेर अग्नि पूजा गरिन्छ ।
३) दुइवटा बाँसैमा खुट्टा राखेर आगाको डल्लोलाई घुमाएर विभिन्न प्रकार बाट पूजा गरिन्छ ।
४) मवाली बाजा बजाएर सानो बच्चाहरूले पूजा गरिन्छ ।



https://dhamma.digital

५)	दायाँ बायाँ बौद्ध झण्डा श्रीलंकाको झण्डा पछाडि हात्तीहरू राखी स्वागत गरिन्छ ।
६)	विभिन्न प्रकारको झण्डा जस्तै बौद्ध, श्रीलंकन, हात्ती, ताम्रपात, मयूर, घोडा कोरेर बनाइएकोबाट पूजा गरिन्छ ।
७)	चार चार जनाको लाइनमा तरवार लिएर देशका प्रमुख व्यक्तिहरू २४ जना आएका थिए ।
८)	शंखको म्वाली, कनाथ बाजा, धिमेयू बाजा गाजा सहित स्वागत पूजा गर्ने क्याण्डीको चलन रहेछ ।
९)	सिंगारिएको हात्तीमाथि राजाको फोटो राखी सबै युवाहरूले चमर घुमाएर पूजा गरिन्छ ।
१०)	सिंगारिएको निलो हात्तीमाथि राजाको सेवक राखी डमरू बजाएर खुशी हुँदै नाचगान गर्दै पूजा गरिन्छ ।
११)	नीलो कपडाले सिंगारिएको हात्तीमाथि छत्रले बलाएर ठूला व्यक्तिहरूले पूजा गरिन्छ ।
१२)	हरियो कपडाले सजाएको हात्तीमाथि त्रिपिटक पुस्तकहरू राखिएको हुन्छ । भगवान बुद्धलाई कसरी आदर गौरव राख्ने, पानी जल, भोजन चढाउन नाना प्रकारका बाजा बजाई मनाइन्छ ।
१३)	हात्तीलाई फरक फरक पोशाक तथा गरगहनाले सिंगारिएको हुन्छ । मानिसहरू आ-आफ्नो श्रद्धा अनुसार पूजा गर्छन् ।
१४)	अन्तमा सुन्दर युवतीहरूले गाना गाउँदै नाच्दै पूजा गरिन्छ । यसरी आ-आफ्नो संस्कृति अनुसार पूजा गरेको हेर्दा राति १२ बजिसकेको चालै पाइएन ।

## २. मात्तले

१७ अगष्ट २००८ मा अलु भन्ने विहारमा पुगेँ । यहाँको इतिहास सुन्दा दुःख लाग्यो । त्यो समयमा श्रीलंकामा खानाको लागि धेरै नै दुःख भोग्नु परेछ । भिक्षुहरूलाई दान दिने दाताहरू पनि थिएनन् । किनभने दाताहरूलाई नै खानको लागि समस्या थियो । दाताहरूको काम नभएपछि खानको लागि समस्या बढ्दै



https://dhamma.digital

गयो । आफैलाई समस्या परेपछि दान दिने कुरा पनि भएन । मलाई पनि कहिले काहीँ चिन्ता लाग्छ, किनभने यहाँ मसँग पनि केही चेलीहरू बसिरहेका छन् । यदि दाताहरूको व्यापार व्यवसाय राम्रो भएन भने कसले दान देला जस्तो लाग्छ । दान दिने नभएपछि खाना कसरी खाने भन्ने कल्पना हुन्छ । श्रीलंकामा दुर्भिक्ष भएपछि धेरैलाई दुःख हुने रहेछ । दुर्भिक्ष भएको बेला भय तथा आपत विपत आउने रहेछ । जस्तै : रोग भय, अमनुष्य भय र आहार भय हुने रहेछ । त्यस समयमा त्यहाँ आहार नपाएर १०,००० (दश हजार) भिक्षुहरू परिनिर्वाण हुनुभएको रहेछ । बाँकी भिक्षुहरू मनोबल बढाएर रूखको पात खाई शीलको रक्षा गरेर भगवान् बुद्धको ग्रन्थ धर्मलाई पाठ गरेर बस्नुभयो । अलु चैत्य एउटा ढुङ्गामाथि बनाइएको चैत्य हो । यहाँ ढुङ्गामाथि चैत्य बनाउनुको कारण पनि छ । भारतमा श्रीलंकाबाट पठाएको विशुद्धिमार्गको पुस्तक थियो । तर पाली भाषाबाट उपलब्ध नभएको कारण एकजना विद्वान भिक्षु बुद्धघोषलाई पाली भाषाको विशुद्धिमार्ग लिएर आउन पठाएछ । त्यतिबेला अहिले जस्तो हवाइजहाज, मोटर बाटो थिएन । श्रीलंका भनेको समुन्द्र बिचको एउटा टापु हो ।

श्रीलंकामा मातले भन्ने ठाउँ छ । मातलेका भिक्षुहरूले यो बुद्धघोष कतिको विद्वान रहेछ परीक्षा लिनुपर्‍यो भनी पालीबाट प्रश्न गर्नुभयो :

अन्तो जटा वही जटा, जटाय जतिता पजा तत गोम । पुच्छामीको इमं विजरये जट ?

अर्थ : भित्र जटा (जञ्जाल) छ बाहिर जटा छ । जटाले प्रज्ञा जकडिएको छ । त्यसैले हे गौतम ! तपाईंसँग प्रश्न गर्छु कि कसले यो जटालाई सुल्झाउन सक्दछ ?

प्रश्न सुनेपछि भिक्षु बुद्धघोषले पालीमै उत्तर दिनुभयो : सीले पतिट्ठाय नरो समञ्ञो, चित्त पञ्ञञ्ञ भावयं । आतापि निपको भिक्खु, सो इमं विजये जटं ॥

अर्थ : जो व्यक्ति प्रज्ञावान हुन्छ वीर्यवान हुन्छ पण्डित हुन्छ, संसारमा भय नै भय देख्ने (भिक्षु) हुन्छ । उसले शीलमा प्रतिष्ठित भएर चित्त समाधि र प्रज्ञाको भावना गर्दै यस जटा (जञ्जाल) लाई सुल्झाउन सक्दछ ।

यस्तो जवाफ सुनेर भिक्षुहरूले विशुद्धिमार्ग पाली भाषाबाट लेख्नको



https://dhamma.digital

लागि किताब दिई सहयोग गर्नुभयो । भिक्षु बुद्धघोषले जसरी भगवान बुद्धले बताउनु भएको थियो त्यसरी नै एक अक्षर पनि फरक नगरी लेख्नुभयो । आफुले लेखिसकेको कापी तकिया मुनी राख्नुहुन्थ्यो । सबै लेखिसकेको विशुद्धिमार्ग किताबको रूपमा छाप्न खोज्दा तीन पल्टसम्म त्यो सबै हराउन थाल्यो । जसले गर्दा किताव तयार गर्न सकेन । तर पनि भिक्षु बुद्धघोषलाई कति पनि अपसोच भएन । यो सबै अदृश्य देवताहरूले लुकाइदिएको र वहाँ कतिको धैर्यवान् तथा विद्वान हुनुहुन्छ भनी परीक्षा लिएको भनिन्छ ।

भिक्षु बुद्धघोषले विशुद्धिमार्ग अर्थकथा टिका पनि लेख्नुभयो । वहाँ अलिकति पनि दिक्क मान्नु हुन्न । वहाँ एकदम जोश जाँगर भएको र धैर्यवान भिक्षु हुनुहुन्थ्यो । त्यसैकारण आजसम्म पनि बौद्ध जगतमा वहाँको नाम थाहा नपाउने कोही पनि छैन । वहाँकै कारण श्रीलंकन भाषाको विशुद्धिमार्ग पाली भाषाको रूपमा पाइयो । पछि श्रीलंकन भाषाको किताब जलाएर खरानी जम्मा गरी चैत्य बनाउनुभयो । त्यो चैत्यलाई अलुचैत्य भनी नामाकरण गरियो ।

सिंगिरी पहाड धातु सेना राजाले बनाएको थियो । पहिला श्रीलंकामा ठूलाबडाको नाम राख्दा भिक्षुहरूको नाम लिएर राख्ने चलन छ । नाम राख्दा पालीबाट नामाकरण गर्ने चलन छ । त्यही कारण राजाको नाम धातुसेना राखेको हो ।

सिं : सिंह, गिरी : पहाड । सिंह जस्तो ढोका राखेर बनाएको हुनाले यसलाई सिंह गिरी पहाड भनिएको हो । यो पहाडको चारैतर्फ पानी भरेर ताल बनाइएको छ । चारैतिर खनेर माटो थुपारेर चैत्य बनाइएको छ । माटो खनेको ठाउँ अथवा खाल्डोमा पानी भरेर राखिएको छ । त्यो पानी खेती किसान गरी खानेलाई दिने गरिन्थ्यो । आवश्यकता अनुसार त्यो पानी खेतबारीमा उपयोग गरी उब्जनीको लागि धेरै ठाउँमा प्रयोग गर्ने भएकोले कृषकहरूले खेतबारीको काम राम्रोसँग गर्न पाए । त्यहाँबाट उब्जनी भएका तरकारी तथा अन्य अन्नपात देश विदेशमा पठाउने गरिन्थ्यो ।

राजा धातुसेनाका दुइवटी श्रीमती थिए । ठूली श्रीमतीबाट जन्मिएको छोराको नाम मोगल्याण सिंगिरी र कान्छी श्रीमतीबाट जन्मिएको छोराको नाम कास्यप सिंगिरी थियो । उनीहरूको नाम पाली साहित्यबाट निकालेर राखिएको



https://dhamma.digital

थियो । राजकुमारहरू ठूलो हुँदै गए पनि उनीहरूलाई राम्रो शिक्षा दिन पाएको थिएन । असल शिक्षाको कमीले गर्दा काश्यप राजकुमार आफ्ना बुबा राजा धातुसेनासँग राज्य माग्न गएछन् । त्यतिखेर ठूलो छोरा हुँदाहुँदै सानो छोरालाई राज्य दिने कानुन नै थिएन । राजाले विचार गरे कि अब यसलाई कसरी राज्य दिने ? यसलाई राज्य दिन मिल्दैन भनी राज्यको सट्टा एक घैला पानी दिए । राजकुमार काश्यपलाई धेरै रिस उठ्यो । आफूलाई राज्यको सट्टा पानी दिने बाबुको रगत निकालिदिन्छु भनी राजा धातुसेनालाई मारी आफू अनुराधापुरमा बस्न गए ।

राजकुमार काश्यप अनुराधापुरमा बस्दाबस्दै सिंहको ढोका बनाइएको सिंगरीमा बस्न गए । सिंगरीको यो ढोका अहिले पनि छ । त्यो सबै ढुंगाबाट बनाइएको हो । उक्त दरवार बनाएर राजकुमारले भएभरको सुखसयल लिन थाले । कसैले हमला गर्न नसकोस् भनी तालको पानीमा गोही पालेर व्यवस्थित तरिकाले आफू ढुंगाको पहाड र सिंह आकारको ढोकाभित्र बसेर राज्य चलाउन थाले ।

त्यही ढुंगाभन्दा अलि पर निगन्थनाथ जेनहरू पनि बसिरहेका थिए । उनीहरू राजालाई भागेर आएको भनी जिस्काउने, हेप्ने गर्थे । उनीहरूको व्यवहार देखेर राजालाई भित्रैदेखि क्रोध उत्पन्न हुन्थ्यो । तर भिक्षु तिस्सको उपदेश सुनेको हुनाले सहेर बसे । जब राजा आजाद भयो अभय चैत्य भएको पहाड सबै भिक्षु तिस्सलाई दान दिनुभयो । दुःख परेको बेला राजालाई हेप्ने निगन्थनाथ जेनहरूलाई देश निकाला गरिदियो । यदि भिक्षु तिस्सबाट भगवान बुद्धको उपदेश नसुनेको भए राजाले मारकाट पनि गर्थ्यो होला । तर बुद्धको उपदेश सुनेको कारणले अभय दिएर देशबाट निकाला गरिदियो । यसरी अभय दिएको भएर उक्त ठाउँको नामै अभयगिरी चैत्य राखियो ।

भारतका प्रधानमन्त्री जवाहरलाल नेहरू श्रीलंका भ्रमणमा जानुहुँदा अभय चैत्यसँगै अर्को शान्ति मूर्ति पनि देख्नुभयो । भगवान बुद्धको त्यो प्रतिमा देखेर नेहरूले आँखाबाट आँशु रोक्न सक्नुभएन । भगवान बुद्ध यति शान्तसँग ध्यान बस्नुभएको छ कि अहिले पनि शान्तिपूर्वक मग्न भइरहेको भान हुन्छ । जवाहरलाल नेहरूले भगवान बुद्धका धेरै प्रतिमाहरूको दर्शन गर्नुभएको छ तर यो प्रतिमा एकदम शान्त र जताबाट हेरे पनि उतिकै श्रद्धा लाग्नेखालको थियो ।



https://dhamma.digital

श्रीलंकनहरू यहाँ आफ्नो इच्छा राख्यो भने पुरा हुन्छ भन्ने विश्वास राख्दछन् । त्यसै कारण धेरै टाढाबाट प्रार्थना गर्न आउनेहरूको यहाँ सधैँ भीड लाग्दछ । त्यहाँ भक्तालुहरू हातमा फूल, धुप लिएर भगवान बुद्धको अगाडि बसेर प्रार्थना गरिरहेको देखेँ । मैले त्यहाँ मानिसहरू घण्टौं बसी पूजा गरिरहेको त देखेँ तर त्यहाँ त्यसरी पूजा गर्दा आफ्नो मनको इच्छा पूरा हुन्छ भन्ने चाहिँ थाहा थिएन ।

## ३. श्रीलंकामा शील सम्बन्धी कहानी

श्रीलंकामा एक जना यस्तो भिक्षु थियो जो शील तोडिएला भनेर सधैँ डर मानिरहन्थे । एक पटक उहाँ भिक्षु एउटा गाउँको सानो विहारमा ध्यान गरिरहनुभएको थियो । आफ्नो पञ्चशील, अष्टशील र भिक्षुशील बिग्रिन्छ कि भन्ने डरले उहाँ शहरबाट टाढा दाताहरू खाना, जलपान, भोजन दान दिन पनि आउन नसक्ने विरान ठाउँमा गई ध्यान बस्न गएका रहेछन् । भिक्षाको लागि गाउँमा नै जानुपर्थ्यो । वहाँको नाम असजित थियो । भिक्षु असजितले मार्ग फलको लागि खुब मेहनत गर्नुभयो । जे गरे पनि खान त परिहाल्यो । बिना अन्नले मार्गफल प्राप्त गर्न सक्दैन ।

भिक्षु असजित बिना खाना नै ध्यान गर्न थाल्नुभयो । भिक्षा दिने कोही नभएकोले धेरै दिन खाना खान पाउनुभएन । अन्ततः पेटको लागि भए पनि भिक्षा जानु पर्‍यो भनी विस्तारै हिंडेर जानुभयो । नखाएको धेरै दिन भइसकेको कारणले विस्तारै हिंडेर जाँदा आँपको रूखमुनि पुग्ने बित्तिकै ढल्नुभयो । बाह्र बजेपछि खाना खानु हुँदैन । आँप झरेर भुइँमा त्यसै छ र रूखमा पनि लटरम्म फलेको छ । टिपेर खाउँ भने शील बिग्रन्छ । किनभने कृषकले रोपेको आँप अदिन्नादानामा पर्छ । भुँइमा खसेको टिपेर खाए पनि अर्काको सम्पत्ति लिएर खाए जस्तो हुने भयो । यसरी खाँदा चोरेर खाए जस्तो हुन्छ । मरेर गए पनि शीललाई बिगार्दिन भनी आफ्नो अगाडि झरेको आँप समेत हातले नटिपिकन हेरेर बस्नुभयो ।

एक छिन पछि आँपको मालिक आइपुग्यो । असजित भिक्षु आँपको रूखमुनि ढलिरहेको देखेर दया लागेर भन्तेलाई उठ्नको लागि अनुरोध गर्‍यो तर भन्ते उठ्न सक्नुभएन । किसानले उहाँलाई भोजनको कमीले गर्दा निर्वल



https://dhamma.digital

हुनुभएको रहेछ, यहाँ रूखमा आँप छँदैछ टिपेर खाए पनि हुन्थ्यो नि भने । भिक्षु असजितले अर्काको सम्पत्ति बिना अनुमति लिँदा मेरो शील बिग्रन्छ बरू म मर्छु शील बिगार्दिन भन्नुभयो । यस्तो कुरा सुनेर किसानको आँखाबाट आँशु झऱ्यो । यस्ता भिक्षुहरूको सेवा गर्न पाए अहोभाग्य हुनेछ भनेर आफ्नो बगैंचाको राम्रा-राम्रा आँप टिपेर खुशीसाथ दान दिए । भिक्षुले पनि विस्तारै आँप खानुभयो । किसानले बोकेर उहाँको कुटीसम्म पुऱ्याएर 'तपाईं बलियो भएर भिक्षा माग्न जान नसकुन्जेल म नै जलपान, भोजन, औषधि, लुगाको व्यवस्था गर्छु' भनी अनुरोध गऱ्यो । उनको सेवा देखेर भिक्षुले यो उपासकले मेरो कति मद्दत गऱ्यो, नातामा यो मेरो कोही पनि पर्दैन, किन यसले मलाई यति माया गरेको होला ? के शीलको कारणले हो ? भनी कल्पना गर्न थाल्नुभयो । यही हो धर्म भनेको । यो मलाई गरेको होइन, मैले पालन गरेको शीललाई गरेको हो भन्ने विचार गर्नुभयो ।

भिक्षुले शीलको रक्षा गुर्नभयो । त्यही शीलको कारणले किसान अथवा उपासक दाताले भिक्षुलाई रक्षा गरे । शील भनेको अत्यन्त महत्वपूर्ण र आवश्यक छ । शील भनेकै धर्म हो । धर्म साम्प्रदायक होइन । प्रज्ञा नै धर्म हो । समाधी नै धर्म हो ।

## ४. बुबाको इच्छा छोरालाई डाक्टर पढाउने

श्रीलंकामा एउटा गरिब परिवार थियो । अचानक श्रीमती दुई जिउकी भइछिन् । दुवै जना धेरै खुशी भएर छोरा पाए डाक्टर पढाउने विचार गरेछन् । बच्चा पेटमा हुँदा नै हरेक आमा बुबाले छोराछोरीको भविष्यबारे कल्पना गर्दछन् । त्यस्तै श्रीमतीले दश महिना पछि बच्चा पाउँदा छोरा नै पाएछ । छोरा जन्मिएपछि बुबाको खुशीको सीमा नै रहेन । तर बच्चा जन्मिनासाथ श्रीमतीको मृत्यु भयो । खुशीसँगै श्रीमतीको मृत्युले दुःख पनि सँगै आयो । अब के गर्ने ? मृत्यु कसैको हातको कुरा होइन । छोरालाई दुःख सुख गरी हुर्कायो र पढायो । हुने विरूवाको चिल्लो पात भने झैं छोरा पनि तीक्ष्ण बुद्धिको थियो । बाबुले छोरालाई आमाको कमी महसुस नहुने गरी हुर्कायो । मानिसले इच्छा गऱ्यो भने नहुने केही छैन । इच्छा मात्र गरेर हुँदैन मेहनत र बुद्धि पनि हुनुपर्छ ।

काठमाडौंमा एकजना महिला थिइन् । उनी आफ्नो भतिजाले डाक्टर



https://dhamma.digital

पढोस् भन्ने चाहन्थ्यो । खर्च नपुगे आफ्नो घर बेचेर पनि पढाउने इच्छा गर्थिन् । तर भतिजालाई डाक्टर पढ्ने अलिकति पनि इच्छा थिएन । घाउ देख्नै नसक्ने, रगत देखेपछि डराउने खालको थियो । यस्तो बच्चा कसरी डाक्टर बन्न सक्छ ? फुपूको इच्छा मात्र भएर पनि काम लागेन । त्यसै कारण आफ्नो कर्ममा भएको मात्र पाइन्छ । भनिन्छ, कर्ममा लेखको कुरा कसैले मेट्न सक्दैन । त्यसैले राम्रो राम्रो काम गरेपछि राम्रै भोग्न मिल्छ । इच्छा गरेको कुरा पूरा गर्न क्षमता प्राप्त हुन्छ ।

श्रीलङ्कामा ९५ प्रतिशत बौद्ध धर्मावलम्बीहरू छन् । १० कक्षासम्म निःशुल्क पढाइ हुन्छ । पढ्नको लागि पैसा नपर्ने भएकोले जति गरिब भएपनि समस्या पर्दैन । प्रत्येक आइतबार बिहान विहारमा बौद्ध शिक्षाको पढाइ हुन्छ । प्रत्येक विहारमा शिक्षकदेखि विद्यार्थी सबैले सेतो लुगा लगाएर दिनभर बौद्ध शिक्षाका साथै नैतिक शिक्षाबारे पठनपाठन गर्छन् । साना नानीहरूलाई आमाबुबाले पुऱ्याउने गर्छन् भने ठूलाहरू आफै विहारमा जाने गर्दछन् । विहारमा जलपान भोजनको व्यवस्था पनि गरिएको हुन्छ ।

त्यो दम्पत्तिको इच्छा डाक्टर पढाउने भएकोले गरिब परिवार भएपनि बुबा एक्लैले धेरै मिहेनत गरी छोरालाई स्कुलमा भर्ना गरिदियो । बुबा चाहिने नैतिक शिक्षा पढाउन पठायो भने डाक्टर पढ्न ढिला हुन्छ अथवा डाक्टर पढ्न समय नपाएर आफ्ना इच्छा पूरा नहोला भनी खाली स्कुलमा मात्र पढाउन जोड दिएछन् । नैतिक शिक्षा भनेको अलिकति पनि सिक्न पाएन । विहारमा नपठाउने भएकोले राम्रो शिक्षा तथा सत्संगत पनि भएन । बुबा चाहिँलाई बौद्ध ज्ञान र नैतिक शिक्षाभन्दा आफ्नो छोरा ठूलो डाक्टर बनोस् भन्ने मात्र चाहना थियो । त्यसैले नैतिक शिक्षा नदिई खालि स्कुलको भौतिक शिक्षा मात्र दिइयो । छोरा पनि तीक्ष्ण बुद्धिको भएकोले राम्रैसँग परीक्षाहरूमा उत्तीर्ण हुँदै गयो र स्कुलको सबभन्दा उत्कृष्ट विद्यार्थी भयो । बुबाको इच्छा अनुसार डाक्टर पढ्न पाउने भयो । उत्कृष्ट विद्यार्थी भएको कारण छात्रवृत्ति पनि पायो । सानैदेखि भौतिक शिक्षाको साथसाथै नैतिक शिक्षाको पनि आवश्यक थियो । तर नैतिक शिक्षाको भण्डार भएको देशमा जन्मेर पनि भौतिक शिक्षा मात्र प्राप्त गर्न सक्यो ।

हाम्रो नेपालमा पनि खालि भौतिक शिक्षा दिएर दुःख पाएको एउटा



https://dhamma.digital

परिवारको घटना उल्लेख गर्न चाहन्छु। एक दम्पत्तिका दुइ छोरा थिए। वहाँहरूको इच्छा छोराहरूलाई इन्जिनियर बनाउने थियो। आमाबुबाले ओभरटाइम काम गरेर दुवै छोराहरूलाई इन्जिनियर पनि बनाए। इन्जिनियरमा पनि सबभन्दा उत्कृष्ट भएर आएकोले आमाबुबा दुवै धेरै नै खुशी थिए। उनीहरू आफ्नो खुट्टामा उभिन सक्ने भएपछि उनीहरूको विवाह गरिदियो। आमाबुबा बिस्तारै वृद्धवृद्धा हुन थाल्यो। उनीहरूले दुवै छोरालाई एक एक वटा घर नाममा गरिदियो। दुवै जनालाई ६/६ करोड गरी १२ करोड रूपैया पनि बाँडेर दियो। बाँकी एउटा घर, अलिकति जग्गा र पैसा आमाबुबाको नाममा राखेको थियो। अब आमाबुबा छुट्टै बस्न थाले। सन्तानले सेवा गर्न र पाल्न सकेन। आमाबुबाले जति सन्तान भएपनि पाल्न सक्ने तर आमाबुबालाई सन्तानले पाल्न नसक्ने ? यसको कारण भौतिक शिक्षा मात्र भयो आध्यात्मिक शिक्षा र नैतिक शिक्षाको कमीले भएको हो। पछि दुवै छोरा मिलेर आमाबुबासँग भएको सम्पत्ति पनि लिन खोज्यो। सम्पत्ति दिएन भनेर इन्जिनियर जस्ता छोराहरूले छुराले रोप्ने समेत कोशिस गऱ्यो। संयोगवश त्यति नै बेला अरू मानिसहरू पुगेका कारण मार्न सकेनन्। यो सबै नैतिक शिक्षाको कमीले गर्दा भएको भन्ने लाग्छ मलाई।

श्रीलंकाका केटा पनि पढ्नमा निपुण थियो। छिट्टै नै ५ वर्षमा डाक्टर पास गरेर आएछ। छोरा डाक्टर भएर आएको उपलक्ष्यमा सबै साथीभाइलाई निम्तो दिई भोजको व्यवस्था गऱ्यो। भोजमा रक्सी, माछामासुदेखि लिएर विदेशी ह्विस्कीहरू पनि थियो। बुबा चाहिँ अत्यन्तै खुशी थियो। किनभने अब उसलाई सबैले डाक्टरको बुबा भन्छन्। एकछिन पछि छोराले बुबालाई बुबा मेरो साथीहरू आउँदैछन् तपाई अगाडि नबस्नुस् भन्यो। साथीहरू भएसम्म ऊ त्यो पाटीमा बसिराख्नु र जब मेरा साथीहरू जान्छन्, त्यसपछि आउनु भन्यो। बुबाको चित्त, स्वर्गमा बसिरहेको एकैचोटि नर्कमा पुगे जस्तो भयो। छोराको इच्छा अनुसार अँध्यारो पाटीमा गएर बस्यो। बेलुकी भएपछि साथीहरू जम्मा भएर जसलाई जे मन लाग्यो त्यही खाँदै पिउदै गर्न थाल्यो। त्यस मध्ये एक जना नपिउने साथीलाई पिइरहेको साथीहरूसँग बस्न नमज्जा लागेर कहाँ जाउँ कता जाउँ जस्तो लागेर बाहिर आउँदा अँध्यारो पाटीमा एकजना बूढो मान्छेलाई देख्यो। थोत्रो लुगा लगाएर पाटीमा बसिरहेको मान्छेसँग उनले 'तपाईको



https://dhamma.digital

छोराछोरी छैन ?' भनी प्रश्न गऱ्यो । बुबाको मन थामी नसक्नु भइरहेको थियो, त्यस्तो अवस्थामा यस्तो प्रश्न गर्दा पाकेको खटिरा छुने बित्तिकै फुटे जस्तो गरी बुबाले पनि भनिहाले, 'तिमीहरूलाई पार्टी दिने डाक्टर मेरै छोरा हो । म बुढो भएकोले बुबा भन्न लाज मानेर मलाई यहाँ राखिएको हो ।' साथै छोराका जन्मदेखि आजसम्मका सबै कुरा पनि बताए । सबै कुरा सुनिसके पछि त्यो साथीलाई भित्रै देखि रिस उठ्यो । एक त रक्सी खाने अर्को आफ्नो बुबालाई बुबा नभन्ने, यसले अरूको के सेवा गर्छ होला । यसले त पैसा मात्र देख्छ होला भन्ने मनमा लिई अब म यसलाई ठीक पार्छु भनी रक्सी खाइरहेको ठाउँमा गएर साथीको टाउकोमा हानेर घाउ बनाइदिएछ । निमन्त्रणा गरेकै साथीको टाउकोमा घाउ कसले बनाएछ भनी खोजतलास गर्दा रक्सी नखाने साथीले गरेको रहेछ भन्ने थाहा भयो । रक्सी खाने साथीहरूले रक्सी खाएर मोजमस्ती गरेको देखेर डाहा भई टाउको फुटाएको होला भन्ने सोची उसँग झगडा गर्न थालेछ ।

रक्सी नखाने साथीले मैले नै उसको टाउको फुटाएको हो भनी जवाफ दियो । किनभने उसको जन्मदाता बुबाको चित्त त्यो घाउ भन्दा दुःखेको छ । आफ्नो बुबालाई बुबा नभन्ने व्यक्तिले रोगी, दुःखीजन, वृद्धवृद्धाहरूको के सेवा गर्ला भनेर आफूले त्यसो गरेको हो ताकि उनलाई आफ्नो गल्ती महसुस होस्, लाज होस् अनि बुबालाई त्यस्तो अपमान गर्न नसकोस् भनी सुनाए ।

बुबाचाहिं छोरालाई घाउ लागेछ भनेर दुःख मानी छिटोछिटो आएछ । त्यहीँ बुबाको कुरा सबैलाई सुनायो । त्यसपछि अबदेखि बुबालाई यस्तो कहिले गर्दिन भनी छोराले त्यहीँ माफी मागेछ । सबै डाक्टरहरूले आफ्ना छोराछोरीलाई भौतिक शिक्षा मात्र नभई नैतिक शिक्षा दिन पनि अत्यन्त आवश्यक छ । बच्चै देखि विहारमा पठाएर भगवान बुद्धको बौद्ध शिक्षाका साथै नैतिक शिक्षा पनि अध्ययन गराउनका लागि बिन्ती गऱ्यो । साथै छोराले पनि मैले भौतिक शिक्षा मात्र लिएको कारण बुबालाई बुबा भन्न लाज मानेको हो, यसमा सम्पूर्ण दोष आफ्नै हो भनी दोष स्वीकारी असल मान्छे बन्ने हो भने सबैका लागि नैतिक शिक्षा अत्यन्त आवश्यक भएको बतायो ।



https://dhamma.digital

## ५. डम्बुला पर्वतीय गुफा

६०० फिट माथि पर्वतभित्र विचित्र कलाले सजाइएको एउटा गुफा हो डम्बुला । यस गुफाभित्र विभिन्न प्रकारका चित्रहरू अलंकृत गरिएकोले प्रख्यात छ । एक शताब्दीमा राजा वटुगामिनी अभयले भगवान् बुद्धका केही मूर्तिहरू र गुफाहरू बनाउनुभएको थियो । शत्रुको आक्रमण हुँदा तिस्स भन्ते बस्नुभएकै डम्बुलामा १६ वर्षसम्म शरणमा बस्नुभएको थियो । शरणमा बस्दा बस्दै धेरै गुफाहरू बनाउनु भएको थियो । यो गुफामा भगवान् बुद्धका १५० मूर्तिहरू छन् । जसमध्ये ४७ फिट अग्लो मूर्ति पनि छ । यो डम्बुला पर्वतमा ५ वटा गुफाहरू बनाइएको छ । गुफाका नामहरू यस प्रकार रहेको छन् :

१) **देवराज विहार** :

२) **राजा विहार** : यो सबभन्दा ठूलो र लामो गुफा हो । यसभित्र धेरै बुद्ध मूर्तिहरू छन् । ७२ फिट लामो, ७५ फिट चौडाई र २१ फिट उचाइ भएको मूर्ति राजा अभयले बनाउनु भएको हो ।

३) **अतुल विहार** : यो गुफा ९० फिट लामो, ८१ फिट चौडाई, ३६ फिट उचाई रहेको छ भने यहाँ बुद्ध मूर्तिका साथै भगवान् बुद्धका अनेक चित्रहरू बनाइएको छ । यो कीर्तिश्री राजासिंहले बनाएको हो ।

४) **पच्छिम विहार** : यो राजाको सालिकसँगै भगवान बुद्धको ५० वटा मूर्ति छन् । यो ५० फिट लम्बाई, २० फिट चौडाई र २७ फिट उचाईको छ । यहाँ विभिन्न मुद्राका १० वटा बुद्धका मूर्तिहरू बनाइएको छ ।

५) **अतुल विहार** : यो गुफा ६८ मिटर चौडाई, १२ मिटर उचाई र २५ मिटर लम्बाईको छ । यसभित्र ११ वटा बुद्धमूर्तिहरू छन् । यो श्रीलंकाली सरकारले २० औं शताब्दीमा बनाएको थियो । श्रीलंकनहरू बच्चा जन्मिएपछि यहाँको भगवान् बुद्धलाई चढायो भने बच्चालाई रोगव्याधि लाग्दैन र ठूलो मान्छे बन्छ भन्ने विश्वास गर्दा रहेछन् ।

म श्रीलंकाको डम्बुला गुफा घुमिरहेको बेला भर्खरै जन्मेको एउटा बच्चालाई भगवान् बुद्धको अगाडि चढाएको देखें । त्यसबारे बुझ्दा रोगव्याधि नलाग्ने र ठूलो मान्छे हुने विश्वासले गर्दा त्यसो गरिएको बताए ।

डम्बुलाभित्र तीन सयभन्दा बढी भगवान् बुद्धका मूर्तिहरू छन् । जुन



https://dhamma.digital

माटो, काठ, पित्तलदेखि लिएर सुनका समेत छन् । यस गुफामा देवानपियातिस्स राजा भागेर आएका थिए । शत्रुहरूले देखे मारिदिन्छ भनी कता जाऊँ कहाँ जाऊ गर्दै यही डम्बुलामा लुकेर बसेको थियो । भिक्षु सदातिसले भिक्षा मागेर राजालाई खुवाउने गर्थे । साथै राजालाई पञ्चशील र भगवान् बुद्धको उपदेश सुनाउने गर्दथे । मृत्यु भयदेखि डराएर आएको राजालाई भगवान् बुद्धको उपदेश सुनेर मनमा शान्ति भयो । सम्पूर्ण प्राणीलाई नभइ नहुने बुद्ध उपदेश सुन्न पाएर राजा धेरै नै खुशी हुनुभयो । राजाले जनताप्रति माया दया गर्ने, आफ्नै सन्तान सम्झने, जिउनको लागि खाना, लगाउनको लागि कपडा, बस्नको लागि बास र विरामी हुँदा औषधि, पानी र बत्ती इत्यादी पूरा गरिदिनुपर्छ । त्यति मात्रले पुग्दैन, जीवनमा अति आवश्यक ज्ञान र नैतिक शिक्षा पनि दिनुपर्छ । राजालाई राजनैतिक शास्त्र, धार्मिक शास्त्र, ध्यान भावना, मैत्री करूणा, मुदिता र उपेक्षा पनि सिकाउनु भयो । सम्पूर्ण ज्ञान प्राप्त गरिसकेपछि राजा पनि आजाद भयो । आफू आजाद भएपछि सदातिस्स भिक्षुको गुणलाई सम्झेर गुफामा राम्रा राम्रा पोखरीहरू बनाइदिए । बिग्रेका गुफाहरूको मर्मत गरिदियो । भिक्षुलाई चतप्रत्यय दान दिनुभयो । चतप्रत्यय भनेको खानको लागि भोजन, बस्नको लागि विहार, लाउनको लागि चिवर र विरामी पर्दा औषधिको व्यवस्था हो । यो चारवटा कहीं जान नपर्ने गरी व्यवस्था गरिदिनुभयो । ध्यान गर्नको लागि योग्य गुफा र पुरानो सबै गुफा मर्मत गरी सदातिस्स भिक्षुलाई दान दिनुभयो ।

Dhamma.Digital

## ६. महियांगना विषय

भगवान बुद्ध तीन पटक श्रीलंका पुग्नुभएको थियो भनी श्रीलंकनहरू धेरै नै गौरव गर्छन् । तर त्रिपिटक पल्टाएर हेर्दा त्यहाँ यसको उल्लेख भएको देखिँदैन । जे होस् भगवान बुद्ध बिना कारणले कहिँ जानुहुन्न । तर श्रीलंकाको बौद्ध इतिहासमा पुरानो महावंश र दीपवंश भन्ने पुस्तकमा भगवान् बुद्धले तीन पटक श्रीलंका भ्रमण गर्नुभएको उल्लेख छ । भगवान् बुद्धले जहाँ जहाँ भ्रमण गर्नुभएको थियो त्यहाँ त्यहाँ पैताला र वहाँको केशधातु चैत्य बनाइएको छ । यही प्रमाण अनुसार भगवान् बुद्धको जीवनकालमा श्रीलंकाका जनताको कल्याण, हित र उपकार गर्न भ्रमण गर्नुभएको थियो भन्ने बुझ्न सकिन्छ ।



https://dhamma.digital

श्रीलंकाको प्रख्यात बौद्ध इतिहासको पुरानो किताब महावंशको अध्याय १ मा सबभन्दा पहिला ५८७ मा महिंयागना भन्ने ठाउँमा भगवान् बुद्ध पाल्नु भएको उल्लेख छ । सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेको नौ महिनापछि पौष पूर्णिमाको कुरा हो। भगवान् बुद्ध बिना कारण कहीँ पाल्नुहुन्न। श्रीलंकाको महिंयागना भन्ने ठाउँमा राक्षसहरूले बास थियो । धेरैजसो राक्षसहरू खोला छेउमा बस्दथे । त्यहाँ राक्षसहरू मात्र होइन देवगण र नागजाति पनि बस्दथे । राक्षसहरू समय समयमा खोला छेउमा बसेर देवजाति र नागजातिलाई कसरी भगाउने भन्ने सल्लाह गरेर बस्थे । किनभने जबसम्म देवजाति र नागजातिहरू हुन्छन् तबसम्म आफूले भनेजस्तो गर्न पाइँदैन भनेर उनीहरू सोच्दथे। राक्षसहरू भएको ठाउँमा मानिसहरू बस्न सक्दैनन् । यो ठाउँमा म १९९० मा धम्मवती गुरूमासँग गएको थिएँ । धम्मवती गुरूमा र विनित भन्तेले मलाई लानुभएको थियो। यो ठाउँमा धेरै राक्षसहरूले बास हुने गर्दथ्यो। जब भगवान बुद्धको धर्म बलियो भयो त्यस बेलादेखि राक्षसहरू हराउँदै गयो भनी भन्नुभयो । यहाँ एउटा ठूलो चैत्य छ। भगवान् बुद्धको केश धातु राखी बनाएको चैत्यसँगै निमको रूख पनि छ। रूखका दुइवटा हाँगामध्ये एउटा भगवान् बुद्धको चैत्यभित्र गएको छ। चैत्यभित्र गएको हाँगाको पात तीतो छैन। यसको स्वाद नै अलग छ भने चैत्य बाहिरको निमको पात तीतो छ । म आफैले खाएर हेरैं, यो एउटा कुरा गजब लाग्यो मलाई । मैले मात्र खाएको होइन अरूले पनि खाएर हेरेका थिए । सबै यताउता घुमिरहेका थिए । म चाहिँ ट्वाइलेट खोज्दै बाहिर आएँ । भाषा पनि जानेको थिइनँ । म एक्लै बाहिर आएको बेला पूरै राक्षसनीलाई देखेँ। साँच्चिकै राक्षस त देखेको थिइनँ । सुनेको र चित्रमा मात्र हेरेको थिएँ । जसरी सुनेको र चित्रमा कोरिएको राक्षस थियो त्यस्तै एकजना महिला काली न काली, कपाल फिजाएको, दाँत दाँया र बाँया चार इन्च जति बाहिर आएको, मुख र आँखा ठूलो ठूलो भएको, त्यति मात्र होइन पेट पनि ठूलो भएर लुत्रुक्क बाहिर आएको, हातको औंला ठूलो र पुड्को, खुट्टाको पैताला भ्याट्ट परेको पुरै राक्षसनी जस्तो देखेँ। त्यहाँ पुग्दा त्यो क्षण सधैं याद आउने गर्छ । मलाई फोटो खिच्न मन लागेको थियो तर त्यस समयमा मसँग क्यामरा थिएन । सँगै बस्न गएको त ह्याँऽ गरी हाँसे, म डराएर भागेँ । यही कुरा धम्मवती र संघवती गुरूमालाई सुनाएँ ।



https://dhamma.digital

पछि हामी सबै फोटो खिच्नु पऱ्यो भनेर फेरि जाँदा त्यो त्यहाँ थिएन । मलाई अचम्म लाग्यो । त्यस्तो व्यक्ति मैले जीवनमा कहिल्यै देखेको छैन । यो देशमा राक्षसहरूले राज्य चलाएको भन्ने कुरा सत्य हो जस्तो लाग्यो ।

भगवान् बुद्ध पहिलोचोटी श्रीलंका आएका बखत त्यहाँ राक्षसहरूले राज्य गरेर देवजाति र नागजातिहरू भाग्नुपर्ने अवस्था आएको थियो । भगवान् बुद्ध बादलको साथै हुरी जस्तो आकाश मार्गबाट पाल्नुभएको थियो । यसरी भगवान् बुद्ध पाल्नुभएको देवजाति र नागजातिले देखे । त्यतिबेला ठूलो पानी अनि हावाहुरी आएको थियो । भगवान् बुद्ध पाल्नु भएपछि राक्षसहरूले आफूहरूसँग बस्नका लागि प्रार्थना गरे । भगवान् बुद्धले यदि तिमीहरूको बिचमा मलाई बस्न लगायो भने तिमीहरूले भय, अन्याय सबै निर्मूल गरिदिन्छु भन्नुभयो । त्यसपछि तिनीहरूले आगोको ज्वालाको बिचमा ठाउँ दियो । भगवान् बुद्ध पनि एउटा चटाई लगाएर बस्नुभयो । भगवान् बुद्धको ऋद्धिले चटाइको चारैतर्फ आगो फैलाइदियो । त्यस आगोको दायाँ बायाँ बस्ने सबै राक्षसहरू आगोको डरले भागेर गए । त्यसपछि त्यहाँका देवजाति र नागजाति सबैलाई भगवान बुद्धले उपदेश र पञ्चशीलको शिक्षा दिनुभयो । अनि भगवान् बुद्धसँग पूजा गर्नको लागि केही चिज माग्नुभयो । भगवान् बुद्धले आफ्नो टाउकोको केश निकालेर दिनुभयो । त्यही केश राखेर बनाएको चैत्यलाई महियंगनामा दागावो भनेर नामाकरण गरियो । यो चैत्य ठूलो छ ।

Dhamma.Digital

## ७. नागद्वीप

नागद्वीपमा भगवान् बुद्ध दोश्रो पटक भ्रमण गर्नुभएको थियो । श्रीलंकनहरूको भनाई अनुसार भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेको पाँच वर्ष पछि वक मास (अप्रिल) पूर्णिमामा ५८३ ई.सं. मा नागद्वीपमा भ्रमण गर्नु भएको भनेर विभिन्न पुस्तकहरूमा उल्लेख गरिएको छ । महावंमा बक मासको कृष्णपक्ष उपासय दिनमा दोश्रो पटक भ्रमण गर्नुभएको भन्ने उल्लेख छ । त्यस समय यस राज्यमा नागराजाहरूले राज्य गरेका थिए । त्यहाँका नागराजाहरूसँग सात प्रकार का हिरामोती, जवाहरातले सजाइएको एउटा सिंहासन पनि थियो । त्यस राज्यमा तीन जना नागराजाहरूले राज्य गरिरहेका थिए ।



https://dhamma.digital

१)  उदुन्नागल भवनमा चुलोदर भन्ने नागराजा आफ्नो आफन्तहरूसँग बस्नुभएको थियो ।

२)  केला नियगंगा नाग भवनमा मणि अक्खिन नागराजाले राज्य गरेका थिए।

३)  समुद्रको तल महोदर नागराजाले आफ्नो ठाउँ लिएर राज्य गरेका थिए ।

चुलोदर नागराज समुद्रको तल महोदर नागराजाको छोरीसँग विवाह गर्दा आफ्नो छोरीलाई दहेजको रूपमा त्यही हिरामोतिले सजाइएको सिंहासन दाइजोको रूपमा दिएछ । नागराजा चुलोदरको श्रीमती र मणिअक्खिनको छोरी विवाह भएको केही महिनामा नै मृत्यु भएछ । अब छोरी नै छैन भने त्यो सिंहासन किन दिने भनी फिर्ता लिन खोजेछ। त्यस बारेमा राजा चुलोदर र मणिअक्खिन बिच विवाद भएछ। तर ज्वाइँले त्यो सिंहासन दिन नमानेपछि ठूलो लडाईं गर्ने योजना बनाए ।

सबै ठाउँमा धनसम्पत्तिको कारणले नै युद्ध हुने रहेछ। देवलोक, मुनष्यलोक, नागलोक सबैमा धनसम्पत्तिको कारणले ठूलो झैं झगडा देख्न र सुन्न पाइन्छ । हाम्रो नेपालमा पनि १२ वर्ष युद्ध भयो त्यो पनि सम्पत्तिको कारणले नै हो । पहिला पहिला सानाहरूलाई ठूलाहरूले अन्याय अत्याचार गर्थे । त्यो पनि सम्पत्तिको कारणले गर्दा हो । हरेक घरमा दाजुभाइ, दिदीबहिनीहरूको झगडा हुने पनि सम्पत्तिको कारणले नै हो । लोभचित्त हुनुले र एकदिन मर्नुपर्छ भन्ने भावना नभएको कारणले गर्दा झैझगडा हुने हो । लोभचित्त नभएको अनि सन्तोषीलाई रोगव्याधि हुँदैन र आयु पनि लामो हुन्छ। एकजना सरकारी अफिसरले मदनमोहनज्यूलाई दिनभरी हिँडेको जग्गा सबै तपाईलाई दिन्छु भनी भन्यो । मदनमोहनज्यूले दिनभरी हिँडेर प्राप्त गरेको जग्गा लोभ नगरीकन वाराणसी हिन्दू विश्वविद्यालयलाई दान गर्नुभयो । यसरी वहाँले पुण्य कार्य गरी विश्वमा आफ्नो नाम राखेर जानुभयो ।

अर्का एकजनालाई पनि यसरी नै अवसर दिएछ। त्यो व्यक्ति लोभी सूर्य उदाएदेखि धेरै जग्गा कब्जा गर्ने सुरमा खाना पनि नखाई अनि एकछिन आराम पनि नगरी टन्टलापुर घाममा हिँडिरह्यो । यसरी हिँड्दा हिँड्दै सूर्य अस्ताउने बेलामा गाह्रो भएर त्यहीँ नै लड्यो र मृत्यु पनि भयो। आखिरमा वहाँले ६ फिट भन्दा बढी पाउन सकेन। मदनमोहन र त्यो मान्छेमा कति फरक रहेछ। त्यसैले



https://dhamma.digital

धेरै लोभी हुनु हुँदैन । भगवान् बुद्धले पैसा, हिरामोतीलाई काल सर्प भन्नुभएको छ ।

नागलोकमा पनि यही हिरामोतीले सजाएको कारणले ससुरा र ज्वाइँको अर्थात् नागराजाहरूबिच ठूलो युद्धको तयारी भयो । नागराजाहरूबिच झगडा भएमा हिरामोतीको खानी भएको श्रीलंकामा अशान्ति हुने भयो । यस समय भगवान् बुद्ध अनाथपिण्डिक महाजनको जेतवन विहारमा बस्नुभएको थियो । भगवान् बुद्धले महाकरूणा समापति ध्यानबाट श्रीलंकामा नागराजाहरूको युद्ध हुन लागेको थाहा पाउनु भयो । भगवान् बुद्ध श्रावस्तीबाट नागद्वीपमा युद्ध हुन लागेको देखेर बादलभित्र मेघगर्जन सहित हुरीबतासले सबैलाई उडाएर हाहाकार गराई दिनुभयो । यसरी हाहाकार हुँदा नागहरू डराएको देखेर भगवान बुद्ध बादलबाट बिस्तारै निस्केर दर्शन दिनुभयो । त्यसपछि नागराजाहरूले प्रार्थना र पूजा गरे । भगवान् बुद्धले नागद्वीपमा बसेर सबैलाई उपदेश दिनुभयो । संसारमा सबैजनाको जन्म भएपछि मृत्यु हुन्छ । त्यसैले सबै मेलमिलाप गरेर बस्नुपर्छ । दुई जनाको कारणले सबैको नाश हुन्छ । जाबो सिंहासनको कारणले संसार नाश गर्नु हुँदैन भनी उपदेश दिनुहुँदा सबै नागराजाहरू खुशी भएर त्यो सिंहासनको साथै अरू सात प्रकारका जवाहरातहरू पनि भगवान् बुद्धलाई दान दिए । भगवान् बुद्धको उपदेश सुनेर सबै नागजाति, नागराजाहरू मेलमिलाप गरेर बस्न थाले । यसरी नागद्वीपमा शान्ति स्थापना गरेर भगवान् बुद्ध जेतवन विहार श्रावस्तीमा नै फर्कनुभयो ।

## ८. केल्यानीस

भगवान् बुद्ध तेस्रो पटक श्रीलंकाको केल्यानिस भन्ने ठाउँमा भ्रमण गर्नुभएको थियो । यस समय भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नुभएर ८ वर्षपछि श्रावस्ती जेतवन विहारमा बस्नुभएको बेला केल्यानिसको नागराजा मानिक्किकका निमन्त्रणालाई आउने वचन दिनुभएकोले तृतीय पटक श्रीलंकाको केल्यानिस भन्ने ठाउँमा जानुभएको थियो । श्रीलंकनहरूले वहाँ इ.सं. ५८० बैशाख महिना (मई) पूर्णिमामा गर्नुभएको भनिन्छ ।

त्यो अवस्थामा भगवान् बुद्ध आफू मात्र नभई वहाँका चेलाहरू भिक्षु



https://dhamma.digital

संघ सहित जानुभएको थियो । जब भगवान् बुद्ध त्यहाँ पुग्नुभयो, नागराजाहरूले भव्य स्वागत गरी हिरामोतीले सजाएर राखिएको सिंहासनमा बसाउनुभयो । त्यहाँ नागराज मनिक्कि देवले भोजन दान दिनुभयो । भगवान् बुद्ध बस्नुभएको ठाउँमा सम्झनाको लागि राजयातन दागोवा चैत्य बनाउनु भयो । त्यसपछि भगवान बुद्धले नागजाति र देवजातिलाई धर्म उपदेश दिनुभयो । संसारमा मानवजातिलाई सबभन्दा पहिला पञ्चशीलको पालन गर्नु अति आवश्यक छ । पञ्चशील लिएर र दिएर पुग्दैन व्यवहारमा उतार्न सक्नुपर्छ । नियमको पालना, दान, शील र भावना अत्यन्त आवश्यक छ । जे भएपनि जस्तो भएपनि चित्त शुद्ध हुनुपर्छ । त्याग भावना आवश्यकता अनुसार, ठाउँ हेरेर गर्न सक्नुपर्छ । एकदिन मर्नुपर्छ भनी सम्पूर्ण प्राणीले थाहा हुनुपर्छ । त्यसैले समाज सेवा, रोगीको सेवा, जनताको सेवा गर्नुपर्छ भनी श्रीलंकाका विभिन्न ठाउँमा उपदेश दिँदै समान्तुकलत पर्वत (एडम्स पिक) जानुभयो । त्यहीँ पर्वतमा ध्यान बस्नु भएर पर्वतलाई पवित्र गर्नुभयो । त्यस ठाउँमा भगवान् बुद्धको पैताला छोडेर जानुभएको भनी आजभोलि पनि पूजा गरिँदै आएको छ ।

## ९. भगवान् बुद्धको दन्तधातु

भगवान् बुद्धको परिनिर्वाण कुशीनगरमा भएको थियो । महापरिनिर्वाण भएपनि वहाँको शरीर सबै खरानी भएर गएन । अचम्मको कुरा के भने केश जति सबै डल्लो डल्लो अलिनो भएर अलग भएछ । जसलाई केश धातु भनिन्छ । भगवान बुद्धको हड्डी जति सेतो रंगको डल्लो भएछ जसलाई अत्थि धातु भनिन्छ । मासु सबै पहेँलो भई गोलो गोलो भएछ जसलाई मंसधातु भनिन्छ । रगतबाट सानो सानो डल्लो बनेछ जसलाई लोहित धातु भन्दछ । केश, हड्डी, मासु र रगत सबै डल्लो डल्लो भएर १६ पाठी बन्यो र दन्त अथवा धँवा मुखभित्रको भागमा भएको १२ वटा दन्तलाई आगोले छोएन । त्यो भने जस्ताको तस्तै थियो । भगवान बुद्ध परिनिर्वाण हुनुभएपछि डोण्ड ब्राम्हणले १६ पाथी अस्तिधातुलाई आठ वटा राज्यमा विभाजन गर्नुभयो । चार वटा दन्त धातु मध्ये एकवटा तावँतिश देवलोकमा लगियो । एउटा नागलोकमा र एउटा चीनमा लगियो । चीनको दन्तधातु म आफैले दर्शन गरेर आएको छु । एउटा



https://dhamma.digital

बाँकी भएको लिन श्रीलंकाका राजकुमार र राजकुमारी भेषबदली ऋषी भएर गए । राजकुमार दन्तकुमार र उनकी बहिनी हेमामाली थिइन् । दुवैजना गएर राजकुमारी हेमामालीले टाउकोमा केशको ठूलो पोको बनाई त्यसभित्र लुकाएर ल्याए । केशभित्र लुकाएर ल्याएकोले कसैले देखेन र शंका पनि गरेन । दुवैजना ऋषि ऋषिणी भारतको कुशीनगरबाट श्रीलंका जान समुद्र पार गर्नुपर्ने रहेछ । त्यहीँ समुद्रमा यसरी आउँदा नागहरूले दर्शन गर्न आएको ठाउँ भनेर ठूलो चैत्य र विहारहरू बनाएर राखिएको छ । त्यो ठाउँमा हामी २०४५ सालमा एकरात सुतेर आएका थियौं ।

त्यही दन्तधातुलाई पछि ठूलो मन्दिर बनाएर राखिएको छ । त्यतिबेला जसले दन्तधातुको रक्षा गर्छ उसलाई राजा बनाउने चलन थियो । यो यहाँको परम्परा हुन गयो । यसै क्रममा कीर्तिश्री राजा हुन पुगे । तिनै राजाले यो परम्परा चलाएका थिए । पछि अमरापुरका राजाले मुसलमानहरूको हमलाबाट बचाउन दम्बुलमा लगे । पछि फेरि दम्बुलबाट नोर अर्थात् क्याण्डीमा ल्याएर राखे ।

कीर्तिश्री राजाले नुर अथवा क्याण्डीमा आठ वटा कुना घाट क्याण्डी बनाएर राखे । यो अहिले पनि यथावत नै छ । कीर्तिश्री राजाको मृत्यु भएपछि राजाको दाहसंस्कार त्यही घाटमा भयो । ती राजाले पहाडमाथि दरवार बनाएका थिए । अंग्रेजहरूबाट बच्न र तिनीहरूलाई हराउन सकियोस् भन्ने उद्देश्यले पहाडमा दरवार बनाइएको थियो । तर केही व्यक्तिहरूले पैसाको लालचमा अंग्रेजहरूलाई सुराक दिए । त्यसै कारण अंग्रेजहरूबाट राजाको हत्या भयो । त्यहाँ भएका भिक्षुहरूलाई पनि चीवर छोड्न लगाएर विवाह गरिदियो । अरूको दवावमा चीवर छाड्नुपरे पनि तिनीहरूको त्यहाँका विहारहरूको सुरक्षा गरिरहे । भिक्षु शरणंकर राजाको विश्वासपात्र र धर्मका कुरा बुझेका व्यक्ति थिए । त्यसैले उनले थाइल्याण्डमा गई धर्म सिकेर र उपसम्पदा पनि ग्रहण गरे । त्यहाँबाट श्रीलंका फर्किएर आफ्ना शिष्यहरू बनाउन थाले । पछि गएर उनीहरूले ठूलो र सानो जातका भनी हेप्न थाले । त्यतिबेला त्यहाँ तीन प्रकारका निकायहरू थिए ।

१) **श्याम निकाय** : थाइल्याण्डबाट आएकालाई श्याम निकाय भनिन्थ्यो र श्याम जाति उच्च मानिन्थ्यो । थाइल्याण्डका भिक्षुहरू ठूलो जाति भनेर मानिन्थ्यो । क्याण्डीमा बस्ने श्याम निकायको भिक्षुहरूको कपाल



https://dhamma.digital

साथसाथै आँखीभौ पनि खौरिनु पर्छ । आँखीभौ खौरिएको भिक्षुलाई श्याम निकाय भनेर थाहा पाउने गर्छ ।

२) **अमरापुर निकाय** : अर्को सानोतिनो जातहरूकाहरूलाई पनि भिक्षु बन्ने इच्छा जाग्यो । एकदिन सानो कुलका राजा भिक्षु हुनका लागि आए । वहाँलाई सम्मानपूर्वक भिक्षु बनाइदियो । तर यिनीहरूले राजालाई हेप्छ भनेर पछि अमरापुर भन्ने ठाउँमा गएर उपसम्पदा हुनुभयो । त्यसै कारण त्यो निकायलाई अमरापुर निकाय भन्दछन् । अमरापुर निकायका १८, १९ वटा हाँगाहरू छन् । क्याण्डी अति नै राम्रो ठाउँ कोलम्बोबाट १२० किलो मिटर दुरीमा पर्छ । जहाँ भगवान् बुद्धको दन्तधातु राखिएको छ ।

३) **राम निकाय** : त्यहाँका तल्लो जातका मानिसहरू बर्मामा गएर भिक्षु बन्न गए । उनीहरूलाई राम निकाय भनेर नामाकरण गरियो । रामनिकायको भिक्षुहरूले पारूपन्न गरेर बाहिर अथवा भोजन गर्न जाने बेला हात चिवर भित्र राखेर जानुहुन्छ ।

## १०. श्रीलंकाको इतिहास र महेन्द्र महास्थविर

श्रीलंकाको इतिहासमा बुद्ध धर्मको सिद्धान्तले देशमा शिष्टता र सभ्यतामय भएको छ भन्ने प्रमाणहरू हाम्रा अगाडि नै छन् । बुद्धधर्म त्यहाँ कहिलेदेखि प्रवेश भयो ? बुद्ध धर्मको सिद्धान्तलाई कतिको पालना गरिएको छ भन्ने कुरा त्यहाँ गएपछि हामी आफै अनुभव गर्न सक्छौं ।

२४७-२०७ ई.पू. देवानपियतिस्स राज्यकालमा अशोक राजाको छोरा अरहन्त भएपछि महेन्द्र महास्थविर धर्मदुतको रूपमा जानु भएर श्रीलंकामा जग स्थापना गर्नुभएको थियो । यति मात्र होइन, वहाँले बुद्ध धर्मको साथै बौद्ध संस्कृति पनि श्रीलंकामा ल्याएर प्रयोग गर्नुभएको थियो । त्यसबेला श्रीलंकाका मानिसहरू सभ्य थिएनन् । किनभने त्यहाँ राक्षसहरूको बस्ती भएकोले हुनुपर्दछ । यी कुराहरू श्रीलंकाको इतिहासमा राम्रोसँग उल्लेख भएको पाइन्छ । महेन्द्र महास्थविर श्रीलंका जानुभएको समयमा मोतसेवा राजाको छोरा राजकुमार बुबाको मृत्युपछि देवानपियतिस्स राजाले राज्य गरेको बेला महेन्द्र महास्थविरसँग उपसम्पदा भएका भिक्षुहरू चार जना, एक जना श्रामणेर, एकजना उपासक गरी सात जनासँगै



Dhamma.Digital
https://dhamma.digital

जानुभएको थियो । महेन्द्र भन्ते ६ महिना मिहिन्तलेमा बस्नुभएको थियो । त्यस समय देवानपियतिस्स राजा शिकार आउनुभएको बेला महेन्द्र महास्थविरले तिस्स भनेर देवापियतिस्स राजालाई बोलाउनुभयो । देवापियतिस्स राजाले तपाई को हुनुहुन्छ भनी प्रश्न पर्दा वहाँले गाथाद्वारा यसरी जवाफ दिनुभयो :

"समना मय महाराजा धम्म राजस्स, सावका तथेव अनुकम्पाय जम्बुदिपा इधागता ।"

त्यो कतिकावट भन्ने एउटा राजाको पालामा बनाइएको नियम थियो । मिहिन्तले भन्ने ठाउँमा अरहन्त भिक्षुहरू मात्र बस्दथ्यो । राजाको अनुमतिले कतिकावट नियम बनाइएको थियो ।

श्रीलंकाको चलनमा मध्यमण्डलमा भिक्षुहरू धेरै हुन्छन् । भिक्षुलाई उपसम्पदा गर्नुपर्‍यो भने १६ जना भिक्षुहरू चाहिन्छ । अपरान्त भनेको भिक्षुहरू धेरै नै कम भएको ठाउँमा उपसम्पदा गर्नुपर्‍यो भने पाँच जना भिक्षुहरू भए पुग्छ । उपसम्पदा देखाउन सुमन श्रामणेरसँगै ल्याउनु भएको थियो । श्रामणेर बनाउने तरिका देखाउन भन्डुक उपासकसँगै ल्याउनुभयो ।

महेन्द्र महास्थवीरसँग भिक्षुहरू इद्धिय, उद्धिय, सम्बल, भद्दसार, सुमन श्रामणेर र भण्डुक उपासक आउनुभएको थियो । महेन्द्र भन्तेले परीक्षा लिनको लागि आँपको रूखको प्रश्न सोध्नुभयो ।

*महेन्द्र भन्ते :* कि अयं रूक्खं ?

*राजा :* अम्बरूक्खं ।

*महेन्द्र भन्ते :* अयं रूक्खं उपेत्वा अत्थि अञ्ञं अम्व रूक्खं ।

*राजा :* अत्थि भन्ते ।

*महेन्द्र भन्ते :* तँ अम्ब रूक्खं च अञ्ञ रूक्खं उपेत्वा अत्थिति यं किञ्चे रूक्खं ।

*राजा :* अत्थि भन्ते ।

*महेन्द्र भन्ते :* कुहि तँ रूक्ख

*राजा :* अयं अम्ब रूक्ख भन्ते

यी प्रश्नहरूको जवाफबाट राजा विद्वान भएको थाहा पाएर वहाँलाई धर्मदेशना दिनुभयो । राजाले धर्मदेशना पाएपछि खुशी भएर अर्को दिनको लागि



https://dhamma.digital

दरवारमा निमन्त्रणा गर्नुभयो । महेन्द्र महास्थविर भोलिपल्ट दरवारमा गई भोजन सकेपछि सबैलाई धर्म देशना दिनुभयो । त्यसपछि श्रीलंकावासीहरूको अगाडि सुमन श्रामणेरलाई उपसम्पदा र भण्डक उपासकलाई श्रामणेर बनाएर देखाउनुभयो । त्यसपछि बुद्ध धर्म स्थापनाको लागि श्रीलंकाका एकजनालाई श्रामणेर दीक्षा दिएर उपसम्पदा गराई वहाँबाट धर्मदेशना गर्न लगाई बुद्ध धर्म स्थापित गर्नुभयो ।

सिंहल जाति भनेर शिर ठाडो गर्न सक्नु र अन्तर्राष्ट्रिय जगतमा ख्याति प्राप्त गर्न सक्नु नै बुद्ध धर्म प्रवेश भएकोले हो । महेन्द्र महास्थविर जस्ता प्रमुख भिक्षुहरूको मार्ग निर्देशन प्राप्त हुनाले सिंहली साहित्य, शिल्पकलाको उन्नति भयो । त्यसैले महेन्द्र महास्थविरको समयदेखि नै सिंहल जाति र बुद्ध धर्मको सम्बन्ध नङ्ग र मासु झैं भयो । यो सम्बन्ध यति राम्रो भयो कि जसबाट बुद्ध धर्म नै सिंहल जातिको देन जस्तै भयो । यहाँको सिंहल जातिको धर्म त्यसबेलादेखि अहिलेसम्म पनि बुद्ध धर्म नै भयो । श्रीलंकामा बुद्ध धर्म प्रवेश भएको तेश्रो शताब्दी ईश्वीपूर्वदेखि हो । बुद्ध शासन रक्षा गर्न भिक्षु संघले राज्यशक्तिसम्म हस्तान्तरण गरेको कुरा राजा महेन्द्रको शिलालेखमा अंकित गरिएको छ । श्रीलंकामा भिक्षु संघद्वारा परित्राण पाठ गरेपछि मात्र राज्याभिषेक गरिन्छ भन्ने कुरा त्यो शिलालेखले प्रमाणित गर्छ । श्रीलंकनहरू श्रीलंका बुद्ध धर्मको केन्द्रस्थल हो भनी गर्व गर्छन् । किनभने सिद्धार्थ कुमारले जुन वृक्षमुनि बुद्धत्व प्राप्त कगरेको थियो त्यस बोधिवृक्षको हाँगा महाराजा अशोककी छोरी संघमित्राले ल्याउनु भएको भनी अहिलेसम्म पनि त्यहीँ सुरक्षित गरी राखिएको छ । त्यतिमात्र नभई भगवान् बुद्धको दन्तधातु, पात्रधातु र केशधातु आदि धेरै मूल्यवान पवित्र धार्मिक वस्तुहरू पनि श्रीलंकामा सुरक्षित गरी राखिएको छ ।

श्रीलंकामा थेरवाद बुद्ध धर्म एकदम सुरक्षित र बलियो भएको पाइन्छ । किनभने भगवान् बुद्धको दन्तधातु त्यहीँ छ भने वोधिवृक्ष बुद्धगयाबाट संघमित्राले लगेर रोपेको अहिलेसम्म पनि सुरक्षित छ । श्रीलंकामा नै लेखिएको त्रिपिटक सुरक्षित नै पाइन्छ । त्रिपिटक वर्मामा पनि शिलापत्रमा लेखिएको पाइन्छ । श्रीलंकामा थेरवादको सम्बन्धमा र भगवान बुद्ध तीनपल्ट पाल्नुभएको भनी त्यहाँको इतिहासमा पाइन्छ ।

भिक्षु महेन्द्र सम्राट अशोक र महारानी विदिशाको कोखबाट जन्म हुनुभएको



https://dhamma.digital

थियो । बीस वर्षको उमेरमा तृतीय संघायानको बेला एक हजार भिक्षु संघको अगाडि भिक्षु मोग्गलिपुत्ततिस्सले भिक्षु बनाउनुभएको थियो । त्यसबेलादेखि उहाँले नै श्रीलंकामा बुद्ध धर्म प्रचार शुरू गर्नुभयो ।

## ११. विहार केलाई भन्दछ ?

१) **विहार** : जुनसुकै विहारमा भगवान् बुद्धको मूर्ति हुनुपर्छ । नभए हामीले साक्षात भगवान बुद्धलाई दर्शन गर्न पाउँदैनौ । तैपनि हामीहरूकै प्रज्ञावान, सम्पूर्ण अर्थलाई यथार्थ बुझ्नु भएको बुद्धको मूर्तिलाई एकचोटी मात्र नमस्कार, वन्दना, दण्डवत गर्न पायौ भने आयु, वर्ण, सुख र वल शक्ति प्राप्त हुन्छ । त्यसैले विहारमा भगवान् बुद्धको मूर्ति हुनैपर्छ । बुद्धको मूर्ति छैन भने विहार भन्न सुहाउँदैन ।

२) **बोधिवृक्ष** : हरेक विहारमा बोधिवृक्ष हुनुपर्छ । भगवान् बुद्धले बोधिवृक्ष मुनि ध्यान गरेर नै बोधिज्ञान प्राप्त गर्नुभएकोले बोधिवृक्षलाई आमाको दर्जा दिनुभएको छ । त्यही वृक्ष मुनि नै ध्यान गरेर सम्पूर्ण मारहरूलाई दमन गरी ज्ञान हासिल गर्नुभयो । त्यही कारण श्रीलंकामा हरेक विहारमा बोधिवृक्ष हुनैपर्छ । एउटा बोधिवृक्ष भारतबाट संघमित्राले ल्याएर रोप्नुभएको अहिलेसम्म सुरक्षित छ । बोधिवृक्ष सधैँ हरियो भइरहने भएकोले आँखालाई शीतल हुने र भिटामिन ए प्राप्त हुन्छ भने धार्मिक हिसाबमा भगवान् बुद्धले ज्ञान प्राप्त गर्नुभएको वृक्ष पनि हो ।

३) **चैत्य** : चैत्य चार प्रकारका हुन्छन् । शारीरिक चैत्य, परिभोग चैत्य, उद्देश्य चैत्य र निमित्त चैत्य । यी चार किसिमका चैत्य विहारको अगाडि हुनुपर्छ । त्यस्तो चैत्य देखेपछि विहार भनी चिनिन्छ । भारतमा विहार भन्ने प्रान्त पनि छ । बनारस, पटनातिर पनि विहार भन्ने ठाउँ छ । यहाँका चैत्यबारे पनि सानो व्याख्या गर्न चाहन्छु ।

***क) शारीरिक चैत्य :*** भगवान् बुद्धको जीवनमा वा महापरिनिर्वाण



https://dhamma.digital

भएपछि वहाँको केश, हड्डी, दन्तधातु अथवा शरीरको कुनै पनि चिज राखेर बनाएको चैत्यलाई शारीरिक चैत्य भनिन्छ । श्रद्धावान दाता, भिक्षु, भिक्षुणीहरूले भगवान् बुद्धको शरीरको कुनै वस्तु राखेर चैत्य बनाएर श्रद्धापूर्वक भगवान सम्झेर पूजा गर्ने चलन छ ।

ख) ***परिभोग चैत्य :*** भगवान् बुद्धले स्वयम् उपभोग गरी चलाउनु भएको जस्तै कपडा, चीवर, पात्र, लौरो, छाता, इत्यादि हालेर श्रद्धापूर्वक बनाएको चैत्यलाई परिभोग चैत्य भनिन्छ ।

ग) ***उद्देश्य चैत्य :*** भगवान् बुद्धको मूर्ति अथवा चित्रले एउटा उद्देश्य बनाएको चैत्यलाई उद्देश्य चैत्य भनिन्छ । भगवान् बुद्ध परिनिर्वाण भएपछि राजा अशोकले बुद्ध धर्म ग्रहण गरेर धेरै बौद्ध दर्शनको काम गर्नुभएको थियो । त्यसमध्ये भगवान् बुद्धको ८४ हजार धर्मस्कन्ध थियो । ८४ हजार धर्मस्कन्ध अनुसार भारत र नेपालमा ८४ हजार चैत्य बनाउनुभएको थियो । अशोक राजाले आफूले गरेको पापको प्रायश्चित गर्न ८४ हजार चैत्य, विहार, बोधिवृक्ष इत्यादि दान दिनुभएको थियो । अशोक चैत्य नेपालका विभिन्न ठाउँमा छन् । अशोकले उद्देश्य राखेर बनाउनु भएको चैत्य बेग्लै छ । भगवान् बुद्धको मूर्ति हुँदैन । यो चैत्य अरूभन्दा अलग छ ।

घ) ***निमित्त चैत्य :*** केही निमित्त राखेर बनाइएको चैत्यलाई निमित्त चैत्य भनिन्छ । जस्तै : बालुवा, माटो राखेर बनाएको चैत्यलाई निमित्त चैत्य भनिन्छ । म सानो छँदा गुँला धर्म भनेर एक महिना बस्ने र विहानै कालो माटोलाई राम्ररी मुछेर मलिलो बनाई ब्रत बस्ने व्यक्तिले सके जति चैत्य बनाउनुहुन्थ्यो । मैले पनि धेरै बनाएको छु ।



https://dhamma.digital

कहिलेकाहीँ एकसय आठ वटा बनाउँथे । ब्रत बस्नेहरूले निमित्त चैत्य बनाउनु नै पर्थ्यो । किनभने जति चैत्य बनायो त्यति नै पुण्य प्राप्त हुन्छ भन्ने धारणा छ । एक महिना पछि ती सबै चैत्य जम्मा गरेर खोलामा बगाउने अथवा कसैले चैत्य बनाउँदैछ भने त्यहीँ राख्ने गरिन्छ ।

श्रीलंकामा भिक्षुहरू बस्ने विहारमा यसरी चार प्रकारका चैत्य बनाएको हुनुपर्छ । यो यहाँको चलन हो ।

## १२. श्रीलंकामा बुद्धधर्म

श्रीलंकाको इतिहासमा बुद्ध धर्मको सिद्धान्तले देशमा शिष्टता र सभ्यता कायम भएको छ भन्ने प्रमाण हाम्रा अगाडि नै आउँछन् । बुद्ध धर्म त्यहाँ कहिलेदेखि र कसरी प्रवेश भयो ? बुद्ध धर्मको सिद्धान्तलाई कत्तिको पालना गरिएको छ भन्ने कुरा त्यहाँ गएपछि हामी आफै अनुभव गर्न सक्छौ । यो देशको इतिहासले बुद्ध धर्मलाई आफ्नो अभिन्न अंग मानेको छ। लंकाको आधारशिला नै बुद्धधर्म हो ।

हामीले सुनेअनुसार देवानपियतिस्स अशोक राजाको पालादेखि यो धर्म चलेको हो । राजा अशोकले पहिले राज्यको लोभ गरेको हुनाले चन्दालाशोक भन्ने गरिन्थ्यो । आफूले संसारभर राज्यभोग गर्न चाहन्थ्यो । उसले कलिङ्ग युद्ध भएको बेला धेरै नै मानवको हत्या गरेको थियो । पछि भगवान् बुद्धको धर्मदेशना सुनेपछि बुद्ध धर्म र संघको शरणमा गएको थियो । त्यसपछि अशोक राजा देवानपियतिस्स (२४७–२०७ ई.पु) का राज्यकालका सम्राट अशोक धर्मात्मा राजा बन्यो । राम्रो राम्रो काम गरेकोले देवताहरूको पनि मनपर्ने राजा बन्यो । बुद्धधर्मको धेरै नै प्रचार मात्र होइन अशोक राजाले छोरा महेन्द्र महास्थविरलाई धर्मदुतको रूपमा पठाउनु भयो । राजकुमार महेन्द्र श्रीलंकामा गएर बुद्ध धर्मको जग बसाल्नुभयो । यतिमात्र नभई महेन्द्र महास्थविरले धर्मको साथै उच्च बौद्ध संस्कृति पनि प्रयोग गर्नुभयो ।

सिंहल जाति भनेर शिर ठाडो गर्न सक्नु र अन्तर्राष्ट्रिय जगतमा ख्याति कमाउन सक्नु नै बुद्ध धर्म प्रवेश भएकोले हो । महेन्द्र महास्थविर जस्ता प्रमुख



https://dhamma.digital

भिक्षुहरूको मार्ग निर्देशन प्राप्त गरेको हुनाले सिंहली साहित्य, शिल्पकलाको उन्नति भयो । गृह निर्माण, नगर निर्माणको विकास भयो । सत्‌चरित्र र सुस्वास्थ्यको महत्व बुझ्यो । आर्थिक र राजनैतिक सवलता उच्च भयो । त्यसैले महेन्द्र महास्थविरको समयदेखि नै सिंहल जाति र बुद्ध धर्मबीचको सम्बन्ध नङ्ग र मासु झैं भयो । यो सम्बन्ध यति राम्रो भयो कि जसबाट बुद्ध धर्म नै सिंहल जातिको देन जस्तै भयो । यहाँको सिंहल जातिको धर्म त्यसबेलादेखि अहिलेसम्म पनि बुद्ध धर्म नै छ । श्रीलंकामा बुद्ध धर्म प्रवेश भएको तेश्रो शताब्दी ईश्वीपूर्वदेखि हो । फेरि विस्तारै श्रद्धा कम भएर गयो । संसारमा सबै कुरा नित्य छैन । सबै उत्पन्न हुन्छ र बिनास भएर जान्छ । यो प्रकृतिको नियम हो कसैले बदल्न सक्दैन । फेरि श्रीलंकाको राज्य पतन दशौं शताब्दीमा भयो । यो समयभित्र सिंहल सिंहासनको नित्यानुकुल अधिकार बौद्धहरू बाहेक अरूमा परेको छैन भन्ने विश्वास सिंहल जनताहरूमा छ । अहिलेसम्म पनि बिहान बाजागाजासहित एउटै कपडा लगाएर दन्तधातु चैत्यमा आई नित्य पूजा गर्ने चलन छ । बुद्ध शासन रक्षा गर्न भिक्षु संघले राज्यशक्तिसम्म हस्तान्तरण गरेको कुरा राजा महेन्द्रको शिलालेखमा अंकित गरिएको छ । श्रीलंकामा भिक्षु संघद्वारा परित्राण पाठ गरे पछि मात्र राज्याभिषेक गरिन्छ भन्ने कुरा त्यो शिलालेखले प्रमाणित गर्छ । अहिले पनि कुनै पनि मंगल काम गर्न भिक्षु संघले परित्राण पाठ गरेर मात्र सम्पन्न गर्ने चलन छ । नवौ शताब्दीमा राज्याभिषेक एउटा धार्मिक कार्यक्रमको रूपमा महाविहारमा भिक्षुहरूको सम्मुख सुसम्पन्न हुन्छ भन्ने कुरा महावंशमा राम्रोसँग उल्लेख भएको पाइन्छ । श्रीलंकामा बनाइएको चैत्य, भगवान्‌ बुद्धको मूर्ति, विहार र बोधिवृक्षबाट नै बुद्धधर्मको महत्वबारे बुझ्न सकिन्छ । त्यसैले चालकेरल आदिका राजाहरूलाई श्रीलंकामा अधिकार छैन भनी कीर्तिनिस्सक मल्ल (११८७–११९६ ई.) राजाले स्थापना गरेको शिलालेखमा उल्लेख छ । श्रीलंकनहरू श्रीलंका बुद्ध धर्मको केन्द्रस्थल हो भनी गर्व गर्छन्‌ । किनभने सिद्धार्थ कुमारले जुन वृक्ष मुनि बुद्धत्व प्राप्त गरेका थिए त्यस बोधिवृक्षको हाँगा महाराजा अशोककी छोरी संघमित्राले ल्याउनुभएको भनी अहिलेसम्म पनि त्यहीँ नै सुरक्षित गरिएको छ । त्यतिमात्र नभई भगवान्‌ बुद्धको दन्तधातु, पात्रधातु र केशधातु आदि धेरै मूल्यवान पवित्र धार्मिक वस्तुहरू पनि श्रीलंकामा सुरक्षित



https://dhamma.digital

गरी राखिएको छ।

## १३. श्रीलंकामा त्रिपिटक लिपिबद्ध

त्रिपिटक लिपिबद्ध गर्ने पुण्य कार्यमा प्रमुख सहयोगी राजा बट्टगामणीले भिक्षु तिस्सलाई अभयगिरी विहार प्रदान गरेका थिए। तर यहीं भिक्षु महाविहारबाट बाहिर निस्कनु पर्‍यो। भिक्षु तिस्सका शिष्य महदेलियाले बज्जिपुत्त सम्प्रदायका आचार्य धर्मरूचिका नाममा नयाँ निकाय स्थापना गर्‍यो। अझ बैपुल्यवादी भिक्षु संघमित्रले श्रीलंकामा राजकुमारहरूलाई आकर्षित गरेर धेरै प्रचार प्रसार गरे।

बुद्ध सम्बत् ५०० मा राजा बलगवाको समयमा श्रीलंकामा ठूलो दुर्भिक्ष भयो। जनताहरू बितेका त बितिहाले तर बाँकी भएका र अरू जन्म लिनेले केही राम्रो सिकोस् भन्ने विचार गर्‍यो। धेरै राम्रो विचार गर्ने दूरदर्शी राजाले भविष्यमा बुद्ध धर्म चिरस्थायी होस् भन्ने भावनाले चाहिंदो सबै बन्दोबस्त गरी ५०० भिक्षुहरू भेला गरी भगवान् बुद्धको पालादेखि एकले अर्कोलाई सिकाएको, सुनेको, कण्ठ पारेको त्रिपिटकलाई ग्रन्थको रूपमा ल्याउन संघायन गर्नुभयो। पहिले पहिले किताबहरू थिएनन्। भिक्षुहरूले रूखको पातमा लेखेर राखेको मैले आफ्नै आँखाले देखेको छु। बौद्ध धर्म बचाउनको लागि यसरी लेख्नुभएको थियो।

त्यसबेला दुर्भिक्ष र नाना प्रकारको आपत्ति खपेर बुद्धवचन वा बुद्धधर्म वाचन मार्गबाट मात्र सुरक्षित गर्न कठिन भएकोले बुद्ध वचन त्रिपिटक ग्रन्थको रूपमा लेख्ने कार्य श्रीलंकामा हुन गयो। त्यो बौद्ध इतिहासमा एउटा निश्चय नै महत्वपूर्ण घटना हो। यदि त्यतिबेला बुद्ध वचन त्रिपिटक ग्रन्थको लिपिवद्ध नगरेको भए आज बौद्ध साहित्य, बौद्ध पुस्तक, संस्कृति र सभ्यता हाम्रो अगाडि हुने थिएन होला।

भगवान् बुद्धका बुद्ध वचन श्रीलंकामा त्रिपिटक लिपिवद्ध भएपछि त्यहाँ आजसम्म पनि अनुशरण भइरहेको छ भन्नुमा इतिहासप्रति उपेक्षा गर्नु जस्तो हुन्छ। लिपिवद्ध त्रिपिटक र यसको अनुकरण शक्तिले गर्दा यहाँ हरेक बौद्ध निकायमा भेद आएको छ। राम्रो काममा नराम्रो पनि आउँदछ। उपमाको लागि एकपाथी सेतो चामलमा एक दुइवटा कालो पनि मिसिएको हुन्छ। श्रीलंकामा बुद्धधर्म र



https://dhamma.digital

भिक्षुसंघ प्रगति रजागृतिको निम्ति भारप्रद भएन, यो जहिले पनि प्रेरक भइरह्यो। राजनैतिक अस्तव्यस्तताले भिक्षु परम्परागत लुप्तभाव ल्याएको खण्डमा पनि बारम्बार फेरि जनभावना र जनप्रेमको तिव्रता ल्याई संघको वृद्धि भयो।

श्रीलंकामा बुद्धधर्मप्रति श्रद्धा र विश्वासमा एकतावद्ध जनभावना नै राष्ट्रिय बल हो। त्यसैले सोह्रौ शताब्दीमा पोर्चुगिजहरूले राज्यशक्ति मात्र लिएर नपुगेर श्रीलंकाको राष्ट्रिय शक्ति समेत लोप गर्न भिक्षुहरूलाई मार्ने, भगवान् बुद्धको त्रिपिटक धर्मग्रन्थहरू जलाउने, बलात्कार जस्ता अकुशल कामहरू गरे। परिणामस्वरूप तिनीहरूको स्थान एक शताब्दीभित्र श्रीलंकाबाट हरण भयो। त्यो ठाउँ डचहरूले लिए। डचहरूबाटै भगवान् बुद्धको बुद्धवचन, उपदेशहरू सुन्न पाइयो। फेरि बुद्ध धर्मको उत्थान र अभिवृद्धि हुँदै गयो। सत्यको मात्र जतातत्तै जय हुन्छ असत्यको कहिले पनि जय हुँदैन।

भगवान बुद्धका ग्रन्थ जलाइए, भिक्षुहरूलाई नाश गरिदिए पनि केही न केही बाँकी रह्यो। मान्छे मार्न सकिन्छ तर धर्म मार्न सकिन्न। सत्य कहिले पनि नाश गर्न सक्दैन। फेरि बौद्ध परम्परा गाँस्न अथवा बलियो पार्न थाइल्याण्डमा आग्रह गरियो। बौद्ध जनभावनाको बलले जन्मले शैव धर्मावलम्बी भएर पनि कीर्तिश्री राजासिंह र डचहरूले युवक शरणंकर श्रामणेरको आग्रह उपेक्षा गर्न सकेन। १७५६ ई. आषाढ पूर्णिमाको दिन क्याण्डी नगरमा शरणंकर सहित श्रीलंकाका श्रद्धालुहरू फेरि उपसम्पदा भए। त्यस्तै श्रीलंकाको अस्तित्व बुद्धधर्म विना असम्भव भएको वास्तविक अवस्थामा लाभ गर्ने अनेक तरिका जान्ने साम्राज्यवादले पनि यसलाई भित्री हृदयले नभएपनि बाहिरबाट गौरव राख्नु पऱ्यो। श्रीलंकामा सम्पूर्ण आफ्नो अधिपत्य जमाएर पनि ब्रिटिस शासनले जनतालाई धर्म, पूजा पद्धति, आचार्य एवम् पूजास्थानको अधिकार सुरक्षा गरिदिन्छु भनी वाचा गर्नु पऱ्यो।

राम्रो काम गर्नेलाई अवरोध त आइहाल्छ। काम गरेपछि अवगाल आउँछ। हिंडेर जाँदा ठक्कर लाग्छ। तर राम्रो काम गर्नेलाई सुख शान्ति पाइन्छ। श्रीलंकाको जीवन नै बौद्ध जीवन हो। बौद्ध जीवन नै श्रीलंकाको राष्ट्रिय जीवन र आदर्शको एक अभिन्न अंग हो।



https://dhamma.digital

## १४. श्रीलंकाको शिक्षा

श्रीलंकामा प्रत्येक आइतबार विहानैदेखि बालबालिकाहरूलाई विहारहरूमा भिक्षुद्वारा शिक्षा लिन पठाइन्छ । उक्त दिन सबैले विहारमा पूरा दिन बौद्ध शिक्षा अथवा बौद्धपरियत्ति शिक्षा प्राप्त गर्छन् । गुरूदेखि लिएर शिष्य सबैले सेतो लुगा लगाउनु पर्दछ । गृहस्थ जीवनमा भएकाहरूले जुनसुकै ठूलो काम गर्न पनि भिक्षुहरूको वचन लिएर मात्र गर्छन् । भिक्षुहरूले पनि तिनीहरूको जीवनको सुख शान्तिको लागि प्रार्थना गर्दछन् र आशीर्वाद दिन्छन् । देशको शैक्षिक, सांस्कृतिक, आर्थिक सबै क्षेत्रहरूमा भिक्षुहरूले सहयोग गरिरहेका हुन्छन् । त्यसैले श्रीलंकाको इतिहासमा भिक्षुहरूको ठूलो देन छ । भिक्षुहरूले दाताहरूदेखि लिएर सरकारलाई समेत मद्दत गर्छन् । राम्रा कुराहरू जस्तै राजनीतिशास्त्र, धर्मशास्त्र, समाजशास्त्र बारे सिकाउनु हुन्छ । समाजमा बस्ने व्यक्तिलाई सम्पूर्ण शास्त्रको ज्ञान आवश्यक छ । त्यसैले त्यहाँको सभ्यता र संस्कृतिको रक्षा भएको नै भिक्षुहरूको तर्फबाट हो । बुद्ध धर्मको उन्नति मात्र होइन सिंहली साहित्य र कलाको उन्नति र प्रगतिमा भिक्षुहरूको महत्वपूर्ण योगदान छ ।

संसारमा सुख र दुःख भनेको घुमिरहन्छ । कहिले सुख हुन्छ, कहिले दुःख हुन्छ । श्रीलंका अंग्रेजहरूको साम्राज्यको अधिनमा पर्दा बौद्ध धर्मावलम्बीहरूले निकै नै क्षति खेप्नु पर्‍यो । श्रीलंकनहरू र विशेषगरी बुद्धिष्टहरूले दुःख सहनु पर्‍यो । बौद्ध साहित्यसँगै सिंहली साहित्यको उन्नतिमा मात्र अवरोध भएको होइन कि निकै हानी पनि भयो । त्यो समय भिक्षुहरूले निकै उत्सर्ग गरेर बुद्धधर्म र सिंहली जनजीवनको रक्षा गरेको कुरा इतिहासले बताउँछ । पुराना कुरा सबै इतिहास भएर जान्छ । श्रीलंकाको स्वतन्त्र संग्राममा भिक्षुहरूले सहयोग गरेको कुरा श्रीलंकनहरूले कहिले पनि बिर्सन सक्दैनन् । त्यतिबेला सक्रिय रूपमा भाग लिने ज्ञात भिक्षुहरू मध्ये दिक्कदुवे, श्री सुमंगल, रत्नमाले, धर्मालोक, अनागारिका धर्मपाल र वालपोल राहुल आदि स्मरणीय छन् । वहाँहरूको गुणलाई सधैं याद गरिरहनु पर्दछ ।

यस्तो संघर्ष गरेर श्रीलंकाको शिक्षालाई झन झन उन्नति गर्नको लागि भिक्षुहरूले स्थापना गरेको बौद्ध विश्वविद्यालयहरूमा विद्योदय पिरिविन र विद्यालंकार आज विश्वविद्यालयको रूप लिइसकेको छ । हजारौं कलेजहरू



https://dhamma.digital

बनाइयो । आज यी विश्वविद्यालयले सांस्कृतिक र राजनैतिक क्षेत्रमा जुन काम गरिरहेको छ त्यो अतुलनीय छ । यी विश्वविद्यालयको उपकुलपति आज पनि भिक्षुहरू नै छन् । भिक्षुहरूले पनि पढाउने गर्दछन् । विद्यालयमा कक्षा संचालन हुनु भन्दा पहिले पञ्चशील लिनुपर्छ । पञ्चशील शुद्ध गरी पालन गर्न सक्यो भने जीवन सुखमय हुन्छ र शान्ति पाइन्छ ।

भगवान् बुद्धको उपदेश र यसरी सयौं विद्यालय खोलेर निःशुल्क शिक्षा प्रदान गर्नु त भिक्षुहरूको योगदान नै भयो । यसको अतिरिक्त श्रीलंकाको जनजीवन र देशको आर्थिक, राजनैतिक तथा सांस्कृतिक क्षेत्रमा जुन इतिहाससँगै सम्बन्ध राख्दै भिक्षुहरूले योगदान दिँदै आएको छ त्यो आफ्नो ढंगको महत्वपूर्ण कार्य हो । यसरी श्रीलंकाको बुद्ध धर्मको इतिहास आफ्नै किसिमको विशेषताले हुर्केको छ ।

## १५. भिक्षुणी संघमित्रबाट बोधिवृक्ष वृक्षारोपण

अशोक महाराजकी छोरी संघमित्राले बुद्ध धर्मको प्रचार प्रसार गर्न भगवान् बुद्धले बोधिज्ञान प्राप्त गरेका बोधिवृक्षको मुनि उम्रेर आएको बोधिवृक्ष श्रीलंकामा लगेर रोप्नुभएको थियो । संघमित्राले लगेर रोपेको बोधिवृक्ष अहिले पनि अनुरागपुरमा सुरक्षित छ ।

भिक्षुणी संघमित्राले आफ्नै हातले लिएर बुद्धगयाको पातलिपुत्र नगर पटनाबाट हिंडेर समुद्रमा पुग्दा त्यहाँ नागलोकहरूले पनि बोधिवृक्ष दर्शन गर्न आएको थियो । समुद्र पार गरी श्रीलंकामा लगेर रोपेको भन्ने कुरा इतिहासमा पनि उल्लेख छ । श्रीलंका चारैतिर समुद्रले घेरिएको एउटा द्विप हो । यो रमणीय र हिन्द महासागरको सामुद्रिक यातायातको केन्द्र, व्यापार केन्द्र मात्र नभई धार्मिक र सांस्कृतिक आदान प्रदानको गतिशील केन्द्र भएकोले पहिला दक्षिण, दक्षिण पूर्व एसियामा धर्म प्रचार गर्नको लागि श्रीलंकाको ठूलो योगदान छ ।

## १६. संघमित्राबाट धर्मदेशना अभियान

संघमित्रा राजा अशोक र महारानी विदिशा देवीकी छोरी थिइन् । संघमित्राको जन्म २५६ ई.पू. उज्जयनी साँची विदिशा भन्ने ठाउँमा भएको


https://dhamma.digital

हो । अशोक राजाका दुइ सन्तान मध्ये संघमित्रा एक हुन् । उनको विवाह १४ वर्षको उमेरमा राजकुमार अग्रिब्राम्हीसँग भएको थियो । केही वर्षपछि संघमित्राले एउटा छोरालाई जन्म दिइन् । जसको नाम राजकुमार सुमन थियो । पातलीपुत्र नगर अथवा पटनामा तृतीय बौद्ध संघायान गर्ने बेला आफ्ना भाइ महेन्द्रसँग उनी प्रवजित भएकी थिइन् ।

एकदिन भिक्षु सभामा राजा अशोकले प्रार्थना गर्नुभयो कि भन्ते अथवा भिक्षुगणहरू मैले बुद्ध शासनको लागि धेरै काम गरेँ । चौरासी हजार चैत्यहरू बनाएँ । अब त मलाई बुद्ध शासनको अंश प्राप्त भयो होला । त्यतिबेला भिक्षुहरूले भन्नुभयो कि जबसम्म आफ्नै रगतको छोराछोरीहरूलाई बुद्ध शासनमा दान दिँदैन तबसम्म बुद्ध शासनको अंश प्राप्त हुँदैन । यो कुरा सुन्ने बित्तिकै राजा अशोकले छोराछोरीहरूतर्फ हेर्नुभयो । छोराछोरीले पनि बुद्ध शासनको अंश प्राप्त गर्न खोजेको बुबाको इच्छालाई स्वीकार गरी दुवैजना प्रवजित हुन तयार भए । त्यसबेला संघमित्रा १८ वर्षकी मात्र थिइन् । त्यही संघायानको बेला संघमित्रा र भाई महेन्द्र प्रवजित अर्थात् भिक्षु भिक्षुणी भएर श्रीलंकाका राजा देवानपियतिस्सको निमन्त्रणामा श्रीलंकाका महाराज महारानीहरूलाई धर्म उपदेश दिन भिक्षुणी संघसँगै अनुराधापुरतर्फ यात्रा गर्नुभयो । श्रीलंकाका राजा देवानपियतिस्स (२५०-२१० इशापूर्व) र मगध राजा अशोक (३०४ - २३२ इशापूर्व) को समयमा दुवै राष्ट्रको घनिष्ठ सम्बन्ध रहेको थियो । विवाह गरिदिएकी छोरी समुद्रपारी धर्म प्रचार गर्न जाने कुरामा अलि नमिलेको जस्तो लागेको थियो । तर बुद्ध शासन पनि चाहिने । संघमित्राले बुबाको इच्छा पुरा गर्न बुबासँगै अनुमति मागेर श्रीलंकाको रानी अनुला, राजदरवारका सबै महिलाहरूलाई बौद्ध धर्मको शिक्षा दिनुभयो । त्यतिमात्र नभई अनुला महारानी लगायत धेरै महिलाहरूलाई भिक्षुणी बनाएर भिक्षुणी संघ स्थापना गर्नुभयो । बौद्ध धर्मको शिक्षा दिनको लागि अनुराधापुरमा बोधिवृक्ष पनि रोप्नुभयो । जसको कारणले श्रीलंका, चीन, जापान, थाइल्याण्ड, बर्मा र क्याम्बोडिया जस्ता ठाउँहरूमा प्रख्यात भइरहेको छ ।

अशोक महाराजाले छोराछोरीहरूलाई विदेशमा धर्म प्रचार गर्न पठाउनुभन्दा पहिले आफ्नो आध्यात्मिक गुरू मोग्गलापुत्ततिस्स भिक्षुको अध्यक्षतामा पटनामा



https://dhamma.digital

तृतीय बौद्ध सम्मेलन गर्नुभएको थियो । यो सम्मेलनमा एक हजार अरहन्त भिक्षुहरूको सहभागितामा थियो । त्यही समयमा छोरा महेन्द्र र छोरी संघमित्रालाई गुरू मोग्गलिपुत्ततिस्सले भिक्षु भिक्षुणी बनाइदिनुभयो । यो संघायान पनि आफ्नो नजिकको नौ वटा राज्यमा बुद्ध धर्म प्रचार प्रसार गराउनु भयो । तर श्रीलंकामा आफ्नै छोराछोरीलाई पठाउनु भयो । छोरा महेन्द्रले आफ्नै तरिकाले प्रचार गर्नुभयो भने संघमित्राले बुद्धगयाको वास्तविक बोधिवृक्षको शाखा बुद्धगयाबाट लगेर रोप्नुभयो । हरेक वर्ष डिसेम्बर महिनाको पूर्णिमाको दिनमा भिक्षुणी संघ स्थापना गरेको भनेर संघमित्रा दिवसको रूपमा मान्दै आएको छ ।

संघमित्राले भिक्षुणी निवास अथवा विहारहरूको निर्माण गर्नुभयो । वहाँ भगवान् बुद्धको तीर्थस्थल दर्शनका लागि सारनाथ, कौशम्बी, कुशीनगर, देउर कोठार, भरहुत, साँची र दक्षिण भारतमा यात्रा गर्नुभएको थियो । भगवान् बुद्धको सम्पूर्ण तीर्थस्थल दर्शन गरेर श्रीलंकामा नै जानुभयो र फर्केर आउनु भएन । लगभग २४५ इसापूर्वमा रोपिएको बोधिवृक्ष अहिले पनि संसारमा सबैभन्दा महत्वपूर्ण ऐतिहासिक वृक्ष हो । श्रीलंकाका हजारौं जनताले आत्मविश्वास राखी यो बोधिवृक्षलाई पूजा गर्दछन् । संघमित्राको मृत्यु ७९ वर्षको उमेरमा उपासिकाराम विहार, अनुराधापुरमा भएको थियो । वहाँले अन्तिम संस्कारका लागि त्यही बोधिवृक्षलाई छान्नु भएकोले आज पनि बोधिवृक्षसँगै वहाँको सालिक राखिएको छ ।

Dhamma.Digital

## १७. ञातीलाई नास गर्दा व्यासनाथ हुन्छ

**व्यासनाथ** : ञाती, भोग, शिल, दृष्टि र रोग

श्रीलंकाको एक गाउँमा एउटा परिवार थियो । आमा बुबा बितेर गएपछि दुई जना दाजु र भाइ मात्र बाँकी रह्यो । धनसम्पति अनगिन्ती थियो । धनसम्पत्तिले सम्पन्न दुई दाजुभाइले विहार बनाउनेदेखि लिएर दानधर्म गर्ने र विहारमा गएर प्रवचन सुन्ने गर्दथे । दाजुलाई भगवान् बुद्धको प्रवचन र वहाँको महान त्याग सम्बन्धी उपदेश सुन्दासुन्दै प्रवजित हुन मन लागेछ । दाजु चाहिँले धनसम्पत्ति सबै त्यागेर भाइलाई सम्पत्ति सबै तिमीलाई के गर्न मन छ गर मलाई चाहिँदैन भनी भाइसँग अनुमति लिएर भिक्षु बन्न गएछ । आफ्नो परिवारको अनुमतिबिना



https://dhamma.digital

भिक्षु बन्न पाइँदैन । यो परम्परा भगवान् बुद्धको पालादेखिको चलन हो । किनभने राहुल कुमार प्रव्रजित भएको बेला राजा शुद्धोदनलाई धेरै नै चोट परेको थियो । त्यसैले राजा शुद्धोदन भगवान बुद्धकहाँ गएर प्रार्थना गर्न जानुभयो - 'भगवान शास्ता, मलाई एउटा वरदान अथवा वाचा गरिदिनुहोस् । त्यो के भने तपाई राजदरवार छोडेर जानुहुँदा मेरो छाला च्याते जतिको दुःख लाग्यो । अर्को नन्द प्रव्रजित हुँदा मरो मासु काटेको जस्तो दुख्यो । अब यो राहुल कुमारलाई प्रव्रजित गराउँदा मभित्रको नशासम्म दुख्यो । नातिले राज्य सम्हाल्ने छ भनेर आशा गरेको थिएँ । यसलाई पनि श्रामणेर बनाएको बेला मलाई धेरै नै चित्त दुख्यो । यस्तो अर्काको सन्तानलाई नहोस् । त्यसैले परिवारको अनुमतिविना प्रव्रजित नगराइदिनुहोला ।'

भगवान् बुद्धले पनि यस सम्बन्धी कुरालाई अनुमति दिनुभयो । त्यही कारणले गर्दा आजसम्म परिवारको अनुमतिबिना प्रव्रजित गरिँदैन । दुर्लभ प्रव्रजितको लागि अनुमति आवश्यक छैन । यस्तो कुरा गर्दा मलाई आफ्नै कुरा याद आउँछ । एघार वर्षको उमेरमा मलाई पनि प्रव्रजित हुन मन लाग्यो । मेरो आमाबुबालाई म विहारमा गएको त मन पर्दैनथ्यो भने प्रव्रजित हुनको लागि अनुमति दिने कुरा नै थिएन । मैले अक्कल लगाएँ । घरमा भोज थियो । भोजको लागि चिउरा कुट्नु पर्थ्यो । तीन रातसम्म नसुतेकोले आमा एकदम निन्द्रा लागेर सुत्न जानुभयो । त्यही समयमा मेरी छोरी प्रव्रजित हुन चाहेकोले त्यसको लागि मैले अनुमति दिएँ भनेर तेलमा कालो मोसो दलेर आमाको औंठा छाप लिएँ । आमालाई केही पनि थाहा भएन । अब बुबाको अनुमति कसरी लिने ? बुबालाई पढ्न आउँथ्यो । सुतेको बेला लिनलाई वहाँको निन्द्रा गहिरो पनि थिएन । अब के गर्ने भनी धेरै विचार गरेँ । बुबालाई मैले साथीहरूसँग बाहिर जान लागेको, यसको लागि बुबाको अनुमति चाहिन्छ भनी झुठो बोलेँ । साथीलाई पनि हो भन्न लगाएँ । तर बुबा मान्नु भएन, आमालाई फकाएँ । आमाले बुबालाई जाबो एउटा नाम लेख्न केको गाह्रो ? छोरीको इच्छा पुरा गरिदिनु भन्नुभयो । अनि खाली कागजमा बुबाको नाम लेख्न गराएर पछि मेरो छोरी प्रव्रजित हुनको लागि मेरो अनुमति छ भनी लेखेँ । त्यसपछि बनारसमा गएर बर्माका ठूलो विद्वान उकितिमा छ्यादो कहाँ प्रव्रजित हुन गएँ । पछि आमाबुबाले खोजतलास गर्नुभयो । रेडियोमा


https://dhamma.digital

दिनुभयो रे । बुबा रूँदारूँदा मुर्छा पर्नुभयो रे । दश वर्षसम्म मलाई चीवर छोड्नको लागि भन्नुभयो ।

यस्तै गरी भाइको अनुमति लिएर दाजु भिक्षु बन्न गयो । भाइचाहिं राम्रो केटीसँग विवाह गरी श्रीमान् श्रीमती आरामले घरजम गरेर बस्यो । अचानक श्रीमती चाहिँको चित्त बिग्रियो । चित्त राम्रो पार्न एकदम मिहेनत गर्नुपर्दछ । तर चित्त खराब पार्न एकछिन भए पुग्छ । जस्तै कपडा फोहर बनाउन मेहनत गर्नु पर्दैन तर त्यही कपडा सफा बनाउन साबुन, पानी, भाँडादेखि लिएर धुने व्यक्ति समेत चाहिन्छ । त्यस्तै त्यो बुहारी चाहिँको चित्तमा लोभ उत्पन्न भएछ । बुहारीको चित्तमा यो सम्पत्ति सबै मेरै हो, यो सम्पत्ति छोडेर भिक्षु बन्न गएको जेठाजु फेरि गृहस्थीमा फर्केर आयो भने आधामात्र पाइन्छ । त्यसैले यो भिक्षुलाई मारेँ भने सबै सम्पत्ति मेरै हुन्छ भनी अकुशल चित्त आएछ । सम्पत्तिको लोभले गर्दा दशजना डाँकाहरू बोलाएर प्रतिव्यक्ति एक एक हजार दिएर भिक्षुलाई मार्न पठाएछ । पैसाको लोभमा डाँकाहरू उक्त भिक्षुलाई मार्न गए । भिक्षुले पनि नडराइकन तिमीहरूलाई कसले पठाएको भनी सोध्नुभयो । उनीहरूले तपाईको बुहारीले नै पठाएको हो भनी जवाफ दिए । भिक्षुले मलाई सम्पत्ति चाहिँदैन । मलाई आज एकदिन नमार भनी अनुरोध गर्दा डाँकाहरूले तिमी भागेर गए के गर्ने भनेर मानेनन् । त्यसैले उनीहरूकै अगाडि नै ढुंगाले हिर्काएर आफ्नो खुट्टा भाँच्नुभयो र आज एक दिन मलाई बाँच्न देउ र भोलि मारिदिनु भनी बिन्ती गर्दा डाँकाहरूले पनि मानेछन् । भिक्षुले रातभर वेदनानुपस्सना ध्यान गर्नुभयो । खाली वेदना वेदनालाई हेर्दा हेर्दै फेरि जन्म लिन नपर्ने गरी अरहन्त हुनुभयो । त्यसपछि वहाँले डाँकाहरूलाई मेरो बुहारीको इच्छा पुरा गरिदिनु भनी भन्नुभयो । डाँकाहरूले पनि त्यस्तै गऱ्यो । पछि घरमा गएर सबैकुरा विस्तृतमा बताएछन् । यो कुरा सुनेपछि बुहारीलाई धेरै दुःख लाग्यो ।

लोभको कारणले आफ्नो आतिलाई मारेकोले आती नभएको एकथरी चिन्ता । डाँकाहरूलाई त्यति पैसा दिएर पुगेन किनभने बारम्बार धम्की दिँदै पैसा लिन आउन थाल्यो । जसले गर्दा सम्पत्ति नाश हुँदै गयो । त्यसमाथि शील पालन गरिरहेको आफ्नो जेठाजुलाई मार्न लगाएकोले शील पनि नाश भयो । गलत विचारले गर्दा अकुशल कार्य मात्र भयो । विस्तारै रोगले च्याप्न थाल्यो र



https://dhamma.digital

मानसिक रोग लाग्यो । धेरै धनसम्पत्ति खर्च गर्दा पनि निको भएन । नराम्रो काम गरेकोले यही जन्ममा फल भोग्नु पऱ्यो । लोभको कारणले जिन्दगीभर रोगव्याधी र चिन्ता रोगबाट सबै सम्पत्ति छोडेर मर्नुपऱ्यो ।

## १८. श्रीलंकामा ७०० ई.पू.का चार समूह

श्रीलंकामा ७०० ई.पू. समयमा चार वटा समूह आआफ्नो ठाउँमा बस्नु भएको थियो । ती हुन् :

१) **राक्षसहरू** : राक्षसहरूको एउटा समूह जंगलमा बस्थे । राक्षसहरूले पनि जंगलमा रक्षा गरेर बसेको थियो । राक्षस जस्तो मानिसलाई म आफैले देखेको छु । फोटोमा हेरेको राक्षस जस्तै ।

२) **देवताहरू** : देवताहरू पहाडमा बस्ने गर्थे । पहाडमा बसेर देशको रक्षा गर्थे भन्ने जनविश्वास छ । देवी देवताहरूले रक्षा गरेर राखेको एउटा टापु हो श्रीलंका ।

३) **नागहरू** : नागहरूले समुद्रमा बसेर देशको रक्षा गर्थे भन्ने जनविश्वास छ । श्रीलंकाको चारैतिर पानी नै पानी छ । बीचको ढिस्कोमा एउटा देश बनाएको छ ।

४) **मनुष्य** : अर्को एउटा समूह मनुष्यहरू हो । मनुष्यलाई देशको राजा बनाइन्छ । मनुष्य भनेका बुद्धिमान हुन्छन् । पाप धर्म जानेका हुन्छन् । राम्रो नराम्रो, गुण अवगुण बुझेका हुन्छन् । मार्गफल प्राप्त गर्न सक्छन् । त्यतिमात्र होइन भगवान् बुद्धत्व प्राप्त गर्ने पनि मनुष्य नै हो । त्यसैले मनुष्यलाई राजा बनाएको हो । राजाको एउटा छोरा जन्मियो, जसको नाम सिंघल सिंघा राखियो । वहाँका लागि विजय सिंघ राजकुमारले सिंघपुरमा राज्य स्थापना गर्नुभयो । विजय राजकुमारले सबैसँग मिलेर बस्नको लागि राक्षस जातिसँग विवाह गर्नुभयो । यसरी राक्षस जातिसँग विवाह गरी मिलनका साथ सबैसँग मैत्रीपूर्वक बस्नुभयो ।

## १९. श्रीपाद

श्रीपाद नजिक हेतन पहाड, बृसस्तेत पहाड र मास्केलिया पहाड छ । यो



https://dhamma.digital

श्रीपादलाई मुसलमानहरू आफ्नो पहाड भन्दछन् । क्रिश्चियनहरू आफ्नै पहाड हो भन्दछन् । त्यस्तै हिन्दुहरूले सुमना देवताले रक्षा गरेको हिन्दुहरूको पहाड भन्दछन् । भगवान बुद्ध भारतबाट तीनपल्ट श्रीलंका पुगेको भन्ने श्रीलंकाको इतिहासमा छ । जे होस् भगवान बुद्ध श्रीलंकामा जानुभएको बेला क्यारलिया भएर श्रीपादमा पैतालमा राख्नु भएको भनेर उल्लेख छ। ५०० ई. पू. पोलनादुवर समय हिन्दुहरू र बौद्धहरूको मन्दिर थिएन ।

आजकाल श्रीपाद जाने बौद्धहरू थुप्रै छन् । म पनि समूहसँग गएको थिएँ। बेलुका ११ बजे पहाड चढेको भोलिपल्ट बिहान ५ बजे पुग्यौं । भगवान बुद्धको पैतालामा वन्दना गरेर बुद्धपूजा गऱ्यौं । श्रीपाद पहाड चढ्दा बेग्लै आनन्दको अनुभव गरेँ। माथि जाँदा कसरी जाने जस्तो भएको थियो तर माथि पुगेपछि तल आउनै मन लागेन । यस्तो आनन्दको अनुभव जाने मान्छेलाई मात्र थाहा हुन्छ । यस्तै कुशल काम गर्दा धेरै नै गाह्रो हुन्छ । पाप गर्न धेरै नै सजिलो हुन्छ । तर पापको फल भोग्नु पर्दा गाह्रो हुन्छ । त्यस्तै श्रीपाद चढ्न जति गाह्रो भयो त्यति पछि आनन्द र शान्तिको अनुभव भएकोले श्रीपाद चढ्दाको दुःख कष्टहरू भुलेर गयो ।

## २०. श्रीलंकाको कहानी

आचार्य बुद्धघोषको जन्म गया विहार नजिक बोधिवृक्ष नजिक केहे गाउँमा भएको थियो । उहाँ ब्राम्हण परिवारमा जन्मनु भएको थियो । स्कुल जाँदा उहाँको दिमाग धेरै नै तेज थियो । उहाँले विद्यार्थी जीवनमा नै शिल्प विद्या र तीन वेदमा पास भएपछि शास्त्रार्थ गर्न चाहेर भारतमा यताउता घुमेर बस्नुभयो । र विद्वतजनसँग पनि शास्त्रार्थ गर्ने र उहाँको ज्ञान कसैसँग तुलना गर्न नसकिने खालको थियो । उहाँलाई योगाभ्यास धेरै नै मन पर्दथ्यो । एकदिन यताउता जाँदाजाँदै रातमा बौद्ध विहारतिर पुग्नुभएछ । अनि उहाँले भिक्षुहरूलाई पातञ्जल योग विषय धेरै प्रवचन दिनुभयो । भिक्षुहरूलाई हराउनको लागि कोशिस गर्नुभयो तर रेवत भन्ने बौद्ध स्थविर बौद्ध भिक्षुले पराजित गर्नुभयो । त्यसपछि रेवत भिक्षुले भगवान् बुद्धको अथवा बुद्धशासनको पूर्व विषय बयान गरेको सुनेर बुद्धघोष ब्राम्हणलाई विश्वास लाग्यो कि निर्वाण जाने यही एउटा मात्र मार्ग छ ।



https://dhamma.digital

त्यस समय बुद्धशासनमा गएर महास्थविर रेवतबाट प्रवज्या ग्रहण गर्नुभयो। प्रवजित भएर उहाँले त्रिपिटकको गम्भीर अध्ययन गर्नुभयो।

प्रवजित हुने पहिला ऊ केवल ब्राम्हण विद्यार्थी मात्र थियो। तर अहिले प्रवजित भएर त्रिपिटक राम्ररी गम्भीरतापूर्वक अध्ययन गर्दा भिक्षु संघले उहाँलाई गम्भीर घोष बुद्ध समान जानेको हुनाले "बुद्धघोष"को पदवी दियो। जुन विहार मा उहाँले प्रवज्या ग्रहण गर्नुभएको थियो, त्यो विहारमा उहाँले ञाणोदय (ज्ञानो दय) भन्ने पुस्तक रचना गर्नुभएको थियो। यसको पछाडि उहाँले घम्मसंगणी (अभिघम्मपिटकको पहिलो पुस्तक) अट्टसालीनी भन्ने अट्ठकथा पनि लेख्नुभएको थियो र पछि आएर उहाँले त्रिपिटक विषय संक्षिप्त अट्ठकथा लेख्नको लागि कोशिस गर्नुभएको थियो। त्यसलाई देखेर उहाँको गुरू महास्थविर रेवत (भिक्षु रेवत) ले भन्नुभयो - लंकाबाट यहाँ भारतमा केवल मुल पाली त्रिपिटक मात्र ल्याएको थियो तर अट्ठकथाहरू यहाँ उपलब्ध भएको छैन। लंकाद्वीपमा महाविर स्थवीर (भिक्षु) महेन्द्रद्वारा संग्रहित गरेर राखेको अट्ठकथाहरू सिंहली भाषाबाट सुरक्षित गरेर राखिएको छ। तिमी त्यहाँ गएर त्यसको ग्रहण गर र पछि मागधी भाषाबाट त्यसको उल्था गर। किनभने सर्वसाधारणहरूलाई त्यसबारे ज्ञान होस् र उपकार होस् भन्नुभयो।

यस प्रकार आफ्ना गुरू रेवतको आज्ञा पाएपछि श्रीलंकाधिपत्ति महानामको शासनकालमा आचार्य बुद्धघोष जानुभयो।

आचार्य बुद्धघोष श्रीलंकाको अनुराधपुरको महावीरमा "महापघन" नाम भएको भवनमा बस्नुभयो। उहाँले संघपाल नाम भएको स्थविरबाट सिंहली अट्ठकथाहरू र स्थविरवादको परम्पराहरू सुनाउनु भयो। अनि उहाँले दिनु भएको उपदेश सुन्दासुन्दै आचार्य बुद्धघोषलाई विश्वास भयो कि भगवान् बुद्धको यही अभिप्राय हो। उहाँलाई धेरै नै विश्वास भयो र मन पऱ्यो। अनि उहाँले शंखपाल महास्थविरलाई अनुमति माग्नुभयो - मलाई अट्ठकथाहरूको मागधी भाषाबाट अनुवाद गर्न मन लाग्यो। मलाई तपाईका किताबहरू हेर्नको लागि अनुमति दिनुहोला। यसरी प्रार्थना गरेपछि शंखपाल स्थविरले पनि आचार्य बुद्धघोषलाई कत्तिको जान्दछ होला भनेर त्रिपिटकको दुईवटा श्लोक अनुवादको लागि दिनुभएछ। अनि उहाँले पनि दुई ओटा श्लोक गाथाहरूको व्याख्या


https://dhamma.digital

गर्नुभयो र "विसुद्धिमग्ग" को रचना गर्नुभयो । यस्तो देखेर शंखपाल स्थविर धेरै नै खुशी हुनुभयो । उहाँले अनुमान गर्नुभयो कि आचार्य बुद्धघोष साक्षात् सही भगवान् मैत्रय बुद्ध (भविष्यमा आउने मैत्रेय बुद्ध) नै हो र उहाँलाई आफ्ना सबै किताबहरू दिनुभयो । अनुरापुर विहारमा बसेर आचार्य बुद्धघोषले सिंहली अट्ठकथाहरूबाट मागधी भाषामा अनुवाद गर्नुभयो । त्यसपछि आफ्नो जन्मभूमि बुद्धगया भारत फर्केर आएर बुद्धगयामा बोधिवृक्षको पूजा गर्नुभयो ।

यो एउटा अत्यन्त महत्वपूर्ण कुराले प्रमाणित भयो कि बुद्धघोष लंकाधिपती महानामको समयमा लंका जानुभएको थियो । यी राजा महानामको शासनकाल चौथो शताब्दीको अन्तिम भागमा र पाँचौ शताब्दीको शुरूतिर भनेर मानिन्छ । यो कुराबाट निश्चय हुन्छ कि आचार्य बुद्धघोषले आफ्ना ग्रन्थहरू यही समयमा रचना गर्नुभएको हो ।

हातको एउटा औंला जस्तै विशुद्धिमग्ग बौद्ध साहित्यको एउटा अंग भएको छ । यो पुस्तकमा मुख्यत योगशास्त्र अथवा ध्यान विषयबारे ब्याख्या गरिएको छ । यसबाट योगाभ्यास अथवा ध्यान गर्ने व्यक्तिलाई धेरै नै जिज्ञासा र प्रेरणा पाइन्छ । पहिलेदेखि लिएर अन्तिमसम्म यो आफूले आफूलाई नै सफा गर्ने मार्ग हो । आफूलाई शुद्ध नगरिकन अरूलाई शुद्ध गर्न सकिँदैन । त्यसै कारण विशुद्धिमग्ग पहिला पढ्नुपर्छ । विद्वानजनहरूले यो पुस्तकलाई बुद्धधर्मको विश्वकोष भन्दछन् । त्यसैकारण विद्वानजनहरूले यो पुस्तक र यसमा लेखिएका विषयलाई लिएर आचार्य बुद्धघोषको प्रशंसा गरेका छन् ।

आचार्य बुद्धघोषले विशुद्धिमग्ग संयुक्त निकायबाट दुई वटा गाथा निकालेर त्यसको आधारमा लेख्नुभएको बौद्ध योगशास्त्र अथवा ध्यान सम्बन्धी पुस्तक हो । यसको पहिलो गाथामा भगवानूसँग सोधिएको प्रश्न - एक समय भगवान् बुद्ध श्रावस्ती जेतवन अनाथपिण्डक विहारमा बस्नु भएको बेलामा केही देवताहरू आएर भगवान बुद्धसँग सोध्नुभयो -

*"अन्तो जटा बहि जटा जटाय जटिता पजा ।*
*तं तं, गोतम पुच्छमि - को इमं विजटये जटं ? ति ॥"*

भित्र पनि जञ्जाल छ बाहिर पनि जञ्जाल छ । यो सारा संसार नै जञ्जालमा फसेको छ । भगवान् तपाईंलाई सोध्न चाहन्छौं कि के यो संसारको



https://dhamma.digital

जञ्जालबाट मुक्त हुन सकिन्छ ?

भगवान बुद्धले जवाफ दिनुभयो -

*"सिले पटिट्ठाय नरोस पञ्ञो चित्तं पञ्ञं च भावयं ।*

*आतापी नियको भिक्खु सो इमं विजटये जट ति ॥"*

अर्थ - शील (सदाचार) मा प्रतिष्ठित भएर राम्ररी शील पालना गरेर बसेको जुन प्रज्ञावान व्यक्तिले जब समाधि भएर प्रज्ञाको भावा गर्नुहुन्छ त्यही उद्योगी तथा ज्ञानवान व्यक्ति भिक्षु अथवा त्यागी भएर यो जञ्जाल (भववन्धन) बाट मुक्त भएर जान्छ अथवा झन्झटबाट छुटकारा पाएर जान्छ अथवा पाइन्छ ।

आचार्य बुद्धघोषले भगवान बुद्धले उत्तर दिनुभएको सहारा लिएर बौद्ध सिद्धान्त र दर्शन लिएर एउटा विशुद्धिमग्ग तीन भागमा विभाजन गर्नुभएको थियो जुन - शील, समाधि र प्रज्ञा ।

१) शीलबाट आदि कल्याण हुन्छ ।

२) समाधिबाट मध्य कल्याण हुन्छ ।

३) प्रज्ञाबाट (पञ्ञा) पर्यवसान कल्याण हुन्छ ।

## २१. सिंहेल (श्रीलङ्का) को अर्थ

पहिला पहिला श्रीलंकालाई सिंहेल भन्ने गरिन्थ्यो । अहिले आएर भाषा परिवर्तन भएर श्रीलंका भनिएको हो । सिंहेल भन्दा 'सिं' को अर्थ चारवटा भएको छ । अब आयो यो चार भनेको के हो त ? र 'हेल' को अर्थ चार प्रकारको सत्व प्राणीहरू बस्ने र सत्व प्राणीहरू

१. मानिसहरू, २. यक्षहरू, ३. राक्षसहरू र ४. नागहरू । यी चार किसिमका प्राणीहरू बस्नेलाई सिंहेल भन्दछन् ।

१. **मानिसहरू** : दुई वटा खुट्टा र दुई वटा हात मात्र भएर मानिस हुन सकिँदैन । खाना खान, सुत्न र बच्चा जन्म दिन सक्दैमा मानिस भइँदैन । पहिलो कुरो त मानिस के हो भन्ने नै बुझ्नुपर्दछ । जसरी मानिस जीव हो त्यसरी नै अन्य जीवहरू पनि हुन् भनेर चिनिन्छन् । तर प्रायःजसो मानिसहरू आफ्नो बारेमा जस्तै रूख-विरूवा, झार-पात, फल-फूल र सब्जीहरूको बारेमा सोच्दैनन् । कुनै कुनै वैज्ञानिकहरूले त ती पनि अर्धजीव नै हुन् भनेका छन् । वैज्ञानिकहरू भन्दछन्



https://dhamma.digital

- ती बोट विरूवाको पनि बृद्धि हुन्छ । उनीहरूलाई पनि आहार चाहिन्छ, पिउन पानी चाहिन्छ र उनीहरूले पनि सास फेर्दछन् र मर्दछन् पनि । अन्य जीवहरूसँग तुलना गर्दा उनीहरू चलफिर गर्न सक्दैनन् । हाम्रा वरिपरी थुप्रै प्रकारका जीव जन्तुहरू देख्दछौं । कुनै प्राणीहरू सक्रिय छन् त कुनै निष्क्रिय । प्राचीनकालमा समुद्रको पिँढमा स्पोञ्ज र जेलिफिस जस्ता अर्ध पशु वा अर्ध वनस्पति वर्गका जीवहरू पनि थिए । मानिस पनि पशुजस्तै छन् । किनभने पशुहरू पनि खान्छन् र मानिसहरूले पनि खाना खान्छन् । पशुहरू पनि निद्रा आएपछि जताततै सुत्छ मानिसहरू पनि निद्रा आएपछि आफ्नो कोठा/घरमा सुत्छन् । बच्चा जन्माउने कुरामा पशुहरूले पनि बच्चा जन्माउँछन् र मानिसहरूले पनि । फरक यत्ति हो धनीहरूले अस्पतालमा र गरिबहरूले जताततै । यी तीनवटा मात्र गुण छ भन्दैमा मानिस हुन सकिँदैन । शील, समाधि, प्रज्ञा जानेको, न्याय र अत्याचारलाई बुझेको, पाप र धर्मलाई यथार्थ सम्झेको, पञ्चशील पालन भएको यस्तो बुद्धिवानलाई मात्र मानिस भन्न सकिन्छ । यस्ता कुशल कर्म सम्पादन गरेर आफ्नो चित्तलाई सफा र शुद्ध राख्ने, काय-वाक्-चित्तको शुद्ध गर्ने, मिथ्यादृष्टि हटाई सम्यकदृष्टि लिने तथा लोभ, द्वेष र मोहलाई हटाउन जान्ने मानिसहरू बसेको ठाउँ हो ।

२. **लाखे यक्ष** : लाखे भनेको नाचगान गरेर मानिसको रूप धारण गर्ने, मानिसहरूलाई फुलाई खानेहरूलाई देव लाखे भनिन्छ । उनीहरूलाई दान गर्न हाम्रो नेपालमा पनि लाखेनाचको प्रचलन छ । विभिन्न ठाउँमा लाखेनाच भनेर लाखेहरूलाई खाना ख्वाउने भन्ने चलन पनि छ । त्यस्तै श्रीलंकामा पनि लाखे अथवा यक्षहरूले बास लिएर बसेको ठाउँ हो । पहिला पहिला नेपालमा पनि ठाउँ ठाउँमा लाखे यक्षहरू बाहिर आइराख्छ भन्ने मान्यता थियो । २०४८ सालतिर होला धम्मवती गुरूमाँको समूहमा म पनि श्रीलंका गएको थिएँ । त्यहाँ भगवान् बुद्ध तीनपटक पुग्नु भएको ठाउँमा भगवान बुद्धको सेशधातु चैत्य दर्शन गर्न जाँदा पेट ठूलो दाँत चार चार इन्च लामो आँखा ठूलो भएको लाखे यक्ष जस्तो देखेको थिएँ म आफैले । समूहबाट अलग म यता आउँदा ऊसँग फोटो खिच्ने र अरूहरू र गुरूमालाई पनि देखाउने भनेर बोलाउँदा पछि त्यो ठाउँमा थिएन । मेरो आँखामा अहिलेसम्म झलझल भइरहन्छ ।

३. **राक्षसहरू** : राक्षस भन्नाले मानिसको मासु खाने तथा अत्यन्त



https://dhamma.digital

रिसाहा जीवलाई बुझिन्छ। राक्षस स्वभाव भएका मानिसहरू पनि छन्। अरूप्रति दया-करूणा नहुनेलाई राक्षस नै भनिन्छ। राक्षसहरू विभिन्न प्रकारका हुन्छन्। हामीले राक्षसहरूका विषयमा धेरै प्रवचनहरू सुनेका थियौ र सुन्दैछौं तर देखेका छैनौं। तिब्बत जाने बाटोमा अथवा एउटा ठाउँ यस्तो छ जहाँ राक्षसहरू बस्ने हुनाले त्यहाँ पुग्दा फर्केर हेर्नु हुँदैन भनिन्छ। अर्को देव राक्षसको एउटा कहानी छ। देव राक्षस सभामा जाने बेला भगवान बुद्धले उनकी श्रीमती, आमा तथा सन्तानहरूलाई उपदेश दिइरहनु भएको बेला राक्षस घरमा आउँदा सबै परिवार हाँसी हाँसी धर्म उपदेश सुनेर बसेको देखे। राक्षस देख्दा सबै परिवार डराए। अनि राक्षसले भगवान् बुद्धलाई बाहिर जाउ र भित्र आउ भनेर तीनपटक अह्राउँदा उनको कुरा सुनेर तीन पटकसम्म बाहिर र भित्र आउ-जाउ गर्नुभयो। बुद्धको व्यवहार देखेर राक्षसको चित्त शान्ति भयो।

अर्को एउटा राक्षसकै कहानी। देवधम्म जातका वाराणसीमा ब्रह्मदत्त राजा राज्य चलाउँथे। रानीको कोखबाट दुई जना राजकुमारको जन्म भयो - ठूलोको नाम चन्द्रकुमार, सानो महिसाक। छोरा जन्मिएको केही दिनपछि महारानीको मृत्यु भएपछि राजाले अर्की महारानी विवाह गरे। उनले पनि छोरा नै जन्माइन् र राजा अत्यन्त खुसी भएर वरदान माग भने। तर रानीले समय आउँदा लिनेछु भनिन्। केही समय पछि रानीले राज्य नै मागिन्। सानो छोराको नाम सूर्यकुमार थियो। ठूला राजकुमारहरू छँदा छँदै सानो राजकुमारलाई राज्य दिने नियम छैन। अनि राजाले म जीवित छउञ्जेल तिमीहरू यो देशमा नआऊ, म मरेपछि मात्र देशमा फर्केर आएर राज्य अभिषेक लिनु भन्नुभयो। त्यही वचनले गर्दा तीनैजना राजकुमार जङ्गलतिर लागे। महिसाक, चन्द्र र सूर्य राजकुमारहरू जङ्गल पस्दा महिसाकलाई तिर्खा लाग्यो। तिर्खा मेटाउन चन्द्रकुमार पानी लिन जाँदा राक्षसको पोखरीमा परेछ। राक्षसले समाते। अरू दुवै जनालाई खानको लागि यदि देवधर्म जान्दैनौ भने खान्छु भन्दाभन्दै महिसाक आयो र देवधर्म बताइदियो। राक्षसले उनीहरूलाई खाएन। यस्तो लाखे (लसिं) राक्षसहरूले बास बस्ने ठाउँ हो। भनौं रावण पनि त राक्षसमै आउँछ। रावण राक्षसको देश भन्दछन्। क्रोध, अहंकार, प्राणीप्रति दया माया नभएको व्यक्ति, अरूलाई छिट्टै मार्न सक्ने दिल भएकोलाई राक्षस भन्दछन्। राक्षसहरू जङ्गलमा बस्ने राक्षसहरू,



https://dhamma.digital

देव राक्षसहरू ठूलो ठूलो दरवार घरमा द्वारपार भएर बस्ने राक्षसहरू हुन् । राक्षसहरू धैरै तातो मासु र रगत खाने हुन्छन् । विभिन्न प्रकारका राक्षसहरू बस्ने ठाउँ हो यो ।

४. **नाग** : नाग भन्दा कर्कोटक नागराजा हुन्छ । त्यस्तै मुचालेन्द नागराजा । नाग राजाले मनुष्यहरू खाँदैनन् । धेरै प्रकारका सम्पत्ति, हिरामोतिको रक्षा गरेर राखेको हुन्छ । नाग विभिन्न प्रकारका हुन्छन् । नाग खुसी हुँदा सम्पत्ति दिन्छ भन्ने विश्वास छ । मुचालेन्द नाग राजाले भगवान् बुद्धलाई रक्षा गरेर बस्नु भएको छ । विभिन्न नागराजा नागकन्याहरू छन् । जस्तै चम्पेथ्य नागराजा, सुमना नाग कन्या, भूरिदत्त नागराजा, सङ्खपाल नागराजा इत्यादी ।

म यहाँ चम्पेथ्य नागराजाको विषय अलिकति बताउन चाहन्छु । पहिला मगध राजा र अंग राजा दुवै जना आ-आफ्नो राज्य चलाएर बसेता पनि लोभको कारणले गर्दा कहिले अंग राजाले मगध राज्यलाई हमला गरेर जित्दथ्यो । कहिले मगध राज्य अंग राजाले जित्दथ्यो । एकदिन अंग राजाले मगध राजालाई पराजित गर्नको लागि अंग राजाका योद्धाहरूले लखेट्न थाल्यो । मगध राजाको मनमा के विचार आयो भने पराजित भएर अंग राजाको सेवा गर्नु भन्दा नदीमा डुबेर मर्छु भनी घोडा समेत हामफाल्यो । त्यो समयमा चम्पेथ्य नागराजा पानीभित्र मण्डप बनाएर बसेका थिए । त्यही अगाडि मगध राजा पुग्दा नागराजाले मद्दत गरेर मगध र अंग राज्यको राजा बनेर बस्नुभयो । त्यो समयदेखि नागराजा र मगध राजा परस्पर साथी भएर मिलेर बस्नुभयो । पछि चम्पेथ्य नागराजा मनुष्यको लोक आएर ध्यान गर्ने गर्न थाल्यो । त्यस्तै बोधिसत्व भूरिदत्त नागराजा र सुखपाल नागराजाहरू पनि मनुष्य लोकमा आएर ध्यान भावना गर्ने गर्थे । त्यसैकारण यो श्रीलंका पनि नागहरू बसेको ठाउँ भन्दछन् ।

## २२. संघप्रति श्रीलंकनहरूको विश्वास

श्रीलंकाका उपासक उपासिकाहरूले भिक्षु र भिक्षुणीहरूलाई विश्वास गर्दछन् । किनभने भगवान् बुद्धको श्रावक संघहरू सुप्रतिपन्न हुनुहुन्छ । वहाँहरू सीधा बाटो र निर्वाण (न्याय) मार्गमा गइरहेको हुन्छ । निर्वाण मार्गमा पुग्न, मार्गफल प्राप्त गर्नको लागि मेहनत गरिरहनुहुन्छ । वहाँहरूले आदरपूर्वक



https://dhamma.digital

धर्माचरण गर्ने, एकै रंगको चीवर लगाउने, कपाल खौरने गर्नुहुन्छ । यो सबै साधारण मानिसलाई गर्न गाह्रो हुन्छ । त्यस कारण वहाँहरू आदरणीय, माननीय, दान दिन योग्य, नमस्कार गर्न योग्य हुन्छन् । लोकवासीहरूको निमित्त अपरिमित पुण्यको क्षेत्र हुन् । पुण्यरूपी खेत जस्तो हो । त्यसैले वहाँहरूलाई दान दिएको अथवा संघलाई भनेर दान दिएको वस्तु चोरी गरेर लानु हुँदैन । संघको सामान, संघले त्याग नगरेको सामानहरू त्यसै लियो अथवा चोरी गरेर लग्यो भने त्यो चोर मरेपछि काग अथवा कुकुर भएर जन्म लिनेछ भन्ने जनविश्वास छ । यो जन्ममा त चोर भनेर कसैले विश्वास गर्दैनन् । त्यसै कारण बुद्ध धर्मको पञ्चशीलको दोश्रो नम्बरमा 'अदिन्ना दाना वेरमणी सिखापद समादियामी' अर्थात् अर्काको सामान, वस्तु इत्यादि नदिइकन आफैले लिने छैन भनी वाचा गर्दछन् ।

संघको सामान चोरी गऱ्यो भने पापको कारण काग भएर जन्म हुन्छ । कागलाई कसैले पनि माया गर्दैनन् । कागको जात भनेको लुकीलुकी चोरेर खाने हुन्छ र अरूले त्याग गरेको दिशा मात्र खाने गर्दछ । चराहरू मध्ये चण्डाल कागलाई मानिन्छ । त्यसको कर्म नै त्यस्तो हुन्छ ।

कुकुरले पनि अरूले दिएको मात्र खान पाउँदछ । जति राम्रो भाषा बुझ्ने भएपनि मालिकले नदिएसम्म खान पाउँदैन । भुस्याहा कुकुरहरूलाई त अझ खानकै लागि पनि झगडा गर्नुपर्ने हुन्छ । एउटा हड्डीको लागि उनीहरू बिच झगडा हुन्छ । पेटभरी खान पाउँदैन । घरमा पालिराखेको कुकुर भएतापनि आफुखुशी खान पाउँदैन । किनभने कुकुरले भोक लाग्यो भन्न सक्दैन र आफैले लिएर खान पनि सक्दैन । घरपालुवा कुकुरभन्दा छाडा कुकुरहरूलाई झन धेरै दुःख हुन्छ । बाटोमा फालिएका फोहोर वस्तु खोजी खोजी झगडा गरी खानुपर्ने हुन्छ । त्यसैलै कुकुर जन्म लिनु पनि चोरी गरेको पापको कारण हो । श्रीलंकामा संघलाई दान गरेको वस्तु कसैले पनि चोरेर लिँदैन ।

## २३. विहारभित्र पस्दा निर्वाणको आशा

श्रीलंकाका हरेक विहार, चैत्यहरूभित्र पस्ने ठाउँमा चन्द्रमा आकारको ढुङ्गामा हाँस, हात्ती, घोडा, कमलको फूल, सेतो खाली ठाउँ (निर्वाण) कोरिएको हुन्छ । यसरी राख्नुको कारण यो भवसागरबाट छुटेर जन्म जरा व्याधीबाट मुक्त



https://dhamma.digital

भएर निर्वाणमा पुग्नुपर्छ भन्ने मनमा राखी भगवान बुद्धको दर्शन गर्न र उपदेश सुन्न अत्यन्त आवश्यक छ भनी महसुस गराउनु हो ।

१) *हाँस राख्नुको अर्थ*

जन्मनु - जाति - जन्म लिनु भवमा उत्पन्न हुनु, संसारमा देखिन आउनु कर्म भावको प्रत्यक्षीकरण हो । अर्को अर्थमा हाँससँग पानी र दूध मिसाइ राखेको छ भने त्यसलाई पानीको पानी दूधको दूध छुट्याउने शक्ति हुन्छ। त्यस्तै मानिसले पनि पाप र धर्म, न्याय र अन्याय, राम्रो र नराम्रो छुट्याउन सक्ने क्षमता भएकोले हाँसको चित्र राखिएको हो ।

२) *हात्तीको चित्र राख्नुको अर्थ*

जरा बृद्धा बुढ्यौलीको कारण रूप क्रमशः परिवर्तन भई दुर्बल, शिथिल र जीर्ण हुँदै अन्ततः च्युत हुनुपर्नेबाट आउने दुःखहरू हो । बीच बीचमा रोगब्याधीबाट सताइनु, हिँडडुल गर्न पनि गाह्रो हुने समस्या मानिसमा देखापर्छ । जस्तैः हात्ती हिँडेर जाँदा बिस्तारै हिँड्छ, उठ्दा पनि विस्तारै उठ्ने गर्छ । अरू जनावर जस्तो हुँदैन । त्यसै कारण हात्तीको चित्र दोश्रो नम्बरमा राखिएको हो ।

३) *घोडाको चित्र राख्नुको अर्थ*

ब्याधी मतलब रोग लागेपछि मानिसहरूलाई गाह्रो हुन्छ । दुखाईको कारण चुप लागेर बस्न पनि सकिँदैन । दुखाइको कारण एकै ठाउँमा बस्न नसकिने हुन्छ, घोडा पनि चलिरहन्छ । एकछिन पनि चुप लागेर बस्न सक्दैन । घोडाको बानी नै त्यस्तै हुन्छ । त्यसैले मानिसलाई पनि रोगव्याधी लागेपछि घोडा जस्तै चलिरहनुपर्ने हुन्छ भनी रोगको चिन्ह घोडा राखिएको होला ।

४) *कमलको फूल राख्नुको अर्थ*

कमलको फूलको विशेषता भनेको यो फूल फोहरबाट अलग रहन्छ । हिलोको बीचमा अलग्गै फुलेर अरूलाई मनमोहक बनाउँछ । त्यस्तै गरी हामी पनि रोग, द्वेष, मोह भएतापनि यी सबैलाई हटाएर जन्म, जरा, ब्याधि मरणबाट अलग हुनुपर्छ भन्ने



https://dhamma.digital

महसुस गराउँदछ ।

५) ***बीचमा सेतो खाली ठाउँ राख्नुको अर्थ***

खाली ठाउँ राख्नुको अर्थ निर्वाण हो । मैले यस्तो राखेको कहिँ पनि देखेको थिइन । यो श्रीलंकामा मात्रै छ । विहारभित्र पस्ने बेलामा यस प्रकारको भावना आउनु जरूरी छ भनी यस्ता चित्रहरू कोरेर राख्ने चलन श्रीलंकामा छ । यी अर्थहरूलाई मनन् गर्दा थाहा हुन्छ कि सृष्टि गर्ने सृष्टिकर्ता पनि छैन, आत्मा भन्ने पनि परिवर्तन हुन्छ । सबै क्लेश बट्टका कारणले कर्म वट्ट बनी तिनका कारणले उत्पत्ति भई विपाक भोगिरहेका मात्र हुन् । जब क्लेश समाप्त हुन्छ कर्म पनि बन्दैन र विपाक पनि भाग्न पर्दैन । यस भनाइको तात्पर्य कारण समाप्त भएपछि त्यसको प्रभाव पनि समाप्त हुन्छ । यसरी जन्मको पनि अन्त्य हुन्छ । यसैलाई दुःख मुक्तिको अवस्था निर्वाणको साक्षात्कार भनिन्छ । श्रीलंकामा यसरी प्रवेश द्वारमा राखिएको चन्द्रमा आकारको ढुंगामा कोरिएको चित्रलाई कुल्चेर भित्र जानुपर्छ । यसको मतलब सबै तृष्णालाई कुल्चेर निर्वाण प्राप्त गर्नु हो ।

Dhamma.Digital

## २४. मरिच चैत्य

दानको लक्षण हो दिइएको वस्तुसँग लोभ नहुनु नै यसको रस हो । साथै वस्तुसँग नटाँसिने यसको प्रत्युप्रस्थान अनुभूति हो । दानको साधारण अर्थ हो दिनु, त्याग गर्नु । केही कसैलाई दिनु भनेको कुशल कार्य हो । मनमा आनन्द आउनु हो । यसको सम्बन्ध वस्तु र चित्तसँग हुन्छ । किनकि वस्तुमा टाँसिने लोभरूपी अकुशलको विपक्ष गुण अलोभ स्वतः कुशलचेतना हो । पहिलेदेखि आफूभित्र लुकेर बसेको मेरो भन्ने दुषित लोभलाई र त्यसको आधार मोहलाई नाश गरी पठाउने अर्थमा यो परमार्थ पनि हो । दान दिने बेलामा चित्त एकदम शुद्ध हुन्छ । निर्वाण प्राप्त गर्नुको लागि लोभ चित्त अलिकति पनि हुनु हुँदैन । जबसम्म चित्तमा लोभ हुन्छ, तबसम्म निर्वाण टाढा हुन्छ । लोभ, चित्त डरलाग्दो



https://dhamma.digital

त छैन, तर छोड्न गाह्रो छ। द्वेष चित्तले आफूलाई पनि नाश गरी दिन्छ अरूलाई पनि बिगारी दिन्छ। मोह चित्त अज्ञानतासँग टाँसिएर बस्छ। त्यसलाई छोड्न गाह्रो छ। सबैभन्दा सजिलो दान दिनु हो।

दान विभिन्न प्रकारका छन्। दान मूल रूपमा दुई प्रकारका छन्। ती हुन्ः

१) **पूजा दान** : शीलाचरण आदि गुणधर्म भएका भगवान् बुद्धसहित सम्पूर्ण भिक्षु भिक्षुणीहरू र अरू व्यक्तिहरूलाई श्रद्धा आस्था गौरवपूर्वक केही चीज वा लत्ताकपडा, खाना र औषधिहरू परित्याग गर्नुलाई पूजा दान भनिन्छ।

२) **अनुकम्पा दान** : कुनै पनि गुणधर्म नभएको, दीन दुःखी, गरिब, दरिद्र, माग्ने जीवजन्तु र कीरा पशुहरूलाई उपकार होस् भन्ने हेतुले केही वस्तु परित्याग गरी अनुकम्पा राखेर दान दिनुलाई अनुकम्पा दान भन्दछन्। जस्तै २०७२ साल वैशाख १२ गते शनिबार र वैशाख २९ गते मंगलबारको दिनमा ठूलो भूकम्प आएर धेरै धनजन सम्पत्ति नास भएर खान नपाएका व्यक्तिहरूलाई राहत दिएको अनुकम्पा दान भनिन्छ। कारण करूणा राखेर, आफ्नो आफन्त, साथी भएर होइन। मानवले मानवताको दुःख देखेर दिएको दानलाई अनुकम्पा दान भनिन्छ।

***अरू दानहरू निम्न अनुसारका छन् :***

१. **उच्च दान** : आफूले खाएको लाएको भन्दा माथिलो राम्रो भन्दा झन राम्रो खालको खाना, लत्ताकपडा दान दिनुलाई उत्तम दान भनिन्छ।

२. **मध्यम दान** : आफूले खानपिन गरेजस्तै खाना र लत्ताकपडा दान दिनुलाई मध्यम दान भनिन्छ।

३. **हीन दान** : आफूले नखाने र नलगाउने खाना र लत्ताकपडा, आफूलाई काम नलाग्ने र अरूका लागि पनि उपयोगमा नआउने खालको दानलाई हीन दान भन्दछन्।

अरू पनि तीन प्रकारका दानहरू छन्- १. आमिस दान, २. अभय दान र ३. धर्म दान।

१. खाना, औषधि, कपडा, विहार, जग्गा जमिन, आदि भौतिक पदार्थ दान



https://dhamma.digital

दिनुलाई आमिस दान भनिन्छ ।

२. कुनै प्राणीप्रति दया, करूणा, मैत्रीभाव राखी भय र मृत्युबाट मुक्त गराइदिने खालको दानलाई अभय दान भनिन्छ ।

३. धर्म दान उत्तम मङ्गल हो । सब्बदान धम्मदान जिनाति । दान मध्ये ठूलो दान धर्मदान हो । यसबाट मन शान्त हुन्छ । यसैले धर्मको उपदेश दिने काम, क्रोध, लोभ, मोहबाट मुक्ति पाउन उपदेश दिने, घरघरमा गएर उपदेश दिने, नाम र धर्म कमाउनका लागि नभई धार्मिक पुस्तक प्रकाशन गरेर गाउँगाउँ र सहर सहरमा पठाउनु, ज्ञान लिन खोज्नेहरूलाई पुस्तक दिनु धर्म दान हो ।

दुत्थागामिनी राजाले यस्तो दानको महत्व बुझ्नुभएको कारणले सधैँ दान दिएर मात्र भोजन जलपान गर्ने गर्थे । एकदिन वहाँलाई भोग पनि लाग्यो र एकदम बेफुर्सत भएको कारणले गर्दा खाना दान गर्न बिर्सनु भयो । खाएपछि याद आयो । पछि पश्चाताप गर्नुभएर वहाँले मरिच खाएर दान दिनु भएको हुनाले अब यो मरिची जस्तो चैत्य बनाउने, वरिपरी सबै पोखरी बनाएर बीचमा ठूलो मरिची आकार गरेर चैत्य बनाएर दान दिनुभयो ।

मरिची आकारले बनाएको र मरिची जस्तै भएकोले यो चैत्यलाई मरिची चैत्य भन्दछन् ।

## २५. सिंह सार्थकबाहु

श्रीलंकाको इतिहास र त्यहाँको राष्ट्रिय झण्डामा सिंहको चिन्ह छ । त्यसको कारण सिंहले नै त्यस देशलाई बनाएको र वहाँको छोरा सिंहसार्थक बाहुले कसैले पुरा गर्न नसकेको चैत्य वहाँले नै पुरा गर्नुभएको थियो । सिंहसार्थक बाहु कहाँबाट आएको भन्दा सिंह र राजपुत्रीबाट जन्म भएको थियो । श्रीलंकाको इतिहासमा सिंहसित सहवास भएकी राजपुत्रीबाट जन्मेर आएको सिंहसार्थक बाहु भन्ने व्यक्तिलाई साथीहरूले गिज्याउने, हेप्ने, बाबु नभएको केटा भनेर हेप्दा दुःख लाग्यो । सबैको पिता छन् तर मेरो पिता छैनन् भन्ने विचार गर्दा गर्दै ऊ १६ वर्ष पुग्यो । १६ वर्षको उमेर पुगेको बेलामा उसले आफ्नी आमासँग सोध्यो - आमा, मेरा पिताजी कहाँ हुनुहुन्छ ? मैले देखेको छैन । आमाले पनि



https://dhamma.digital

उनको पिता सिंह भन्ने लाज मानेर गुपचुप बसेका थिए । छोराले धेरै कर गरेको कारणले आफूलाई घटेको र छोरा पाएको कुरा सुनायो - म बंग राष्ट्रको राजाकी छोरी हुँ । म र एक समूह यात्रीहरूसँग मगध राष्ट्रतिर निस्केर आउँदा सिंहसित भेट भयो । अरू सबै यात्रुहरू सिंहसित डराएर भागे । म चाहिँ सिंहसित सम्बन्ध जोडिनेछ भन्ने ज्योतिषको कुरा सुनेको कारणले नडराइकन उभिरहेँ । सिंह मेरो नजिक आएर मलाई काँधमा बोकेर गुफाभित्र लिएर गयो । मलाई गुफामा राखेर मिठो मिठो खानपिन गराउने, धेरै माया गर्न थाले । हामीले एकअर्काको भाषा नजानेता पनि हामी बीच एकअर्कामा माया बस्यो । त्यसै कारणले तिम्रो जन्म भयो भन्ने लगायतका कुराहरू बताइन् । बुबा त जनावर, तपाई चाहिँ मनुष्य । तपाई किन मनुष्यको समूहमा नजानु भएको ? त्यहाँ जानुपर्ने नि भनेर सिंहसार्थकले भन्दा - बाबु तिम्रो बुबा सिंहले गुफाको द्वार ठूलो ढुंगाले छोपिराख्ने गरेकोले बाहिर जान सकिन, खानपिनको लागि उनी नै ढुंगा हटाउने र जाने आउने गर्थे । जनावर भएतापनि मनुष्यको जस्तै माया गर्नुहुन्थ्यो, म भागेर जान्छ भनेर होला गुफाको द्वार छोपिरहनु हुन्थ्यो । ज्योतिषले भनेको र आफ्नो कर्मको फल होला भनेर मलाई केही अचम्म पनि लागेन वहाँको र मेरो सम्बन्धको बारेमा । केही दिन पछि उनले बाहिर के हल्ला सुनेर होला वहाँ आफ्नी आमा र बहिनीलाई बोकेर कता हराए कता हराए पत्तो नै पाइन । धेरै समय कुरिरहेँ, उनी नआएपछि म तिमीलाई लिएर मनुष्यहरूको बसाई भएको ठाउँमा आएँ ।

त्यसपछि सिंहले उक्त गुफामा फर्केर आउँदा आफ्नी श्रीमती र छोरालाई नदेखेको कारणले खोजतलास गर्न लाग्यो । जहाँ जहाँ पुगे त्यहाँ त्यहाँ गएर जंगलको छेउका मानिसहरूलाई पनि दुःख दिन लागे । धेरै गाउँका मानिसहरूलाई दुःख दिए । बहुला जस्तो भएका तिम्रो बुबाले मेरो माइती राष्ट्र बंगका गाउँमा पनि धेरै मानिसहरूलाई दुःख दिन थाले । त्यहाँ सबभन्दा बलवान् सिंहसार्थक बाहु थियो । त्यसरी आफ्नी श्रीमती र छोराको पिरमा बहुला जस्तो भएको सिंहले दुःख दिनुको कारण कसैले बुझेन तर सिंहका आमा र छोरालाई थाहा थियो तर सिंहको छोरा भन्न लाज लाग्यो । बंग राष्ट्रका जनतालाई धेरै नै दुःख भयो र उनीहरू राजालाई उजुर गर्न गए । सिंहले घरवार सबै खतम पारेर हामीलाई साह्रै दुःख दियो हामीलाई बचाउनुस् भने । त्यसपछि राजाले सिंहको अत्याचार



https://dhamma.digital

रोक्नको लागि धेरै मेहनत गरे पनि सिंह आफ्नी श्रीमती र छोरा सिंहसार्थक बाहुलाई नदेख्दा पागल जस्तै भयो । कसैलाई पनि शान्तिसँग बस्न दिएन । उता सिंहसार्थक बाहुलाई आफ्नो बुबा सिंह हो भन्ने थाहा थियो । उसलाई सिंह आफ्नो बाबु भन्न लाज लागेको कारणले उसले सिंहलाई मारिदिने विचार गऱ्यो ।

आफ्नो देशमा बसोवास गर्ने जनतालाई सिंहले धेरै दुःख दिएको कारणले राजाले सिंहलाई मार्न सक्ने मानिसलाई तीस हजार बक्सिस दिने घोषणा गरे । सिंहसार्थक बाहुले यो खबर सुनेपछि आफ्नो बाबु सिंहलाई मार्ने विचार गऱ्यो । सिंहले आफूलाई उसको आफ्नै छोरा हो भनेर चिन्यो भने गुफामा लगेर राख्नेछ, जिन्दगीभर गुफामा बस्न सकिँदैन । त्यसैले यस्तो बहुला जस्तो जनावरलाई बुबा भन्नु भन्दा मार्नु नै बेस भन्ने विचार गऱ्यो र सिंह मार्ने जिम्मा लियो । दुई पटकसम्म उसकी आमाले उसलाई रोके । तर तेश्रो पटक उसले आमालाई थाहा नै नदिइकन बक्सिसको पैसा बुझिलियो । सिंहको अत्याचारबाट तर्सेका राजाले सिंहलाई दमन गर्न सकेमा राज्य नै सुम्पिदिनेछु भने । त्यसपछि सिंहसार्थक बाहु आफ्नो बाबु सिंह भएतिर गयो । जंगलमा बसिरहेको सिंहले आफूतिर आइरहेको आफ्नो छोरालाई चिन्यो र खुशी भयो । छोरोको पिरले बहुलाजस्तो भएको सिंहको मनमा मैत्री भाव, प्रेम भाव जन्म्यो । छोरा नजिक आउला र माया गरूँला भनेको सिंहलाई त छोराले मार्न धनुषवाण हान्यो । तर बाबुको प्रेमभावले गर्दा त्यो वाण सिंहलाई नलागिकन अरू वस्तुमा ठोकिएर आएर सिंहसार्थकको पाउनिर खस्यो । सिंहसार्थकले फेरि वाण प्रहार गऱ्यो त्यो पनि पुनः फर्केर आयो । पशु भएता पनि आमा बाबुको मन कस्तो हुन्छ हेर्नुस् त, आफ्ना सन्तानको कुभलो नचिताउने । आखिर पशु र मानिसमा के फरक रहेछ र खाने, सुत्ने त मानिसले मात्र हो र पशुले पनि त जानेको हुन्छ । बच्चा त मानिस जस्तै पशुले पनि पाउँछन् । पहिला मानिसले पनि बच्चा जंगलमा जन्माउथेँ । आजकल अस्पतालमा । विकसित देशमा त पशुले पनि अस्पतालमा बच्चा जन्माउँछन् । अझै पनि गाउँघरका मानिसहरू वनजंगल, खेतवारी जतातत‍ै बच्चा जन्माइरहेका छन् । भगवान् बुद्धले के भन्नुहुन्छ भने मान्छे भनेर जन्म लिए पछि पशु नबनाउनु मान्छे बनाउनु, मान्छे भनेको दया, माया, करूणा राम्रो नराम्रो छुट्याउने, आफूले मात्र खाएर नहुने, अरूलाई पनि मद्दत गर्ने, पाप, धर्म, शील भएकोलाई मात्र



https://dhamma.digital

मानिस भनिन्छ ।

सिंहसार्थक बाहुले दुइपटक धनुषवाण प्रहार गरेपनि बाबुको प्रेमभावको सामर्थ्यले गर्दा सिंहलाई वाण लागेन । सिंहसार्थकले तेश्रो पटक पनि हानेको वाण फर्केर उसैको पाउनिर आएर खस्यो । पटक पटक छोराले आफूलाई वाण प्रहार गरिरहेपछि सिंहको मनको प्रेमभाव भङ्ग भई द्वेष भाव जागेर आयो । मैले मात्र माया गरेर के गर्ने छोराले मलाई अत्याचार गऱ्यो उसले मलाई मार्न लाग्यो भन्ने लाग्यो । यसरी उसको मनमा द्वेष चित्त जागेको समयमा सिंहसार्थकले वाण प्रहार गऱ्यो उक्त वाण सिंहको शरीरमा घुस्यो । सिंहको त्यहीँ मृत्यु भयो । आमा बुबाको छोराछोरीप्रति कस्तो मैत्रीभाव, प्रेमभाव हुन्छ भन्ने कुरा श्रीलंकाको इतिहासमा छ ।

## २६. श्रीलंकामा मद्दत गर्नुभएका राजा अशोक

श्रीलंकाको बौद्ध ग्रन्थमा यसरी व्याख्या गरिएको छ - पहिला राजा अशोकलाई चण्डाल अशोक भन्ने नामाकरण गरिएको थियो किनकि उनले आफू राज्य लिने, मोजमस्ती गर्ने चण्डाल विचार आएको कारणले धेरै नै जनतालाई मारेका थिए । राजा अशोकले आफ्नो राज्यअभिषेक अघि (२७१ ईसापूर्व) कलिंग युद्ध गर्नुभएको थियो । राजा अशोकको अभिलेख अनुसार कलिंग युद्धमा धेरै रक्तपात र धेरै मानिसहरूको ज्यान गएको थियो । संसारका केही भयानक युद्धहरूमा गनिने यो युद्धमा १ लाख ५० हजार मानिसलाई बन्दी बनाएर उनीहरूको सम्पत्ति जफत गरेर घरवारविहीन बनाइएको थियो । १ लाखभन्दा बढी मानिसहरूको निर्मम हत्या गरिएको थियो । यसरी कलिंग युद्ध हेर्दा राजा अशोकको पनि चित्त काम्न थाल्यो र युद्ध त जितियो अब के गर्ने त ? भनेर सामाजिक र धार्मिक कार्य गर्ने विचार गर्नुभयो । यस्तै विचार गरेर राजा अशोक दरवारको झ्यालमा बसिरहेको बेला ७ वर्षको श्रामणेर (राजा अशोकको भाइको छोरा तर अशोकले चिनेका थिएनन्) भिक्षाको लागि दरवारको झ्याल मुनि आइरहनु भएको थियो । भिक्षा माग्न जाँदा चार हातभन्दा टाढा हेर्नुहुँदैन त्यही शिक्षा अनुसार निग्रोध श्रामणेर पनि शान्त भएर कतै टाढा नहेरिकन आइरहनु भएको थियो । त्यो सानो श्रामणेरलाई देख्दा राजा अशोकको हृदय परिवर्तन भयो ।



https://dhamma.digital

मनमा भइरहेका पीडाहरू त्यो केटा देख्दा शान्त भएर आयो । भनिन्छ जंगलमा आगोले पोलेको सबैले देख्न सक्छन् तर मनमा पोलेको कसैले देख्दैनन् । राजा अशोकलाई पनि त्यस्तै अनुभव भइरहेको बेला निग्रोध श्रामणेरको शान्त चाल, शान्त मुहार देख्दा जलेको ठाउँमा पानी हाल्दा जति शान्ति हुन्छ, त्यस्तै शान्ति र शीतल भयो ।

राजा अशोकले श्रामणेर निग्रोधलाई बोलाउन पठाउनु भयो । श्रामणेर राजासामु उपस्थित भएपछि राजाले संसारमा सबैभन्दा राम्रो के छ भनेर सोध्नुभयो । निग्रोधले पनि शान्तिपूर्वक आफूले आफूलाई हेर्ने सबैभन्दा राम्रो भनेर जवाफ दिनुभयो । अशोकले वहाँको गुरूको नाम सोद्धा श्रामणेरले मोग्गलिपुत्ततिस्स भन्नुभयो । राजा अशोकले भोलि नभनिकन उसै समय मोग्गलिपुत्ततिस्स भिक्षुकहाँ गएर उपदेश सुन्नुभयो । भिक्षुकै उपदेश अनुसार राजा अशोकले विभिन्न बौद्ध धर्म सम्बन्धी अध्ययन गर्नुभयो । राजा अशोकले आफ्ना सम्पूर्ण हतियार भारतको धाब्लेश्वर भन्ने ठाउँमा त्याग गर्नुभयो । त्यहीं नै पञ्चशील ग्रहण गर्नुभयो । त्यहीं नै राजा अशोकले मैले आजदेखि कुनै पनि मानिस, प्राणी तथा किराहरू पनि मार्ने छैन, प्रहार गर्ने छैन भनी कसम खानुभयो । यसरी निग्रोध श्रामणेरको कारणले राजा अशोक सपरिवार बौद्ध धर्ममा दीक्षित गरेर त्रिशरण सहित पञ्चशील दिएर बुद्ध धर्म तथा संघप्रति अटल श्रद्धा भएको उपासक बन्न पुग्यो । एकदिन अशोक राजाले हजारौ भिक्षुहरूलाई भोजन गराइसकेपछि भिक्षु संघसित यसरी प्रश्न गरे - भन्ते, भगवान् बुद्धले देशना गरिराख्नु भएको देशना कति छ ? संघका प्रतिनिधिले जवाफ दिए । महाराज अंगको हिसाबले ९ (नौ) छ, स्कन्धको हिसाबले ८४००० (चौरासी हजार) छ । संघको कुरा सुनेपछि राजा अशोकले एक एक स्कन्धलाई एक एक विहार बनाई पूजा गर्ने मनमा राखे ।

एकदिन राजा अशोकले ९६ करोड धन दिएर सारा मन्त्रीहरूलाई आज्ञा दिनुभयो कि ८४ हजार नगरमा विहार तयार गर्नु । यति आज्ञा दिएर राजा अशोकले स्वयं पाटलीपुत्र अर्थात् पटनामा अशोकराम महाविहार बनाउन शुरू गर्नुभयो । तीन वर्षभित्र सबै स्थानमा विहार निर्माण कार्य सम्पन्न भयो र फेरि राजा अशोकले जम्बुदीपमा चौरासी हजार चैत्य बनाउन शुरू गर्नुभयो । ती चैत्यहरूमा कुनै पनि मूर्ति नभएको, धानको थुप्रोको आकार र घण्टाको आकार भएको बनाउन



https://dhamma.digital

लगाउनु भयो । त्यस्ता चैत्यहरू नेपालमा काठमाडौं, पाटन, भक्तपुर, बनेपा र दोलखामा पनि देख्न पाइन्छ । त्यस्ता चैत्यलाई अशोक चैत्य भनिन्छ । राजा अशोकले चौरासी हजार भिक्षुहरू बस्ने बिहार र चौसारी हजार नै चैत्य पनि देखे । सबै ठाउँमा खुशी भएर उत्सव मनाइरहेको देखे । यी अद्‌भुत दृश्यहरू देखेर राजा साँच्चिकै खुशी भए ।

त्यसबखत भारतमा छरिएर रहेका विभिन्न राज्यहरूलाई एकशुत्रमा बाँधी राजा अशोकले राज्याभिषेक विना ४ वर्षसम्म राज्य चलाए । त्यसपछि भगवान् बुद्ध महापरिनिर्वाण भएको २१८ वर्ष पश्चात सम्पूर्ण भारतमा एकछत्र राजगरी राज्याभिषेक लिए । त्यस बखत महेन्द्रकुमार १४ वर्षका थिए । राजा अशोक विहार र चैत्य बनेकोमा खुशी भएका थिए र महान् ऋद्धिवान ईन्द्रगुप्त श्रीणस्रव महास्थवीरले आफ्नो ऋद्धिबाट सम्पूर्ण विहार र चैत्यहरू एकैसाथ देख्न सक्ने लोकविवरण भन्ने प्रतिहार्य देखाइदिए । यो अद्‌भुत दृश्य देखेर राजा धेरै धेरै खुशी भए । राजा कतिसम्म खुशी भए भने बुद्ध शासनको कारण मैले जस्तो विशाल धनसम्पत्तिको त्याग अरू कसैले गर्‍यो होला भन्ने समेत विचार गरे । अनि राजाले संघमा प्रश्न गरे- भन्ते के हाम्रो भगवान बुद्धको शासनमा यसरी धनसम्पत्ति त्याग गर्ने अरू कोही छ कि छैन ? त्यसपछि मौद्‌गलिपुत्रतिस्य महास्थविरले राजा अशोकलाई यसो भने - महाराज यथार्थमा बुद्ध शासनको निम्ति तपाईले जस्तो धनसम्पत्ति परित्याग कसैले गरेको थिएन । महास्थविरको जवाफ सुनेर राजा अशोक अति प्रसन्न भए । उनले धेरै धेरै धनसम्पत्ति दान दिएर विहार, चैत्य बनाएका थिए, भिक्षु भिक्षुणीहरूको लागि खाने बस्ने प्रबन्ध मिलाएका थिए । त्यसैले उनले मनमा भगवान् बुद्धको शासन बचाउन मजस्तो अरू कोही छैन भनेर उनले भिक्षु संघमा प्रश्न गरे - भन्ते यस्तो भएपछि मेरो शासन अश्याहारी भएन र ?

राजा अशोकको जवाफ सुनेपछि भिक्षु संघकाले यस्तो जवाफ दिए - महाराज यथार्थमा भनौं भने यत्तिले तपाईको शासन अश्याहारी भएको छैन । तपाईं केवल एक प्रत्यय पादक मात्र हुनुहुन्छ । यति त के पृथ्वीदेखि ब्रम्हलोकसम्म प्रत्यय (दान) गरेतापनि शासनको अश्याहारी हुन सक्दैन ।

यस्तो कुरा सुनेर राजा अशोकको मन खिन्न भयो । त्यसपछि राजा


https://dhamma.digital

अशोकले प्रश्न गर्नुभयो - त्यसो भए कसो गरेदेखि बुद्ध शासनको अश्याहारी हुन पाउला त ?

भिक्षु संघले जवाफ दियो - महाराज तपाईको आफ्नो रगतबाट जन्मिएका छोरा वा छोरीहरू भगवान बुद्धको शासनमा प्रवजित गर्ला त्यो व्यक्ति चाहे गरिब होस् वा धनी शासनको अश्याहारी हुनेछ । किनभने संघ परम्परामा मात्र भगवान बुद्धको शासन चिरस्थायी हुन्छ । त्यो व्यक्तिमा संस्कार हुनुपर्छ महाराज अन्यथा सकिदैन । यस्तो व्यक्तिलाई बुद्ध शासनको साख्खै आफन्त पनि भन्दछन् र अश्याहारी पनि भन्दछन् । भगवान् बुद्धको शासनमा प्रवजित हुनको लागि जातपात, धनी, गरिबको कुरा हुँदैन, श्रद्धा अत्यन्त आवश्यक छ श्रद्धा नभएको व्यक्ति प्रवजित हुनै सक्दैन ।

राजा अशोकलाई बुद्ध शासनको अश्याहारी बन्न र शासन लामो समयसम्म गर्नको लागि मौदगलीपुत्र तिष्य महास्थविरको कुरा सुनेर मैले कसलाई प्रव्रजित गरेर शासनको आश्याहारी हुन सकुँला ? यति विचार गरेर सभामा हेर्दा छोरा राजकुमार महेन्द्र देखेर उसलाई प्रवजित गर्ने विचार गर्नुभयो । राजकुमारले पनि आफ्नो बुबा राजा अशोकको इच्छा पुरा गर्ने विचार गरे । राज्यमा बसे युद्ध गर्नुपर्नेछ, दरवारमा बस्दा अनेक प्रकारको झन्झटमा फसिनेछ त्यसकारण त्यो भन्दा त अरहंत भएर जानेछु, अरहंत भएर गयो भने फेरि जन्म पनि लिनु पर्दैन । राजकुमारले यस्तै विचार गरेर चुपचाप बसिरहेका थिए। त्यतिबेला नै राजा अशोक छोराको पनि श्रद्धा छ कि छैन ? मैले मात्र कर गरेर हुँदैन । प्रवजित गर्ने ठूलो कुरा हो भनेर भद्रमुख गरेर आफ्नो अगाडि रहेका राजकुमारसँग सोधे - प्रिय पुत्र के तिमी प्रवजित हुन सक्छौ ? राजकुमार महेन्द्र बालकैदेखि अहिंसक, सदाचार प्रेमी, हिंसा तथा राज्यभोगमा त्यति आशा गर्दैन थिए। उनले पनि आफ्नो स्वभाव अनुसारै जवाफ फर्काए - किन नसक्नु बुबा सक्छु । तपाईको अनुमति पाए म आजै प्रवजित हुन्छु । मलाई प्रवजित अथवा भिक्षु बनाएर हजुर भगवान् बुद्धको शासनको आश्याहारी हुनु हवस् ।

छोराको कुरा सुनेपछि राजा अशोकलाई ढुंगा खोज्दा देउता मिले झैं भयो । त्यही समय सँगै बसेकी छोरी संघामित्रलाई पनि तिम्रो पनि प्रवजित हुने इच्छा छ कि भनेर सोधे ? छोरीले पनि प्रवजित हुने इच्छा जनाइन् । छोरा-छोरी दुवैबाट



https://dhamma.digital

प्रवजित हुने इच्छा व्यक्त गरेपछि राजा अशोकले भिक्षुसंघमा निवेदन गर्नुभयो करूणपूर्वक यी राजकुमार र राजकुमारीलाई प्रवजित गराई मलाई भगवान बुद्धको शासनमा अश्याहारी तुल्याई दिनुहोस् ।

राजा अशोकको यो बिन्तीलाई भिक्षु संघसभाले स्वीकार गरेर मोगलीपुत्र तिष्य महास्थवीरको उपाध्यायत्व र महादेव महास्थवीरको आर्चायत्वमा राजकुमार महेन्द्रलाई प्रवजित गरे । त्यसबेला राजकुमार महेन्द्र जम्मा २० वर्ष पुग्न लागेका थिए । महेन्द्र स्थवीर उपसम्पदा भएको ठाउँमै प्रतिसम्भिदा सहित अरहत भएको थियो । संघमित्रालाई पनि आयुपाली महास्थविरनीको उपाध्यायत्व र भिक्षुणी घम्मपाली महास्थविरको आचार्यत्वमा प्रवजित भिक्षुणी बनाए । त्यसबेला संघमित्राको उमेर १८ वर्ष पुगेको थियो । दुवै जनालाई भिक्षु भिक्षुणी बनाएर श्रीलंकामा बुद्धधर्म प्रचार प्रसार गर्न पठाउनुभयो । त्यसै कारण श्रीलंकामा राजा अशोकको ठूलो महत्व छ ।

Dhamma.Digital



https://dhamma.digital



अमेरिकाको अंजुसा विहारमा बुद्ध पुजामा सहभागी हुँदै ।



अमेरिकाको मिनुसुत्ता म्यूजियम अवलोकन गर्दै ।



https://dhamma.digital



अमेरिकाको स्ट्याच्यू अफ लिवर्टी अवलोकन गर्दै ।



न्यूयोर्कको पार्लियामेण्ट भवन अगाडि ।



https://dhamma.digital



अमेरिकाको नासामा अवलोकन गर्दै ।



अमेरिकाको नासामा अवलोकन गर्दै ।



वासिङ्गटन डिसिको भ्रमणमा ।



https://dhamma.digital



अमेरिकाको लसएन्जेलस अवस्थित हलिवुड भ्रमण गर्दै ।





जापानको उशिका विहारमा ।



https://dhamma.digital




जापानको उशिका विहारमा ।



जापानको अदालत अगाडि ।



https://dhamma.digital



जापानको अयोमा विश्वविद्यालयमा राजपरिवारसँग ।



जापानको अयोमा विश्वविद्यालयमा ।



https://dhamma.digital




जापानको उशिका दाइबुत्सु बुद्धको भित्री भाग अवलोकन गर्दै ।




जापानको हैकन्स हेल भ्यालीमा रहेको द ब्ल्याक एगस् सँगै ।



https://dhamma.digital



जापानको कामाकुरा विहारमा रहेको ग्रेट बुद्ध अगाडि ।



जापानको टोकियोमा ३९० फिट अग्लो उशिका दाइबुत्सु बुद्ध अगाडि ।



https://dhamma.digital



श्रीलंकाको कोलोम्बो बन्दरगाह नियाल्दै ।



श्रीलंकाको नन्दरगाहा बन्दरगाह नियाल्दै ।



https://dhamma.digital







श्रीलंकाको दम्बुल्लु चैत्य भ्रमण गर्दै ।



श्रीलंकाको अनुराधापुर विहारमा ५०० वटा भन्तेहरुको मूर्तिसँगै ।



https://dhamma.digital



श्रीलंकाको पोलोत्रारुको स्तुप दर्शन गर्दै ।



श्रीलंकाको दम्बुल्ल विहारमा सामुहिक फोटो खिचाउँदै ।



https://dhamma.digital





श्रीलंकाको व्यातुरकत्रल
बुद्ध दर्शन गर्दै ।

श्रीलंकाको गिरिटेलमा
बुद्ध दर्शन गर्दै ।



श्रीलंकाको वेहेरहेन (मातर) बुद्ध दर्शन ।



https://dhamma.digital



श्रीलंकाको अनुराधापुरको जय श्री महाबोधिवृक्ष अगाडि ।

Dhamma.Digital



श्रीलंका भ्रमण ।



https://dhamma.digital



श्रीलंकाको गाल्ल भ्रमण गर्दै ।



श्रीलंकाको मातर बुद्ध ।



श्रीलंकाको अनुराधापुर विहारमा ।



https://dhamma.digital



जापानको नैकन सेन्टरमा प्रा. अकिरा इसिसानसँग



जापानको नैकन सेन्टरमा प्रा. अकिरा इसिसानसँग



https://dhamma.digital



जापानको एक कार्यक्रममा उपहार ग्रहण गर्दै ।



जापानको विहार भ्रमण गर्दै ।



https://dhamma.digital

## डा. अनोजा गुरुमाँको धर्म दृष्टि

राम्रो गर्नु नै धर्म हो। राम्रो कर्म र राम्रो विचार गर्ने सोच बनाएर अरुको उपचार गर्नु नै धर्म हो। प्राणी हिंसा गरेर अरुलाई ढाँटेर, अर्कालाई छलेर, अर्काको चोरेर, चाकडी–चुक्ली गरेर धर्म पाइँदैन। बौद्ध भनेको बुद्धि वा ज्ञान हो। धर्म भनेको धरायतीति धर्म हो अर्थात् जे धारणा गरिन्छ, त्यसलाई धर्म भनिन्छ। यस आधारमा हेर्दा ज्ञानलाई अङ्गाल्नु नै बौद्ध धर्म हो।



डा. अजय क्रान्ति शाक्यका
बुबा **रत्नकाजी शाक्य** र आमा **सरस्वती देवी शाक्य**

https://dhamma.digital

## डा. अनोजा गुरुमाँ



गृहस्थी नाम : शारदा मानन्धर
जन्मस्थान : बनेपा-८, वाख्योटोल
जन्ममिति : ई.सं. १९६० जुलाई ७
राष्ट्रियता : नेपाली
गृहत्याग : ११ वर्षकी छँदा
शिक्षा : विद्यावारिधि (२०५४, बौद्ध दर्शन)
प्रकाशित कृतिहरू : (१) सुलक्षण कीर्ति बिहारः एक परिचय (२०६१ माघ)
(२) बौद्धध्यान (२०६२ असार)
(३) बौद्ध प्रवचन मालाः भाग-१ (२०६२ भाद्र)
(४) शान्ति अभिप्रेरणा (२०६३ कार्तिक)
(५) नियात्राका पदचापहरू (२०६५ मंसिर)
(६) शील सन्देश (२०६७ फागुन)
(७) बर्माः अनुभव अनुभूति (२०६८ कार्तिक)
(८) मङ्गल उपदेश (२०६९ भाद्र ३०)।
(९) शान्ति अभिप्रेरणा-२ (२०७० माघ)
(१०) जिवनका अभिप्रेरणा (२०७४)
(११) महामानव सुत्र (२०७६)
(१२) अनुभूतिमाला (२०७६)

अन्य शिक्षा : प्राथमिक सेवा तालिम, एक्युप्रेसर तालिम, सिलाई, बुनाई, रफ्फु भर्ने तालिम, ध्यान-योग तालिम।

विशेष संलग्नता : सुलक्षणकीर्ति विहार, चोभारका संस्थापक, बौद्ध ज्योति अन्तर्राष्ट्रिय संघ नेपाल शाखाका अध्यक्ष, सुगत सन्देश, बौद्ध पत्रिकाका प्रकाशिका तथा सल्लाहकार, यशोधरा भिक्षुणी विहार, देवदहको अध्यक्ष, बौद्ध परियत्ति, सुलक्षणकीर्ति विहारको अध्यक्ष, सुलक्षण कीर्ति क्याम्पसको अध्यक्ष, राष्ट्रिय धार्मिक संजाल निरण नेपालको उपाध्यक्ष।

संलग्न संघ-संस्था : धर्मोदय सभा, बौद्ध परियत्ति शिक्षा केन्द्र, शाक्यसिंह विहार, ध्यानकुटी विहार, अन्तर्राष्ट्रिय बौद्ध योग केन्द्र, भिक्षुणी संघ, नेपाल-रसियन सांस्कृतिक केन्द्र, लुम्बिनी गौतमी विहार, धर्मकीर्ति विहार, जनमत प्रकाशन।

भ्रमण : भारत, पाकिस्तान, अमेरिका, इजरायल, टर्की, इटाली, थाइल्याण्ड, कम्बोडिया, यू.के., क्यानाडा, चीन, ताइवान, हङकङ, कोरिया, बर्मा, श्रीलङ्का, फ्रान्स, बेल्जियम, बंगलादेश, भुटान, स्वीट्जरल्याण्ड, न्यूजिल्याण्ड, मलेसिया, सिंगापुर, इन्डोनेसिया, जापान, अस्ट्रेलिया, मेक्सिको, पोर्चुगल, युएइ, भियतनाम, काजिकिस्तान।

**सुलक्षणकीर्ति विहार**
**चोभार**

https://dhamma.digital